*प्रधान सम्पादक*

**संघनायक भिक्षु अश्वघोष महास्थविर**

**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७, ९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६१
नेपाल सम्बत् ११३७
इस्वी सम्बत् २०१७
बिक्रम सम्बत् २०७४

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

## (बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

### 9th JULY 2017


| वर्ष- ३५ | अङ्क- ३ | गुरु पुन्हि | असार २०७४ |
|---|---|---|---|





मूर्खसंग संगत गर्ने व्यक्तिलाई दीर्घकालसम्म शोक हुनेछ। मूर्ख र शत्रुसंग संगत गर्नु दुःख नै हो। धीर जनसंग संगत गर्नु भनेको समगी व्यक्तिसंग रहनु जस्तै हो।

कोही संसारमा जन्म लिन्छ। पापीहरू नर्कमा जन्म लिन्छन्। पुण्यवान व्यक्तिहरू स्वर्गमा जन्म लिन्छन्। चित्तमल निर्मूल गरिसकेका मल रहित व्यक्तिले परिनिर्वाण (मुक्ति) प्राप्त गर्छन्।

आकाश, समुद्र, पर्वतको सुरूङ्ग आदि जुन स्थानमा लुक्न गएपनि आफूले गरेको पापकर्मको फलबाट बच्न सकिने प्रदेश यस लोकमा छैन।

आकाश, समुद्र, पर्वतको सुरूङ्ग आदि जुनसुकै स्थानमा लुक्न गएपनि मरण भयबाट बच्न सकिने प्रदेश यस लोकमा छैन।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# शुद्ध र एकाग्र चित्त ज्ञान प्राप्तिको लागि अपरिहार्य

**सब्ब पापस्स अकरणं–कुसलस्स उपसम्पदा**
**सचित्त परियादपनं–एतं बुद्धान'सासनं**

अर्थात्–

पाप कार्य केही पनि नगर्ने, असल कार्यहरू मात्र गर्ने, आफ्नो चित्तलाई परिशुद्ध गर्ने ।

यही शिक्षा बुद्धहरूले सिकाउनु भएको हो ।

माथि उल्लेखित बुद्ध वचनले भनिरहेको छ। भगवान् बुद्धको प्रमुख शिक्षा चित्त शुद्ध गर्नु हो । सिद्धार्थ कुमारले पनि आफ्नो चित्त शुद्ध गर्नुभएपछि मात्र बुद्ध हुन सफल हुनुभयो । चित्त शुद्ध गर्ने शिक्षाअतिनै आवश्यक शिक्षा हो। तर यो त्यति सजिलो कार्य भने होइन। यही कठिन कार्य पूरा नगरीकन मुक्ति मार्ग प्राप्त गर्न असम्भव नै हुनेछ।

बुद्धकालिन समयमा धेरैजसो व्यक्तिले आफ्नो चित्त शुद्ध गरी भाग्यमानी भएको घटनाहरू उल्लेखित छन् । ती मध्ये केही घटना यहाँ उल्लेख गर्नु उचित देखिन्छ। जुन घटनाबाट हामीले केही आदर्श लिन सक्छौं ।

बुद्धकालिन समयमा एकपटक ३० जना भन्तेहरू वर्षावासको लागि भगवान् बुद्ध समक्ष शिक्षा ग्रहण गरी गाउँतर्फ प्रस्थान गर्नुभएका थिए ।

यस क्रममा उहाँहरू मातिक नाम गरेको गाउँमा पुग्नुभयो । त्यस गाउँकी मातिक माता नाम गरेकी उपासिकाले उहाँ भन्तेहरूलाई देखी प्रश्न गरिन्– भन्ते ! तपाइँहरू कहाँ जान लाग्नु भएको ?

भन्तेहरू – हामी वर्षावासको लागि उचित स्थान खोजिरहेका हौं, उपासिका ।

उपासिका– "भन्ते ! तपाइँहरू यही गाउँमा वर्षावास बस्नु भए हाम्रो पनि उपकार नै हुनेछ। किनभने मलाई तपाइँहरूसंग शिक्षा सिकी पञ्चशील पालन गर्नुछ । हामीले तपाइँहरूलाई बस्नको लागि प्रवन्ध मिलाइदिने छौं । भिक्षाको पनि प्रबन्ध मिलाईदिने छौं ।"

श्रद्धालु उपासिकाको याचना स्वीकार गर्नुभई भन्तेहरू त्यही गाउँमा बर्षावास बस्नु भयो । भन्तेहरू बर्षावास ३ महिना आर्यमौन रही ध्यान भावनामा तल्लिन हुनुभयो। विरामी परेर कथंकदाचित बोल्न कर लागे मात्र बोल्ने, होइन भने एक अर्कासंग ३ महिनासम्म कुरा नगर्ने भनी अधिस्थान पनि गर्नुभयो । चित्त स्थिर गर्नको लागि आर्य मौन अत्यन्त आवश्यक छ । भन्तेहरूले बर्षावास समयावधिमा तच पंचक कम्मस्थान ध्यान गर्नुभयो ।

यस प्रकारको ध्यान गर्दा आफ्नो शरीरमा रहेका ३२ वटा तत्त्वहरू (बत्तिस कोट्ठास) लाई जस्तो छ त्यस्तै आफ्नो चित्तलाई हेर्न दिइन्छ ।

ती वत्तिस कोट्ठासहरू यसरी छन्–

पृथ्वी धातु–माटो स्वभावका धातु– २० वटा :–

(१) कपाल (२) रौं (३) नङ्ग (४) दाँत (५) छाला (६) मासु (७) नसा (८) हड्डी (९) मज्जा (नली हाड भित्र रहने एक प्रकारको गीलो पदार्थ) अर्थात (Bone Marrow) (१०) मृगौला (११) मुटु (१२) कलेजो (१३) झिल्ली (१४) फियो (१५) फोक्सो (१६) ठूलो आन्द्रा (१७) सानो आन्द्रा (१८) पेट (१९) मल (२०) गिदी (मगज)

आपोधातु– पानी वा तरल पदार्थ स्वभावको धातु १२ वटा– (१) पित्त (२) खकार (३) पीप (४) रगत (५) पसिना (६) शरीरबाट निस्कने एक प्रकारको चिल्लो पदार्थ अर्थात् चिल्लोपना (७) आँसु (८) बोसो (९) थुक (१०) सिङ्गान (११) र्‍याल (१२) पिशाब ।

यो ३२ वटा पदार्थहरू दुर्गन्धित र घीनलाग्दा छन् । यसलाई जस्तो छ त्यसै रूपले आफ्नो चित्तलाई एकाग्र गरी पालो पालो क्रमबद्ध तरिकाले हेर्नदिने ।

भन्तेहरूले आ-आफ्नो चित्तलाई एकाग्र र शुद्ध गर्दै तच पञ्चक कम्मस्थान ध्यान गरी आफ्नो शरीरमा भएका तत्त्वहरूलाई हेर्दै अशुभ ध्यान गर्नुभयो ।

मातिक माता उपासिकाले पनि भन्तेहरूबाट यस ध्यान गर्ने विधि सिकी आफ्नो जीवन हरेक २४ घण्टामा समय मिलाई फुर्सद निकाल्दै आफ्नो चित्तलाई एकाग्र पार्दै यही ध्यान गर्दै चित्त शुद्ध पार्दै लगिन् । फलस्वरूप उनीले चित्तलाई एकाग्र र शुद्ध पार्न सफल भई अनागामी फल प्राप्त गर्न सफल भईन् । त्यतिमात्र होइन उनीले चित्तको शक्ति बटुल्दै चेतोपरिय ज्ञान अर्थात् अरूको चित्तमा आएको विचार एवं भावना ध्यानद्वारा थाहा पाउने



Downloaded from http://www.dhamma.digital

शक्ति पनि प्राप्त गरिन् । त्यसपछि उनीलाई जिज्ञासा उत्पन्न भयो– "म भन्तेहरूबाट ज्ञान सिकी अरूको चित्तमा उत्पन्न भएका भावनाहरू, विचारहरू जान्न सक्ने भएँ र अनागामी तहको मुक्ति ज्ञान प्राप्त गर्न सक्षम भएँ भने मलाई ज्ञान सिकाउने भन्तेहरूले त अवश्य पनि ज्ञानको तह माथि सम्म पुग्न सफल हुनुभयो होला। उहाँहरूको ज्ञानको विषयमा पनि बुझ्नुँ।"

यति विचार गरी ध्यानद्वारा उनीले भन्तेहरूको चित्तलाई जाँच्दा भन्तेहरू कसैले पनि ज्ञानको तह चढ्न सक्नुभएको रहेन छ । यसको कारण ध्यान द्वारा जाँचेर हेर्दा भन्तेहरूको खानामा चाहिने आवश्यक तत्त्वहरूको कमी भएको उनीले थाहा पाइन् । ज्ञानको खुड्किलो चढ्नको लागि अवरोधको रूपमा रहेको खानाको कमी कमजोरीलाई हटाई आवश्यक खानाको प्रबन्ध मिलाउने मनसाय लिई ती बुद्धीमती उपासिकाले भन्तेहरूलाई आवश्यक भोजन दान दिने प्रबन्ध पनि मिलाई दिइन् । फलस्वरूप भन्तेहरूको इच्छानुसार आवश्यक खानाको प्रवन्ध मिलेपछि भन्तेहरूले पनि चित्तलाई एकाग्र गर्ने शक्ति प्राप्त गर्नुभयो । अनि उहाँहरूले पनि यथाशिध्र चित्त एकाग्र गरी ध्यानको तह उक्लिन सक्षम हुनुभई सबै भन्तेहरू अरहन्त (मुक्त) हुनुभयो ।

यसरी भिक्षुहरूको तर्फवाट शिक्षा सिकी मातिकमाता उपासिका अनागामी हुन सफल भइन् भने उपासिकाको सहयोगले भन्तेहरू मार्गफल लाभी हुनुभयो ।

यस घटनाबाट स्पष्ट भयो– ध्यान गरी ज्ञान लाभ गर्नको लागि उपयुक्त स्थान र उपयुक्त खानाको पनि अत्यावश्यक रहेछ। अनि बल्ल चित्त एकाग्र पार्ने शक्ति प्राप्त हुँदो रहेछ। चित्त एकाग्र भए पछि मात्र त्यस शक्तिले आफ्नो शरीरको अनित्य स्वभावलाई बुझ्दै लोभ, दोष र मोह रूपी मिथ्या धारणालाई हटाउँदै चित्त शुद्ध–पार्ने ज्ञान पनि प्राप्त हुँदो रहेछ। जब चित्त शुद्ध हुन्छ तब मात्र मुक्ति मार्ग प्राप्त हुँदो रहेछ ।

# विषय-सूचि


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| १) | बुद्ध-वचन | १ |
| २) | सम्पादकीय | २ |
| ३) | धर्म भनेको के हो ? | ४ |
| ४) | ध्यानकुटी मैत्री केन्द्र बालआश्रमलाई सहयोग | ५ |
| ५) | शान्त र निर्बिघ्नपूर्वक बाँच्न पाउनु हरेक प्राणीको नैसर्गिक अधिकार | ६ |
| ६) | त्रिपिटकमा महापरिनिर्वाण सूत्र | ११ |
| ७) | बुद्ध धर्ममा बृक्ष तथा वन उद्यानहरू | १६ |
| ८) | पवित्रताको प्रतिक गुल्पाः | २० |
| ९) | संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर ९१ औं जन्मोत्सवको शुभकामना | २४ |
| १०) | धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना | २४ |
| ११) | धम्मवती गुरुमांको ८४ औं वर्षिय जन्मोत्सवको हार्दिक मंगलमय शुभकामना | २५ |
| १२) | बौद्ध प्रश्नोत्तर-३ | २६ |
| १३) | धर्मको "नगर"-५ | २८ |
| १४) | बुद्ध शिक्षा र Good Governance | ३० |
| १५) | ब्यवहारिक शिक्षामा जोड दिनेमा सुप्रसिद्ध अश्वघोष महास्थविर | ३५ |
| १६) | बलिरहेको आगो | ४० |
| १७) | नेपालमा थेरवाद बुद्धधर्म | ४४ |
| १८) | चतुपरिषद् (चार परिषद्) | ४९ |
| १९) | बौद्ध अर्थतन्त्र | ५३ |
| २०) | बौद्ध दृष्टिकोणमा कुशल नेतृत्त्व | ५७ |
| २१) | अमरापुर बुद्ध विहारका भित्तेचित्रहरू | ६१ |
| २२) | पालि वाङ्मयमा विहारको स्थान | ६५ |
| २३) | बुद्ध धर्ममा मनुष्यको स्थान | ६९ |
| २४) | The Fawn Who played Hooky-10 | 73 |
| २५) | Modern Economics Versus Buddhist Economics | 74 |
| २६) | Spiritual and Physical Effect of 2015 Earthquake on Theravada Monasteries of Nepal | 78 |
| २७) | Buddhism from gender perspective: an overview | 81 |
| २८) | धर्मकीर्ति विहार-गतिविधि | ८४ |
| २९) | शुभ-कामना | ८८ |
| ३०) | धर्म प्रचार-समाचार | |




Downloaded from http://www.dhamma.digital

# धर्म भनेको के हो ? भाग-३

✍ **कल्याण मित्र सत्यनारायण गोयन्का**

जेलमा शिविर लगाईन्छ, यो विद्या त सबैको लागि हो। जेलमा रहेका कोही कैदी जसले देशको कानून अनुसार कुनै काम गरेन, नियम उलङ्घन गरेको कारण सजायँ भोग्दैछ। उनी आफ्नो परिवार, आफ्ना छोरा-छोरीबाट टाढा रहनु पऱ्यो । आफ्नो घरको सुख-सुविधाबाट टाढा रहँदा ब्याकुल त हुन्छ नै । त्यसैले म वहाँहरूलाई एउटा कुरा भन्न चाहन्छु कि त्यहाँ के को चिन्ता गर्छौ ? त्यहाँ रहेर के सोच्छौ ? यही सोच्छौ कि मेरो मुद्दामा फलानो मान्छेले मेरो विरूद्ध बोल्यो, त्यसैले म पक्रें। बाहिर निस्कें भने सबैभन्दा पहिला उस्लाई मार्नेछु। यस न्यायाधिशले मेरो विरूद्ध निर्णय दियो, यस्को बदला अवश्य लिनेछु। यस्तै सोचिरहने छ।

अरू के गर्छौ, के सोच्छौ ?

तर तपाई जब जब यस्तो द्वेष, दुर्भावना अथवा क्रोधको चिन्तन गर्नुहुन्छ तब-तब भित्र के भईरहन्छ ? विपश्यना गर्न थाले पछि यी मशसूस हुन थाल्छन्। जब-जब यस्तो विकारले भरेको चिन्तन चल्न थाल्छ तब ज्यादै ब्याकुल बन्दछ । पहिलादेखि नै ब्याकुल थियौ अब अझ बढी ब्याकुलता थप्दै जान्छौ। करेलाको तीतोमा अब नीमको तीतो थपियो । के गर्दैछौ ? दश दिनको शिविरमा यस्तो होश आउन थाल्छ कि जब जब मनमा विकार जगाउँछु, आफूलाई ब्याकुल बनाउँछु। राज्यले जुन काम गरे बापत मलाई दण्ड दियो, त्यो त दियो, अब यो प्रकृतिले दिएको दण्ड भोग्दैछु। नयाँ-नयाँ अपराध गर्दैछु र आफूले आफैलाई दुःखी बनाउँदैछु।

हाम्रो देशमा एकजना यस्तो धर्म सम्राटको प्रादुर्भाव भयो जसले जेलमा रहेका अपराधिहरूलाई र बाहिर रहेका मानिसहरूलाई एउटै कुरा सिकाउनु भयो कि तिमी आफूलाई जान तब तिमीमा परिवर्तन आउन थाल्छ । जेलका कैदीहरूमा परिवर्तन आउन थाल्यो उनीहरूको भनाई थियो कि हाम्रो जीवन नै बदलियो । जेलमा रहेकोले यस्तो शिविरमा बस्ने अवसर पायौं । बाहिर भएको भए यस्तो शिविरमा भाग लिन जान्थ्यो कि जाँदैनथ्यो। यहाँ त नियममा बाँधिएका छौं, सरकारले शिविरमा बस्न भनियो, बसियो। हामीलाई के थाहा कि यसमा यति सुख छ, शान्ति छ।

म त भन्छु केवल उनीहरूमात्र जेलका कैदी होइनन्, जति पनि बाहिर मानिसहरू छन् सबका सब कैदी नै हुन्। प्रत्येक मानिस अपराधी हुन् त्यसैले कैदी हुन्। आफ्नै जेलका बन्दी हुन् । विकार जगाउँछन् ब्याकुल हुन्छन् । आफ्नो स्वभावको गुलाम बनिरहेकाछन् । यस्तो स्वभाव बनिसक्यो कि आफूले भनेको जस्तो भएन विकार बनायो। आफूले भनेको जस्तो भयो विकार बनायो। ब्याकुलता नै ब्याकुलता, ब्याकुलता नै ब्याकुलता।

यसको जिम्मेदारी को हो ? अब हामी यो देवी-देवता कहाँ, त्यो देवी-देवता कहाँ, हे ! भगवान मलाई यस दुःखबाट टार्नु भनेर प्रार्थना गऱ्यो भने कुन चाहीं भगवानले पार लगाई दिन्छ ? अलिकति सोचेर हेर्नु की आफ्नो मनलाई बिगार्ने काममा को जिम्मेवारी छ ? बिगार्ने म र सुधार अरूले गर्नु, यो त हुनै सक्दैन । कुन जंजालमा पऱ्यो ? आफ्ना जो पूज्य छन् कुनै देवी, देवता, ईश्वर, ब्रह्मा, सन्त-जो कोहीको पनि श्रद्धा छ, उहाँहरूको सद्‌गुणको सम्झना गर्नु। त्यस्तै सद्‌गुण मेरो जीवनमा आएको छ कि छैन, छ भने सही भक्त भयो। आएको छैन भने कस्तो भक्ति ! उसको सही अनुयायी अथवा भक्त कसरी भयो ? उसको सद्‌गुण मेरो जीवनमा आउन थाल्यो भने पो धर्मको भक्तिको सही स्वरूप देखा पऱ्यो।

सदाचारको जीवन नै धर्म हो दुराचारको जीवन अधर्म । यो कुरा बुझ्न थाल्यो भने उपदेश सुन्नु जरूरी छैन। अब त आफ्नो भलोको लागि आफ्नो कल्याणको लागि, आफ्नो सुख-शान्तिको लागि, सदाचारको जीवन यापन गर्न थालिन्छ। मनमा विकार उत्पन्न नभईकन वचन तथा शरीर बाट कुनै दुराचारको काम हुनै सक्दैन।

यहाँ भन्ने गरिन्छ सदाचार भनेको कसैको हत्या नगर्नु, चोरी नगर्नु, ब्यभिचार नगर्नु, झूठो बोलेर कसैलाई नठग्नु, कडा वचन बोलेर कसैको मन नदुखाउनु, चुगुली गरेर नफाल्नु, अरूको निन्दा नगर्नु, लाग्ने पदार्थको सेवन नगर्नु। यी सबै सदाचारी बन्ने कुरा हुन्।

जब कोही विपश्यना गर्न थाल्छ तब कुरा गहिराईसम्म बुझ्न थाल्छ कि हिंसा आदि किन गर्न हुँदैन । विकार जाग्ने बित्तिक्कै आफू ब्याकुल बन्न पुग्छ । यो त आफ्नो भलाईको लागि हो। यहाँ कसैको प्रति भलो गरिरहेको छैन।



Downloaded from http://www.dhamma.digital

त्यस्तै मानिस सामाजिक प्राणी हो – सदाचारको जीवन जिउन थाल्यो भने समाजमा सुख शान्ति हुन्छ। यसैले पनि सदाचारको जीवन जिउनु आवश्यक छ। दुराचारबाट टाढा रहनु पर्छ।

शरीर स्वस्थ राख्नको लागि ब्यायाम गर्नुपर्ने हुन्छ। चाहे आसन गर्नु चाहे प्राणायाम गर्नु अथवा कुनै किसिमको ब्यायाम गर्नु, शरीरलाई स्वस्थ राख्नुपर्छ। ठीक यस्तै प्रकारले मनलाई स्वस्थ राख्नको लागि मनलाई पनि कुनै ब्यायामको आवश्यक हुन्छ। मनको यो अभ्यास परिणाम जनक छ, यस्ले तुरून्त आफ्नो नतिजा देखाउँदछ। जस्तो शरीरको ब्यायाम गर्नाले शरीरलाई मजबुत बनाउँछ त्यस्तै गरि मनको ब्यायाम गर्नाले मनलाई स्वस्थ, सुखी, शान्त बनाएर आफ्नो प्रभाव देखाउँदछ। तुरून्त फल दिन थाल्छ। आजको सभामा जो जो आउनु भयो, उहाँहरू सबैले धर्मलाई गहिराईसम्म बुझ्नु। बुझेर आफ्नो जीवनमा उतार्ने प्रयत्न गर्नु। सबैको मंगल होस् सबैको कल्याण होस् सबैको स्वस्ति मुक्ति होस्। ❖

*(साभार- 'विपश्यना' वर्ष-३३, अङ्क-१२, २०७३ चैत्र)*

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) भिक्षु अश्वघोष महास्थविर बाट रु. ३०,०००/-
२) भिक्षु प्रज्ञालोक महास्थविर, सुमंगल विहार, लुंखुसि, पाटन बाट रु. १०,०००/-
३) कृष्णदेवी मानन्धर, क्षेत्रपाटी, काठमाडौं बाट रु. १०,०००/- तथा भोजनको लागि रु. १०००/-
४) मीनशोभा शाक्य, किजा विजय रत्न शाक्य, केहें पुष्प लक्ष्मी शाक्य, नरदेवी, त्यंगः बाट रु. ५,५५५/-
५) दुर्गा मानन्धर रेग्मी, कालिमाटी, बालिकाहरूको अध्ययनको लागि रु. ५,०००/-
६) हिरा नानी तुलाधर, वनेमा चुक, किलागः बाट रु. ५०००/-
७) सारदा बज्राचार्य, असनबाट दि. बुबा चन्द्र दर्शन, आमा सेतीनानी, तथा भाई गौतम दर्शन को पुण्यस्मृतिमा रु. ४,०००/-
८) रामदेवी, कृष्णदेवी, गंगादेवी, बिष्णुदेवी महर्जन, त्यंगः दि. आमा, बुबाको पुण्यस्मृतिमा रु. २,०५०/-
९) दीपक रत्न शाक्य, पाटन बाट रु. २,०००/-
१०) बाबुराजा कंशाकार, निर्मला कंशाकार, बुरांख्योः बाट रु. २,०००/-
११) पूर्णकाजी शाक्य, तीर्थशोभा शाक्य, बनेपा बाट रु. २०००/-
१२) जुनेली तुलाधर, केलटोल, जनबहा बाट दि. आमा श्री प्रभा तुलाधरको पुण्यस्मृतिमा रु.२०००/
१३) स्वेता ताम्राकार, मरुटोल, काठमाडौं बाट रु. १५००/-
१४) शुभद्रा चित्रकार, भाटभटेनी, नक्साल बाट स्व. न्हुछे माया चित्रकारको पुण्यस्मृतिमा भोजनको लागि रु. १,५००/-
१५) चन्द्र बहादुर मानन्धर, कोसाल टोल, बनेपा बाट रु.१०००/-
१६) निर्मला मानन्धर, असन, कमलाक्षी बाट रु. १,०००/-
१७) मोतीलाल, बिना नकर्मी, सातदोबाटो बाट रु. १,०००/-
१८) प्रज्ञान तुलाधर भोटाहिटी जन्मदिनको उपलक्ष्यमा रु. १,०००/-
१९) भिक्षु शोभित, गणमहा विहारबाट जलपानको लागि रु. ५००/-
२०) राकेश शाक्य, बनेपा बाट रु. ५००/-
२१) प्रेमज्योती शाक्य, बनेपा बाट रु. ५००/-
२२) बुध्द भक्त रंजित, बनेपा बाट रु. ५००/-
२३) निर्मला तुलाधर, बिजेश्वरी, काठमाडौंबाट बालिकाहरूलाई स्कूल ब्याग प्रदान।
२४) अनागारिका श्रद्धाचारी, धर्मकीर्ति विहारबाट बालिकाहरूलाई छाता प्रदान।
२५) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान।

### ❀ आजीवन वार्षिक भोजन प्रदानगर्ने दाताहरू :

२६) डा. धम्मवजिया गुरुमां, निर्वाणमूर्ति विहार, किण्डोल, स्वयम्भू आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. २०,०००/-
२७. जुजु भाई तुलाधर, मंगल लक्ष्मी तुलाधर, कालोपुल, ज्ञानेश्वर, काठमाडौं बाट रु. १५,०००/-
२८. राम माया मानन्धर, असंफल, बनेपा बाट आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. १५,०००/-
२९) दीपेश रञ्जित, सिनागाल मार्ग, बनेपा-८ रु. ५१००/- (आजीवन सदस्य)



Downloaded from http://www.dhamma.digital

# शान्त र निर्बिघ्नपूर्वक बाँच्न पाउनु
# हरेक प्राणीको नैसर्गिक अधिकार

✍ **सुशीला देबी मानन्धर (वीर्यवती गुरुमां)**

शान्ति एवं स्वतन्त्रपूर्वक जीवन जीउन पाउनु प्राणी मात्रको जन्मसिद्ध अधिकार हो। यस अधिकारलाई हनन गर्नु महान अपराध हो। प्रकृतिले दिएको यस अधिकार लाई जसको कारणले हनन हुन्छ, उसले प्रकृतिको नियमलाई उल्लंघन गरेको ठहरिन्छ। जसले प्रकृतिको नियमलाई उल्लङ्घन गर्छ, उसलाई प्रकृतिले अवश्य दण्ड दिनेछ। किनभने प्राकृतिक नियमलाई पालन गर्नु भनेको नै धर्म पालन गरेको हुन जान्छ। जसले धर्म पालन गर्छ, त्यसलाई मात्र धर्मले रक्षा गर्ने दस्तुर छ। त्यसैले भनिन्छ **"धम्मो हवे रक्खतीति धम्मचारी।"**

आफ्नो मन वचन र शरीरद्वारा अरूको मन, धन, शरीर र यशकीर्तिमा हानी नहुने गरी कुरा गर्नु, र कार्य गर्नुलाई नै धर्माचरण भनिन्छ। अर्को शब्दमा भन्ने हो भने आफ्नो र अरूको भलो सोची निश्वार्थ पूर्वक काम र कुरा गर्न सक्नु नै प्रकृतिको नियम पालन गर्नु हो। जसले यसलाई इमान्दारीपूर्वक पालन गर्छ यसको नतिजा त्यस व्यक्तिले भाग्य रूपमा भोग्न पाउनेछ । तर जसले आफ्नो स्वार्थ पूर्तिको लागि अरूको अहित र हानी पुग्ने काम गर्छ, कुरा गर्छ, उसले यसको परिणाम दशा रूपी फल पाई दुःख र अशान्त पूर्वक जीवन विताउनु पर्ने हुन्छ। यस प्राकृतिक नियमले कसैलाई भेदभाव गर्दैन। यहाँ जुन अवस्थामा पनि मनले भूमिका खेलिरहेको हुन्छ। दुषित चित्तले स्वार्थी बन्न सिकाउँछ भने निर्मल चित्तले निस्वार्थ बनी आफ्नो र अरूको भलो सोची काम गर्न सिकाउँछ। कर्म रूपी भूमीमा यही मनले भाग्य र दशाको बीऊ रोपि रहेको हुन्छ। भनिन्छ–

**"जहाँ सुमति वहाँ सम्पत्ति नाना**
**जहाँ कुमति वहाँ विपत्ति निधाना"**

अर्को शब्दमा भन्ने हो भने हाम्रो मत्ति राम्रो भएमात्र गति पनि राम्रो हुनेछ। त्यसैले भाग्य बनाउने र दशा बनाउने जिम्मेवारी हामी आफैमा निहित छ। यो सानो दुई धर्सोमा कोरिएको ज्ञानले हामीलाई भाग्यरूपी फल प्राप्त गर्ने बाटो देखाइरहेको छ।

तर यस अमूल्य ज्ञानलाई बुझ्न नसकेका व्यक्तिहरूले भौतिक सुख सुविधाको लालचमा र बदला लिने नियतले पनि अरूको हानी गर्ने योजना बनाई खराब कार्य गर्न पुग्छन्। अनि यसको परिणाम स्वरूप धेरै व्यक्तिले दुःख दर्द भोग्नुपर्ने स्थिति पनि श्रृजना हुनपुग्छ।

उदाहरणको लागि ६ अगस्ट १९४५ को विहान ८.१५ बजे मानव इतिहासको पहिलो अणुबम जापान स्थित हिरोसिमाको केन्द्रबाट करीब ५८० मीटर उचाईबाट विष्फोट भयो र क्षणभरमा हिरोशिमा शहर एक भष्म मैदानमा परिवर्तन भयो। जसबाट असंख्य र अमूल्य जीवनहरूको नामोनिशान मेटिन पुग्यो। उक्त नगरको जन जीवन पूर्णरूपले नष्ट भयो।

हुनत राती १२.२५ मा नै सम्भावित हवाई आक्रमणको चेतावनी दिँदै साइरन बजाइएको थियो। त्यही राती २.१० मा खटरा टलियो भन्ने जानकारी पनि प्राप्त भइयो। तर दुर्भाग्यवश विहान ७ बजेर ९ मिनेट गएपछि फेरि हवाई आक्रमणको सूचना दिने साइरण बजियो। यस सूचनाबाट भयभित सबै मानिसहरू हवाई आक्रमण बचाउ केन्द्र (Air Raid Shelter) मा आश्रय लिन पुगे। केही क्षणमा अमेरिकी विमान धेरै अग्लो उचाईबाट उडिरहेको थियो। ७.३१ मा खतरा टलियो भन्ने जानकारी दिइयो। त्यसैले बचाउको लागि केन्द्रमा आश्रय लिइरहेका सबै बाहिर निस्किएर आ-आफ्नो काममा जुट्न थाले। युद्धको कारणले गरेर बिद्यालयहरूमा छुट्टि पनि दिइएको थिएन। सबै विद्यार्थी कारखाना र युद्ध ग्रस्त क्षेत्रमा काम गर्नको लागि खटाइएको थियो। युद्धबाट ध्वस्त घरहरू भत्काउने कार्यको लागि लगभग ८४०० व्यक्तिहरू खटाइएका थिए। ती मध्ये धेरैजसो त विद्यार्थीहरू नै थिए।

त्यसदिन ४०,००० सैनिकहरू समेत गरी उक्त नगरमा ३, ५०,००० भन्दा बढि मानिसहरू रहेको अनुमान गरिएको थियो।

"बम विस्फोटको बारेमा निम्न माध्यमिक



Downloaded from http://www.dhamma.digital

विद्यालयका एक छात्र जो बिस्फोट भएको अवस्थामा कक्षामा थियो र घाइते भएर पनि बाँच्न सफल भएको थियो, उसले आफूले देखेको घटना यसरी बताएको थियो ।

यस दिनलाई मैले कहिले पनि बिर्सन सक्दिन । विहानको प्रार्थना सिद्धिएपछि जब हामी घर भत्काउने कार्यको लागि पर्खिरहेका थियौं, तब ढोकानेर बसिरहेका एक साथी यसरी चिल्लायो–

बी – २९ ! त्यही क्षण केही चीज चम्कियो र घर भत्कियो । मलाई थाहा थिएन कतिबेर सम्म म बेहोश भएँ भन्ने कुरो । जब होश आयो, तब म हलन चलन गर्न नसक्ने अबस्थामा पुगिसकेको थिएँ ।

मेरो अनुहार र पाखुरामा भएको घाऊ धेरै दुखिरहेको थियो । अगाडिको दाँत भाँचिएको थियो । मेरो कमीज सबै रगतले भिजिसकेको थियो । सकी नसकी घिस्रदै उक्त घरको ढोका बाहिर आफ्नो टाउको निकाल्न सफल भएँ । नगरको चारैतर्फ आगो बलिरहेको थियो । तब म डरले काँप्न थालें । त्यसपछि बिस्तार बिस्तारै घिस्रदै आफूलाई बाहिर निकाल्न सफल भएँ आगोबाट बच्नको लागि म त्यस खण्डहरबाटै भाग्न सफल भएँ ।[1]

वम विस्फोटबाट उत्पन्न ताप र किरणले विस्फोट केन्द्रबाट करीब १.२ कि.मि. सम्मका मानिसहरूको छाला र तंतु सबै जलेर अंगमा समेत नोक्सान पुऱ्याएको थियो । यसरी जलेका कतिपय व्यक्ति तुरून्त मरेका थिए भने कोही केही दिन पछि मात्र मरेका थिए । विस्फोट केन्द्रबाट ३.कि.मि. सम्ममा रहेका मानिसहरूको बाहिरी छाला मात्र जल्यो । उनीहरू घाममा काम गर्नका लागि लुगा फुकाली काम गरिरहेका कामदारहरू थिए ।[2]

उक्त बम बिस्फोटबाट निस्किएको विकिरणबाट पछि सम्म पनि मानिसहरूलाई नकारात्मक प्रभाव पार्न थालियो । जुन यस प्रकार रहेको बताइएको छ–

पाचन प्रणालीमा गडबड, स्णायु प्रणालीमा गडबडी, टाउको दुख्नु, निन्द्रा नलाग्नु, बेहोश हुनु, ज्यादै थकाई लाग्नु, कपाल झर्नु, पिशाबबाट रगत बग्नु, रगत बान्ता हुनु, ज्वरो आउनु मुखमा घाउ हुनु आदि ।[3]

मानव इतिहासको यो अपूर्ण त्रासदी दुर्घटना प्राकृतिक प्रकोप र पारम्परिक हतियारबाट हुने विध्वंश भन्दा विल्कुल भिन्न थियो । विस्फोटबाट तत्कालिन विनाश भएको मात्र होइन त्यसको अलावा विस्फोटबाट उत्पन्न विकिरण मानव शरीरमा प्रवेश गरी उनीहरूको शरीरका कोषिकाहरूलाई नष्ट गर्दै गए । त्यहाँ जीवित रहेका कतिपय मानिसहरूलाई त्यस विकिरणले शारीरिक र मानसिक प्रभाव परेको विषयलाई नाप्न सम्भव नै थिएन । हिरोशिमा नगरमा यस विस्फोटनबाट १९४५ डिसेम्बरसम्म मर्नेहरूको संख्या १,४०, ०००।– भएको तथ्यांक हिरोशिमा नगर द्वारा संयुक्त राष्ट्र संघमा पेश गरिएको विवरणले जानकारी दिइरहेको छ ।[4]

यस घटनाले मारिने १,४०,००० मृतकहरू मध्ये २०% मानिसहरू विस्फोटको आवाजले ६०% आगोले जलेर, २०% विकीरणको असरले मारिएको कुरा तथ्यांकमा जनाइएको छ ।[5]

विकिरणबाट मानव स्वास्थ्यमा पारिएका नराम्रा असरहरू–

(१) **केल्वाइड्स (Keloids)**

सन् १९४५ को उक्त दुर्घटनाको आगोले पोलेर ठीक भइसकेको घाऊ सन् १९४६ को सुरूमा अस्वाभाविक रूपमा बल्भिन थालियो । मासुको डल्लो विकिरणको कारणले उत्पन्न भएको थियो विस्फोट केन्द्रबाट २ कि.मि. सम्मका जलेका व्यक्तिहरू मध्ये ५० देखि ६०% व्यक्तिहरूमा यो रोग लागेको थियो । यस रोगले धेरै दर्दनाक मानसिक र शारीरिक पीडा दिइयो ।

(२) **रगतको क्यान्सर (Leukemia)**

कतिपय मानिसहरूलाई यस रोग लागी सेतो रगतका कोषिकाहरू तिब्ररूपले बढ्दै जान थाल्यो । फलस्वरूप रोग विरूद्ध लड्ने प्रतिरक्षा शक्ति गुम्न पुग्यो ।

(३) **क्यान्सर**

थाइरोइड, स्तन र फोक्सो लगायत शरीरका अन्य भागहरूमा क्यान्सर रोग लागेका रोगीहरू सन् १९६० सम्ममा तिब्ररूपले बढ्न थाले । अनुसन्धानबाट पत्ता लाग्यो-यसको प्रमुख कारण विकिरण नै थियो ।

(४) गर्भमा रहेको शिशुहरूलाई परेको नकारात्मक प्रभाव–

१. हिरोसिमा मे अणुबम विनासका संक्षिप्त रूपरेखा, पेज १३
२. हिरोसिमा मे अणुबम विनासको संक्षिप्त रूपरेखा, पेज २२
३. हिरोसिमा मे अणुबम विनासको संक्षिप्त रूपरेखा, पेज २३
४. हिरोसिमा मे अणुवम विनासका संक्षिप्त रूपरेखा, पेज २०
५. हिरोसिमा मे अणुबम विनासको संक्षिप्त रूपरेखा, पेज २३



Downloaded from http://www.dhamma.digital

बम बिस्फोट भएको अवस्थामा जुन शिशुहरू गर्भमा थिए, गर्भ पूरा भई पैदा भएका ती शिशुहरू मध्ये धेरै जसो शिशुहरूको टाउको सानो (Microcephaly) थियो । कुनै शिशुहरू ठीक अवस्था मा पैदा भएपनि उनीहरू धेरै दिन बाँच्न सकेनन् । धेरैजसो शिशुहरू मानसिक रूपले विकलांग भएर पैदा भए ।[६]

यसरी उक्त अणुबलमे पूर्ण समाजलाई नै नष्ट बनाइदियो । एक क्षण भित्रमा, नगरको व्यापार, उद्योग, विद्यालय, अस्पताल सबै खत्तम भए । बम विस्फोटबाट बचेका मानिसहरूले पनि आफ्ना परिवार, साथी, नातेदार र छरछिमेकी गुमाई अशान्तपूर्ण जीवन विताउनु पऱ्यो ।

यीत भए ७२ वर्ष अगाडि जापानको हिरोशिमा सहरमा घटेको दुर्घटना विषयको नरमाइलो जानकारी ।

यसरी नै नेपालमा विगतको सशास्त्र द्वन्दको अवशेषको रूपमा रहेका बारूदी सुरूङ र अन्य विस्फोटक उपकरणहरू विस्फोट हुँदा सर्वसाधारण निर्दोषी जनताको मानवीय र भौतिक क्षति बारेको तीतो जानकारी पनि लिऔं ।

"यसरी बाँच्नु भन्दा त मर्नु नै बेश" यो भनाई नेपाल जस्तो सुन्दर देशमा बस्ने बारूदी सुरूङ[७] र विष्फोटक उपकरणको[८] विष्फोटबाट घाइते भएको एक पीडितको हो । साँच्चै नेपाल एक सुन्दर देश भएर पनि दश वर्ष द्वन्दका कारण यहाँका सयौं नागरिकले ज्यान गुमाउनु परेको छ भने हजारौंले घाइते र अंगभंग भई कष्टकर जीवन बिताइरहनु परेको छ । बारूदी सुरूङ र विष्फोटक हतियारहरूको कारण सोझै युद्धमा संलग्न बाहेक अधिकांश युद्धमा संलग्न नभएका र युद्ध नचाहने नागरिकहरू द्वन्दको अवस्थामा र द्वन्दको अन्त्य पछि पनि त्रासदीपूर्ण वातावरणमा बाँचिरहनु परेका थियो । बारूदी सुरूङ र विष्फोटक उपकरणहरूको सिकार स्वरूप कतिले हात, खुट्टा, आँखा जस्ता अंगहरू गुमाउनु परेको छ भने कतिपय त्यसको रासायनिक असरको कारण शारीरिक र मानसिक पीडाले ग्रस्त भइरहनु परेको छ । घाऊ दुखिरहेको छ त उपचार खर्च छैन" "ठूलो परिवा धान्नु पर्छ, तर काम गर्न सकिरहेको छैन, "छोराछोरी छन् तर ममतामयी आमा छैनन् "

यस्ता दु:खपूर्ण अवस्थाहरूबाट पीडितहरू गुज्रिरहेका छन् ।" "कतिबेला कहाँ, के पड्किने हो" – यस्तो त्रासदीपूर्ण वातावरण भएका ठाउँहरूका वासिन्दाहरूले आफ्नो दिनचर्या कष्टकर, तबरले व्यतित गरिरहनु परेको छ ।"[९]

नेपालका घटेको माथि उल्लेखित हृदय विदारक घटनाहरू जुन घट्न नपर्ने हो, घटिसकेका छन्, ती घटनाहरू फेरि नदोहोरियोस् भन्ने हाम्रो कामना रहेको छ । यसको लागि हामीलाई भगवान् बुद्धले दिनु भएको शिक्षाले मार्ग प्रदर्शन गरोस् । फलस्वरूप हामी सबै नेपालीले शान्तपूर्वक बाँच्ने अधिकार र भाग्य प्राप्त गर्न सकौं । किनभने कसैको अनावश्यक दवावमा नपरी मानसिक एवं शारीरिक यातना रहित निर्विध्न स्वतन्त्र एवं शान्तपूर्ण जीवन बिताउन पाउनु सबै प्राणीहरूको नैसर्गिक अधिकार रहेको हुन्छ । यस प्राकृतिक स्वभाव धर्मलाई उल्लेख गर्नु हुँदै भगवान् बुद्धले हामीलाई पञ्चशील पालन गर्ने सल्लाह दिनु भएको छ । पञ्चशीललाई सद्व्यवहार, राम्रो आचरण सम्बन्धि नियम पनि भन्न सकिन्छ। पञ्चशील (पाँचवटा नियमहरू) मध्ये पहिलो नियम हो–

"शान्ति स्वतन्त्र र निर्विध्न पूर्वक बाँच्न पाउने हरेक प्राणीको नैसर्गिक अधिकारलाई हनन नर्गनु ।"

यस नियमलाई भगवान बुद्धले धम्मपदमा यसरी उल्लेख गर्नुभएको छ ।

**सब्बे तसन्ति दण्डस्स – सब्बे भायन्ति मच्चुनो**
**अत्तानं उपमंकत्त्वा – नहनेय्य न घातये**

अर्थात्- दण्ड देखेर सबै डराउँछन्, मृत्यु देखर सबै

६. हिरोसिमा मे अणुबम विनासका संक्षिप्त रूपरेखा, पेज २४

७. **बारुदी सुरङ्ग–** जमिन मुनि, जमिनमा, जमिन निर वा अन्य जमिनको सतक क्षेत्रमा विछ्याउने र व्यक्ति वा सवारी साधनको उपस्थिति, सामिक्ष्य वा संसर्गबाट बिस्फोट हुने किसिमले तयार पारिएको हतियार वा युद्ध सामग्रीलाई बारुदी सुरुङ्ग (Landmines) भनिन्छ ।

८. **अन्य विष्फोटक पदार्थ–** केही वनस्पति र रासायनिक पदार्थको त्यो मिश्रण, जसमाथि चाप, ताप, धमाका वा घर्षण हुनासाथ राशायनिक प्रतिकृया भई ढूलो मात्रामा ग्याँस र ताप पैदा हुन्छ र नजिकको व्यक्ति, सम्पत्ति वा वस्तुलाई असर पुऱ्याउँछ, त्यसलाई विष्फोटक पदार्थ भनिन्छ ।

९. "बारूदी सुरूङ र ओटावा सन्धिको सन्दर्भमा नेपाल" भाग-१ परिचय, पेज २२ । माइन एक्सन र ओटावा सन्धि सम्बन्धमा स्थानिय दृष्टिकोण अनुसन्धान प्रतिवेदन - कृष्णराज पन्त (कार्यक्रम संयोजक)



Downloaded from http://www.dhamma.digital

काँप्दछन्, त्यसकारण कुनै पनि प्राणीलाई अफू झैं सम्झी हिंसा नगर्नु र नगराउनु ।[१०]

यस बुद्ध वचनलाई हामीले सदैव अनुमोदन गर्न सक्नु परेको छ। किनभने हामी मध्ये कसैलाई पनि बिना कारण अरूले घात गर्न आउने मन पर्दैन। आफ्नो मनमा कसैले अलिकति पनि ठेस पुग्ने बचन प्रयोग नगरोस् भनी चाहना राख्ने हामीले अरूहरूको शरीर र मनमा घात हुने कार्य र कुरा गर्नु अगाडि हामी सचेत हुन आवश्यक छ। त्यसैले भनिन्छ, अरूप्रति केही काम र कुरा गर्नु अगाडि त्यही काम र कुरा अरू कसैले आफूलाई गर्न आउँदा हामीलाई मन पर्छ वा पर्दैन त्यसलाई बुझेर मात्र अरूप्रति व्यवहार गर्नु उचित हुनेछ। यदि आफूलाई त्यही कार्य कसैले गर्न आउने अवस्थामा हामीलाई स्वीकार्य छ भने त्यस कार्य अरूलाई पनि गर्नु उचित हुनेछ। अन्यथा त्यस कार्य अरूलाई नगर्नु नै उचित हुनेछ।

यसरी आफूबाट हुने पाप (खराब) कार्य र गलत कार्यलाई हामीले आफैले मूल्याङ्कन गर्दै यसलाई हटाउन र रोक्न सक्नेछौं।

बुद्ध भूमी नेपालमा जन्मेका हामीले बुद्धका सन्तान भनी आफूलाई गौरवान्वित गर्नु छ भने भगवान् बुद्धले देखाउनु भएको सद्मार्गलाई अपनाई सही जीवन बिताउन सिकौं अनि मात्र हामी साँचो रूपमा बुद्ध शिष्य बनी कर्त्तव्य पालन गरेको ठहरिने छ।

भगवान बुद्ध भन्नुहुन्छ –

**यो दण्डेन अदण्डेसु – अप्पदुट्ठेस दुस्सति**
**दसन्नमञ्ञत्तरं ठानं – खिप्पमेव निगच्छति**
**वेदनं फरूसं जानिं – सरीरस्स च भेदनं**
**गरूकं वापि आवाधं – चित्तकखेप, व पापुणे**
**राजतो वा उपस्सगग – अब्भक्खानं व 'दारुणं'**
**परिक्खयं व ञातीनं – भोगानं व पभंगुर**
**अथव'स्स अगारानि – अग्गि दहती पावको**
**कायस्स भेदा दुप्पञ्ञो – निरयं सो 'पपज्जति**

अर्थात्– जसले आफ्नो नीजि स्वार्थ पूर्तिको लोभमा फसी अरूलाई हानी नोक्सानी हुने जालसाजीपूर्ण कार्य गर्छ, कुरा गर्छ र योजनाहरू बनाउँछ, जसले दण्ड भोग्न नपर्ने निर्दोषी व्यक्तिलाई दण्ड दिनेगर्छ र दोष लगाउँछ, त्यस व्यक्तिलाई प्रकृतिले तल उल्लेखित १० प्रकारका दशा रूपी दण्डहरू मध्ये एक न एक दण्ड भोगाउने छ।[११]

१) टाउको दुख्ने आदि असह्य वेदनाले सताउने छ।
२) आफूसंग भएको धन विनाश हुनेछ।
३) अंगभंग हुनेछ।
४) ठूलठूला रोग लाग्नेछ।
५) बहुलाउने छ।
६) राजदण्डादिको भय आउने छ।
७) अनेक लाञ्छनाहरू लागी निन्दित र अपहेलित बन्नुपर्नेछ।
८) आफ्ना नाता कुतुम्वहरू विनाश हुँदै जानेछन्।
९) आफ्नो भोगको विनाश हुनेछ।
१०) घरमा आगलागी हुनेछ र मरणोपरान्त पछिको चित्तले राम्रो गति पाउन नसकी नर्कतुल्य जीवन बिताउनु पर्नेछ।

हामीलाई थाहा छ, कोही पनि व्यक्ति माथि उल्लेखित दशाहरू भोग्न तयार हुँदैनन् र आफ्नो जीवनमा सुख सुविधा नै चाहन्छन्। तर चाहेर मात्र कहाँ हुँदो रहेछ र ? काम नै गर्नुपर्छ।

जुन व्यक्तिले अरूलाई हिंसा र हत्यारूपी दुःख दिने बीऊ रोप्छ, प्रकृतीले उसलाई यस्तै प्रकारको फल भोगाउने व्यवस्था मिलाइसकेको हुन्छ। त्यसैले अशान्ति र दुःख निम्त्याउने कार्य गर्ने जिम्मेवारी हामीमा नै निहित छ भने सुख शान्ति निम्त्याउने कार्यको जिम्मेवारी पनि हामीमा नै निहित रहेको हुन्छ।

त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ–

**"यादिसं वपते बीजं तादिसं हरते फलं"**

अर्थात्–

हामीले कर्म क्षत्रमा जस्तो बीऊ रोप्छौं, त्यस्तै फल हामीलाई प्राप्त हुनेछ।

हाम्रो हरेक कर्मको फल हाम्रो चेतनामा भर पर्छ। किनभने कर्म क्षेत्रमा कर्म रोप्ने तत्त्व मन नै हो। शरीर होइन। शरीर त मनले अह्राए अनुसार काम गर्ने मनको नोकर मात्र हो।

त्यसैले भगवान् बुद्धले भन्नु भएको छ–

१०. धम्मपद – भिक्षु अमृतानन्द - पेज नं. ५८, दण्ड वर्ग, गाथा नं १२९.
११. धम्मपद – भिक्षु अमृतानन्द - पेज नं. ६१, ६२। दण्ड वर्ग, गाथा नं. १३७, १३८, १३९, १४०।



Downloaded from http://www.dhamma.digital

**"चेतनाहं भिक्खवे कम्मं वदामि"**

कर्मलाई साथ दिने प्रमुख तत्त्व चेतना नै हो । त्यतिमात्र होइन, उहाँले भन्नु भएको छ–

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा**
**सचित्त परियोदपनं – एतं बुद्धान'सासनं'**

अर्थात्–

पाप कार्य नगर्नु, पुण्य (आफ्नो र अरूको भलो सोचेर काम गर्नु) र आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु, यही बुद्धहरूको शिक्षा हो ।[१२]

माथि उल्लेखित गाथाले भनिरहेको छ, पाप कार्य नगरेर मात्र पुग्दैन, पुण्य कार्य गरेर मात्र पनि पुग्दैन, सबभन्दा महत्त्वपूर्ण कार्य त आफ्नो मनलाई हरेक क्षण आफैले जाँच्दै यसलाई शुद्ध (छलकपट रहित, निर्दोष) पार्न अति आवश्यक छ ।

बुद्धका यी शिक्षाहरूलाई जन जन समक्ष पुऱ्याउने कार्यमा टेवा पुऱ्याउनका लागि बिभिन्न गोष्ठी एवं सम्मेलनमा कार्यान्वयनका लागि प्रस्तुत गरिने सार एवं घोषणाका बुँदाहरू मध्ये फ्रेबुअरी १–२, २००१ मा लुम्बिनीमा सम्पन्न अन्तराष्ट्रिय बौद्ध सम्मेलनले घोषणा गरेका १४ बुँदाहरू मध्ये ४ र ५ नं. को बुँदालाई यहाँ उल्लेख गर्न उचित देखिन्छ

बुँदा नं. ४

Explore the possibilities of introducing the Buddhist education at the school and college levels to inculcate in the minds of the youth the spiritual values and ethical codes of conduet.

बुदा नं ५.

Deeply feels the need to transmit and disseminate the teachings of Buddha to the communities and the grass roots for peace of mind, communal harmony and freedom from tensions and ensecurities.[१३]

माथि उल्लेखित घोषणा रूपी बुँदाहरूलाई कागजमा मात्र सीमित नराखी सरकारी ओहोदाबाट कति सम्म कार्यान्वयन भयो, त्यो त हामीले विचार गर्न योग्य छ जे होस, यसलाई ठीक तरिकाले कार्यान्वयन गर्न सकेको भए हालसम्ममा बदि भन्दा बढि जनताले बुद्ध शिक्षाबाट उचित फाइदा प्राप्त गरी नैतिक रूपले सम्य भई सफल जीवन जीउने मौका प्राप्त गर्न सक्दथे होला । त्यसो हुन नसक्नु हाम्रो दुर्भाग्य हो भनिन्छ, "नहुनु भन्दा थाहा नपाउनु खतरापूर्ण छ– किनभने हाम्रो तर्फबाट जति पनि गलतीहरू हुन्छन्, ती मध्ये धेरैजसो यस्तो गर्न हुन्न भन्ने ज्ञान थाहा नपाएको कारणले हुने गर्छ । उदाहरणको लागि नवजात शिशुले आगोले पोल्छ भनी थाहा नपाएको कारणले आफैलाई पोल्ने आगोलाई टल्केको राम्रो वस्तु सम्झी समात्न पुग्छन् । जसबाट दर्दनाक पीडाको सामना गर्नु पर्ने अवस्था आईपर्छ ।

यसको लागि बुद्ध शिक्षा आज हाम्रो देश लगायत संसारलाई अत्यावश्यक भइरहेको छ । यही शिक्षा सिकी शान्त र निर्विध्नपूर्वक बाँच्न पाउने हरेक प्राणीको नैसर्गिक अधिकारलाई बढि भन्दा बढि मानिसहरू बुझ्न सकुन् । ❖

१२. धम्मपद – भिक्षु अमृतानन्द, बुद्ध वग्गो - पेज नं. ८३, गाथा नं. १८३ ।

१३. Proceedings of the international Buddhist Conference Appendix - A Declaration of the Conference) Page 48

**सन्दर्भ सामाग्री–**

(१) पन्त कृष्णराज, 'कार्यक्रम संयोजक'
'माइन एक्सन र ओटावा सन्धि सम्वन्धमा स्थानिय दृष्टिकोण अनुसन्धान प्रतिवेदन',
**वारूदी सुरूङ्ग र ओटावा सन्धिको सन्दर्भमा नेपाल**
प्रकाशक वारूदी सुरूङ्ग प्रतिबन्ध अभियान नेपाल, बि.सं. २०६४

(२) भिक्षु अमृतानन्द, "**धम्मपद**", धर्मोदय सभा, बि.सं. २०५३

(३) हिरोसिमा में अणुबम बिनासका संक्षिप्त रूपरेखा, हिरोसिमा शान्ति स्मारक संग्रहालय, १९९४ मार्च
Khatry Prof. Premkumar 'Editor' T.U.
**Declaration of the Conference**, P.48,
Proceedings of the International Buddhist Conference Appendix - A, Feb. 2001



Downloaded from http://www.dhamma.digital

# त्रिपिटकमा महापरिनिर्वाण सूत्र

✍ शुभवती लामा

**पृष्ठभूमि –**

नेपालको वर्तमान कपिलवस्तु जिल्लामा तत्कालीन राजा शुद्धोदन र महारानी महामायादेवीको सुपुत्रको रूपमा लुम्बिनी वनको सालवृक्षको मुनि सिद्धार्थको जन्म ई.पू. ६२३ मा भएको थियो । तद्अनुसार अहिले ई.स. २०१७ मा २६४० वर्ष पूरा भई २६४१ वर्षमा प्रवेश भयो । सिद्धार्थ कुमार बैशाख पूर्णिमाको दिनमा जन्मनु भएको[१] थियो । २९ वर्षसम्म दरवारिय सुख सुविधा भोग्नु भयो । त्यसपछि जगत संसारको उद्धारको लागि कपिलवस्तु दरवार त्यागी प्रव्रजित हुनुभयो । ६ वर्षको कठिन दुस्करचर्या पश्चात् जब बोधिसत्त्व सिद्धार्थ कुमारले काम सुखल्लीकानु योग र अत्तकिलमथानु योग जस्ता हीन, अनार्य दुई अन्तलाई छोडी मध्यममार्ग अपनाउनु भयो, तत्पश्चात् २६०६ वर्ष अगाडि तत्कालीन गया स्थित बोधिवृक्षको काखमा बसी बैशाख पूर्णिमाको शुद्ध रातको प्रथमयाममा **पुब्बेनिवासानुस्मृति ञाण, दुतिययाममा च्युतिउत्पाद ञाण, तृतीय याममा आसवक्खय ञाण** प्राप्त गरी अनुत्तर बोधिज्ञान प्राप्त गर्नु भई दश लोक धातुमा सम्यक सम्बुद्ध कहलाउनु भयो । यसरी बुद्धत्त्व प्राप्तीपछि आफूले प्राप्त गरेको ज्ञान[२] ४५ वर्षसम्म बहुजनहित र बहुजन सुखको लागि निरन्तर चारिका गर्नुभई अन्तमा सबै संस्कारको अनित्यभावलाई देखाई ८० वर्षको उमेरमा कुशीनगरको मल्ल राजकुमारहरूको सालोद्यानमा २५६१ वर्ष अगाडि महापरिनिर्वाण हुनुभयो ।

तथागत बुद्धको महापरिनिर्वाण पछि सारा चक्रवालमा नै अँध्यारो भई रूवाबासी चल्यो । चित्तमल रहित भएकाहरू संस्कारधर्मको अनित्यता स्मरण गर्दै थियो भने आनन्द सहित चित्तमल भएकाहरू तथागतको पादमूलमा बसी रुँदै शोक गर्दै थियो । जन मानस धूप पुष्प प्रदीपद्वारा भगवान्को अन्तिम दर्शनमा ओर्लिएको थियो । यसरी एक सप्ताहपछि भगवान्को पार्थिक शरीरलाई मल्लहरूको मुकुटबन्धनमा पुऱ्याई अन्तिम संस्कार गरियो । त्यसबेला वर्षावास अनुसार जेष्ठ मानिएका भिक्षु महाकश्यप महास्थविर जब तथागतको दर्शनार्थ आफ्ना ५०० जना शिष्यहरूका साथ कुशीनगर को पावा आईपुग्नु भएको थियो । त्यस बेला बाटोमा मन्दार पुष्पहातमा लिएर आइरहेको एक आजीवकलाई भेटी तथागतको बारेमा सोध्नुहुँदा एक सप्ताह अगाडि नै भगवान्को परिनिर्वाण हुनुभएको र आफ्नो हातमा रहेको पुष्प त्यहींबाट लिएर आएको सुनाएपछि आश्रवक्षय नभएका भिक्षुहरू आफ्नो चित्तलाई धैर्य गर्न नसकी लडीबुडी गरी रोई विलाप गर्न लागे ।

त्यसबेला बृद्ध अवस्थामा भिक्षु भएको सुभद्र नामक भिक्षुले खुसी हुँदै भन्यो– **"अले आवुसोमा सोचित्थहमा परिदेवित्थ । सुमुत्ता मयं महां समणो नह उपद्दवाच मयं होम-इदं वो कप्पति, इदं वो कप्नीति । इदानि पन मयं ये इच्छिस्साम तं करिस्साम यं न इच्छिस्साम न तं करिस्सामा ति ।"**

अर्थात् "आवुसो ! भई हाल्यो शोक नगर नरोउ । अब हामी वहाँ महाश्रमणबाट सुविमुक्त भयौं । उहाँ हुँदा 'त्यो गर्नुहुन्छ, त्यो गर्नुहुन्न, भन्ने कुराबाट हामी पीडित थियौं । अब जे चाहन्छौ त्यही गर्न सक्नेछौं । जे चाहदैनौं त्यो गर्नेछैनौं ।"[३] त्यस्तो भनि जुन क्षुद्र एवं दुर्विक्षित वचन प्रयोग गर्नुभयो । त्यस्तो सुनि धर्मको बारेमा चिन्तित भिक्षु महाकाश्यप महास्थविरले यस स्थितिलाई निकै भयावहको रूपमा देख्नुभयो भिक्षु महाकाश्यप महास्थिविरले तथागतबाट उपदेशित धर्म-विनय रक्षार्थ धर्म-विनयमा कुनै संशय आउन नदिन तथा वीर्य हीन हुन नदिन धर्म र विनयलाई संग्रह गर्नु वा यत्रतत्र छरिएर रहेको धर्म विनयलाई संग्रह गर्ने सोच बनाउनु भयो । त्यसपछि भगवान् बुद्धको पार्थिक शरीर अन्त्येष्टी गरी सकेपछि बुद्धको परिनिर्वाण भएको तीन महिना भित्र नै बुद्धको ४५ वर्षसम्म देशना गर्नुभएको बहुजनहित र बहुजन सुखको उपदेशलाई धर्म र विनयमा संग्रह गरियो । उहाँको ५०० जना योग्य शिष्याहरूले संगायन गरी संग्रह गरिएको थियो ।

१. Butval Buddhist group.com
२. भिक्षुणी वीर्यवती (सं), धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी (२०७४) पृ.१२
३. ऐजन, पृ. १३



Downloaded from http://www.dhamma.digital

प्रथम संगायनाको महत्त्वपूर्ण उपलब्धीको रुपमा तथागतको सम्पूर्ण उपदेशहरू एकत्रित गरी एउटै मालामा गाँस्ने काम हुनलाई लिन सकिन्छ। साथै दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अंगुत्तरनिकाय र खुद्दकनिकाय गरी धर्मलाई पाँच निकायमा विभाजन गरेको कारणले धर्म अध्ययन गर्न अझ सरल हुनगयो। साथै संगायना पश्चात् सम्पूर्ण बुद्ध वचनहरूलाई कण्ठस्थ गरी सुरक्षित गर्ने परम्पराको थालनी भयो। यस अन्तर्गत दीघनिकाय कण्ठस्थ गर्ने जिम्मा आनन्द महास्थविर प्रमुख शिष्यहरूलाई जिम्मा लगाइयो।[४] त्यही गुरु शिष्य परम्परा हुँदै सम्राट असोकको समयमा तेस्रो संगायन बेला लिपिबद्ध गरियो। यसै परम्परा आजसम्म सुत्रपिटक अर्न्तगत पाँच निकायमध्ये दीघनिकाय पहिलो निकायको रूपमा लिन सकिन्छ। यस निकायमा संसारमा दुःखमा रूमल्लिरहेका प्राणीहरूलाई दुःख मुक्तिको बाटो देखाई ४५ वर्षसम्म गाउँ-गाउँ, नगर-नगर चारिका गर्नुभएको थियो। त्यहि बेला उहाँले धेरै उपदेश पनि दिनुभयो। यसरी भगवान्ले आफ्नो जीवनकालमा दिनु भएका लामा सूत्रहरू अथवा धर्म उपदेशहरू संग्रह गरी राखिएका छन्। यस निकायमा जम्मा ३४ वटा लामा-लामा सूत्रहरू समावेश गरिएका छन्। यस ग्रन्थलाई तीन मुख्य वर्गमा विभाजन गरिएको छ।

**१) शीलखन्ध वर्ग -**

यस वर्गमा भगवान् बुद्धले दिनुभएको १३ वटा लामा सूत्र संग्रहीत छन्। शीलहरूको विषयमा उपदेश गरिएको सूत्रहरूको मात्र संग्रह गरिएको हुनाले पनि यस वर्गको नाम शीलखन्ध राखिएको छ।[५]

शीलखण्ड वर्गमा समावेश गरीएको १३ वटा सूत्रको विवरण

१) **ब्रह्मजाल सूत्र –** ६२ वटा मिथ्थादृष्टिको कारणले गर्दा भवसंज्ञामा रूमल्लिरहेको कुराको विषयमा जानकारी दिइएको छ।

२) **सामञ्ञफल सूत्र –** श्रमण जीवनको फल दसै जन्ममा प्राप्त हुने विषयमा जानकारी दिएको छ।

३) **अम्बट्ठ सूत्र –** बुद्धसंग ३२ महापुरुष लक्षण छ कि छैन भनि परीक्षा गरेको विषयमा उल्लेख गरिएको छ।

४) **सोणदण्ड सूत्र –** ब्राह्मण हुनाको लागि चाहिने शील र प्रज्ञाको विषयमा चर्चा गरिएको छ।

५) **कूटदन्त सूत्र –** राज्यको निर्धनता घटाउने वा हटाउने भ्रष्टाचार, चोरी हटाउने बारे उपदेश दिनुभएको थियो।

६) **जालिय सूत्र –** अज्ञान अन्धकारमा परेकाहरूका लागि मात्र अनुत्तरित हुनसक्ने परन्तु जो अरहन्त भइसक्यो उसको निम्ति उही जीव र उही शरीर हो अथवा जीव अर्कै शरीर भन्ने दृष्टिबाट छुट्टिसकेको हुन्छ भन्ने विषयमा भगवान् बुद्धले देशना गर्नुभएको सूत्र।

७) **महालि सुत्र –** दिव्य रुप दिव्य शव्द होइन मार्गफल प्राप्त गर्नुपर्छ भन्ने उपदेश दिनुभएको थियो।

८) **महासीहनाद सूत्र –** बुद्धले तपलाई निन्दा गर्नु हुन्छ भन्ने विषयमा प्रश्नोत्तर।

९) **पोट्ठपाद सूत्र –** अव्याकृत (ब्याख्या गर्न नसकिने) जस्तो संसार छ कि छैन मान्छे मरेपछि त्यहि हुन्छ कि अर्को हुन्छ भन्ने आदि विषयका जानकारी दिइएको पाइन्छ।

१०) **शुभ सूत्र –** भगवान् बुद्ध कुन वर्णवादीको हुनुहुन्छ भन्ने विषयमा चर्चा गरिएको छ।

११) **केवट्ठ सूत्र –** भगवान् बुद्धले ऋद्धि देखाउन प्रतिवन्ध लगाउनु भएको बिषयमा चर्चा गरिएको छ।

१२) **लोहिच्च सूत्र –** आफू मात्र खाउँ, लाउँ भन्ने विषयमा चर्चा गरिएको छ।

१३) **तेविज्ज सूत्र –** ब्रह्मलोक प्राप्त गर्ने विषयमा चर्चा गरिएको छ।

**२) महावर्ग -**

यस वर्गमा १० वटा ठुल्ठूला सूत्रहरू समेटिएको छ। यस वर्गको पहिलो सूत्र 'महा पदान सुत्त' रहेको छ। ठूलो अर्थ जनाउनको लागि पनि यस वर्गलाई महावर्ग भनिएको हो।

महावर्गमा समावेश १० वटा सूत्रहरूको संक्षिप्त जानकारी–

१) **महापदान सूत्र –** पूर्व प्रादुर्भुत सात जना बुद्धको यान कुल आदि सम्बन्धी उपदेश।

२) **महानिदान सूत्र –** प्रतीत्यसमुत्पाद (कार्य कारण सिद्धान्त)को बारेमा विस्तृत विवरण गरिएको छ।

३) **महापरिनिर्वाण सूत्र –** भगवान् बुद्धको जीवनको अन्तिम समयतिर अर्थात १ पर्व दिन भएको उपदेशहरूको संग्रह।

४. ऐजन, पृ. १५

५. ऐजन, पृ. ६७



Downloaded from http://www.dhamma.digital

४) **महासुदस्सन सूत्र** – महासुदस्सन राजाको सात वटा रत्नको बारे ।

५) **जनवसभ सूत्र** – मगधका परिवारहरूको परलोक गति सम्बन्धी प्रकाश ।

६) **महागोविन्द सूत्र** – एक समय एउटा मात्र बुद्धको उत्पन्न हुन्छ भन्ने विषयमा चर्चा ।

७) **महासमय सूत्र** – देव सभामा समागम भएका देवताहरूको विषयमा वर्णन ।

८) **सक्कपञ्ञ सूत्र** – देवराज इन्द्रले आफ्नो मनमा भएको कुरा प्रश्नोत्तरको माध्यमद्वारा भगवान बुद्धलाई सोधी शंखा निवारण गरिदिनुभयो ।

९) **पायासिराजञ्ञ सूत्र** – लोक पनि छैन, परलोक पनि छैन कर्मको फल पनि छैन भन्नेहरूलाई जवाफ ।

१०) **महासति पट्ठान सूत्र – एकायनो अयं भिक्खुवे मग्गो** - दुःखबाट मुक्त हुनको लागि एउटा मात्र बाटो महासतिपट्ठान हो भन्ने विषयमा भगवान् बुद्धले दिनु भएको उपदेश ।

**३) पाथिक वर्ग –**

यस वर्गमा भगवान् बुद्धले विभिन्न समयमा विभिन्न मानिसहरूलाई लक्षित गरी उपदेश दिनु भएका ११ वटा ठूला-ठूला सूत्रहरूको संग्रह गरिएको छ । यस वर्गको पहिलो सूत्र '**पथिक सुत्त**' हो यसर्थ पनि यस वर्गको नाम नै पथिक वर्ग राखिएको छ ।[६]

पथिक वर्गमा समावेश ११ वटा सुत्र–

१) **पाथिक सूत्र** – अचेलक पाथिक पुत्रको विषयमा चर्चा ।

२) **उदुम्बरिक सूत्र** – शरीरलाई पिडा दिनु र तपको निरर्थकता बारे उपदेश ।

३) **चक्कवति सूत्र** – आफ्नो मालिक आफै हुनुपर्छ अत्तदीपो भवको विषयमा उपदेश ।

४) **अग्गञ्ञ सूत्र** – ब्रह्मा सर्वश्रेष्ठ भन्ने कुराको आलोचना । धर्म नै श्रेष्ठा हुन्छ भन्ने विषयमा उपदेश दिनु भयो ।

५) **सम्पसादनीय सूत्र** – बुद्धलोकमा अद्वीतिय हुन्छ भन्ने विषयमा चर्चा गरिएको छ ।

६) **पासादिक सूत्र** – निर्गण्ठनाथ पुत्रको मृत्युपछि उसको अनुयायीहरू वीच भगडाको विषयलाई लिई उपदेश गर्नुभएको थियो ।

७) **लक्खण सूत्र** – बत्तीस महापुरुष लक्षणको विषयमा चर्चा गरिएको छ ।

८) **सिङ्गाल सुत्र** – नानादिशामा नमस्कार गर्ने सिङ्गल पुत्रलाई गृहस्थीले १४ प्रकारको पाप कर्मबाट टाढा रही बस्नु पर्छ भनि उपदेश दिनुभएको छ ।

९) **आटानाटिय सूत्र** – परित्राणको एक सूत्र – जुन सूत्रमा चातुर्महाराजक देवताले रक्षा गरून् भनि उनीहरूको प्रसन्नताको निम्ति दिनुभएको उपदेशको बारेमा उल्लेख ।

१०) **सङ्गिति सूत्र** – एकवटा देखि १० वटा धर्मको विषयमा उपदेश दिनुभएको छ ।

११) **दसुत्तर सूत्र** – एक-एक वटा देखि दश दश वटा धर्म अर्थात् १०० वटा धर्मको सूचि बनाउनुभयो यस विषयमा धर्म उपदेश गर्नुभएको छ ।

**महापरि निर्वाण सूत्र–**

दीघनिकायको तीन वर्गमध्ये महावग्ग (महावर्ग) को तेस्रो सूत्रको रूपमा महापरिनिर्वाण सूत्र रहेको छ । भगवान् बुद्धले ४५ वर्षसम्म धर्मको प्रचार प्रसार गर्नु भयो । भगवान् बुद्धको ४५ औं वर्षावासको उत्तरार्द्ध (आश्वीन पूर्णिमा पछि ४६ औं वर्षावासपछिको बैशाख पूर्णिमासम्म आन्दाजी १ वर्ष ७ महिना सम्मको समय अवधि भित्रमा भगवान् बुद्धले चारिका गर्नुभएको ठाँउ र त्यहि ठाँउमा देशना गर्नु भएको उपदेशको विस्तृत रूपमा व्याख्या गरिएको छ । भगवान् बुद्धको अन्तिम यात्राका मार्ग तथा स्थान राजगृह, अम्बलट्ठिका, नालन्दा, पाटलीग्राम, कोटिग्राम, नातिका, बैशाली (आम्रवन) वेलूवग्राम, महावन, भण्डाग्राम, हस्तिग्राम, अम्बग्राम, जम्बुग्राम, भोगनगर, पावा, कुशीनगर (कूकूरा नदी) हिरण्यवती नदी, कुशीनाराका मल्लहरूको शालवन उपवन आदि स्थानमा यात्रा गर्नुभई भगवान् बुद्धले उपदेश दिनुभएको छ । राजगृहस्थित गृधकूट पर्वतमा विराजमान हुनुभएको बेलामा वज्जीहरूको गृधकूट बारेमा सात अपरिहानीय धर्महरू बताउनु भयो ।

१) नित्य एकत्रित

२) मेलमिलाप सहित एकत्रित

३) प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्दैनन्

४) बयोबृद्धहरूलाई सम्मान, गौरव, मान, पूजा

५) स्त्री र कुमारीहरूलाई दुर्व्यवहार नगरेसम्म

६. ऐजन, पृ. ६८



Downloaded from http://www.dhamma.digital

६) धार्मिक स्थलको पूजा सम्मान गरेसम्म
७) अरहतहरूको स्वागत गरेसम्म[७]

यसैगरी त्यही स्थानमा भिक्षुहरूमा हुनुपर्ने सात-सात गरी पाँच थरीका अपरिहानीय धर्म र एक थरी ६ अपरिहानीय धर्मको विषयमा उपदेश दिनु भयो ।

***भिक्षुहरूको लागि देशना गर्नुभएको सात अपरिहानीय धर्महरू –***

१) नित्य एकत्रित
२) मेलमिलप सहित एकत्रित
३) प्रज्ञापन नगरेकालाई प्रज्ञापन गर्दैनन्
४) वयोबृद्धहरूलाई सम्मान, गौरव, मान पूजा
५) तृष्णाको बशमा नरहेसम्म
६) आरण्यक आदिको इच्छा भएसम्म
७) भविष्यमा सुन्दर सब्रह्मचारी भिक्षुहरूलाई विहारमा आउने वातावरण बनाउने

***अर्को सात अपरिहानीय धर्महरू –***

१) श्रद्धालु हुन्छ
२) पापदेखि लाज हुन्छ
३) पापदेखि डराउने हुन्छ
४) बहुश्रुत हुन्छ
५) आब्धवीर्य हुन्छ
६) स्मृतिवान् हुन्छ
७) प्रज्ञावान भएसम्म भिक्षुहरूको बृद्धि नै हुन्छ हानि हुँदैन

***अर्को सात अपरिहानीय धर्महरू –***

१) स्मृतिको अभ्यास गरिन्छ
२) धर्मविनयको अभ्यास गरिन्छ
३) वीर्यको अभ्यास गरिरहन्छ
४) प्रीतिको अभ्यास गरिरहन्छ
५) प्रश्रब्धिको अभ्यास गरिरहन्छ
६) समाधिको अभ्यास गरिरहन्छ
७) उपेक्षा सम्बोध्यंगको अभ्यास गरिरहन्छ

***अर्को सात अपरिहानीय धर्म –***

१) अनित्य संज्ञाको भावना गरिरहन्छ
२) अनात्म संज्ञाको भावना गरिरहन्छ
३) अशुभ संज्ञाको भावना गरिरहन्छ
४) आदिनव संज्ञाको भावना गरिरहन्छ
५) प्रहाण संज्ञाको भावना गरिरहन्छ
६) विराग संज्ञाको भावना गरिरहन्छ
७) निरोध संज्ञाको भावना गरिरहन्छ

***अर्को ६ वटा अपरिहानीय धर्महरू***

१) मैत्रीपूर्वक कायकर्म
२) मैत्रीपूर्वक वचीकर्म
३) मैत्रीपूर्वक मनोकर्म
४) लाभलाई बाँडि भोग गरिरहने
५) शीलमा मेल राखी योग गरिरहने
६) विचार धारामा मेल राखी भोग गरिरहने[८]

यसरी भगवान बुद्धले वज्जीहरूको मेलमिलाप गरी बसे हानी हुँदैन भनि उपदेश दिनुभएको छ । यसैगरी अम्बलट्ठिकामा बस्नुभएको बेलामा शील, समाधि र प्रज्ञाको फल र गुण बारे, पाटलिग्राममा जानुभएको बेलामा उपासक र उपासिकाहरूलाई दुःखीत हुनेका पाँच दोष र सुशील हुनेको पाँच गुणको बारेमा कोटिग्राममा रहनुभएको बेलामा चार आर्यसत्यको बारेमा, नदीकामा जानुभएको बेलामा, मृतक भिक्षु भिक्षुणी, उपासक, उपासिकाहरूको गति सम्बन्धी साथै धर्म-आदर्श र धर्म-पर्याय नामको उपदेश दिनुभयो ।

बैशालीमा जानु भएको बेलामा भिक्षुहरूलाई स्मृति सम्प्रजन्य भईबस्ने बारेमा र बेलुवग्राममा अन्तिम वर्षावास बस्नुहुँदा उहाँले धर्ममा कुनै आचार्यमुष्ठि नभएको कुरा आज्ञा हुनुभयो । तथागतको महापरिनिर्वाणपछि श्रद्धालु कुलपुत्रको निम्ति १) बुद्ध जन्मनुभएको (लुम्बिनी) २) बुद्धत्त्व प्राप्त गर्नुभएको बुद्धगया ३) प्रथम धर्मचक्र प्रवर्तन गर्नुभएको (सरनाथ) र ४) तथागत अनुपादिशेष निर्वाणधातुबाट परिनिर्वाण हुनुभएको (कुशीनारा), यी चार स्थान दर्शनीय संवेजनीय हुने कुरा चैत्य बनाउनुको निम्ति बुद्धको प्रत्येक बुद्धको, अर्हत भिक्षुको तथा चक्रवर्ती राजाको अस्थिधातु योग्य भएको कुरा, बुद्धको उपस्थापक हुने भिक्षुसित हुनपर्ने सबै योग्यता र गुण आनन्दमा भएको र उसले गरेको बुद्धले गर्नुभएको प्रशंसा, भगवान् बुद्धले आयुष्मान अनन्दलाई दिनुभएको अन्तिम उपदेश आदि कुराहरूको विस्तृतरूपमा यस महापरिनिर्वाण सूत्रमा वर्णन गरिएको छ ।[९]

७. कोण्डन्य (सं) सम्यक सम्बुद्ध, सुखी होतु नेपाल (२०६०) पृ २६३
८. ऐजन पृ. २६५
९. बासुलेव देसार (अनु), त्रिपिटक प्रवेश, विपुल दर्शन उदास, श्रेया शाक्य, २०७०, पृ. ३५



Downloaded from http://www.dhamma.digital

**निष्कर्ष –**

भगवान् बुद्धले ४५ औं वर्षावासको उत्तरार्द्ध (आश्वीन पूर्णिमा) पछि देखि ४६ औं वर्षावासपछिको बैशाख पूर्णिमा सम्मको समयमा राजगृह हुँदै अम्बलट्ठिका, नालन्दा, आम्रबन, बेलुवग्राम, महावन, भण्डाग्राम, हस्थिग्राम, अम्बग्राम, जम्बुग्राम, भोगनगर, पावा, कुशीनगर, कूकुट्टा नदी, हिरण्यवती नदी देखि आफू महापरिनिवार्ण हुने स्थान कुशीनाराका मल्लहरूको शालवन उपवनसम्म आई पुग्दासम्म देशना गर्नुभएको उपदेश रहेको छ। यो सूत्रमा भगवान् बुद्धले बोधिज्ञान प्राप्त गर्नुभई बुद्धहुनु भएकादेखि लिएर महापरिनिर्वाण सम्मको जीवनयात्रा प्रस्त देखिन्छ। ❖


सन्दर्भ सामाग्रीहरू-

१) (सं) कोण्डन्य, (२०६०) सम्यक सम्बुद्ध, सुखीहोतु नेपाल

२) संघरक्षित (२०६९), त्रिपिटक एक परिचय, सत्य सन्देश प्रकाशन

३) देसार, बासुदेव, (२०६३), त्रिपिटक प्रवेश, विपुल दर्शन उदास, श्रेया शाक्य

४) वीर्यवती, भिक्षुणी (२०७१), धर्मकीर्ति, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी


**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



*बुन्हि :*
*वि.सं. २००६ भाद्र ७ गते*

*मदुगुन्हि :*
*वि.सं. २०७४ बैशाख ३० गते*

## दिवंगत अमृत काजी स्थापित

बुद्ध धर्म व ज्ञानमाला भजन प्रति आस्था दुम्ह, अति मिलनसार उपासक धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया आजीवन दुजः भाजु **अमृतकाजी स्थापित** दिवंगत जुयादिल। थुगु दुखद घडी वय्कःया छ्येँजःपिसं नं भगवान् बुद्धया अमूल्य उपदेशयात थ्वीकाः धैर्य धारण यायफय्मा, दिवंगत उपासकयात नं सुगति व निर्वाणया हेतु चूलाय्मा धकाः पुण्यानुमोदन याना च्वना।

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः**
**धर्मकीर्ति विहार**, श्रीघः नःघः, यँ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ श्यामावतीलाई मारेकीले राजा उदयनले रानी मागन्दियालाई उनको मासु काटी उनैलाई ख्वाएको थियो।

★ उदयन - कोशम्बीको राजा। प्रसिद्ध वीणा वादक। पिता : परन्तक। पत्नीहरू : बासुलदत्ता, श्यामावती, मागन्दिया।

★ महामानव बुद्ध कोशल देशको थूण भन्ने गाउँमा जाँदा त्यहाँका कट्टर ब्राह्मणहरूले बुद्धले पानी पनि खान नपाओस् भन्ने विचार गरी कुवाहरू समेत छोपिदिएका थिए।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बुद्ध धर्ममा बृक्ष तथा वन उद्यानहरू

✍ समिर महर्जन

**पृष्ठभूमि –**

पश्चिम नेपालमा अवस्थित खुल्ला संग्रहालयको रुपमा रहेको लुम्बिनी- धार्मिक, ऐतिहासिक अनि पुरातात्विक दृष्टिकोणबाट निकै नै महत्वपुर्ण एवं पुण्य स्थल हो। सारा संसारलाई नै सत्य, शान्ति, अहिंसा, करुणा, मैत्री, मानवता र समानताको संदेश दिने महामानव गौतम बुद्धको जन्म यसै लुम्बिनी बगैचामा भएको थियो। सारा संसार अनि चक्रवाल मै अद्वितिय महापुरुष, महा-पुण्यवान् तथा शान्तिका नायक बुद्धपुरुषको जन्म पश्चात् सारा चक्रवालका देव ब्रह्माहरू आएर स्वागत गर्नु भएको थियो[१]। कपिलवस्तु र देवदह नगरको बिचमा अवस्थित यस उद्यान तत्कालिन समयमा कपिलवस्तु गणराज्यका शाक्यहरूको अधिनमा रहेको थियो[२]। साथै शाक्य राजकुमारीहरूको क्रिडा गर्ने क्रिडा स्थलको रुपमा पनि लुम्बिनी परिचित थियो[३]। २९ बर्ष सम्म कपिलवस्तु दरबारको राजसि वैभव र ऐश्वआरामको अनुभव गर्नु भएका बोधिसत्व सिद्धार्थ कुमार अन्तत गृहस्थ भाव त्याग गरि प्रव्रजित हुनुभएको थियो र तत्कालिन गया स्थित बोधिबृक्षको काखमा बुद्धत्व ज्ञान प्राप्त गरी यस दश लोकधातुमा सम्यक सम्बुद्ध हुनुभयो।

बुद्धत्व ज्ञान लाभ पश्चात् तथागत बुद्धले अविद्याको अन्धकारमा डुबी, तथाकथित धर्मको नाममा वर्षौ देखि व्याप्त सामाजिक, आर्थिक तथा जातीय असमानता, अन्धविश्वास, रुढीवादी कर्मकाण्डहरूमा पिल्सिएर दुःख पाईरहेका सम्पूर्ण मनुष्य जगतलाई ज्ञानको प्रकाशले सिन्चित गर्नुभयो। तत्कालिन समाजमा जति पनि त्यस समयका तथाकथित कु-परम्पराहरू थिए त्यसको तथागतले जोडतोडले खण्डन् मण्डन गर्नुभई यस्ता परम्पराहरूबाट शोषित भइरहेका वर्गहरूलाई ज्ञानरुपी विद्या प्रदान गरी दुःखबाट मुक्त गराउनुभयो। त्यस्तै तथागत बुद्धले तत्कालिन समयमा प्रचलित ६२ प्रकारका दार्शनिक वादको पनि खण्डन गर्नुभयो[४]। तथागतको उपदेशहरू त्यस समाजका मानिसहरूमा तिर्खाएको व्यक्तिलाई पानी दिनु सरह हुन गयो, अन्धकारमा दियो राखिदिनु जस्तै हुनगयो। त्यसकारण पनि तथागतको अनुयायी वा उपासक-उपासिकाहरूको संख्या दिनानुदिन बढ्दै जान थाल्यो। भगवान बुद्धको धर्म बिस्तारै लोकप्रिय हुँदै सारा जम्बुद्विप भरि नै प्रचार-प्रसार हुँदै गयो। कुनै जाती विशेष वर्ग मात्र नभई त्यस समयका समृद्धिशाली शासकहरू, मन्त्री अमात्यहरू समेत तथागतका अनुयायी थिए। सम्पूर्ण वर्गबाट तथागतको धर्ममा प्रव्रजित हुने संख्यामा बृद्धि भए सँगै बुद्ध शासनमा अनेक लाभ सत्कारहरू पनि प्राप्त हुन थाल्यो। आराम, विहार तथा वन उद्यानहरू तथागतको सेवामा समर्पण गरिए। जसको कारण केहि विपरित मतावलम्बिहरू तथा तिर्थंकरहरूलाई- बुद्धधर्मको लाभसत्कार तथा बुद्धको यश किर्ति प्रति ईर्ष्या भाव राखी बुद्ध र बुद्धधर्ममा आरोप तथा खोट लगाई दमन गर्न षडयन्त्र समेत गर्नु परेको थियो।

**रुखसँग सम्बन्धित बुद्धका केहि घटनाहरू –**

संसारकै अद्वीतिय महापुरुष तथागत बुद्धले समाजमा व्याप्त सम्पूर्ण समस्याहरूको निराकरण गरी मुक्तिको मार्ग देखाउनु भयो तथापि उहाँले वन, रुख तथा पर्यावरण र सत्वप्राणीहरू प्रति पनि सहिष्णु तथा संरक्षण सम्बन्धी आदर्शता देखाउनु भएको छ। रुख विरुवाहरू एक जिवितिन्द्रिय हुने भएको कारण बुद्ध धर्ममा प्रव्रजित भएका भिक्षुहरूले रुख काट्न र कटाउन लगाएमा पाचित्तिय आपत्ति लाग्ने विनय नियम तथागतले प्रज्ञप्त गर्नुभएको थियो[५]। एक समयमा बुद्ध आलवि नगरमा विहार गरिरहनु हुँदा आलवक भन्ने नव आगन्तुक भिक्षुले रुख काट्ने क्रममा उक्त रुखमा बस्ने बृक्ष देवताले आफ्नो

१. भिक्षु अमृतानन्द, **संक्षिप्त बुद्ध जीवनी**, (लुम्बीनीः अन्तराष्ट्रिय बौद्ध समाज) २०५५, पृ.४

२. भुवनलाल प्रधान, **नेपालमा बुद्धधर्म**, (काठमाण्डौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान) २०४५, पृ.२१

३. भिक्षु अमृतानन्द, **संक्षिप्त बुद्ध जीवनी**, (लुम्बीनीः अन्तराष्ट्रिय बौद्ध समाज) २०५५, पृ.४

४. बज्राचार्य दुण्डवहादुर, **दीघनिकाय**, ब्रह्मजाल सुत्र, (ललितपुरः वीर पूर्ण पुस्तकालय) वि.सं. २०४६ पृ.३०

५. पाचित्तियपाली, भुतगामवग्गो (इगतपुरीः विपश्यना विशोधन विन्यास) १९९८, पृ.५३



Downloaded from http://www.dhamma.digital

निवास स्थान नाश नगर्न गरेको अनुरोधलाई अस्वीकार गर्दै उक्त रुख काट्दा सो बृक्षमा आश्रित देवताको बच्चाको हात काटिन पुगेको थियो[६] । यस घटना तथागतले थाहा पाउनु भई उक्त कार्य गर्ने भिक्षुलाई मोघपुरुष वा मुर्खको संज्ञा दिंदै निन्दा गर्नुभएको थियो । त्यस्तै एक समय छवग्गिय भिक्षुहरू रुखमा चढेर एउटा रुखबाट अर्को रुखमा जाने क्रियाकलाप गर्नु हुँदा उक्त कार्यलाई पनि निन्दा गर्नुहुँदै यस्ता कार्य गर्ने भिक्षुहरूलाई दुक्कट आपत्ति हुने विनय नियम प्रज्ञप्त गर्नुभयो[७] । उहाँ तथातगको जीवनसँग रुख तथा वन उद्यानहरूको घनिष्ठ सम्बन्ध रहेको कुरा त्रिपिटक र अन्य बौद्ध ग्रन्थ तथा बौद्ध साहित्यहरूको अध्ययन्बाट प्रष्ट हुन्छ । उहाँले यस्ता पर्यावरण प्रति कृतज्ञता अर्पण गर्नु भएकै कारण पनि सम्भवतः तथागत बुद्ध प्रमुख भिक्षु संघलाई धेरै वन उद्यानहरू विहार वा आरामको रुपमा उक्त समयमा दान स्वरुप प्राप्त भएको हुन सक्छ । तथापि तथागत बुद्धको जीवनको पहिलो क्षण नै शाल बृक्षको काखमा सुरु भएको थियो र आफ्नो जीवनको अन्तिम क्षण पनि शाल बृक्षकै काखमा व्यतित गर्नुभएको थियो । यसै क्रममा तथागतको जीवनसँग घनिष्ठ सम्बन्ध राख्ने प्रमुख बृक्षहरूको संक्षिप्त बिवरण तल उल्लेख गरिएको छ ।

**शाल बृक्षः** पवित्र तथा रमणिय शाक्यहरूको क्रिडा स्थल लुम्बिनी उद्यानमा रहेको यसै शाल बृक्षको शान्त निर्मल छाँयामा तथागत बुद्ध पुरुषको जन्म भएको थियो ।

**जामुन बृक्षः** सम्पूर्ण कपिलवस्तु नगरवासीहरू आषाढ महिनाको धान रोप्ने मंगल उत्सव मनाईरहँदा यस बृक्षको शीतल छहारीमा सुताइ रहेका बोधिसत्त्व सिद्धार्थ कुमारलाई यस जामुन बृक्षले आफ्नो शीतल छाँयाले सेवा गर्नुभएको थियो । साथै यसै मंगल उत्सवको दिन उक्त जामुन बृक्षको छहारीमा बुद्ध पुरुषले आफ्नो जीवनमा पहिलो पटक आनापाना ध्यान बस्नु भएको थियो ।

**बर बृक्षः** सेनानी ग्रामका सुजाताले आफ्नो पुत्र प्राप्तीको भाकल पुरा भए अनुसार भाकल गरेको बर बृक्षलाई पुजा गर्ने क्रममा बोधिसत्व बर बृक्ष मुनि बसि रहँदा बृक्ष देवता नै बिराजमान भएको सम्झी यस रुख मुनि बस्नु भएका बोधिसत्वलाई ज्ञानलाभ पूर्व सुवर्ण पात्रमा क्षीर दान गर्नु भएको थियो ।

**बोधिबृक्ष (पिपल)ः** सुजाताले सुवर्ण पात्रमा चढाउनु भएको खीर सेवन पश्चात् रमणिय, शान्त, शीतल बोधिमण्डपमा सोत्थिय ब्राह्मणले दान गरेको आठ मुठ्ठी घाँस बिछ्याएर बोधिसत्व सिद्धार्थ कुमार समाधीमा बस्नु भई यसै बोधिबृक्षको मुलमा बैशाख पुर्णिमाको शुद्ध र ।तमा सम्पूर्ण क्लेशहरू क्षय गरि सम्यकसम्बुद्धत्व ज्ञान लाभ गर्नु भएको थियो । साथै तथागत भगवान बुद्धले आफ्नो पहिलो सप्ताह यसै बोधिबृक्षको काखमा बिताउनु भएको थियो ।

**अजपाल बर बृक्षः** बुद्धत्व ज्ञान लाभ पश्चात् तथागत भगवान बुद्धले यसै अजपाल बर बृक्षको काखमा आफ्नो पाँचौ सप्ताह बिताउनु भएको थियो ।

**मुचलिन्द बृक्षः**

बुद्धत्व ज्ञान लाभ पश्चात् तथागत बुद्धले षष्ठम सप्ताह यस बृक्षको काखमा बिताउनु भएको थियो । सो अवस्थामा घनघोर बर्षा हुँदा यसै बृक्ष मुनि रहेका नागराजा आई आफ्नो फन विशाल रुपमा फैलाई भगवान् बुद्धलाई ओढाउनु भएको थियो[८] ।

**राजायतनः**

बुद्धत्व ज्ञान लाभ पश्चात् सप्तम सप्ताह तथागत बुद्धले यसै राजायतन बृक्षको काखमा बिताउनु भएको थियो । यसै बृक्ष मुनि रहँदा दुई व्यापारी दाजुभाई तपस्सु र भल्लुकले तथागत बुद्धलाई सत्तु र मह दान गर्नु भएको थियो । उक्त अवस्थामा उनीहरू यसै बृक्ष मुनि बुद्ध र धर्मको शरणमा जानु भई द्वैवाचिक उपासक हुनुभएको थियो ।

**जोडी साल बृक्षः** ४५ बर्ष सम्म बहुजन हित र बहुजन सुखको निम्ति चारिका गर्दै तथागत भगवान बुद्ध ८० बर्षको वयोबृद्ध अवस्थामा अनुपादिशेष महापरिनिर्वाणका लागी कुसिनगर स्थित मल्लहरूको सालोद्यानमा रहेको यहि साल बृक्षको शान्त छहारी चुन्नु भएको थियो ।

त्यस्तै लोक शास्ता बुद्धले आफुले बुद्धत्त्व ज्ञान लाभ गर्नु पूर्व भद्रसाल नामक अति रमणिय वनमा दिनभर

६. पाचित्तियपाली, भुतगामवग्गो (इगतपुरीः विपश्यना विशोधन विन्यास) १९९८, पृ.५२

७. छट्ठसंगायना सिडी, चुल्लवग्गपाली, खुद्दकवत्थुखन्धकं

८. भिक्षु अमृतानन्द, **संक्षिप्त बुद्ध जीवनी**, (लुम्बीनीः अन्तराष्ट्रिय बौद्ध समाज) २०५५, पृ.४३



Downloaded from http://www.dhamma.digital

ध्यान बस्नु भएको थियो । तत्पश्चात् बोधिबृक्ष तर्फ प्रस्थान गर्नुभई सोत्थिय ब्राह्मणले दान गरेको आठ मुठ्ठी घाँस बोधिबृक्षको मुनि बिछ्याएर अधिष्ठान गरि ध्यान बस्नुभई सम्यकसम्बुद्धत्व लाभ गर्नु भएको थियो । यसप्रकार आफुले प्राप्त गरेको ज्ञानलाई ऋषिपतन मृगदावनमा जानु भई एक बरको बृक्ष मुनि बस्नु भई पञ्चभद्रवर्गिय भिक्षुहरूलाई सर्व प्रथम धर्म उपदेश दिनुभइ धर्मको चक्र चलाउनु भएको थियो ।

**बुद्धको जीवनीसँग सम्बन्ध राख्ने प्रमुख वन उद्यानहरू–**

**कपासको वनः**

बनभोजको निम्ति आउनु भएका तीस भद्र वर्गिय राजकुमारहरूको गहना एक गणिकाद्वारा चोरी हुँदा उक्त गहना खोज्ने क्रममा यस वनमा विहार गरिरहनु भएका तथागतलाई भेट्नु भएको थियो । तथागतको धर्म उपदेश श्रवण पश्चात् गहना खोज्न छोडेर यस मनोरम वनमा तीस जना राजकुमारहरू प्रव्रजित हुनुभएको थियो ।

**भेशकला वनः**

भग्देशको सुंसुमारगिरि नगरमा अवस्थित यस वनमा तथागतले आठौं वर्षावास पूर्ण गर्नु भएको थियो ।

**पारिलेय्यक वनः**

कौशाम्बीमा धर्मधर र विनयधर भिक्षुहरू बिच भएको कलहको कारण सो कलहबाट अलग भई एकान्त विहारको निमित्त तथागतले दसौं वर्षावास यस पारिलेय्यक वनमा बिताउनु भएको थियो । जहाँ पारिलेय्यक नामक हात्तीले तीन महिना सम्म बुद्धको सेवा गर्नु भएको थियो ।

**यष्ठिवनोद्यानः**

बुद्धले आफ्नो पूर्व वचन अनुसार राजा बिम्बिसार लाई भेट्न जानुहुँदा राजगृह नगर बाहिर रहेको यस उद्यानमा भिक्षु संघका साथमा विश्राम गरी बस्नु भएको थियो साथै यसै उद्यानमा राजा बिम्बिसारलाई प्रथम धर्म उपदेश गर्नु भएको थियो ।

**अनुप्रिय आम्रवनः**

अनोमा नदिको किनारमा अवस्थित मल्ल राजाहरूको सानो देशमा रहेको यस आम्रवनमा भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किम्भिल र देवदत्त सहित छ जना शाक्य राजकुमारहरू र उपाली नाउ प्रव्रजित भएको थियो ।

त्यस्तै अम्बलट्ठिक वन र पावारिक आम्रवनमा[९] पनि तथागत बुद्धले आयु संस्कार त्याग गर्नु पूर्व भिक्षु संघलाई शील समाधी र प्रज्ञा सम्बन्धी महत्वपूर्ण उपदेशहरू दिनुभएको थियो ।

**बुद्धलाई दान गरिएका केहि वन उद्यानहरू तथा प्रमुख विहार रुपी वन उद्यानहरूको संक्षिप्त बिवरण–**

| | | | | |
|---|---|---|---|---|
| वेणुवन | जेतवन | आम्रपाली वन बुद्धावन | चित्रलता वन | कौशकलावन दण्डक वन |
| देववन | गुणवन जम्बु वन | जातिय वन | अम्बटक वन जीवकम्ब वन | कालका वन |
| वृन्दावन करण्ड वन | करण्ड वन राजगृह | करण्ड वेणुवन खेमीका आम्र वन | कुण्ड वन | अमलकि वन कुरुजंगल |
| लुम्बिनी वन | महासक वन महावन राजगीर | महावन बैशाली | महावन कपिलवस्तु महावन उरुवेल | नागवन |
| निग्रोधवन पलाशवन | पिप्पलीवन | शाकवन सैत्व्या शिसापावन | आलवी शिसपावन | कौशाम्बी शिसापावन |

**१. वेणुवनः**

बुद्धत्व ज्ञान लाभ पश्चात् मगध सम्राट बिम्बिसार लाई दिएको पूर्व वचन अनुसार तथागत भगवान बुद्ध राजा बिम्बिसारलाई भेट्न राजगृह नगरमा जानु भई नगर बाहिर रहेको राजा बिम्बिसारको रमणिय यष्ठिवनोद्यानमा भिक्षु संघका साथमा विश्राम गर्नुभयो । तथागत आफ्नो नगरमा आगमन भएको खबर सुनेर राजा बिम्बिसार ठुलो जनसमुदायका साथमा उक्त उद्यानमा आउनु भयो । तथागतले पनि त्यस परिषदको मनोभाव बुझेर धर्मउपदेश गर्नुभयो र अन्तमा राजा बिम्बिसारले तथागत सहित सम्पूर्ण भिक्षु संघलाई भोलीको निम्ति भोजनको निमन्त्रणा गर्नुभयो । उत्तमातिउत्तम भोजनोपरान्त राजा बिम्बिसारले तथागत बुद्ध र श्रावक संघहरू

९. बज्राचार्य दुण्डवहादुर, **दीघनिकाय**, महापरिनर्वाण सुत्र, (ललितपुरः वीर पूर्ण पुस्तकालय) वि.सं. २०४६ पृ.२४१



Downloaded from http://www.dhamma.digital

बस्नको निमित्त आफ्नो दरबारबाट अति नजिक पनि नभएको अति टाढा पनि नभएको साथै आउन जान पनि कठिन नहुने स्थानमा रहेको वेणुवन तथागत बुद्ध सहित भिक्षु संघलाई श्रद्धा पूर्वक दान गर्नुभयो । तथागतले तुष्णीभावले स्विकार गर्नुभयो। बुद्ध शासनको पहिलो जग वेणुवनबाट सुरुवात भएको थियो र उक्त अवस्थामा त्यहाँ महाभुकम्प समेत भएको थियो । बुद्ध शासनको लागी यहि बाँसको जंगल नै पहिलो विहार दान हुनगयो ।

**२. जेतवनः**

अनाथपिण्डिक महाजनद्वारा बुद्ध प्रमुख भिक्षु संघको लागी विहार बनाइ दान गर्ने मनसाय लिइ उपयुक्त स्थानको खोजी गर्दा श्रावस्ती नगरका जेत राजकुमार सँग भएको जेतवन उद्यान देख्नु भई जेत राजकुमार सँग उक्त जेतवनको भुमिमा १८ करोड स्वर्ण असर्फि मुद्राहरू बिछ्याउन लगाई खरिद गर्नु भएको थियो । साथै १८ करोड खर्च गरेर विहार बनाई थप १८ करोड खर्च गरि उत्सव मनाई बुद्ध प्रमुख भिक्षु संघलाई दान गर्नु भएको थियो । यसरी बुद्धकालिन समयमा अनाथपिण्डिक महाजनले जम्मा ५४ करोड खर्च गरि जेतवन विहार निमार्ण गराएका थिए । तथागतले आफ्नो सबै भन्दा बढि समय पनि यहि श्रावस्ती नगरमै बिताउनु भएको थियो ।

**३. निग्रोधवनः**

भगवान बुद्ध प्रथम पटक कपिलवस्तु नगरमा आउनु हुँदा उहाँ प्रमुख भिक्षुहरू बस्नको निमित्त तथागतका ञातिहरूले निग्रोध उद्यानमा विहार बनाईदिनु भएको थियो। यसकारण उक्त विहारको नाम पनि निग्रो धाराम हुनगयो । बुद्ध भैसके पछि शुद्धोदन महाराजले प्रथमबार बुद्धलाई यहिं भेट्नु भएको थियो। साथै राहुल कुमारको प्रव्रज्या तथा नन्द कुमारको प्रव्रज्या पनि यसै निग्रोधाराममा भएको थियो । तथागतले आफ्नो १५ औं बर्षावास पनि यहि निग्रोधाराममा बिताउनु भएको थियो र बुद्धत्त्व ज्ञान लाभ पश्चात् पटक-पटक गरी जम्मा चार पटक[१०] सम्म यस कपिलवस्तु नगरमा आउनु भएको कुरा बौद्ध साहित्यमा उल्लेख छ ।

**४. महावनः**

बौद्ध साहित्य अनुसार तत्कालिन समयमा ३ वटा महावनहरू रहेका थिए । जुन बैशाली महावन, उरुवेल महावन र कपिलवस्तु महावन हुन् ।

**५. आम्रपाली वनः**

तथागत आफ्नो अन्तिम यात्राका क्रममा अम्बपाली गणिकाको आम्रवनमा विश्राम गर्नु भएको थियो। यो खवर थाहपाइ आम्रपाली तथागतको दर्शनार्थ उक्त उद्यानमा गई भगवानलाई अभिवादन गरि तथागतद्वारा धर्मउपदेश सुन्नु भई प्रसन्न तथा श्रद्धा चित्तले भोलीका निम्ति भो जनको निम्ति प्रार्थना गर्नुभयो । तथागतले तुष्णीभावले अम्बपालीको भोजन स्विकार गर्नुभएको थियो। भोलीको दिनमा प्रणीत खाद्य भोजनहरू अम्बपालीले आफ्नै हातले सन्तर्पित गर्नुभयो र भोजनोपरान्त उक्त आम्रवन बुद्ध प्रमुख भिक्षु संघलाई दान गर्नु भएको थियो ।

**६. जीवकम्बवनः**

राजा बिम्बिसारका राजवैद्याचार्य जीवक भगवान् बुद्ध प्रति अति नै श्रद्धा राख्ने श्रद्धासम्पन्न उपासकको रुपमा पनि चिनिनु हुन्छ । राजा महाराजा अनि साधारण जनताहरूलाई पनि समान रुपमा चिकित्सा गर्ने जीवकले एक समय तथागतको पनि शल्य चिकित्सा गर्नुभएको थियो । उक्त समयमा जीवकको पनि एक अति रमणिय आम्रवन थियो जुन आफ्नो निवास स्थानबाट न धेरै नजिक पर्दथ्यो न धेरै टाढा नै पर्दथ्यो तसर्थ विहारको निमित्त सम्पूर्ण अंगले सम्पन्न भएको उक्त आम्रवन जीवकले तथागत बुद्ध सहित भिक्षु संघलाई दान गर्नुभएको थियो।

यसप्रकार मानव, सत्वप्राणीहरू मात्र नभई सम्पूर्ण पर्यावरण प्रति समेत चिन्तनशिल तथागतको जीवमान कालमा वा जीवनसँग यी रुख, वन उद्यान लगाएतका पर्यावरणहरू सँग घनिष्ठ सम्बध रहेको छ। मानव जीवनको समष्टीगत विकासमा तथा स्वस्थ्य जीवन यापन गर्नमा यस्ता पर्यावरणको महत्वपूर्ण भुमिका रहने गर्दछ। यस्ता वन-जंगल, रुख विरुवा लगाएतमा पर्यावरणको संरक्षण र सम्बर्धन विना मानव जीवनको अस्तित्वमा समेत प्रतिकुल असर पर्न जाने हुन्छ। त्यसैकारण भिक्षुहरूको विनयमा रुख तथा वन उद्यानहरू काट्नु हुन्न र उखेल्नु हुन्न भनि जुन विनय प्रज्ञप्त गर्नु भएको छ त्यो बास्तवमै पर्यावरण संरक्षण प्रति बुद्धको सजगता र कृतज्ञ भाव देखिन्छ ।

❖

१०. भिक्षु सुदर्शन महास्थविर, **बौद्ध संस्कृति , नगर मण्डप श्रीकीर्ति विहार, कीर्तिपूर** २०५५, पृ. १७९



Downloaded from http://www.dhamma.digital

# पवित्रताको प्रतिक गुल्पाः

✍ **अ. श्रद्धाचारी**, धर्मकीर्ति विहार



विश्वको नजरमा हिमशिखर मुनी, प्रकृतिको सुन्दर ताले सजिएको एक मात्र सुन्दर नेपाल हाम्रो हो । जहाँ समय परिस्थिति अनुसार राजनैतिक, सामाजिक, धार्मिक, आर्थिकका साथ समयानुकूल समय र परिस्थितिले साथ दिए जस्तै पालै पालो खुड्किला चढे जस्तै दिन पर दिनहरूमा परिवर्तनहरू भई नै रहेका छन् । हाम्रा इतिहासका पानाहरू र किम्बदन्ती छाँयाहरूका साथ हरेक ठाउँहरूमा हामीहरूले पाउन सकिन्छ । ती भग्नावशेष अवशेषहरू जुन प्राकृतिक र चिन्हरहे जस्तै कथा, नाटक र हरेक घटनाक्रमबाट प्रस्ट्याउँदै छन् यहाँका वास्तविकताहरू ।

हाम्रो देश नेपालमा ल्हासा देखि आउनु भएका महामञ्जुश्रीको खड्ग छेदनपछि नेपाल कान्तिपुर, काष्ठमण्डपको नामबाट नेपालको पवित्र नामबाट प्रख्यात छन् । यस सुन्दर पवित्र नेपाल मातृभूमीमा महान ऋषिमुनिहरूको पनि वास त नपरेको होइन । दिपंकर बुद्ध, आर्य बुद्ध, सम्यक बुद्ध जस्ता प्रसिद्ध बुद्धहरूका साथ नेपाल पुत्र सिद्धार्थ गौतमको पनि जन्मभूमि यस पवित्रभूमि नेपाल देश नै हो । पछि आउनु हुने मैत्री बुद्धको पनि जन्मस्थल यही नेपाल धर्तिमा नै हुनेछन् भन्ने जनविश्वास रहेको छ । हामीहरूले देखेका सुनेका बुद्धहरू जुन नरां पूजा, पञ्जराँ पूजा, सम्यक पूजामा राखी सजिएका र हरेक बहा बहीहरूमा बहीद्यः प्रदर्शन गरी तथागत बुद्धहरूले पनि उहि पात्र समाइ राखेको पाइन्छ ।

धर्म, कला संस्कृतिको खानी नेपाल देशमा हरेक ठाउँ-ठाउँ, नगर, टोल-टोलमा चोक, ननि, लाछि, बहा-बहीले नै भरिएको पाइन्छ। जहाँ हेऱ्यो त्यहिं चैत्यहरूमा पनि उहि हातमा पात्रले नै सजिएका बुद्धहरू हामी पाउँछौं । बुद्ध भन्नासाथ नै पवित्रताको चिनो, पारमिताको दश प्रमाण, शुद्धताको प्रतिक ऐना जस्तै हो। नेपाल पुत्र सिद्धार्थ गौतम बुद्ध त झन लोकप्रिय भई विश्वमै प्रख्यात, शान्ति नायकको रूपमा ग्रहण गर्न सकिन्छ। विश्वको Light of Asia को नाममा प्रख्यात सिद्धार्थ गौतम बुद्ध नै हुनुहुन्छ।

२५६१ औं वर्ष अगाडि पूर्व नेपालको लुम्बिनी उद्यानमा शालोद्यानमा जन्मनु भएको शाक्य कुलपुत्र भविष्यमा सर्वप्रथम अर्थ सिद्धि २९ वर्षको युवा अवस्थामा नै गृहत्याग गरी ज्ञानको खोजिमा आलारकालक, उद्दकराम पुत्र[१] कहाँ जानु भई दुःख रुपी संसारबाट उन्मुक्ति पाउन विभिन्न प्रकारका शिक्षाहरू प्राप्त गर्नु भएता पनि आफूले खोजे अनुसार यथार्थ ज्ञान प्राप्त नभए पछि ६ वर्षसम्म दुस्कर चर्या गर्दै अन्तमा नैरञ्जना नदीको किनारमा बोधिवृक्षको मुनि पूर्वाभिमुख आसनमा बस्नुभई सम्यक सम्बोधि प्राप्त नभएसम्म आफू त्यस स्थानबाट नउठ्ने दृढ संकल्प अनुसार वैशाख पूर्णिमाको दिन बुद्धत्त्व प्राप्त गर्नुभयो। यही क्रम अनुसार नै शील, समाधि, प्रज्ञा, दान, शील, क्षान्ति, वीर्य, ध्यान र प्रज्ञाको शिक्षाले युक्त बुद्ध वचनले समग्र प्राणीहरूको आदि कल्याण, मध्य कल्याण र अन्त कल्याण भैरहेको छ। यसरी नै कुनै पनि पाप कर्म नगर्नु कर्मको संचय गर्नु आफ्नो मनलाई नियन्त्रण गर्नु नै आज आएर विश्वमा बुद्धलाई मान्य, अपनाउने उहाँका शिक्षाहरू जुन पञ्चशील देखि शुरु भई चार आर्य सत्य र आर्य अष्टांगिक मार्ग जस्ता अनमोल शिक्षाले गर्दा नै संसारमा बुद्ध शिक्षा र बुद्धको झण्डा फरफराउन सकेको हो।

मैले यहाँ शाक्यमुनी बुद्ध र उहाँका शिक्षाहरूलाई महत्त्व दिइराखेको मुख्य कारण नै महायान, हीनयान, वज्रयान[२] जुनसुकै यानमा पनि उहि शाक्यमुनी बुद्धले बाँच्नको लागि खानाको आवश्यकता भएको र खाना खाइ

१. २५५८ औं बुद्ध जयन्ती राष्ट्रिय समारोह समिति स्मारिका, बु.सं. २०७१। २. २५५८ औं बुद्ध जयन्ति राष्ट्रिय समारोह समिति स्मारिका।



Downloaded from http://www.dhamma.digital

बलियो भई सबैलाई उपदेश दिन सक्ने हुनुलाई नै प्रत्येक बुद्ध देखि बुद्ध बंश अनुसार २८ जना बुद्धहरूले आफ्नो हातमा पवित्र पात्र राख्नु भएको छ। यो पवित्र पात्रहरू प्राप्त गर्ने पनि मानव नै हुन्। तर मानिस भन्दैमा सबै नर नारीहरूले के यो पवित्र पात्र बोक्ने र यसमा राखेर खाने र त्यस पात्र बोकी भिक्षातन जाने सबैको अधिकार छ र ? यहाँ मैले साँचो उल्लेख गर्न खोजेको प्रव्रजित नभइकन त्यस पवित्र पात्रको अंशीयार हकवाल हुन सक्दैन। बुद्धले आफ्नो छोरा राहुल कुमारले आफ्नो बुबा कपिलवस्तु आउनु भएको बेला राहुलकी आमा यशोधराको बचन अनुसार आफू जन्मेर केहि दिनमै बहुजन हिताय बहुजन सुखायको लागि सत्यमार्गको खोजीमा गृहत्याग गरेर जानु भएकोले राहुलले जानी नजानी बाल लिला जस्तै राहुलले अंश माग्न जाँदा, बुद्धले आफ्नो छोरा राहुललाई **"छन्त छगू अंश बिइ जि, छ खः शुद्ध हिया जि छन्त तय् जिं सुगत मार्गय् पवित्र पिण्ड पात्र चीवर बिया"** (तिमिलाई म तिम्रो अंश दिन्छु, तिमि नै हो मेरो पवित्र पुत्र, तिमीलाई म राख्छु सुगत मार्गमा पवित्र पिण्डपात्र चीवर दिएर) यति भन्दै त्यस ७ वर्षका बालक राहुल पुत्रलाई अंश दिनु भएको अनुसार राहुल कुमारलाई प्रव्रजित बनाई चीवर र पात्र दिनुभयो।

यो सत्य घटनानुसार नै साँच्चै त्यस पवित्र पात्र कसले पो समाउन पाउँछ भनी। हुन त शाक्य कुल र बज्राचार्य कुलमा आफ्ना धर्म कला संस्कृति अनुसार आफ्नो कूलका पुत्रहरूलाई चूडाकर्म गरी 'बरे छुइगु' भनी हाम्रा पुराना कला संस्कृतले सजिरहने बहाबहिहरूमा लगी त्यस पवित्र पुराना विहारमा रहेका बुद्धमूर्तिको अगाडि राखी चूडाकर्म गरी त्यहि पवित्र गुलपाः हातमा राखेर नै आफन्तहरू एवं छरछिमेकी बिच भिक्षाटन गराउने चलन छ। आजभन्दा २६०५ वर्ष अगाडि नै सिद्धार्थ राजकुमारले गृहत्याग गरी दरबार त्यागेर जानु भएको सिद्धार्थ राजकुमारले नदीको अगाडि बसी दरबारीया बस्त्र त्यागी आफ्नो टुप्पी आफै काटी प्रव्रजित भएपछि घटिकार ब्रह्माले त्यहि सुपिण्ड पात्र र चीवर सहित अर्पण गर्नुभएको थियो। जुन पात्रमा भोजन दान दिंदा शुद्ध मनले श्रद्धापूर्वक दान दिने व्यक्तिलाई प्राप्त हुने असल फल हो- आयु वर्ण सुख बल र प्रज्ञा हो। दान प्राप्त गर्ने व्यक्तिले श्रद्धा पूर्वक दान दिने व्यक्तिलाई शुभ आशीर्वाद स्वरुप यी पाली शब्द आमिस दिनु हुन्छ। **अभिवादन शीलिस्स निच्चं बड्ढा पचायिनो चत्तारो धम्मा बड्ढन्ति आयु वण्णो सुखं बलं** यस गाथा पढी प्रव्रजितहरूले आशीर्वाद दिनुभई भोजन र जलपान गर्ने चलन छ। यही पिण्डपात्रमा भोजन थापी धुताङ्गधारी भिक्षुहरूले समयलाई ख्याल राखी विकाल भोजना वेरमनीको आधारमा उक्त भिक्षुहरूले घडी हेरे जस्तै आकाशमा घामको तेज र घाम छायाँलाई ख्याल राखी प्राकृतिक समयलाई ध्यान दिई दिनको १२ बज्नु अगाडि नै भिक्षुहरूले भोजन गर्नु हुने चलन छ। जातिय भेदभावलाई त्यागी प्रव्रजितहरूले यी गुलपाःमा रहेका दैलो दैलोमा उभिई भिक्षा माग्दै भोजन प्राप्त गर्नु हुन्छ। दुःख विमुक्ति दिक्षा र पञ्चशील प्रतिक हो गुलपाः। यस गुलुपा देख्ने बित्तिकै मन नै हलुका भए जस्तै आनन्दादीं महसुस हुने हो। यसरी आनन्द महसुस चित्त शुद्ध भई श्रद्धा उत्पन्न भई दान गर्ने चित्त उत्पन्न हुँदै जाने हो। यो पवित्रताको आधारमा नै हरेक विहार सम्यक र पञ्चदान जस्ता ठूला कार्यहरूमा यो पात्रले महत्त्वपूर्ण ठाउँ लिएको पाइन्छ।

पिण्डपात्र यो कस्तो भाँडो हो भनी थाहा नपाएका नेपालीहरू विरलै होला। 'पिण्ड' को अर्थ हो भातको गाँस र 'पात्र' भन्नाले कुनै चीज राख्ने थाल भनेर बुझाउँछ। अर्को शब्दमा 'पिण्डपात्र' भन्नाले बौद्ध भिक्षुहरूले दैनिक भिक्षा संकलन गर्न जाँदा बडो गौरवपूर्वक दुवै हातले समातेर लैजाने मुख खुल्ला रहेको गोलाकार थाल विशेष भनी बुझाउँछ। ऐतिहासिक महापुरुष शाक्यमुनि गौतम बुद्धद्वारा साबित पिण्डपात्रको महिमा बारे केही कुराको जानकारी हुनु हाम्रो लागि एक गौरवको कुरा हो।

सिद्धार्थ राजकुमारको जीवनीमा उहाँले एक पटक पिण्डपात्र हातमा लिएर आउनु भई बडो शान्तपूर्वक निर्भिक भएर विस्तारै हिंडिरहेको एक श्रमणलाई राजकुमार सिद्धार्थले देख्ने बितिकै प्रभावित भई यसैको प्रभाव स्वरुप नै जन्म जरा व्याधि मरणादि दुःखबाट मुक्त अवस्थामा पुग्न गृह त्यागी भएर परम सत्यको खोजी गर्ने प्रेरणा मिलेको थियो।[3] यो ऐतिहासिक घटना चिरस्मरणीय हुन गएको मूल कारण हुन सक्छ। पिण्डपात्र धारी श्रमणमा हुने विशेष गुणहरू हुन्- जाति भेद, वर्ण भेद, लिंग भेद विहिन। यहाँ भोकरूपी रोगले पीडित भिक्षुमाथि गौरवपूर्वक दया राख्नुका साथै मनुष्यहरूका दुई हातहरू

३. भि. सुशोभन, **धर्म मान्यता र दृष्टिकोण**, पद्म सुगन्ध विहार



Downloaded from http://www.dhamma.digital

प्राणी हिंसा, चोरी र बलात्कार गर्नलाई होइन किन्तु परो पकार भिक्षादान आदि कुशल कार्य सम्पादन गर्नको लागि हुन् भन्ने व्यवहारिक सन्देश अमुक भाषामा व्यक्त गर्दछ । पिण्डपात्र धारी भिक्षुको दर्शनले हामीहरूलाई "बाँच र बाँच्न देऊ" भन्ने गहनतम दर्शनको महत्त्व दर्शाउनुको साथै यस दृश्यले सबै प्रकारमा हिंसालाई तिरस्कार गर्दछ । आजको आणविक युगको भयाबह परिस्थितिमा पिण्डपात्रधारी श्रमण नै एक मात्र शान्तिको दूतमा लिन सकिन्छ ।

गृहत्याग पछि सिद्धार्थ काषायवस्त्र धारण गरी पिण्डपात्र हातमा लिई भारतको राजगृह महानगरमा घर दैलोमा भिक्षा संकलन गर्न जाँदै गर्दा राजा बिम्बिसारले सिद्धार्थलाई फकाई फुलाई आफ्नो राज्य लिनुस् र राजशासक भई जनताको सेवा गर्नुहोस् भनी आग्रह गर्दा पनि श्रमण सिद्धार्थले राज्य शासकमा बुद्धत्त्व प्राप्त गर्न सम्भव नभएको सत्यलाई हृदयंगम गरी पिण्डपात्र हातमा लिएर बुद्धत्त्वको खोज गर्नु जाति सम्झनु भई यही निर्दोष मार्ग अपनाई उदेशित लक्ष्यमा पुग्नु भयो । वास्तवमा गौरव गर्ने यहि छकि एक नेपाली छोराको त्याग र उत्साह आदर्श नै हो ।

बुद्धकालीन जीवनमा घटेका घटनाहरू यस्तो पनि छन् । नवजात पुत्रको आमा सुजाता देवीले बैशाख पूर्णिमाको दिन सूर्योदयको सुन्दर विहानी पखमा वरवृक्ष मुनि ध्यान मुद्रामा विराजमान हुनु भएका बोधिसत्त्व सिद्धार्थलाई आफ्नै हातले सगौरव ४९ गाँसको क्षीर भोजन पिण्डपात्रमै राखेर उहाँलाई चढाएकी थिइन् ।[४] यही पिण्डपात्र भोजन प्रात पछि वहाँले बोधिज्ञान प्राप्त गर्नु भएको थियो । भनिन्छ त्यही पिण्डपात्र नदीमा राख्दा नदी उल्टो गतिमा गएको हुनाले पक्कै त्यही दिन बुद्धत्त्व प्राप्त हुनेछ भन्ने पूर्व निश्चित सिद्धार्थलाई मिलेको थियो ।

अर्को एक स्मरणीय घटना हो बोधिज्ञान प्राप्तिको लगतै पछि तपस्सु र भल्लुक दुई व्यापारीहरूले श्रद्धापूर्वक चढाउनु भएको मधुपायास बुद्धले बुद्ध लीला अनुसार खाली हातमा नलिई चतुमहाराजिका देवताहरूद्वारा समर्पित शिलामय पिण्ड पात्रमा थापेर लिनुभयो । बौद्ध वाङ्मयमा भनिन्छ कि बुद्धले त्यसबेलादेखि पिण्डपात्र सधैं आफ्नै साथमा राख्नु हुन्थ्यो र पछि उहाँको अनुयायी भिक्षुहरूलाई आठ प्रकारका व्यक्तिगत उपभोगका वस्तुहरू (अष्ट परिष्कार) मध्यमा पिण्डपात्र एक अविछिन्न अंग गरी नियमबद्ध गर्नुभयो । त्यसबेलादेखि नै पिण्डपात्र भिक्षुहरूको निम्ति नभई नहुने उपभोग्य वस्तु भएर आएको हो । अझ श्रीलंकाको एक संग्रहालयमा सुरक्षित गरी राखिएको बुद्धद्वारा सेबित पिण्डपात्रको अवशेषले ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वपूर्ण भूमिका छन् ।

बुद्धको परिनिर्वाणको २५६१ वर्षपछि पनि श्रीलंका, बर्मा थाइल्याण्ड, थेरवादी बौद्ध देशहरूमा भिक्षुहरू परम्परागत फलाम वा काठको विशेष गरी सुन, चाँदी, नवरत्न हाली र विभिन्न प्रकारका दलवलका साथ पनि विशेष प्रकारले बनाइएको पिण्डपात्र हातमा लिई बिहानी पख श्रीलंका, बर्मा, थाइल्याण्ड विशेष गरी सडकमा भिक्षा लिन भिक्षुहरू यत्रतत्र घुमिरहेको दृश्य देख्न सकिन्छ । आजभोली काठमाडौं, भक्तपुर, ललितपुर, कीर्तिपुर र अरु विभिन्न ठाउँहरूमा पनि भिक्षाटन जाने चलन छ । भिक्षु, भिक्षुणीहरू पनि बेला बेलामा पात्र बोकी भिक्षाटन जानुहुन्छ ।

हुन त प्रव्रजित र पिण्डपात्र एक अर्काका पूरक हुन् । पिण्डपात्रमा मात्र भोजन ग्रहण गर्ने भिक्षुहरूले गृहस्थहरूको थाल, कचौराहरूको अभावको कठिनाइलाई हटाई दिएर पिण्डपात्र भिक्षा दान गर्न पाउँदा उनीहरू धेरै गौरवान्वित पनि हुन्छन् । भगवान् बुद्धले स्वयं अपनाउनु भएको यस महान् आदर्शलाई उहाँका परम भक्त भिक्षुहरूले निरन्तर अपनाएका देख्न पाउनु यस पवित्र धर्तिमा प्रव्रजितहरूले पिण्डपात्र बोकी संधै सत्यको मार्गमा हिंडिरहेको हेर्न पाउनु नै गौरवको कुरा हो ।

महायान र थेरवाद दुवै बौद्ध सम्प्रदायमा प्रव्रज्या चूडाकर्म दिक्षा दिने चलन छ । चूडाकर्म भन्नाले गाथा र बज्राचार्यहरूमा हुने एक हार्दिक प्रथा भनेर बुझिन्छ । यो प्रथा अनुसार बौद्धकलामा जन्म भएका प्रत्येक छोराहरूले चार दिनको निम्ति एक छाक मात्रै शुद्ध भोजन गर्ने पात्र वा गुलपा हातमा राखेर हिंड्ने, निमन्त्रित नातेदारहरूको घरमा गएर भिक्षा लिन जाने, केश खौरने, रातो जामा लगाउने र शिल नियममा रहने आदि धार्मिक कार्यहरू गर्छन् । चूडाकर्म दिक्षा प्राप्त प्रत्येक व्यक्ति महायानी पूजा, पाठ विशेष सुमार्गमा सम्मिलित हुन सकिन्छ र यो परम्परा अमयावधि नियम पूर्वक पालन गरिन्छ ।

४. भि. सुशोभन, **पिण्डपात्र**, बुद्धधर्म मान्यता र दृष्टिकोण



Downloaded from http://www.dhamma.digital

थेरवाद परम्परा अनुसार चूडाकर्म जस्तै विधिवत त्यागी भेष लिएर तोकिएका शील नियम पालन गर्ने विधिलाई प्रव्रज्या ग्रहण गर्ने भनिन्छ।[५] यो दीर्घकालीन र अल्पकालीन दुवै प्रकारको हुन सक्छ। दीर्घकालीन प्रव्रज्या प्राप्त व्यक्ति जीवनभर बौद्ध भिक्षु भएर बस्नुपर्छ र यो एक कठोर र पवित्र जीवन भएकोले बौद्ध समाजले निक्कै गौरवमय जीवन भनेर स्वीकारिन्छ। अल्पकालीन प्रवज्या एकदिनदेखि लिएर केही दिन महिना वा वर्षसम्म पनि त्यही श्रमणभेषमा रहेर शील सदाचारका साथ बौद्ध विहारमा बसी जीवनयापन गर्ने पद्धतिलाई बुझाउँछ। नेपाली बौद्ध जगतमा अल्पकालीन प्रव्रज्या ग्रहण गर्ने एक नौलो लहर आइरहेको देख्छौं। यो राम्रो कार्य हो र यसका केही फाइदाहरू पनि छन्।

१. बुद्ध धर्म संघप्रति प्रत्यक्ष रूपमा श्रद्धा व्यक्त गर्न पाउनुका साथै केही दिनको निम्ति भए पनि श्रमण जीवनमा रहन पाउनु।
२. सामाजिक मान्यताका साथै बौद्ध समाजको सदस्यता प्राप्त हुनु।
३. बौद्धधर्ममा निहित स्वतन्त्र र समानताको शिक्षा व्यवहारिक रुपमा आफैले पालन गरेर अनुभवी हुनु।
४. बौद्ध भिक्षुहरू र गृहस्थहरूको बिच एक घनिष्ठ धार्मिक सम्बन्ध कायम गर्न सहयोग हुनु।
५. बौद्धधर्म अनुसार गृहस्थ र त्यागी दुई प्रकारका जीवन जीउने पद्धतिसित आफूलाई परिचित गर्न पाउनु आदि।

यसरी प्रव्रजीत जीवन र पिण्डपात्र एक आपसमा बौद्धिक तथा व्यवहारिक शान्तमय सम्बन्ध छ। हुन त पिण्डपात्रको बुद्धधर्म र संस्कृतिमा अति महत्त्वपूर्ण भूमिका छ। यसलाई पिण्डपात्र, गुलुपा, गोलपा, पात्र, Alms Bowl पनि भन्ने चलन छ। जुनसुकै रूपमा शब्दहरू प्रयोग भएमा पनि आखिर पिण्डपात्र, पिण्डपात्र नै हो। यसको महत्त्व विशेषतालाई मान्यता दिनु अति आवश्यक पर्दछ। यस गुलपा श्रमणहरू देखिनु प्रव्रजितहरूको जीवन जीउन, खान, पिउनको लागि पथ-पथमा भिक्षाटन जाने बेला हातमा उहि पात्र हात समाएर जानु पर्दछ।

भोक, प्यास मेटाउन खान पिउनु खानाहरू मागी लिन, थापि लिने भाँडो पनि यहि गुलपाः हो।[६] हुन त यसको रूप गुणमा गोला, पाःच देखिने गोलाकारको अग्लो पनि होइन। ज्यादा थेप्चो र सानो पनि होइन। त्यसैले यसलाई नै पिण्डपात्र गुलुपा भनी भनिन्छ। यो पिण्डपात्र समाउने व्यक्ति शील पालन व्यक्ति भएर धर्मपुरक धर्म चित्त हुनुपर्दछ। नत्र भने यसको अर्थ नै हिन भएर जान्छ। यसरी नै हामी मन जसरी संस्कारसंग सम्बन्ध भए जस्तै नै गुलुपाःसंग पनि सम्बन्ध हुन्छ नै। जसरी ज्ञान, शान्त भाव र मैत्री भावसंग सम्बन्ध भए जस्तै नै हो। त्यसैले त भनिन्छ प्रव्रजितहरूले गुलुपाःमा माग्दा, उक्त पात्र भरिदै जाँदा पुण्य मन पराउनेहरूलाई, दान दिने दाताहरूलाई आफैमा अति आनन्दित रूपमा प्रफूल्लित मुद्रामा मुस्कानहरू देखिन्छन्। यसरी पुण्यको रस, प्रभाव त्यहि नै देखिने रहेछ। त्यसैले पात्र भनेको अति अमूल्य वस्तु हो। अझ थेरवाद बुद्धधर्मको जगतमा प्रव्रजित जीवनका निम्ति अष्ट परिष्कारको आधार अति आवश्यक पर्दछ। अष्ट परिस्कार भन्नाले प्रव्रजित जीवनमा नभै नहुने कुराहरू जुन खानपिनको लागि पिण्डपात्र प्राकृतिक प्रकोपबाट बँच्न घाम, पानीबाट बँच्न अष्ट परिष्कारको वर्णन यसरी गरिएको छ।

१. पात्रः भोजन खाने भाँडो, पात्र भनेको अमूल्य वस्तु हो।
२. चाल्नी - पानी छानेर खाने।
३. सियो धागो - चीवर च्यातिए फातिएमा सिलाउने
४. पेटी - चिवर बाँढ्ने।
५. ब्लेट - कपाल खौरिनको लागि
६. संधाती। ७. अन्तरवास। ८. उन्तरासन

यसरी थेरवाद बुद्धधर्मको जगतमा प्रव्रजित जीवनको निम्ति अष्ट परिष्कारको अति आवश्यक पर्दछ। यसरी प्रव्रजित जीवनको लागि पिण्ड पात्र एक महत्त्वपूर्ण भूमिका छ। साथै प्रव्रजित जीवनको लागि अति महत्त्वपूर्ण सम्पत्ति नै हो। वास्तविक पात्र त भगवान बुद्धको हातमा मुख्य जिनिय चिन्ह स्वरूप एक कीर्ति समानको वस्तु हो। हुन त त्यागीहरूको चित्त शुद्ध गर्नलाई, बाँच्नलाई खाना मात्र हो लोभमा दुब्ने होइन भनि केवल बाँच्नलाई माग्ने र खाने भन्ने भावना त्यागीहरूको चित्त शुद्ध गर्ने बाटो नै उहि पिण्डपात्र हो। त्यसैले नै स्वदेश र विदेशमा पनि पवित्र र पुण्यको चिन्ह अनुसार यहि पिण्डपात्र नै छ। वास्तवमा शुद्ध मन त्याग चित्तबाट नै ग्रहण गर्ने पवित्रताको प्रतिक यहि पिण्डपात्र हो। ❖

५. ऐजन, अल्पकालीन प्रवज्या एक विवेचना।

६. धिमेय् ल्वहः, गुलुपाः ज्वने अःपु मजू, दँ १४, ल्या ६७।



Downloaded from http://www.dhamma.digital

# संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर ९१ औं जन्मोत्सवको शुभकामना !



*"आशीर्वचन दिनु ९१ बर्षमा*
*वन्दना गर्छु चरणकमलमा*
*मेरो आचार्य यहि छ भावना*
*जन्म दिनको हार्दिक शुभकामना !*
*शुभकामना ! शुभकामना !! शुभकामना !!*

**✍ भिक्षु गौतम स्थविर**
*श्रीघः विहार, काठमाडौं*

नेपालका श्रेष्ठतम तथा अखिल नेपाल भिक्षु महासंघका संघनायक श्रद्धेय भिक्षु अश्घोष महास्थविर, नेपालमा थेरवाद बुद्धशासन पुनर्स्थापना गर्ने कार्यमा योगदान दिनु हुने भिक्षुहरू मध्येमा श्रद्धेय भिक्षु अश्वघोष महास्थविर पनि एकजना हुनु हुन्छ ।

संघनायक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर भन्तेले आफ्नो सम्पूर्ण जीवन बहुजन हित, सुख र शान्तिको निम्ति अर्पण गर्नु भयो । बुद्ध शिक्षाको प्रचार प्रसार यात्रा गर्दागर्दै ९१ औं जन्मोत्सव मनाउने दिन यहि २०७४ जेठ २४ गते आइपुग्यो । जीवन यात्रा गर्दा गर्दै यति वेला ९१ वर्ष भएको हुनाले थकित हुनुहुन्छ। उहाँको जीवन ब्यवहारलाई नियालेर हेर्दा सरलता सबैलाई समान माया गर्नु हुन्छ। बुद्ध धर्मको उपदेश ब्यवहारिक जीवन उपयोगी ज्ञान दिनु हुन्छ । उहाँकै माया र प्रेरणाले यो मेरो भिक्षु जीवन र यसलाई यहाँसम्म दोऱ्याउनमा उहाँको करूणामय ब्यवहार । जीवनको ९१ औ वसन्तमा पाईला टेक्नु भएको छ । यस सुखद् घडीमा उहाँमा समर्पित शुभकामनाका दुई शब्द ... ...

*"बुद्ध धर्म संघ को शिक्षाको दीप बलिरह्यो*
*ब्यवहारिक उपदेश फूल फूलि रह्यो*
*मेरो गुरू अश्वघोष नामले आस्था फैलिरह्यो*
*संघनायक पदले शालीनता छाईरह्यो ।*

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

| मिति | बुद्धपूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| २०७४ जेठ १९ गते शुक्रबार, अष्टमी | सुवण्णवती | वीर्यवती |
| २०७४ जेठ २६ गते, शुक्रबार, ज्याः पुन्हि | शुभवती | धम्मवती |
| २०७४ असार १ गते, बिहीबार, संक्रान्ति | वण्णवती | धम्मवती |
| २०७४ असार ३ गते, शनिबार, अष्टमी | त्यागवती | त्यागवती |
| २०७४ असार १० गते, आइतबार, औंशी | खेमावती | खेमावती |

## धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

*क्र.सं. ८६६*

**पल्लवि तुलाधर**
लाजिम्पात, काठमाडौं
रू. २०५५/–

*क्र.सं. ८६७*

**सलोनी ताम्राकार**
ताहाचल, काठमाडौं
रू. २०००/–



Downloaded from http://www.dhamma.digital



# धम्मवती गुरूमांको ८४ औं वर्षिय जन्मोत्सको हार्दिक मंगलमय शुभ-कामना !

✍ **सुदिपरत्न मगर** (श्रीघः विहार संरक्षक)

बुद्ध भूमि नेपालमा थेरवाद बुद्ध धर्म र संघको शासनिक कार्यमा प्रव्रजित गुरूमांहरू सक्रिय रहर्दै आउँनु भएका छन् । साहसिक यात्राले नेपाली बौद्ध नारी जगतमा नयाँ आयामिकता थपिएको इतिहासमा भिक्षुणी धम्मवती सवै प्रव्रजित गुरूमांहरूको गुरू आमा हुनु भइ बुद्ध धर्म क्षेत्रमा उल्लेखनिय महत्त्वपूर्ण योगदान दिँदै आउँनु भएको छ । उहाँको जीवनी पक्षका वहुआयामिकताका विषय यस सानो लेख विशेषमा वेली विस्तार गर्न सम्भव नभए पनि संक्षिप्तमा प्रस्तुत गर्न प्रासङ्गिक हुनेछ । नाम अनुसारको काम गर्न सफल धम्मवतीको नामसंगै भिक्षुणी धम्मवतीको स्वरूपमा परिवर्तन प्रवाहसंगै धर्मकीर्ति विहार सम्वद्ध धार्मिक तथा सामाजिक यात्राले वहुआयामिक क्षेत्रमा प्रभाव जमाउँन सफल भए अनुरूप राष्ट्रिय एवं अन्तर्राष्ट्रिय थेरवाद बौद्ध धर्म जगतमा गुरूमां धम्मवतीको बुद्धशासनिक छवि प्रस्फुरण हुन पायो । ऐतिहासिक व्यक्तित्त्व जसले सम्पूर्ण जीवन बुद्ध शासनिक धम्मवती गुरूमांको साहसिक यात्राको सेरोफेरो घुम्दै फिर्दै उकाली ओराली अनुभव वटुल्दै साहसिक धम्म यात्रा मै निरन्तर अगाडि वढी आज ८४ औं वसन्तमा पाइला टेक्न सफल हुनु भएको छ। उहाँको जन्मोत्सवको शुभ-उपलक्ष्यमा महान अभिधर्म भिक्षु संघबाट साप्ताहिक पाठ र धर्मदेशना कार्यक्रम धम्मवती गुरूमांको जन्मदिन मनाउँन वर्षेनी सन्चालन भइरहेको छ । प्रव्रजित गुरूमांहरूको संरक्षक हुनु भई उहाँहरूलाई राम्रो आश्रय दिन सफल हुनुभएकी गुरूमां धम्मवती नारी जातीको लागी आधार स्तम्भ हुनुभएको छ। उहाँको साहसिक संघर्षमय जीवन-गाथा र कथा उहाँको दृढ मनोबल शक्ति विषयमा जान्नको लागि "स्नेही छोरी" उपन्यास अध्ययन गर्न सकिन्छ ।

आज म उहाँको गुण सम्झी धर्मप्रीतिको अनुभूति भइरहेको छ । लुम्बिनी भ्रमणले उहाँ संगको गहिरो परिचय र चिनजानले गर्दा मलाई यसरी भिक्षु हुने हौसला र प्रेरणा मैत्रीकरूणाले गर्दा २०६० कार्तिक २५ गते मंगलवार श्रद्धेय संघनायक भिक्षु अश्वघोष महास्थविर भन्तेलाई श्रामणेर गौतमको रूपमा प्रव्रज्या गरी प्रवन्ध मिलाई सुम्पिदिनुभएको दिन देखी धम्मवती गुरूमांको अपार मैत्री करूणालाई म कदर गरेर कृतज्ञतापूर्वक सदादिन विहान वेलुकी स्मरण गर्दछु। उहाँकै हौसला प्रेरणाले संघनायक श्रद्धेय अश्वघोष महास्थविर गुरूवर भन्तेको छत्र छाँयामा रहने सौभाग्य पाएको छु। श्रीघः विहार को संरक्षकको रूपमा गुरूको आज्ञा अनुसार सम्हालेर वसेको छु। नेपालको सुपुत्री धम्मवती गुरूमां धार्मिक शिक्षा शासन धज धम्माचरिय अर्थात् बुद्धशासनको ध्वजा फरफराउनेमा कहलाई उपाधि प्राप्त गर्न सफल धम्मवती गुरूमां हुन् । थेरवाद बुद्ध धर्मप्रेमी नारी समाजको उत्कृष्त सफल एवं सार्थक नारीको रूपमा उभिनु भएकी छिन् । नारी प्रतिभा पुरूष भन्दा कम छैनन् भनि उदाहरणको रूपमा उँभिनु भएकी छिन् । यसपाली उहाँको ८४ औं जन्म दिन मनाउँन पाएकोमा आफूलाई धन्य सम्झन्दै दीर्घायु र आयु आरोग्य एवं मंगलमय शुभकामना ब्यक्त गर्न चाहन्छु ।

**"चिरं जीवतु धम्मवती अय्यो,**
**सुखितो निरूपद्दवो**
**खेमी अवेरी अभयो, निद्दुक्खो रोगमुत्तको**
सबैको गुरु आमा धम्मवती !
साधु ! साधु !! साधु !!!



Downloaded from http://www.dhamma.digital

# बौद्ध प्रश्नोत्तर-३

*सम्पादिका*- **धम्मवती**
*अनुवाद*- **दिलकमल तुलाधर**

प्रश्न- ४२. **को को दौँडँदा राम्रो देखिन्न ?**
उत्तर- राजा, मङ्गल हात्ती, स्त्री र भिक्षु ।
प्रश्न- ४३. **पञ्चवर्गीय भिक्षुहरूमध्ये जेठा चाहिने को थियो ?**
उत्तर- कौण्डञ्य ।
प्रश्न- ४४. **पञ्चवर्गीय भिक्षुहरूका नाम के के हुन् ?**
उत्तर- कौण्डञ्य, वप्प, भद्दिय, महानाम, अस्सजित ।
प्रश्न- ४५. **सबैभन्दा पहिले भिक्षुणी हुने को थिइन् ?**
उत्तर- प्रजापति गौतमी ।
प्रश्न- ४६. **प्रजापति गौतमी को थिइन् ?**
उत्तर- बुद्धकी सानी आमा ।
प्रश्न- ४७. **सिद्धार्थकुमारको बाजेको नाम के हो ?**
उत्तर- सिहनु राजा ।
प्रश्न- ४८. **३७ ओटा बोधिपक्षीय धर्म के के हुन् ?**
उत्तर-

| | | | |
|---|---|---|---|
| सतिपट्ठान | ४ | इन्द्रिय | ५ |
| सम्यक प्रधान | ४ | बल | ५ |
| ऋदिपाद | ४ | वोध्यंग | ७ |
| | | मार्ग | ८ |
| | | कूल जम्मा | ३७ |

प्रश्न- ४९. **चार स्मृति प्रस्थान भनेको के के हुन् ?**
उत्तर-
(क) कायानु पस्सना (शरीर बारे होश गरी राख्ने)
(ख) वेदनानु पस्सना (सुख-दु:खको अनुभव याद गरिराख्ने)
(ग) चित्तानु पस्सना (चित्तमा आएका असल कमसल कल्पना बुझ्ने)
(घ) धम्मानु पस्सना (अनित्य दु:ख अनात्मालाई होश पूर्वक निरीक्षण गरिरहनु)
प्रश्न- ५०. **चार वीर्य के के हुन् ?**
उत्तर-
(क) उत्पन्न नभएको अकुशल चेतना उत्पन्न नगर्ने,
(ख) उत्पन्न भइसकेको अकुशल चेतनालाई दमन गर्न सक्ने,
(ग) उत्पन्न नभएको कुशल चेतना उत्पन्न गर्ने,
(घ) उत्पन्न भइसकेको कुशल चित्तको उन्नति गर्ने
प्रश्न- ५१. **ऋद्धिपाद चार के के हुन् ?**
उत्तर-
(क) छन्द ऋद्धिपाद (कर्तव्यलाई भित्री दिलदेखि पालन गर्नु)
(ख) वीर्य ऋद्धिपाद (निर्वाण प्राप्त गर्नलाई प्रयत्न गर्नु)
(ग) चित्त ऋद्धिपाद (चित्त एकाग्र गर्नु)
(घ) विमर्श ऋद्धिपाद (विवेकबुद्धि उन्नति गर्नु)
प्रश्न- ५२. **पञ्चमार (शत्रु) को को हुन् ?**
उत्तर- देवपुत्र मार, क्लेश मार, अभिसंस्कार मार, स्कन्धमार, मृत्युमार यी पाँच हुन् ।
प्रश्न- ५३. **धर्म उपदेश सुन्नेले के के फल पाउँछ ?**
उत्तर- सुन्न नपाउने सुन्न पाउँछ, सुनिसकेको सम्झनामा आउँछ, शंका निवारण हुन्छ, दृष्टि असल हुन्छ र श्रद्धा उत्पन्न हुन्छ ।
प्रश्न- ५४. **श्रद्धा कति प्रकारका छन् ?**
उत्तर- सम्पसादन श्रद्धा, सम्पक्खन्धन श्रद्धा, ओकप्पन श्रद्धा, आगमन श्रद्धा र अधिगम श्रद्धा यी ५ प्रकारका छन् ।
प्रश्न- ५५. **सम्पसादन र सम्पक्खनधनश्रद्धाका अर्थ के हो ?**
उत्तर- चित्त शुद्ध गरि राख्ने र गरेको काम सिद्ध नभएसम्म गरिरहने ।
प्रश्न- ५६. **बुद्धशासनको आयु केलाई भन्दछन् ?**
उत्तर- विनय अथवा नियमलाई भन्दछन् ।
प्रश्न- ५७. **बुद्धशासन (बुद्ध-धर्म) केको आधारमा खडा भइरहे छ ?**
उत्तर- कल्याण मित्रको आधारमा खडा भइरहेछ ।
प्रश्न- ५८. **अशोक महाराज कसको सत्संगत परेर असल भएका थिए ?**
उत्तर- निग्रोध श्रामणेरको आश्रयले ।
प्रश्न- ५९. **अजातशत्रु राजा कसको संगतमा परेर खराब भएका थिए ?**
उत्तर- स्वार्थी भिक्षु देवदत्तको संगतले ।
प्रश्न- ६०. **अशोक राजाले के के असल काम गरे ?**
उत्तर- जनताको लागि बाटो, अस्पताल, इनार, कुलो, बाटोको दुवै पट्टि वृक्षहरू पनि रोपाए ।
प्रश्न- ६१. **अजातशत्रु कसरी राजा भएका हुन् ?**
उत्तर- भिक्षु देवदत्तको संगतले आफ्नै पिता बिम्बिसार लाई मारेर ।



Downloaded from http://www.dhamma.digital

प्रश्न- ६२. **अजातशत्रुले पिताको गुण कहिले बुझ्न सके ?**
उत्तर- आफ्नै छोरा पैदा भए पछि मात्र ।
प्रश्न- ६३. **सात सत्पुरुष धन के के हुन् ?**
उत्तर-
(क) श्रद्धा, (विश्वास, विचार पुऱ्याई काम गर्नु)
(ख) शील (सदाचार, आचरण राम्ररी गर्नु)
(ग) हिरि (लज्जा, खराब काम गर्ने बेलामा लाज लाग्नु)
(घ) ओत्तप्प (भय, नराम्रो काम गर्ने बेलामा डराउनु)
(ङ) श्रुत (धेरै कुराको ज्ञान हुनु) विद्वान् हुनु,
(च) त्याग (शुद्ध मनले त्याग गर्नु)
(छ) प्रज्ञा (विवेक बुद्धि, ठाउँ हेरी काम गर्ने शक्ति हुनु)
प्रश्न- ६४. **सातबारमध्ये कुन कुन बारमा बुद्धका के के घटना घटेका थिए ?**
उत्तर- शुक्रबार - जन्म
शनिबार - धर्मचक्र प्रवर्तन
आइतबार - देह संस्कार
सोमबार - गृहत्याग
मंगलबार - परिनिर्वाण
बुधबार - बुद्धत्व प्राप्त
बिहिबार - रात्री गर्भमा रहनु भएको
प्रश्न- ६५. **गौतम बुद्धले कति वर्षसम्म धर्म प्रचार गर्नु भयो ?**
उत्तर- ४५ वर्षसम्म ।
प्रश्न- ६६. **बुद्धले ४५ वर्षभित्र कहाँ कहाँ कति वर्षाबास बिताउनु भयो ?**
उत्तर- अंगुत्तर निकाय अर्थ कथा अनुसार -

| | |
|---|---|
| १ ऋषिपतन (सारनाथ) | १० पारिलेयक |
| २-३-४ राजगृह | ११ एकनाला |
| ५ वैशाली | १२ वेरंजा |
| ६ मंकुल पर्वत | १३ चालिय पर्वत |
| ७ त्रायतिंस | १४ श्रावस्ती |
| ८ सुंसुमारगिरि | १५ कपिलवस्तु |
| ९ कौशम्वी | १६ आलवी |
| १७ राजगृह | २१ ४४. श्रावस्ती |
| १८-१९ चालिय पर्वत | ४५. वैशाली |
| २० राजगृह | |

प्रश्न- ६७. **बुद्ध मूर्तिको निर्माण कहिले भएको हो ?**
उत्तर- कुषाण सम्राट कनिष्क (७८-१०१ ई.) राजाको पालामा (बुद्ध परिनिर्वाण ४०० वर्ष पछि)
प्रश्न- ६८. **भिक्षुणीहरूमध्ये राम्ररी कथा भन्न सक्ने पदवी लिने को थिइन् ?**
उत्तर- धम्मदिन्ना ।
प्रश्न- ६९. **गौतम बुद्धलाई सर्वप्रथम बिहार दान दिने को हो ?**
उत्तर- राजा बिम्विसार (वेलुवन दान)
प्रश्न- ७०. **महायान, हीनयान भनेर कहिलेदेखि भेदभाव प्रारम्भ भएको हो ?**
उत्तर- (यसको बारेमा निश्चित समय कसैले भन्न सके को छैन तापनि इतिहासकारहरूको भनाई अनुसार) राजा कनिष्कको बेलादेखि हो । बुद्ध परिनिर्वाण भएको चार सय वर्ष पछि यी वाक्यहरू उत्पन्न भएका थिए ।
प्रश्न- ७१. **पालि साहित्यमा महायान, हीनयान भन्ने कहीं उल्लेख भएको छ ?**
उत्तर- छैन ।
प्रश्न- ७२. **थेरवाद शासन भनेर केलाई भन्दछन् ?**
उत्तर- भिक्षु परमपरादेखि चलेर आएको धर्म (हीनयान) लाई भन्दछन् ।
प्रश्न- ७३. **भिक्षुणीहरूमध्ये अग्रश्राविका को को थिए ?**
उत्तर- खेमा र उप्पल वण्णा ।
प्रश्न- ७४. **आनन्दले बुद्धलाई कति वर्ष सेवा गऱ्यो ?**
उत्तर- २५ वर्षसम्म ।
प्रश्न- ७५. **धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी कहिले कहा स्थापना भएको ?**
उत्तर- वि.सं. २०२८ ज्येष्ठ ७ गते धर्मकीर्ति विहारमा स्थापना भएको ।
प्रश्न- ७६. **गौतम बुद्धले यशोधरालाई पहिले भेट्न जानु भएको कि अथवा यशोधराले बुद्धलाई भेट्न जानु भएको ?**
उत्तर- पहिले बुद्ध नै यशोधरालाई भेट्न जानु भएको हो ।
प्रश्न- ७७. **राहुलले कसरी पहेँलो वस्त्र लगाएका हुन् ?**
उत्तर- यशोधराले आफ्नो पितासंग अंश लिएर आऊ भनेर पठाएको वेलामा बुद्धले दिन सक्ने अंश यही हो भनेर प्रव्रजित गराएका हुन् ।
प्रश्न- ७८. **बुद्धले कोसित चीवर साटेर लगाएका हुन् ?**
उत्तर- महाकाश्यप भिक्षुसित ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धर्मको "नगर" – ५

*नेपाल भाषामा अनुवादक-* **भिक्षु बुद्धघोष महास्थविर**
*नेपाली अनुवाद-* **वीर्यवती**

**बोधिसत्त्व चर्या –**

१) हरेक अवस्थामा पर्ने सत्वप्राणीहरूको दुःख हटाउने कामना लिई करूणायुक्त चित्तलाई अघि सारी प्रज्ञा ज्ञानले केलाउँदै हेरिरहने स्वभाव बोधिसत्वको प्रधान चर्या भइरहन्छ ।

२) आफूले गर्न लागेको कुशल कार्य पूर्ण नभएसम्म बोधिसत्वहरूको त्यस कार्यबाट पछि हट्ने स्वभाव कदापि हुने छैन । सम्यक सम्बुद्ध हुने प्रणिधान बाहेक अन्य सुख ऐश्वर्य प्राप्त भए पनि त्यसमा सन्तोष भएर बस्ने स्वभाव बोधिस्तवहरूको हुँदैन ।

३) बोधिसत्वहरूले कुशल कार्य गर्ने समयमा तल उल्लेखित विशेषताहरू प्रस्तुत भइरहने गर्छ –

क) कुनै पनि कार्य पूर्ण नभएसम्म त्यस कार्य पूरा गर्नको लागि व्यस्त भइरहन्छ ।

ख) कार्य पूरा नभएसम्म त्यस कार्यलाई गर्वपूर्वक निरन्तरता कायम राखी रहन्छ ।

ग) अटूट एवं अखण्डरूपले उक्त कार्यमा व्यस्त भइरहन्छ ।

घ) आफ्नो कार्य पूरा नभएसम्म दीर्घकालसम्म व्यस्त भइरहन्छ ।

यसरी यी चार प्रकारका विशेषता प्रकट गरी उक्त कार्यमा लागिरहन्छ ।

४) त्याग भाव प्रकट गरी दान गरिरहन्छ ।

५) सत्यतामा आधारित कर्णप्रिय एवं आनन्दित कुरा गर्ने स्वभाव भइरहन्छ ।

६) सधैं परहित हुने कार्यमा लागिरहन्छ ।

७) परलाई पनि आफू समान ठानी व्यवहार गरिरहन्छ ।

८) आफ्नो हरेक राम्रा उद्देश्यहरू पूरा गर्नको लागि उद्योग वीर्य अगाडि सारी प्रयासरत भइरहन्छ ।

९) यन्त्रले गर्नुपर्ने कार्य र हातले गर्नुपर्ने कार्य आदि शिल्पहरू र अन्य हरेक कार्यमा दक्षता सम्पन्न भई अल्सी भाव हटाई त्यस कार्य पूर्ण गर्ने स्वभाव भइरहन्छ ।

१०) सबै प्राणीहरूलाई आफ्ना बुबालाई जस्तै प्रेमभाव प्रकट गरिरहने हुन्छ ।

११) अरूले आदर गौरब राख्न योग्य हुने गरी "मनुष्य-हरूले र देवताहरूले गौरव राख्न योग्य हुने गरी" रूप, गुण र धर्मले सम्पन्न व्यक्ति भइरहन्छ ।

१२) उहाँ आफूले अन्य प्राणीहरूलाई स्नेह प्रकट गरे जस्तै सबै प्राणीहरूले पनि उहाँलाई स्नेहभाव व्यक्त गरिरहेको हुन्छ ।

१३) सबै प्राणीहरूलाई हित उपकार हुने मैत्री र दुःखबाट मुक्त हुने करूणायुक्त चित्त बनाई रहन्छ ।

१४) रोग, व्याधि रहित स्वभाव भइरहन्छ । गमनागमन आहार, व्यवहार, रहनसहन आदि विषयमा विचार सम्पन्न भएको कारणले पनि र कुशल सुचरित्रको प्रभावले अक्सर गरी उहाँ निरोगी भइरहन्छ ।

१५) जन्मजन्मान्तर परिशुद्ध श्रद्धाले पूर्ण भइरहन्छ ।

१६) वीर्य र प्रज्ञा आदि गुणले पूर्ण भइरहन्छ ।

१७) संसारको जन्म मरण चक्रमा घुमिरहे पनि साधारण प्राणी जस्तै नभई क्लेश कममात्र रहेको व्यक्तिको रूपमा प्रस्तुत भइरहन्छ ।

१८) कसैले होश दिलाउनको लागि दिएको सुझावलाई खुशीसाथ सुन्न, सुवचन गुणले सम्पन्न व्यक्ति हुन्छ ।

१९) सुख, दुःख र अपमान आदिबाट कम्प नभइकन सहन सक्ने क्षमता सहितको स्वभाव हुन्छ ।

२०) असल कार्यहरू सम्पन्न गर्नको लागि हर्ष, प्रसन्न चित्तले तन, मन दिई लागि पर्ने स्वभाव हुन्छ ।

२१) अरूलाई हेला निन्दा नगरी सबै प्राणीहरूलाई आफूसंग मित्रता भाव स्थापित हुने गरी शारीरिक र वाचसिक कुशल व्यवहार गर्ने बानी हुन्छ ।

२२) आफू समक्ष आइपुगेका व्यक्तिहरूसंग कुशल वार्ता गर्ने विषयमा अत्यन्त दक्ष हुन्छ ।

२३) क्रोधी र इर्ष्यालु बानी हुँदैन ।

२४) आफूप्रति अरूले गरेको गुणलाई बिर्सने स्वभाव हुँदैन ।

२५) आफूभन्दा बढी जानेबुझेका व्यक्तिहरूसंग प्रतिद्वन्दी बन्ने स्वभाव हुँदैन ।



Downloaded from http://www.dhamma.digital

२६) आफ्नो धन अरूलाई नदिने भन्ने खालको कञ्जुसीपना स्वभाव हुँदैन ।

२७) अरूको सफलता र उन्नति देखी इर्ष्या गर्ने स्वभाव हुँदैन ।

२८) आफ्नो दोष छोपी माया नभएको भाव देखाई छलकपट गर्ने "साठेय्य" स्वभाव हुँदैन ।

२९) अभिमानी एवं घमण्डी स्वभाव हुँदैन ।

३०) हरेक स्थानहरूमा कडा स्वभाव हुँदैन ।

३१) अरूले दिएको पीडा कष्टलाई सहने स्वभावको हुन्छ । अरूलाई पीडा कष्ट दिने स्वभाव हुँदैन ।

३२) गर्नुपर्ने कार्यहरूमा विस्मृति हुँदैन ।

३३) शान्त र स्थीर चित्त कायम भइरहने हुन्छ ।

३४) शत्रु, मित्र, ठूला बडा र तल्लो स्तरको व्यक्ति भनी भेदभाव नराखी हरेक क्षेत्रमा न्याय अनुकूल काम एवं व्यवहार गर्ने स्वभावको हुन्छ ।

३५) अरूलाई परोपकार कार्य गर्ने बेला उनीहरूले आफूलाई प्रत्युपकार गरोस् भन्ने आशा राख्दैन ।

३६) परोपकारी कार्य गर्दा जतिसुकै दुःख कष्ट आइपरे पनि त्यस दुःख कष्टलाई परवाह राख्दैन ।

३७) कहिले पनिनियत मिथ्यादृष्टि हुँदैन ।

३८) क्लेश निवारण नभएको कारणले अनियत मिथ्यादृष्टि धारण गरिराखेपनि दोष देख्ने बित्तिकै त्यसलाई त्यागी सम्यकदृष्टि धारण गर्ने स्वभावको हुन्छ ।

३९) सधैं हित उपकार हुने कार्यमा प्रेरणा दिने र खराब कार्यलाई रोक्ने स्वभाव हुन्छ ।

४०) अरूहरूको मुख अगाडि प्रशंसा गरी मुख पछाडि कुरा काट्ने स्वभाव हुँदैन ।

४१) परस्पर मिलिजुलि बसिरहेका कसैलाई पनि छुटाउने, चुक्ली लगाउने आदि खराब स्वभाव हुँदैन । तर एक आपसमा बेमेल भई छुट्टिरहेका व्यक्तिहरूको एक आपसमा मेलमिलाप गरी बस्ने अवस्था श्रृजना गरिदिन्छ ।

४२) आफूले पनि घुस नखाने र अरूलाई पनि घुस नखुवाउने स्वभावको हुन्छ ।

४३) अरूहरूको दोष भएपनि उनीहरूलाई दण्ड दिने र सास्ति गर्ने कार्य नगरी अवस्थालाई हेरी मैत्रीपूर्वक सम्झाउने बुझाउने स्वभाव हुन्छ ।

४४) अरूलाई उपकार गर्ने समयमा उनीहरूबाट आफूलाई उपकार हुने आशा नराखी मैत्रीपूर्वक उपकार कार्य गरिरहन्छ ।

४५) आफूलाई कसैले सानो उपकार गरेपनि त्यसलाई महागुण सम्झी रहने गर्छ ।

४६) कसैले आफूसंग केही चीज माग्न आएमा सन्तोषपूर्वक त्यो चीज दिएर पठाउँछ । तर आफूले अरूसंग केही चीज माग्नुलाई हीन, घृणा र नराम्रो कार्य ठान्ने गर्छ ।

४७) हीन, मध्य र उत्तम आदि विषयमा भेदभाव नगरी क्रमैसंग भिक्षाटनमा जाने भिक्षुले जस्तै अरूसंग सिक्नु पर्ने शिक्षा सिकी ज्ञान बुद्धि बढाउँदै लाने स्वभाव हुन्छ ।

४८) बेहोशपूर्वक कुनै गलत कार्य आफूबाट हुन गएमा त्यसमा अपशोच नगरी पछि भविष्यमा त्यस्तो गल्ती दोहोरिन नदिन होशियारी बनिरहन्छ ।

४९) कुनै भय, आपदविपद आदि आइपरे पनि नहतारिकन इन्द्रिय संयम गरी धैर्यपूर्वक उक्त भय शान्त नहुञ्जेल मेहनतपूर्वक भय हटाउन कोशिस गरिरहन्छ ।

५०) अष्टलोक धर्मबाट कम्प हुँदैन ।

५१) अरूहरूले चित्त कम्प गर्न नसक्ने गरी दृढ चित्तका साथ कार्यरत रहने गर्छ ।

उत्तम पुरुषहरू अलोभ धातु, अमोह धातु, अदोष धातु, नेक्खम धातु, निस्सरण धातु, अज्झासय धातु आदि ६ वटा धातुहरूले पूर्ण भई अन्य धेरै असल आचरण पालन गरिरहेका हुन्छन् ।

यस प्रकारका उत्तमाचरण पारमी धर्मपालन गरिरहने महापुरुषहरूले आशिका गरे अनुसार एकातर्फबाट बुद्ध हुनका लागि पारमी पूरा गरिरहेका हुन्छन् भने अर्कोतर्फबाट सबै प्राणीहरूलाई हित उपकार गर्ने कार्यमा लागिरहेका हुन्छन् । त्यसैले चरियापिटक अट्ठकथामा यसरी उल्लेख गरिएको पाइन्छ –

**"चरन्ति लोकत्थ चरिया पुरेन्ति सब्ब पारमि"**

यही नियमानुसार चार असंख्य र एकलाख कल्प वा सो भन्दा बढी चारित्र मण्डपलाई स्थापना गर्दै आफूसंग भएका सबै क्लेशलाई विस्तार विस्तारै हटाउँदै, हेतुको रूपमा रहेको पारमी धर्म पूरा गर्न आवश्यक कार्य गरिरहन्छ ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बुद्ध शिक्षा र Good Governance

✍ अमिता बनिया तुलाधर
amita.tuladhar@yahoo.com

**परिचय –**

'Govern' अथवा 'शासन' को अर्थ सामान्यतया नियन्त्रण गर्नु वा राज गर्नु हो। देशको शासक मात्र नभई कुनै पनि परिवार, संघ, संस्था, समुदायहरू सुगठित र सुचारु राख्नको लागि नियन्त्रण गर्ने एक अंग हुन्छ। यस अंगको नियन्त्रण गर्ने तरिका नै Governance हो।[१] Governance शब्द पुरानै भए पनि सन् १९९० मा यसलाई अर्थ- शास्त्री र राजनीती शास्त्रीहरूले पुनः परिभाषित गरिएको थियो। अर्न्तराष्ट्रिय संघ संस्था जस्तै UN, World Bank, International Monetary Fund हरूले यसलाई बढि प्रचलनमा ल्याएको पाईन्छ।[२] यी संस्थाहरूले Governance लाई आ-आफ्नै तरिकाले परिभाषित गरेता पनि समग्रमा यसको अर्थ निर्णय लिनु र त्यसको कार्यान्वयन गर्ने भनि बुझ्न सकिन्छ।

जुन वर्गको निम्ति निर्णय लिएको हो, त्यसको सबै सदस्यहरूलाई राम्रो असर पर्न नगई पहुँचवाला अथवा उच्च वर्गलाई मात्र फाईदा हुन जानसक्दछ। कहिलेकाँहि निर्णय लिईसके पछि त्यसको कार्यान्वयन हुन नगई सर्वसाधारणलाई मर्का पर्न जानसक्दछ। यस किसिमको खराब शासन वा Bad Governance ले विकृतिहरू तथा सामाजिक अपराधहरू उत्पन्न गराई समाजको शान्ति स्थापनामा खलबलिन पुग्न सक्दछन्। खराब शासनले समाजमा ल्याएको विकृतिलाई हटाउन World Bank ले सन् १९९२ मा Good Governance अथवा सुशासनको अवधारण ल्याएको थियो।[३] यसले मानव अधिकारको कदर गरी समग्र नागरिकको समान हक हितको वकालत गर्दछ। UN ले सुशासनलाई ८ वटा अंगहरू सहित व्याख्या गरीएको छ।[४]

हुन त सुशासनको सबै अंगहरू कार्यान्वयन गर्न त्यत्तिको सहज मानिदैंन। संसारको थोरै देश अथवा समाजमा मात्र यसको कार्यान्वयन भई रहेको विज्ञहरूको धारणा छ। तर पनि मानव अधिकार कायम गरी शान्ति र सम्बृद्ध समाजको लागि सुशासन विश्वको कुना काप्चामा पुग्न आजको युगको आवश्यकता छ।[५] United Nation ले परिभाषित गरेका Good Governance को अंगहरू पालि साहित्यको थुप्रै ठाउँमा पनि उल्लेख गरेको पाईन्छ। बुद्धले धर्म प्रचार प्रसार गर्न भिक्षु अथवा भिक्षुणी संघमा सुशासनको अनुसरण गर्न सल्लाह दिईएको पाईन्छ। साथै उहाँको समयको राजा महाराजाहरूलाई देश प्रगतिको दिशातिर लानको लागि सुशासनको विभिन्न अंगहरू सल्लाह दिएको पाईन्छ। समाजमा शान्ति चयन कायम गर्नको लागि हरेक नागरिकलाई आ-आफ्नो जिम्मेवारी निभाउन उपदेश दिने क्रममा पनि सुशासनकै उदाहरणहरू पाईन्छ। यी घटनाहरूमा बुद्धले मानव अधिकारको मर्यादा राखेको पाईन्छ। सम्रात अशोक जो एक समर्पित बुद्धका अनुयायी थिए उहाले पनि आफ्नो राज्यमा सुशासनलाई अनुसरण गरेको तथ्यहरू अशोक स्तम्भहरूबाट प्रमाणित गर्दछ।

**बुद्ध शिक्षा अनुसार नेतृत्व गर्ने तरिका –**

दिघनिकायका सिंगोलवाद सुत्तमा[६] सफल नेतृत्वको लागि निर्णय लिने तरिकाहरू वर्णन गरिएको छ। कुशल नेताले तल वर्णन गरिएको चार अगतिबाट मुक्त भएर निर्णय लिनु पर्दछ।

१. **छन्दागति (Self Interest)** - लोभको कारणले निर्णय लिनु नै छन्दागति हो। भ्रष्ट नेताहरू यसको उदाहरण हुन्।

---

१. http://www.unescap.org/sites/default/files/good-governance.pdf

२. https://en.wikipedia.org/wiki/Governance

३. http://www.buddhismandaustralia.com/ba/index.php/ The_Teachings_of_Buddha_and_Good_Governance_in_Modern_India:_A_Socio-Economic_Analysis_by_Ravi_Shankar_Singh

४. पूर्ववत्, पादटिप्पणी संख्या १

५. एजेन

६. बज्राचार्य दुण्डबहादुर, (अनु.), **दिघनिकाय,** ललितपुर :वीर- पुर्ण संग्रहालय पे.४२३-४३१



Downloaded from http://www.dhamma.digital

२. **द्वेषागति (Ill -Will)** - रिसको कारणले बदलाको भावले लिने निर्णय द्वेषागति हो ।

३. **मोहागति (Delusion)** - मोह अथवा अज्ञानतामा लिने निर्णय मोहागति हो । बिबेकहिन मानिसले कुन कुरामा फाईदा र कुन कुरामा बेफाईदा हुन्छ भनि बुझ्न सक्दैनन् । अज्ञानी, बिबेकहिन राजाहरूको शासन पद्धतिले देशको सुख-शान्तिलाई कता मोडिदिन्छ भन्ने तथ्यहरू इतिहासमा साक्षी छन् ।

४. **भयागति (Fear)** - भय, डर, त्राश, धम्कि र दबाबको कारणले लिने निर्णय भयागति हो । क्षमतावान् नेताहरू बाघ जस्तै निडर हुन्छन् ।

यस्तो प्रकारको निर्णयहरूले जसको लागि निर्णय लिएको हो उसको कहिल्यै फाईदा हुदैनन् भने दिर्घकाल सम्म निर्णय लिनेको पनि हित हुँदैन । निर्णय लिने बेला विचार नपुऱ्याउँदा सक्षम व्यक्तिको नियुक्तिको साथै प्रभावकारी प्रक्रियाबाट वञ्चित हुन जान्छ । यस्तो किसिमको निर्णयले सरकार चलाउन मात्र हानि हुने नभई, संघ संस्थाको क्रियाकलापमा पनि नराम्रो असर पारिरहेको हुन्छ ।

## पालि साहित्यमा Good Governance

United Nation ले परिभाषित गरेको सुशासनको अंगहरू बुद्ध शिक्षासंग कसरी मेल खान जान्दछ भनी तल वर्णन गरिएको छ । हरेक अंगहरूको UN को परिभाषा सहित पालि साहित्यमा उल्लेख गरिएका त्यसका उदारहणहरू समाबेश गरिएको छ ।

**१. सहभागिता (Participation) - सुशासनको निम्ति पुरुष र महिला दुबैको सहभागिता हुनुपर्छ ।**

बुद्धत्व प्राप्ति पछि बुद्ध 'बहुजन हिताय बहुजन सुखायको'[७] निम्ति धर्म प्रचार प्रसारमा लाग्नु भएको थियो । यस सिलसिलामा उहाँले पुरुषसरह महिलालाई पनि समान रुपमा धर्मबाट लाभान्वित हुन अवसर दिइएको पाईन्छ । भिक्षु संघ सरह भिक्षुणी संघको पनि स्थापना गरी धर्म प्रचार प्रसारमा दुबैलाई अनुमति दिईएको पाईन्छ ।

उहाँको संघमा भिक्षु भिक्षुणी मात्र नभई उपासक उपासिकाहरू पनि उत्तिकै क्षमतावान् थिए । उहाँले जति बेला सम्म भिक्षु, भिक्षुणी तथा उपासक, उपासिका धर्ममा समान रुपमा सक्षम हुँदैन तबसम्म निर्वाण नहुने घोषणा गर्नु भएको थियो ।

बुद्ध र बुद्ध पछिको समयमा पनि थुप्रै भिक्षुणी तथा उपासिकाहरूले धर्म प्रचार प्रसारमा अमुल्य योगदान दिनुभएको घटनाहरू छन् । महिलाहरूको संग्नलताले बढी भन्दा बढी प्राणीहरू लाभान्वित भएको पाईन्छ ।

**२. कानुनि प्रावधान (Rule of Law) - स्वच्छ कानुनि दायरा भित्र रही नागरिक अधिकारको सुरक्षा हुने गरी निर्णय लिने र कार्यान्वयन गर्नुपर्छ ।**

भिक्षु संघको स्थापना पछि बुद्धको उपदेशले सबैको मन जित्न सफल भएको थियो । श्रद्धालु अनुयायीहरूको साथै भिक्षु संघ पनि बृहत हुदैं गईरहे को थियो । तर जति पनि संघमा सामेल भएका भिक्षुहरू थिए तिनीहरू सबै बुद्ध शिक्षाबाट लाभान्वित हुन सकिरहेको थिएन । उनीहरूको आचरण धर्म अभ्यास गर्नमा विलकुलै अनुकुल थिएन। कोहि श्रदालुहरूबाट प्राप्त लाभ सत्कारमा नै बढि रमाइरहेको थियो र भिक्षु जीवन जस्तो महत्वपुर्ण समय खेर गईरहेको थियो । यस्तो अवस्थामा बुद्धले भिक्षु र भिक्षुणीहरूको चित्त एकाग्रमा जोड दिनको लागि नियम कानुनहरू बनाउनु भएको थियो । यो नै भिक्षुहरूको विनय अथवा संविधान थियो । विनय भिक्षु भिक्षुणीहरूको जीवन कठिन पार्नको लागि नभई उहाँहरूलाई धर्म चक्षु उत्पन्न गराउनको लागि थियो । जसले नियमहरू उल्लङ्घन गर्दछ गल्तीको प्रकार अनुसार सँजायहरू पनि तोकेको थियो ।[८]

**३. पारदर्शिता वा स्वच्छता (Transparency) - जुन निर्णय लिईन्छ त्यसबाट प्रभावित हुनेहरूलाई निशुल्क सुचना प्रवाह गर्नु पर्दछ ।**

बुद्धले आफुले हासिल गरेको ज्ञान सबै आफ्नो अनुयायीहरूलाई निष्पक्ष रुपमा बाँडि दिनुभएको थियो । उहाँले आफु महान बन्नको लागि कुनै पनि विद्या लुकाउनु भएको थिएन अथवा गुरुमुष्ठिलाई त्याग्नु भएको थियो । यो नै बुद्धको पारदर्शिता हो। उहाँको सहयोगी आनन्दको अनुपस्थितिमा दिएको उपदेश सबै बेलुका आएर पुन:

७. Prakash Bajracharya, **'The life of Tathagata',** Dharmakirti Publication, Kathmanu, A.D.2005, p.4.

८. संघरक्षित, भिक्षु, **बिनय पिटक एक अध्ययन**, काठमाण्डौं Spiritual Preaching Publication-041, A.D.2008



Downloaded from http://www.dhamma.digital

वाचन गर्ने व्यवस्था थियो । आनन्दको बुद्ध उपदेशहरू जति सबै स्मरण गरी जुनसुकैबेला पनि बताउन सक्ने क्षमता थियो। यो कार्यनै परिनिर्वाण पछिको प्रथम संगायना सफल हुन महत्वपूर्ण योगदान थियो भने बुद्ध शासन चिर स्थायि हुन पनि ठुलो भुमिका रहेको मान्नु पर्दछ ।[९]

दिघनिकायको महापरिनिवार्ण सुत्तको सप्त अपरिहार्य धर्ममा राज्य शक्तिशालि हुनको लागि बारम्बार सभामा भेलाभई सूचनाको प्रवाह हुनु पर्ने बताउनु भएको छ ।[१०]

**४. उत्तरदायित्व (Responsibility) - सबै कार्यविधि र सेवाहरू उपयुक्त समय भित्र गरिदिनुपर्दछ ।**

पालि साहित्यमा राजाको कर्तव्य थुप्रै ठाउँमा उल्लेख गरिएको छ। कुटदन्त सुत्त[११] र सिंहनाद सुत्तहरू[१२] यसका उदाहरणहरू हुन् । कुटदन्त सुत्तमा राजाले जनाताको भावना अनुसार राज्य गर्नु पर्ने कुरा दर्शाईएको छ । समाजमा शान्ति स्थापना गर्न सँजाय, कर संकलन मात्र समाधान नभई जनताको खाँचो बुझ्नु पनि आवश्यक छ । राजाले विभिन्न पेशामा आबद्धहरूको आवश्यक मागहरू पहिचान गर्नु पर्दछ । बेराजगारीलाई रोजगारी, कर्मचारीलाई संतोषजनक तलब भत्ता, कृषकलाई बीउ प्रदान गर्नु राजाको उत्तरदायित्व हो भनी उल्लेख छ। आवश्यकताहरू समयमा नै पुर्ति भएमा नगरवासीहरू आफ्नो व्यवसायमा व्यस्त भई परिवारको पालन पोषणमा सक्षम हुन्छन् जसले गर्दा समाजमा नचाँहिदो कलह वा हिंसाहरू शान्त हुदैं जान्छन्। सिंहनाद सुत्तमा पनि राज्यमा शान्ति स्थापना हुनमा राजा नैं जिम्मेवार हुन्छन् भन्ने प्रष्ट्याएको छ । महाकपि जातक (जा.नं.४०७)[१३] मा बोधिसत्वले बाँदरको राजा भई जन्म लिंदा आफ्नो ज्यानको पर्वाह नगरी जनतालाई बचाएको सन्दर्भ यहाँ उल्लेखनीय छ । राजाको कर्तव्य बाहेक सिंगोलवाद सुत्त[१४] मा समाजका हरेक नागरिकले विभिन्न क्षेत्रमा निभाउनु पर्ने भुमिकाहरू विस्तृत रुपमा वर्णन गरिएको छ। हरेक व्यक्तिले आ- आफ्नो कर्तव्यहरू महसुस गरी पालन गरेको खण्डमा अनावश्यक विवादहरू सिर्जना हुन पाउँदैनन् र समाज उन्नत्तिको बाटो तिर मोडिन्छ भन्ने कुराको दुईमत छैनन्। त्यस्तै गरी नोकरबाट उत्कृष्ट सेवा लिन तर्साएर, धम्काएर होईननकि उनीहरूलाई अनुकुल सुबिधाहरू समयमा नै मिलाईदिने मालिकको कर्तव्यहरू हुन्। यसरी बुद्धले मजदुर अधिकारको वकालत २६०० वर्ष अघि नै उठाइसकेको तथ्य प्रशंसनीय छ ।

**५. Consensus oriented (अनुकुलता)- समाजमा विभिन्न विचार धारा र संस्कृति भएका पक्षहरू हुन्छन्। सुशासनले सबैको आवश्यकता र चाहना अनुसार सबैलाई अनुकुल हुने दिर्घकालसम्म हित हने विशाल योजना बनाउन मदत गर्दछ ।**

दिघनिकायको महापरिनिर्वाण सुत्तमा[१५] उल्लेख भएको सप्त अपरिहार्य धर्म Consensus oriented संग परस्पर सम्बन्धित हुन आउँदछ। यसमा वज्जी राजकुमार हरूलाई राजा अजातशत्रुले हराउन नसक्ने कारणहरू उल्लेख गरिएको छ। वज्जी राजकुमाहरू एकतामा अनुबद्ध हुनुको मुख्य कारण नै सप्तअपरिहार्य धर्म हो । जस अनुसार उनीहरू बेलाबखत सभामा भेला हुन्थे। भेलामा आउँदा र भेलाबाट फर्कंदा सधैं सबैजना प्रसन्न मूद्रामा हुन्थे। यसबाट के बुझिन्छ भने उनीहरू बीच सुचनाको प्रभाव सुमधुर थियो। कुनै पनि निर्णय लिंदा सर्बसम्मतिबाट पारित हुने भएकाले सबैजना खुसी राजीनै हुन्थे । यति मात्र नभई उनीहरूले समाजको अगुवाई अथवा जेष्ठ नागरिक जो अनुभवबाट दक्ष भईसकेका हुन्थे, साथै अर्हतहरू जो प्रज्ञावान तथा ज्ञानी हुन्थे उनीहरूलाई पनि सम्मान गरी सरसल्लाह लिन्थे । महिलाहरूलाई पनि सम्मान गर्दथे। यसरी एकताको सुत्रमा बाँडिएको कारणले नै बज्जीहरू सजिलै बिनाश नहुने अवस्थामा बलवान

९. भदन्त सम्यक सम्बोधि प्राणपुत्र (अनु), **सम्यक सम्बुद्ध,** काठमाण्डौंस्सुखी होतु नेपाल, वि.सं. २०६० पे.५०(५१
१०. पूर्ववत्, पादटिप्पणी संख्या ५ पे.१८९-१९१
११. पूर्ववत्, पादटिप्पणी संख्या ५ पे.८१-९२
१२. पूर्ववत्, पादटिप्पणी संख्या ५ पे.३६५-३७४
१३. बज्राचार्य दुण्डबहादुर, (अनु.), **जातक,** ललितपुरः वीर- पुर्ण संग्रहालय, इ.सं.२०११ ।
१४. पूर्ववत्, पादटिप्पणी संख्या ५ पे.४२३-४३१
१५. पूर्ववत्, पादटिप्पणी संख्या ५ पे.१८९-१९१



Downloaded from http://www.dhamma.digital

राज्यको स्थापना गर्न सफल भएको थियो । यसरी समाजको हरेक अंगलाई सम्मान गरी बेलावखत भेला भई सबैको अनुकुल मिल्ने गरि सर्वसम्मतिबाट पारित हरेक निर्णयले दिर्घकालिन रुपमा लाभ हुन जान्छ भन्ने कुरा यस सुत्तले देखाउन खोजिएको छ ।

त्यस्तै गरि दिघनिकायको कुटदन्त सुत्तमा[१६] निर्णय लिन राजा एक्लैको स्वविकेक भन्दा पनि ब्राह्मण, क्षेत्री, राजपरिषद, व्यवसायिकहरू अथवा बिज्ञहरूसंग सल्लाह लिनुपर्ने कुरा उल्लेख छ। साथै नोकरचाकरलाई धम्कि, यातना बिना उनीहरूको इच्छा र क्षमता अनुसार काम लगाएको परिस्थितिमा त्यसको परिणाम गुणस्तरिय हुने बर्णनहरू सुशासनको घटलाग्दो उदाहरणहरू पाईन्छ ।

**६. समानता र संग्नलता (Equality and Inclusiveness) - Good Governance ले समाजको सबै सदस्यहरूले आफ्नो हितको निम्ति हो भन्ने अनुभव गरेको हुनुपर्दछ । कसैले पनि सामाजिक मुल प्रभावबाट अलगिएको महशुस गर्न दिनु हुन्न ।**

पालि साहित्यमा बुद्धले समाजका विभिन्न पृष्ठ भुमिका व्यक्तिहरूलाई धर्म अभ्यासका निम्ति सहर्ष, दयापुर्वक संग्नलता गराईएको थियो । महाप्रजापति गौतमी[१७] जस्ती महारानी देखि कृषा गौतमी[१८], पटाचारा[१९] जस्ती असहाय, दुःखको संवेगमा होश हराउन पुगेकी महिलाहरूलाई समेत उद्धार गर्नु भएको थियो । त्यस्तै गरी उहाँको धर्म देशनाबाट प्रभावित भई राजा, महाराजा, राजकुमार, व्यापारी ब्राम्हण जस्ता समाजका उच्च वर्ग देखि तल्लो जातको सुन्दन, नाउको छोरा उपालीलाई[२०] समेत प्रबजीत गराई धर्मबाट लाभान्वित गराउनु नै उहाँको शिक्षामा समानता र संलग्नताको गुण रहेको प्रष्ट्याउँदछ ।

त्यस्तै बुद्धले चर्तुब्रम्हबिहार (मैत्री, करुण, मुद्धिता, उपेक्षा)को अभ्यासमा बिशेष जोड दिनुभई कुनै पनि प्राणीप्रति घृणाको भाव नराखी समान दृष्टि राख्ने सुझाव पनि सुशानको लागि प्रशंसनीय विषय हुन जान्छ ।

**७. प्रभावकारिता र सक्षमता (Effectiveness and efficiency) - समाजको आवश्यकता पुर्ति हुनु पर्ने, मानव दिगो विकास र बातावरणमा प्रतिकुल असर नहुने गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्नुपर्दछ ।**

बुद्ध वाताबरणविद् पनि थिए । उहाले वातावरण संरक्षणको पनि थुप्रै चर्चाहरू गरेको पाईन्छ । विनय पिटक[२१] मा भिक्षुहरूलाई प्राकृतिक स्रोतहरू न्युनतम मात्रामा उपयोग गर्ने, कुनै पनि प्राणीलाई हानि नहुने कार्यहरू गर्ने नियम कानुनहरू बनाईएको थियो । जो भिक्षुले यसलाई उल्लघंन गर्दछ उ संजायको भागिदार पनि हुन पुग्दछ। घाँसमा नहिँड्ने, रुख नकाट्ने, पानीलाई दुषित नगर्ने, अत्यावश्यक वस्तुहरूको न्युनतम प्रयोग गर्ने, संकलन नगर्ने, जस्ता, सल्लाहहरू दिनु हुन्थ्यो। उहाँका यि भनाईहरू वर्तमान युगको वातावरणबिद्हरूको धारणा Reduce, Reuse, Recycle संग मेल खान जान्छ । प्राकृतिक स्रोत बिना कुनै पनि प्राणी बाँच्न सकिँदैन त्यसैले हरेक नागरिकको कर्तव्य भनेको यसलाई न्युनतम उपयोग गरी अधिकतम फाइदा लिने र भविष्यको पुस्ताको लागि पनि संरक्षण गर्नु हो ।

मज्झिम निकायको दक्खिणाबिभङ्ग सुत्तमा[२२] दानको महत्व दर्शाईएको पाईन्छ । दानदिनुको अर्थ कुनै पनि प्राणीको जीविका सुलभ बनाईदिनु हो । यसमा व्यक्तिगतलाई दिने दान भन्दा संघदानको महत्वलाई पनि उल्लेख गरिएको छ। यसलाई बातावरण संरक्षणको दृष्टिबाट व्याख्या गर्दा न्युनतम स्रोतले धेरैको आवश्यकता पुरा हुने कुरा पनि बुझिन्छ । समुदायमा भएका हरेका सदस्यहरूले सुबिधा पाएपछि सामाजीक कलह पनि न्युनीकरण हुने सम्भावना हुन जान्छ । विकसीत देशहरूमा सार्वजनीक संघ संस्थाहरू बढि प्रभावकारी र सक्षम हुन्छन् जसले गर्दा अधिकतम जनताले सुविधा पाईरहेका हुन्छन् ।

१६. पूर्ववत्, पादटिप्पणी संख्या ५ पे.८१-९२
१७. भिक्षुणी वीर्यवती (अनु) **आदर्श बौद्ध महिलाहरू** : काठमाण्डौं, धर्मकिती, बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौं, २०१०, पे.१-४
१८. एजेन पे.१८-२१
१९. एजेन पे.३५-३८
२०. पूर्ववत्, पादटिप्पणी संख्या पे.२५
२१. संघरक्षित, भिक्षु, **बिनय पिटक एक अध्ययन**, काठमाण्डौं Spriitual Preaching Publication-041, 2008
२२. दुण्डबहादुर, बज्राचार्य (अनु.), **मज्झिमनिकाय**, ललितपुर : वीर- पुर्ण संग्रहालय, इ.सं.१९९७ पे.७४४-७४६



Downloaded from http://www.dhamma.digital

**८. जवाफदेहिता (Accountability) - जुन निर्णय लागु गरीएको छ त्यसप्रति शासक उत्तरदायी हुनु पर्दछ ।**

दिघनिकायको सिंहनाद सुत्तमा[२३] राजाको शासन पद्धति नै समाजमा शान्ति स्थापनाको मुल कारण भएको उल्लेख गरिएको छ । राजाले धर्मानुसार राज्य गर्नु पर्दछ। आफु उदाहरण बनेर जनातालाई पनि शील पालन गर्न प्रेरणा दिनु पर्दछ । यहाँ शील भन्नाले प्राणीहिंसा नगर्ने, चोरी नगर्ने, झुठो नबोल्ने, व्यभिचार नगर्ने, जाँड रक्सिबाट टाढा रहनेहरू हुन । यसरी धर्म पालन गरी देश अथवा समाजमा सुख, शान्ति बृद्धि हुने कुरा सराहनीय छ । यस सुत्तमा समाजको शान्ति कायममा सचेत भई अनुगमनको लागि धर्मचक्रको स्थान परिर्वतन छ छैन अवलोकन गर्ने र सोहि अनुसार कारवाहि गर्ने व्यवस्थाहरू आजको युगलाई पनि सान्र्दभिक सन्देश हुन आउँदछ ।

यदि धर्मानुसार राज्य गर्न छोडेमा, अरुको विचारको कदर नगरेमा आवश्यक पर्नेलाई ऋण नदिएमा, अपराधीलाई दण्डको प्रावाधान नभएमा, गरिबको मर्कालाइ बेवास्ता गरेमा समाजको शान्तिमा खलबलिन पुग्ने तथ्यहरू पनि यसै सुत्तमा बर्णन गरिएको छ ।

**निष्कर्ष** :

पालि साहित्य अध्ययन गर्दा राज्य, संघ, संस्था, समुदायको सुदृढिकारणको लागि Good Governance लाई विशेष जोड दिएको पाइन्छ। बुद्धले २६०० वर्ष अघि नै मानव अधिकारलाई समर्थन गरेका तथ्यहरू बुद्ध जीवनीमा पाइन्छ। मजदुर अधिकार, जेष्ठ नागरिक अधिकार, महिला अधिकार, गरिबी निवारण, वातावरण संरक्षण जस्ता महत्वपुर्ण विषयहरूको चर्चा गरेको पाइन्छ। यसरी उहाँले समाजका हरेक अंगहरूलाई नछुटाईकन सबैको हितलाई महत्व दिई प्रभावकारी ढगबाट अघि बढ्नु पर्ने तथ्यहरू बताउनु भएको छ। ❖

२३. पूर्ववत्, पादटिप्पणी संख्या ५

सन्दर्भ सामाग्रीहरू-

१. बज्राचार्य दुण्डबहादुर, (अनु.), **मज्झिमनिकाय**, ललितपुर : वीर- पुर्ण संग्रहालय, इ.सं.१९९७।
२. बज्राचार्य दुण्डबहादुर, (अनु.), **दिघनिकाय**, ललितपुर : वीर- पुर्ण संग्रहालय, इ.सं.१९८९ ।
३. बज्राचार्य दुण्डबहादुर, (अनु.), **जातक**, ललितपुरः वीर- पुर्ण संग्रहालय इ.सं.२०११ ।
४. बज्राचार्य प्रकाश, **बौद्ध दर्पण**, काठमाण्डौंः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।
५. वीर्यवती भिक्षुणी (अनु) **आदर्श बौद्ध महिलाहरू**, काठमाण्डौंः धर्मकीर्ति, बौद्ध अध्ययन गोष्ठी, इ.सं.२०१०।
६. सम्यक सम्बोधि प्राणपुत्र, भदन्त (अनु), **सम्यक सम्बुद्ध**, काठमाण्डौं सुखी होतु नेपाल, वि.सं. २०६०।
७. संघरक्षित, भिक्षु, **बिनय पिटक एक अध्ययन**, काठमाण्डौं Spiritual Preaching Publication, 2008
८. Bajracharya, Prakash, The life of Tathagata, Dharmakirti Publication, Kathmanu, A.D.2005
९. http://www.buddhismandaustralia.com/ba/index.php/ The_Teachings_of_Buddha_and_Good_Gover nance _ in_Modern_India:_A_Socio-Economic_Analysis_by_Ravi_Shankar_Singh
१०. http://www.unescap.org/sites/default/files/good-governance.pdf
११. https://en.wikipedia.org/wiki/Governance

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

★ थूण गाउँकी एक दासीले भगवान्लाई पानी खान दिएकोमा रिसाएर उनको ब्राह्मण मालिकले उनलाई कुटेर मारेको थियो ।

★ सर्वज्ञ बुद्धले आत्महत्या गर्न लागेकी एउटी केटीलाई उपदेश दिई बचाउनु भएको थियो । रज्जुमाला नामक उक्त केटीले आफ्नी मालिक्नीले धेरै कष्ट दिएकीले आत्महत्या गर्न लागेकी थिइन् ।

★ आलवी नगरमा बुद्धले स्वयं एकजना गोठालोलाई भोजन गर्न लगाएका थिए ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital



# ब्यवहारिक शिक्षामा जोड दिनेमा सुप्रसिद्ध अश्वघोष महास्थविर

✍ **मीना तुलाधर**
'परियत्ति सद्धम्म कोविद'

अश्वघोष महास्थविरको जन्म इ.सं. १९२७, वि.सं. १९८४ जेष्ठ ३१ गते पिता चन्द्रज्योति शाक्य र माता लक्ष्मीमाया शाक्यको कोखबाट ललितपुरको ओकुवहालमा भएको थियो । बौद्ध कुलमा जन्मिएका उहाँको नाम राखिएको थियो - बुद्ध रत्न शाक्य । उहाँ १६ वर्ष हुँदा कुशीनगरमा श्रद्धेय भिक्षु ऊ चन्द्रमणि महास्थविरको उपाध्यायत्व तथा श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरको आचार्यत्वमा प्रव्रजित हुनुभयो । त्यसपछि उहाँ बुद्ध रत्न शाक्यबाट श्रामणेर अश्वघोष हुन पुग्यो । श्रामणेर अश्वघोष श्री लंकाका संघनायक धर्मकीर्ति, श्री धम्मावास नायक महास्थविर ( सन् १८८८- १९४९) को छत्रछाँयामा रही पालि साहित्य अध्ययन मनन् गरी वहाँकै उपाध्यायत्वमा १ भई सन् १९४९ का दिन उपसम्पन्न हुनु भयो र भिक्षु अश्वघोष हुनु भयो ।[1]

श्रद्धेय अश्वघोष महास्थविर नेपालमा बुद्धधर्म उन्नति र उत्थानका निमित्त विगत ७ दशक देखि प्रव्रजित जीवनयापन गर्नुहुने एक बहुप्रतिभाशाली, सुप्रसिद्ध बौद्ध विद्वान हुन् । नेपाल अधिराज्यभर धार्मिक बौद्ध प्रवचक, विभिन्न पत्रिकाको मुख्य सम्पादक, सयौं बौद्ध ग्रन्थ रचना गरेर प्रकाशित गर्नुभएका महास्थविर एक अविस्मरणीय आदरणीय गुरुका रुपमा चिन्न सकिन्छ ।

**श्रद्धेय अश्वघोष भन्तेको संक्षिप्त परिचय -**

अग्गमहासद्धम्म जोतिक धज पदबाट विभूषित पूजनिय अश्वघोष भन्ते महास्थविर एक साधारण मानव मात्र नभई विशेष गुण सम्पन्न मानव हुनुहुन्छ । किनभने उहाँको जीवनी अध्ययन गर्दा साधारण व्यक्तिको भन्दा विशेष फरक देखिन्छ । एकदिन श्रद्धेय प्रज्ञानन्द महास्थविर को "भगवान् बुद्ध वरदान दिने देवता होइन हामी जस्तै साधारण मनुष्य हो" भन्ने उपदेशले प्रभावित भई भिक्षुत्व ग्रहण गर्नुभएका हुन् । "भिक्षु भइसकेपछि क्षीर भोजन मात्र गर्नु पर्ने छैन दाल, भात, तरकारी सबै खानु हुन्छ भने म पनि भिक्षु हुन्छु" भनेर भिक्षु जीवनमा प्रवेश हुनुभएको घटनाबाट उहाँको एक ब्यवहारिक पक्षलाई राम्ररी बुझ्न सकिन्छ ।

११-१२ वर्षका कलिलो उमेरमै उनको विवाह गराइदिएको थियो । आमाको जोडले सानै उमेरमा विवाह बन्धनमा बाँधिन परेको हो । तर जसरी सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गर्नको लागि १६ वर्षको उमेरमा आफ्नो

१. भिक्षु संघरक्षित '**सद्धम्म कोबिद**' नेपालमा बुधधर्म सम्मुन्नतिको लागि भिक्षु अश्वघोष महास्थविरको योगदान (सत्य सन्देश प्रचारक प्रकाशन)



Downloaded from http://www.dhamma.digital

अति सुन्दरी यशोधरा देबी र छोरा त्यागी घरबार, छोडेर जानु भयो, त्यस्तै बुद्ध रत्न शाक्यले पनि बुद्धको ज्ञान प्राप्तको लागि १६ बर्षको उमेरमा आफ्नो जहान आशामाया शाक्य र आफ्नो जन्म दिने मातापिता र गृहत्याग गर्नु भएको हो । उहाँले बुवासँग गृह त्यागको निम्ति अनुमति लिन जाँदा बुवा चन्द्र ज्योतिले " मेरा दुइ वटा लौरो मध्ये तिम्रा दाजु र तिमी हौ, मैले छोड्न सक्दिन " भनी अनुमति दिनु भएन । उहाँ आमाको प्रेरणाले बुद्ध रत्न शाक्यबाट श्रामणेर अश्वघोष हुन पुगेको हो ।[२]

बुद्धरत्न शाक्यले आफ्नी जहान आशामायासँग प्रव्रज्या लिन्छु भनी कुरा गर्दा अनुमति दिइन् । अतः उहाँ आशामायाप्रति कृतज्ञ भएको थियो । भिक्षु हुनको लागि बनारस पुग्दा आशामायाको बुबा र दाजु बद्धरत्नलाई फेरि गृहस्थी जीवनमा फर्कनको लागि आग्रह गर्न आएको थियो । बुद्धरत्न शाक्यले आफू श्रामणेर अश्वघोष भइसकेँ, अब फर्किने छैन भनी निर्णय सुनाउँदा दुवैजना अति दुःखित भई घर फर्केका थिए ।

अध्ययनको क्रममा उहाँले श्रीलंकामा आठ वर्ष, भारतमा आठ वर्ष बिताउनु भयो । अध्ययन पश्चात् आफ्नो जन्मभूमि नेपालमा धर्म प्रचारको उदेश्य लिई फर्कनुभयो । त्यतिबेला आनन्दकुटी विहारमा उहाँ बस्नुभयो । धर्म प्रचारार्थ आफ्ना गुरु अमृतानन्द महास्थविरको आज्ञा शिरोपर गरी आनन्दकुटी विद्यापीठमा विभिन्न प्रशाशकीय पदमा रही झण्डै एक दशक बिताउनुभयो। त्यसपछि धर्मप्रचारको क्रममा युवाहरूलाई बुद्ध शिक्षा दिलाउने उद्देश्यले वि.सं. २०२५ (इ.सं. १९६८) नेपाल युवक बौद्ध मण्डल नामको एउटा संस्था स्थापना गर्नु भयो ।

वि.सं. २०२२ सालमा स्थापना भएको धर्मकीर्ति विहारमा शुरुमा प्रौढ व्यक्तिहरूलाई बुद्ध शिक्षा प्रदान गर्न बुद्ध पूजा, धर्म देशना आदि विभिन्न कार्यक्रम गर्दै आएको थियो । धर्मकीर्ति विहारमा युवाहरूलाई बुद्धधर्मको व्यावहारिक शिक्षा दिलाउने लक्ष्य राखी वि.सं. २०२८ (इ.सं. १९७१) मा धम्मवती गरुमांको अध्यक्षतामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भयो ।[३]

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी चारवटा मुख्य उदेश्य राखी स्थापना गरिएको थियो ।

१. व्यवहारिक बुद्ध शिक्षाको अध्ययन गर्ने
२. ग्रामीण क्षेत्रमा गई बुद्ध शिक्षा प्रचार गर्ने
३. बुद्धधर्म सम्बन्धी पुस्तक पत्र पत्रिका प्रकाशित गर्ने
४. स्वदेशी तथा विदेशी बौद्ध विद्वानहरूको स्वागत सत्कार तथा विचार आदान प्रदान गर्ने

उद्देश्य अनुरुप प्रत्येक शुक्रबार साँझ ४ बजेदेखि ६ बजे श्रद्धेय धम्मवती गुरुमां, अश्वघोष महास्थविर र अरु बौद्धविद्वानहरूले बुद्धधर्मको अध्यापन गराउन धर्मकीर्तिको बौद्ध अध्ययन गोष्ठीको कक्षा चलाउनु भयो । युवा सदस्यहरू अध्ययन गोष्ठीको कक्षामा आएर पढ्ने गर्दथ्यों । र श्रद्धेय अश्वघोष भन्तेले कक्षामा बुद्धधर्म सम्बन्धी विषयमा केही बुंदाहरू दिनु हुन्थ्यो र अर्को हप्तामा त्यस बुँदाको आधारमा लेख लेखेर कक्षामा सुनाउनु पर्थ्यो । अश्वघोष भन्ते र धम्मवती गुरुमांको निर्देशनमा तालिम पाएका सदस्यहरूले लेख लेख्ने, कार्यक्रमहरूमा बोल्ने आदि सिक्न पाए । नतिजा स्वरुप आज सदस्यहरू साहित्यकारहरू, बौद्ध विद्वान, कुशल वक्ता भएर प्रस्तुत हुन सफल भएका छन्। आज धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी थेरवाद बौद्ध शासनमा बलियो स्तम्भ बन्न सकेकोमा अश्वघोष महास्थवीरको ठूलो योगदान छ ।

पछिबाट उहाँले वि.सं. २०३८ सालमा संघाराम विहार भिक्षु तालिम केन्द्र स्थापना गरी बौद्ध विद्वान भिक्षुहरू खडा गर्ने कार्य गर्नुभयो ।[४] विदेशमा गई अध्ययन गर्न नपर्ने गरी नेपालमै समर्थक, योग्य, बौद्ध भिक्षुहरू तालिम गर्ने उदेश्यले संघाराम विहार स्थापना गरिएको हो । संघाराम विहारबाट समर्थक योग्य, बौद्ध विद्वान भिक्षुहरू भिक्षु कोण्डण्य, भिक्षु सोभित आदि भन्तेहरू आज हाम्रो सामु छन् जुन नेपालको लागि अति गौरबमय कुरा हो । अहिले हाम्रो नेपालमा पनि थेरबाद बौद्ध धर्म उत्थान गर्ने भिक्षुहरू धेरै छन् । यो पनि एक अश्वघोष महास्थविरको योगदान हो ।

२. ऐजन नं १
३. तुलाधर रीना, **धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिको २५ बर्ष**, काठमाडौं : २०५३
४. शाक्य रत्न सुन्दर, **भिक्षु अश्वघोष महास्थविर**, युवा बौद्ध समूह इ.सं. २००५



Downloaded from http://www.dhamma.digital

धर्म प्रचारको सिलसिलामा उहाँले जिल्लाव्यापि धर्म प्रचारार्थ वि.सं. २०३० इ.सं. १९७३ मा ध्यानकुटी विहार बनेपामा स्थापना गर्नुभयो । उहाँको धर्म प्रचारको योगदानलाई कदर गरी स्थानीय बनेपालि केशव काजि बैद्यले वहाँको योगदानले काभ्रे जिल्लामा बौद्ध धर्म व्यापक प्रचार प्रसार भएर यस जिल्लाका मानिसहरूले बुद्धधर्म अध्ययन गर्न पाए ज्ञान पाए भनी अभिनन्दन कार्यक्रम आयोजन गरे । यस्तै अश्वघोष भन्तेले बनेपामा बाल आश्रम मेत्ता सेन्टर स्थापना गरी बाल बालिकाहरूलाई बौद्ध शिक्षा अध्यापन गराइ राख्नुभएको छ । आज ९१ वर्षको उमेरमा पनि उहाँको धार्मिक यात्राको क्रम जारी नै छ ।

**ऐतिहासिक एवं सुप्रसिद्ध बौद्ध मासिक आनन्दभूमि र धर्मकीर्तिका संस्थापक सम्पादक –**

काठमाण्डौ उपत्यकामा बौद्ध मासिक पत्रिकाहरू आनन्दभूमि र धर्मकीर्ति ज्यादै महत्वपूर्ण र ऐतिहासिक रुपमा रहिआएका छन् । यी दुवै पत्रिकाहरूका स्थापना कालेखि सम्पादक प्रधान सम्पादक रहँदै योगदान पुऱ्याउनु भएको धर्म प्रचारक श्रद्धेय अश्वघोष महास्थविर हुन् ।

**आनन्दभूमि पत्रिकामा उहाँको योगदान –**

नेपालको पहिलो बौद्ध मासिक पत्रिकाको रुपमा निरन्तर प्रकाशित आनन्दभूमि पत्रिकाको आफ्नै गौरव र इतिहास स्थापित भइसकेको छ । त्रिपिटक विशारद महानायक डा. भिक्षु अमृतानन्द महास्थविरको सक्रियतामा ई.स. १९७३ मा आनन्दकुटी विहारमा आनन्दकुटी विहार गुठीको स्थापना भएको थियो । सोही गुठीको मुखपृष्ठका रुपमा आनन्दभूमि पत्रिका, २०३० साल देखि हालसम्ममा अटुट रुपमा प्रकाशित भइराखेको छ । श्रद्धेय अश्वघोष भन्तेले यसरी आनन्दभूमिको लागि ठूलो योगदान पुऱ्याउनु भएको छ जुन कार्यले नेपालको बुद्धधर्म उत्थान र थप सहयोग पुग्न गएको छ ।

**धर्मकीर्ति पत्रिकामा उहाँको योगदान –**

वि.सं. २०२९ सालमा वैशाख पूर्णिमाको अवसरमा सर्वप्रथम धर्मकीर्ति पत्रिका प्रकाशित भएको थियो । यस पत्रिकाको शुरुवात गर्ने श्रद्धेय भन्ते अश्वघोष महास्थविर हुनुहुन्थ्यो । त्यतिबेला यसको मुल्य सिर्फ १ रुपैंया मात्र थियो । त्यस पत्रिकामा अश्वघोष भन्तेको लेखको साथै मागुणवती, धर्मवती गुरुमांको लेख तथा गोष्ठीका सदस्यहरूको लेख रचनाहरू प्रकाशित भएको थियो । त्यसबेला सदस्यहरूले उक्त पत्रिकामा प्रकाशित रचनाहरू धेरै पटक पढ्ने गर्दथे । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले आफ्नो स्थापना कालमा बर्षमा एउटा मात्र धर्मकीर्ति पत्रिका निकाल्ने लक्ष्य राखेको भएता पनि बि.सं. २०२८ साल देखि वि.सं. २०४० साल सम्म क्रमसः बार्षिक रुपमा १२ अङ्क सम्म प्रकाशित भयो । त्यस पछि वि.सं. २०४० देखि वि.सं. २०४२ साल सम्म १२ अङ्क द्वैमासिक रुपमा र २०४२ साल देखि हाल सम्म मासिक रुपमा अटुट रुपले प्रकाशन हुँदै आइरहेको छ ।[५] नेपालमा स्थविर वाद बुद्ध धर्मको प्रचार प्रसार कार्यमा धर्मकीर्ति पत्रिकाको ठूलो योगदान रहेको छ । यस पत्रिकाको माध्यमबाट बौद्ध धर्मावलम्बीले बौद्ध ज्ञान पाउने ठूलो अवसर पाइरहेको छ । बौद्ध गतिविधिहरूको क्रियाकलापको समाचार यस पत्रिकामा छापिने हुनाले पाठक वर्गले बौद्ध गतिविधिको जानकारी पाउने पनि अवसर पाइरहेको छ । पत्रिकाको संस्थापक श्रद्धेय महास्थविर अश्वघोष भन्तेलाई चिन्ने, उहाँको तर्फबाट अमूल्य बौद्ध ज्ञान सिक्ने,अध्ययन गर्ने सुअवसर पाठकहरूलाई धर्मकीर्ति पत्रिकाले दिइराखेको । प्रायजसो हरेक अंकमा भन्तेको लेख प्रकाशित हुन्छ ।[६]

**बिभिन्न पुस्तक लेख रचनाहरूमा अश्वघोष महास्थविर–**

वहाँको पुस्तक, लेख रचनाहरूमा भाषा सहज र सरल भएको पाइन्छ । र बुझाउनुपर्ने शन्देश तथा उपदेशमा जोड र आफ्नो अनुभवको उल्लेख गरी व्यवहारीक ज्ञानलाई बुझाउन कोशिश गरिएका हुन्छन् । सयौं संख्यामा पुस्तकहरू लेख्नुभएको साथै विविध पत्रपत्रिकाहरूमा गरेर सयौं संख्या लेख रचनाहरूको रचना प्रकाशित गरी सक्नुभएको छ । पुरानो विचार भावलाई छोडेर नयाँ विचार मानविय संचेतनाको जागरण गराउने कोशिश वहाँको लेखाइमा जोड दिएका हुन्छन् । वँहाको मुख्य उदेश्य मान्छेलाई असल मान्छे बनाउने

५. पूर्वोक्तम पाद टिप्पणी नं ३ वि स २०२८ देखि २०५३ सम्म - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि इ. स १९६३ पृ ४२

६. श्रद्धेय अश्वघोष भन्तेसँग लिएको शिक्षाको आधारमा



Downloaded from http://www.dhamma.digital

किसिमका धार्मिक, बौद्धिक तथा नैतिक उपदेशका लेख रचनाहरू विभिन्न पत्रपत्रिका, स्मारिकामा प्रकाशित भइसकेका छन् ।

कसैले उहाँसँग कुरा गर्दा साँच्चै बौद्ध विद्वान भन्ते सँग कुरा गरेको अनुभव हुँदैन । किनकी उहाँको सरल जीवनयापन, विद्वानपन देखाउन नचाहने शैलीले गर्दा उहाँलाई राम्ररी चिन्ने मौका पाउँदैन । नरम भाषा, सरल शब्दहरू राखी व्यवहारीक शिक्षामा जोड उहाँको पृथक लेखन शैली हो ।

**अश्वघोष भन्ते र व्यवहारिक शिक्षा –**

अश्वघोष भन्ते आफ्नो अनुभवको आधारमा धर्मदेशना गर्नु हुन्छ । खालि धर्म भनेर अन्धविश्वासको आधारमा धर्ममा नलाग्ने,आफूले बुझेको कुरालाई मनन गरेर आफ्नो जीवन सुधार गर्ने आचरण राम्रो बनाउने शिक्षामा जोड दिने तथा अति रोचकपूर्ण, हास्यात्मक ढंगले उपदेश दिने धर्म प्रचारक हुनुहुन्छ । उहाँले वर्तमान वृद्धाअवस्थाको उमेरमा पनि कलम रोक्नु भएको छैन । अझै जीवनलाई परिशुद्ध बनाउने नैतिक उपदेशहरू जनमानसमा पुऱ्याउन लेखी राख्नुभएको छ । भन्तेको धर्मोपदेश नबुझेर भन्तेलाई निन्दा गर्ने व्यक्तिहरू पनि छन् । तर उहाँको सोचाई र धर्मोपदेश बुझ्न सक्यौं भने कोही साँच्चै बौद्ध बन्न सक्नेछ ।

भन्तेको क्रियाकलापबाट सबैले उहाँलाई चिन्न सक्छन् जसको एक उदाहरण यहाँ प्रस्तुत गर्न लागिएको छ । एउटा कार्यक्रममा एउटा प्रश्नकर्ताले उहाँलाई प्रश्न राख्यो- "भन्ते गुरुमांहरूले परित्राण पाठ गरिसकेपछि किन जल र धागो वितरण गर्नु हुन्छ ? धागो र परित्राण जल हामीले लियौं भने धर्म प्राप्त हुन्छ ? उहाँको उतर थियो "धागो र परित्राण जलले धर्म प्राप्त हुने होइन तर धागो र परित्राण वितरण नगरेमा हामी भन्तेहरूले भोजन प्राप्त गर्न सक्दैनौं" श्रोता वर्गलाई यो उतर बुझ्न गाऱ्हो हुन सक्छ । भन्तेको उत्तरको आशय थियो । धागो बाँध्दैमा र परित्राण जल पिउँदैमा हामीलाई बुद्धधर्मको ज्ञान प्राप्त हुने होइन । तर आज मानिसहरूले बुद्धधर्मको ज्ञान राम्ररी नसिकेकोले हामीले मानिसहरूलाई बुद्धधर्मको ज्ञान दिलाउन उनीहरूको संस्कार अनुसार नै कार्य गरिरहनु पर्दछ ।

यस पंक्तिका लेखकले बाल्यकालमा भन्तेको धर्मोपदेश सुनेको जुन धेरै बुझ्न खोजेको तर नबुझेको एक उदाहरण पनि प्रस्तुत गर्न चाहन्छु । अश्वघोष भन्तेले धर्मोपदेशमा एक महिला स्वच्छ पानी (निलः) देउतालाई चढाउन आइरहेको बेलामा यदि बाटोमा प्यासले छट्पटिएर रहेको वृद्ध मान्छे भेटेमा हामीले देउतालाई (निलः) स्वच्छ पानी चढाउनुमा भन्दा त्यस वृद्ध मान्छेलाई पानी ख्वाउनुमा धेरै धर्म हुन्छ भन्नुभएको थियो । त्यसबेला मैले भन्तेको कुरा गलत सम्झेकी थिएँ किनकी त्यस वृद्ध मान्छे भन्दा त देउता नै ठूलो छ नि । देउतालाई पानी चढाउनु धेरै धर्म हुन्छ भनि बुझेकी थिएँ । त्यस मान्छेलाई पानी ख्वाउँदा के धर्म गरेको भयो त भन्ने सम्झेकी थिएँ । यस्तो व्यवहारिक कुरा व्यवहारमा उतार्नु पर्ने कुरा उहाँले धेरै सिकाउनु हुन्थ्यो । एक गृहस्थीले आफ्नो विवाह पश्चात् आफ्नो घरमा गर्नु पर्ने कर्तव्य आदि व्यवहारमा उतार्नु पर्ने कुरा उहाँले धेरै सिकाउनु हुन्छ । आज पनि गृहस्थी जीवनमा पुरानो संस्कार अनुसार कार्य गरी रहँदा आफूलाई अश्वघोष भन्तेको शिष्य बन्न नसकेको जस्तो भान हुन्छ र सकेसम्म आफूलाई परिवर्तन गर्ने कोशिश गर्दैछु ।

**आदर्शवादी आचार्य अश्वघोष भन्ते –**

बौद्ध जगतका सुप्रसिद्ध व्यक्तित्व श्रद्धेय भिक्षु अश्वघोष महास्थविर आफ्ना शिष्यहरूका निम्ति एक आदर्श गुरुका रुपमा हुनुहुन्छ । बौद्ध क्षेत्रमा मिलिन्द प्रश्नमा उल्लेख भए अनुसार योग्य गुरुमा हुनुपर्ने गुणहरू २५ वटा छन् । ती यस प्रकार छन् –

१. गुरुले शिष्यको बारे सदैव राम्ररी विचार गर्नुपर्छ ।
२. सेवन र असेवनको बारेमा बुझाई दिनुपर्छ ।
३. प्रमाद र अप्रमादको बारेमा बुझाइ दिनुपर्छ ।
४. उसको अनुकुल सुत्ने ठाउँबारे विचार गर्नुपर्छ ।
५. रोगी हुँदा औषधीको बारेमा बताइ दिनुपर्छ ।
६. भोजन प्राप्त भएको, छैन बारे जान्नु पर्छ ।
७. उसको विशेष चरित्र बुझ्नुपर्छ ।
८. भिक्षा पात्रमा जुन प्राप्त भएको छ त्यसलाई बाँडेर खानु पर्छ
९. उसलाई आत्तिन पर्दैन तिमीले यो कुरा चाँडै नै बुझ्ने छौ भनी आश्वाशन दिनु पर्छ
१०. फलानोको संगत गर भनी बताइदिनुपर्छ
११. फलानो विहारमा जानु हुन्छ भनी बताउनु पर्छ ।



Downloaded from http://www.dhamma.digital

तर, शिष्य सँग हाँसी हाँसी गफ गर्नु हुँदैन ।

१३. फलानो गाउँ वा ठाउँमा जानु हुन्छ भनी बताउनु पर्छ ।

१४. शिष्यहरूसँग ठुल ठुला स्वरले कुरा गर्नु हुँदैन

१५. कुनै शिष्य सिकाउने बेला पूर्णतः उत्साहपूर्वक सिकाई दिनु पर्छ

१६. अखण्डरुपले सिकाई दिनुपर्छ

१७. योग्य कुरा सिकाई दिनु पर्छ ।

१८. पूर्णरुपले सिकाई दिनुपर्छ ।

१९. आफ्नो छोरा छारी सरह नै स्नेह पूर्वक जन्म दिई राखेको सम्भनु पर्छ ।

२०. शिष्य प्रति शिक्षा दिएर ठूला मान्छे बनाउने प्रयाश गर्नुपर्छ ।

२२. शिष्य प्रति धर्म पूर्वक मैत्रीभाव राख्नु पर्छ ।

२३.. आपद कालमा शिष्यलाई छोड्नु हुँदैन

२४. शिष्य प्रति धार्मिक मैत्री भाव राख्नु पर्छ

२५. गर्नु पर्ने काममा प्रमाद हुनु हुँदैन ।

२५. बिग्रन लागेकोलाई धर्मपूर्वक बनाइ दिनु पर्छ ।[७]

ती सबै २५ गुणले विभुषित हुनुहुन्छ श्रद्धेय अश्वघोष भन्ते । पानीले पूर्ण रुपमा भरिएको ग्रागीमा पानि विचलित नभए जस्तै ज्ञानको भण्डारले भरीपूर्ण आर्दशवादी गुरु अश्वघोष भन्ते ।

उहाँको धर्मोपदेश र उहाँको लेखाई सोचाई हामीले बुझ्न सक्यौं भने हामी असल मानिस बन्न सक्ने कुरामा दुइ मत हुन सक्दैन । ❖

॥ भवतु सब्ब मङ्गल ।

७. पूर्वोक्ता पाद टिप्पनी नं १ पृ ६४

सन्दर्भ सामाग्रीहरू -


१. **बनिया तुलाधार, रीना,** धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी २५ वर्ष, प्रकाशक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौ, इ.सं १९९६

२. **शाक्य, रत्न सुन्दर** 'अनागरिक धम्मावती' इ.सं १९९२ प्रकाशक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौं

३. **तुलाधर, रीना** 'गुरु दक्षिणा' इ.सं. २०१२ प्रकाशक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाण्डौ

४. **भिक्षु संघरक्षित** 'नेपालमा बुद्ध धर्म समुन्नति लागि भिक्षु अश्वघोष महास्थविरको योगदान संघाराम विहार इ.सं २००४, प्रकाशक सत्य सन्देश प्रचारक प्रकाशक सत्य सन्देश प्रचारक प्रकाशन, काठमाण्डौ

५. **शाक्य, रत्न सुन्दर** 'अग्ग महासद्धम्म जोतिक धज, भिक्षु अश्वघोष महास्थविर', प्रकाशक युवा बौद्ध समुह काठमाण्डौ, इ.सं २००५


## बुद्ध सम्वन्धी केही जानकारीहरू –

★ उत्तर माणव नामक ब्राह्मणले भगवान्‌को शरीरमा ३२ लक्षण छ छैन जाँच गर्नलाई ७ महिनासम्म बुद्धको पीछा गरेका थिए ।

★ बुद्धको अति सुन्दर मुखमात्रै हेरिराख्ने इच्छाले वक्कलि भन्ने व्यक्ति भिक्षु बनेका थिए । बुद्धको मुखमात्रै हेरिराख्ने ज्ञान लाभ गर्न नसक्ने भिक्षु उही थिए ।

★ बुद्धले सबभन्दा बढि उपदेश जेतवन विहारमा दिनुभएको थियो । जेतवन विहार अनाथपिण्डिकले जेतराजकुमार (राजा प्रसेनजीतको छोरो) सँग १८ करोड तिरी किनेको थियो । जम्मा ५४ करोड खर्च गरी उक्त विहार बनाइएको थियो ।

★ अनाथपिण्डिक महाउपासक - दाताहरूमा अग्र । साँच्चैको नाम : सुदत्त । पिता : सुमन सेठ । पत्नी : पुण्यलक्षणा । पुत्र : काल । छोरीहरू : महासुभद्रा, चुलसुभद्र र सुमना । बासिन्दा : श्रावस्ती ।

★ राजा प्रसेनजीतले जेतवन विहार भित्र सललागर नामक घर निर्माण गरेको थियो ।

★ प्रसेनजीत - कोशल नरेश । पिता : महाकोशल । पत्नीहरू : मल्लिकादेवी, बिम्बिसारकी बहिनी, वासभखत्तिया (महानाम शाक्यकी दासी छोरी), सोमा, सकुला, उब्बिरा । छोराहरू : विडूडभ, ब्रह्मदत्त, जेतकुमार (जेतवन यसैको नामबाट नामाकरण गरिएको) आदि । छोरीहरू : सुमना, वजिरी (अजातशत्रुकी पत्नी), जीवन्ती । बहिनी : कोशलदेवी (बिम्बिसारकी पत्नी) ।

*(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

# बलिरहेको आगो

✍ दीना कंसाकार

आगोको स्वभाव पोल्नु हो। हामी जति जति आगोसँगै बस्छौं त्यति त्यति हामीलाई पोल्छ । आगोले पोले पछि हामीलाई चिसो खोज्न जानुपर्ने हुन्छ । भगवान् बुद्धले भन्नुभयो हामीले धारणा गरिराखेको पञ्चस्कन्ध र त्यसबाट हुने स्पर्श, विज्ञान र वेदनाले जलाइरहन्छ । त्यस जलि-रहेको क्लेशलाई शीतल गर्ने नै आर्य अष्टाङ्गिक मार्ग हो। यस सन्दर्भमा भगवान् बुद्धले जटिल काश्यपहरूलाई देशना गर्नुभएको **आदित्त परियाय सुत्त** अध्ययन गर्न योग्य छ।

सर्वप्रथम भगवान् बुद्धले पञ्चभद्र वर्गीयहरूलाई धर्मोपदेश गर्नुभयो। त्यसपछि यशकुमार लगायत उनका ५४ जना साथीहरूलाई धर्मोपदेश दिनुभयो। त्यस उप्रान्त यस लोकमा पाँच भद्रवर्गीय र ५५ गरी जम्मा ६० जना अर्हत भए। ती ६० जना भिक्षुहरूलाई बुद्धले ठाउँ ठाउँमा गई धर्मप्रचार गर्न निर्देशन दिनुभयो । भगवान् बुद्धले भन्नुभयो– "**चरथ भिक्खवे चारिकं बहुजन हिताय बहुजन सुखाय लोकानुकम्पाय, अत्थाय हिताय देव मनुस्सानं ।**" अर्थात् हे भिक्षुहरू बहुजनको हित सुखका लागि लोकजनको कल्याणका लागि देव र मनुष्यहरूको हितसुखका लागि चारिका गर । एकै ठाउँ नबस ।[१]

भगवान् बुद्धले जटिल काश्यपहरूलाई देशना गर्नुभएको उपदेशको सन्दर्भ कथा यहाँ जोडिन्छ। भगवान् बुद्ध भिक्षुहरूलाई चारिका गर्न आज्ञा दिनुभएपछि उहाँ स्वयं पनि लोकजनलाई धर्मको रसपान गराउँदै उरुवेलतिर लाग्नुभयो । त्यतिबेला त्यहाँ सुप्रसिद्ध भएका पाँचसय शिष्यहरूको आचार्य गुरु उरुवेल काश्यप, तीनसय शिष्यहरूको गुरु नदी काश्यप र दुईसय शिष्यहरूको गुरु गया काश्यपहरू बसेका ठाउँमा जानुभयो । किनकि जटिल दाजुभाईहरूले बुद्धको धर्मदेशना सुनेपछि अर्हत्फल प्राप्त गर्न सक्ने कुरा उहाँको करुणा दृष्टिले देख्नुभएको थियो। तर ती जटिल काश्यप दाजुभाईलाई धर्मदेशना सुन्नको लागि श्रद्धा जगाउन तीन महिना लाग्ने कुरा पनि देख्नुभयो ।[२]

त्यसै समय त्यहाँ एक विशेष महायज्ञ हुने भएको थियो। उरुवेल काश्यपले सोचे यदि यस समयमा महायज्ञ हेर्न आउने भक्तहरूले श्रमण गौतमको ऋद्धिशक्ति देखेमा आफ्नो लाभसत्कार कम हुन सक्छ। महायज्ञ हुने यस समयमा श्रमण गौतम यहाँबाट गइदिए हुन्थ्यो । उरुवेल काश्यपको मनको कुरा बुझेर भगवान् बुद्ध उत्तरकुरुमा भिक्षा माग्न अनोतप्त दहमा भोजन गर्न जानुभयो । फर्केर आउनु हुँदा उरुवेल काश्यपले भने "तपाइँको लागि भोजन यहिं व्यवस्था गरेका थियौं ।" भगवान बुद्धले भन्नुभयो "तिम्रो मनको कुरा बुझेर आएको" । उरुवेल काश्यपले सोचे श्रमण गौतमसँग त मनको कुरा पनि बुझ्ने शक्ति रहेछ । तर आफू जस्तो अर्हत् भने होइन भनी बसे । एकपल्ट भगवान् बुद्धलाई पांशकुल चीवर प्राप्त भयो । त्यो कहाँ धुने भनी विचार गर्नुभयो र देवराज इन्द्रले थाहा पाउना साथै इन्द्रले पोखरी तयार गर्नुभयो। यो देखेर उरुवेल काश्यपले श्रमण गौतम दिव्यशक्तिधारी पो रहेछ तर म जस्तो अर्हत् भने होइन भन्दै बसे । एकदिन घनघोर पानी पर्यो र भगवान् बुद्धले ऋद्धिशक्तिले त्यो पानी हटाएर चंक्रमण गर्नुभयो । उरुवेल काश्यपले अझै पनि विचार गरे म जस्तो अर्हत भने होइन ।[३]

काश्यपहरू सोच्दथे उनीहरूको आचरण नै अर्हत् आचरण हुन् । अरी(क्लेशं)लाई नाश गरिसकेका हुन् भन्ने सोच्दथे । काश्यपहरू बस्ने ठाउँमा अचिरवति नदी थियो र दाहिने तिर एउटा ठूलो पर्वत पनि थियो। त्यस ठाउँमा जटिलहरू दिउँसोको घाममा पञ्चाङ्ग तापेर बस्दथे र जाडो महिनामा अचिरवति नदीको चिसो पानीमा शरीर डुबाएर बस्दथे । सुत्नेबेलामा पनि आनन्दसँग नसुती काँढाले घोचोस् भनेर काँढा विछ्याएर सुत्दथे । स्वार्थी भयो भने क्लेश बढ्छ भनेर क्लेश कम गर्न निस्वार्थी हुनुपर्दछ भन्ने उनीहरूको बुझाई थियो। यसरी शरीरलाई कष्ट दियो भने क्लेश कम हुन्छ भन्ने उनीहरूको सोचाइ थियो।[४]

यस प्रकार मिथ्यादृष्टिमा रहेका काश्यप दाजुभाईहरूलाई बोध गर्नको निम्ति भगवान् बुद्धले त्यस ठाउँमा एक रातको लागि बास बस्न अनुरोध गर्नुभयो । उरुवेल काश्यपले भने– "मलाई त अप्ठ्यारो छैन तर

१. भिक्षु अमृतानन्द, संक्षिप्त बुद्ध जीवनी काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि, २०६३ पृ.७६
२. श्रद्धेय भन्ते प्रज्ञाश्री स्थविरको प्रवचनको आधारमा।
३. भिक्षु भदन्त सम्यक सम्बोधि प्राणपुत्र, भिक्षु कौण्डन्य, सम्यक सम्बुद्ध, काठमाडौं : सुखी होतु नेपाल २०६० पृ.२६
४. पूर्वोक्त पाद टिप्पणी नं.२



Downloaded from http://www.dhamma.digital

यहाँ एक चण्ड बिषधारी नागराजा छ ।" भगवान बुद्धले भन्नुभयो– "मलाई हानि पुऱ्याउँदैन बस्न अनुमति मात्र देऊ ।" अनुमति पाएपछि भगवान् बुद्ध त्यस नागराजा भएको अग्निशालामा जानुभयो । नागराजाले पहिले भगवान बुद्धलाई धुँवाको मुस्लोले आक्रमण गर्यो पछि आगोको फुँकारले आक्रमण गरे । भगवान् बुद्धको ऋद्धिबलले नागराजा शक्तिहीन बनाइदिए । यो देखेर उरुवेल काश्यपले सोचे– "उहाँ शक्तिशाली श्रमण हुनुहुँदो रहेछ । यदि ती श्रमण यहाँ बस्यो भने नागराजाबाट आफुहरू सुरक्षित हुनेछ ।" यस्तो ठानेर बास बस्न अनुमति दिए र तीन महिनाको लागि भोजनको पनि व्यवस्था गरिदिए ।[५]

भगवान् बुद्धले काश्यप दाजुभाइहरूले यज्ञादि होम गरेर आफ्नो क्लेश हटाउने भन्ने विचार राख्ने भएकाले उनीहरूको सुहाउँदो आदित्त परियाय सुत्त देशना गर्नुभयो ।

**"एकं समय भगवा गयायं विहरति गयासीसे सद्धिं भिक्खुसहस्स्न । तत्र खो भगवा भिक्खु आमन्तेसि" सब्ब आदित्त भिक्खवे, आदित्तं । किच्च भिक्खवे, सब्बं आदित्तं ? चक्खु भिक्खवे आदित्त, रुपं आदित्त, चक्खु विञ्ञाण आदित्त, चक्खु सम्पस्सो आदित्तो । यम्पिदं, चक्खुसम्फस्सपच्चया उप्पज्जति वेदचीतं सुखं वा दुक्ख वा अदुक्ख मसुखं वा तम्पी आदित्तं । केन आदित्तं ? रागगीना, दोसग्गीना, मोहग्गीना आदित्तं । जातीया, जराय, मरणेन, सोकेहि परिदेवेहि, दुक्खेहि, दोमनसोहि, उपायासेहि आदित्तती वंदामि इमस्मिञ्चपन वेय्याकरणस्मिं भञ्ञमाने तस्स भिक्खु सहस्सस्स अनुपादाय आसवेहि चित्तानि विमुच्चिंसूति । छट्ठं ।**[६]

भिक्षुहरू हो सबै बलिरहेछ । सबै बलि नै रहेछ । चक्षु बलि रहेछ । रुप बलिरहेछ । चक्षु विज्ञान (आँखाबाट उत्पन्न चेतना) बलिरहेछ । चक्षु स्पर्शको प्रत्ययं सुख, दुःख, अदुःख, असुख वेदना हो ती सबै बलिरहेछ ।

श्रोत बलिरहेको छ ..... घ्राण बलिरहेको छ ...... जिव्हा बलिरहेको छ ...... काया बलिरहेको छ ....... र मन बलिरहेको छ ।[७]

भगवान् बुद्धको यस किसिमको उपदेश यसरी सुनेपछि उरुवेल काश्यपले यज्ञादि होम गर्ने भनेको कुनै सार नभएको बुझी यज्ञादि होम गर्ने काम छोडे । यसबाट जन्म मरणबाट मुक्त भई निर्वाण साक्षात्कार हुदैंन भनी बुझे । अन्तमा उरुवेल काश्यपले उद्‌गार गरे "यसस्वी गौतमको ऋद्धिशक्तिलाई देखेर मेरो आफ्नो लाभसत्कार कम हुन्छ भने इर्ष्यालु र अभिमानले चुर भएका लाभबाट बञ्चित हुन्छ भनेर भगवान बुद्धलाई वन्दना गरिन ।" मेरो मनको कुरालाई बुझी भगवान बुद्धले मेरो संवेग उत्पन्न गर्नुभयो । पहिला जटिल भएर लाभसत्कार र सम्मान पाएका व्यक्ति हुँ । म त्यस लाभसत्कार छाडेर प्रव्रजित भएँ । यसरी भगवान बुद्धको उपदेश सुनेर ती १००० जना जटिल काश्यप दाजुभाइहरूको चित्त अलिप्त भएर अर्हत भए ।

यस प्रकार आदित्त परियाय सुत्त आधारमा हामीले आफूभित्र बलिरहेको सत्य बुझ्नु सक्नुपर्दछ । त्यसैले हामीमा भएको आगो बलि नै रहेछ । बाहिरको आगो बालेर भित्रको क्लेश निभेर जाँदैन । राग अग्नि,द्वेष अग्नि, मोह अग्नि जलि नै रहेछ । जन्म, जरा, मरण, शोक, बिलाप दुःख दौर्मनस्य डाह छटिपटि भनेको आगो जलिरहेको बराबर नै हो । जलिरहेको आगो निभाउन आर्य अष्टाङ्गिक मार्गको अभ्यास गर्नुपर्छ । आर्य अष्टाङ्गिक मार्ग अभ्यास गर्नेहरूको मन शान्त हुन्छ । स्मृति प्रस्थान, विपश्यना ध्यान अभ्यास गरी रह्यो भने आफूसँग भएको क्लेश कम हुँदै जान्छ । जसले यो अनित्यता सुन्छन्, देख्छन् र बुझ्छन्, उनी मुक्त हुन्छन् ।[८]

आर्य अष्टाङ्गिक मार्ग ८ वटा यस प्रकार छन् :–

**१) सम्यक दृष्टि :**

सम्यक दृष्टि भन्नाले यथार्थ रुपमा बुझ्नु अथवा ठीक विचारधारा हुनु । कर्म र कर्मफल सम्बन्धी यथार्थ ज्ञान हुनु, कुशल कर्मको कुशल फल, अकुशल कर्मको अकुशल कर्मफल हो भन्ने यर्थाथ ज्ञान हुनु । लोभ, द्वेष र मोह नै अकुशल कर्मको मूल हो । शील, समाधि, प्रज्ञा नै कुशल मूल हो, यहि नै लोकुत्तर सम्पत्ति हो । यसलाई बुझ्नु नै सम्यक दृष्टि हो । ध्यानको महत्त्वबारे ठीक धारणा राख्नु, अनित्यताबारे ठीक धारणा हुनु, क्लेश निर्मूल गर्ने मार्गबारे ठीक धारणा लिनु ।

५. पूर्वोक्त पाद टिप्पणी नं.३

६. बज्राचार्य दुण्ढ बहादुर(अनु) ,संगुक्त निकाय,ललितपूर, वीरपूर्ण पुस्तकालय, २०५५

७. बज्राचार्य प्रकाश, **मानव महा मानव**, काठमाडौं : धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि पृ.२८

८. श्रद्धेय सहायदो सुजनपिय महास्थविरको प्रवचनको आधारमा



Downloaded from http://www.dhamma.digital

**२ सम्यक संकल्प :**

काम भोगमा लिप्त नभइकन जीवन यापन गर्ने, क्रोध रहित हुने विचार, निर्दयी नहुने गरी विचार गर्नु। प्राणीहरूलाई विनाश नगर्ने, उनीहरूलाई दुःख पीडा नदिने संकल्प र सांसारिक बन्धनबाट मुक्त हने संकल्प गर्नु। मिथ्यादृष्टिलाई हटाउने, चित्तलाई ठीक विचार राख्ने र भावनाबाट निर्वाणतिर उन्मुख गर्ने संकल्पलाई सम्यक संकल्प भनिन्छ।

**३. सम्यक वचन :**

झुठो असत्य कुरा नगर्ने, चुकली कुरा नगर्ने, कठोर कडा बोलि बोल्नुबाट टाढा रहनु र अर्थहीन व्यर्थको कुरा गर्नुबाट अलग्ग रहनु, यस प्रकार वचनबाट हुने पापकर्म नगर्ने सम्यक वचन हो॥

**४. सम्यक कर्मान्त :**

सम्यक कर्मान्त भन्नाले शरीरबाट हुने कुशल कर्म हो। शरीरबाट हुने अकुशल कर्महरू जस्तै प्राणी हत्या गर्नु, चोरी गर्नु, व्यभिचार गर्नुबाट अलग्ग रहन सक्यो भने शारीरिक कर्म शुद्ध हुन्छ। त्यसैले प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नुलाई सम्यक कर्मान्त भनिन्छ।

**५. सम्यक आजीविका :**

प्रत्येक व्यक्तिले आफ्नो जीविका चलाउन केहि न केहि काम गर्नुपर्दछ चाहे त्यो नोकरी होस् या व्यवसाय। शस्त्र अस्त्रको व्यापार, बिष, मांश, मद्यको बेच विखनको व्यापारबाट टाढा रही निर्दोषपूर्वक जीविका निर्वाह गर्नेलाई सम्यक आजीविका भनिन्छ।

**६. सम्यक व्यायाम :**

सम्यक ब्यायाम भन्नाले ठीक ब्यायाम सही र सम्यक ढङ्गले प्रयत्न गर्नु, उद्योग गर्नु,कोशिश गर्नु हो। अकुशल कर्म उत्पन्न भएको पन्छाउनु सक्नु हो र कुशल कर्मको स्थिर गर्नु, बृद्धि र सम्पन्न हुने गरी उद्योग गर्नु हो।

सम्यक ब्यायाम चार प्रकारले हुन्छ -

१. जुन अकुशल उत्पन्न भइसकेको छैन, त्यो उत्पन्न नहुने गरी उद्योग गर्नु।
२. उत्पन्न हुने गरेको अकुशललाई पन्छाएर हटाउन सक्ने गरी उद्योग गर्नु।
३. जुन कुशल उत्पन्न भइसकेको छैन त्यो कुशल उत्पन्न हुने गरी उद्योग गर्नु।
४. उत्पन्न भइसकेको कुशललाई स्थिर, बृद्धि र सम्बर्धन हुने गरी उद्योग गर्नु।

**७. सम्यक स्मृति :**

शरीर, वचन र मनले कुनै अकुशल नहोस् भनी सँधै जागरुक हुनु, सजग हुनु, सतर्क हुनुलाई सम्यक स्मृति भनिन्छ। प्राणीहरूको विशुद्धको लागि शोक तथा कष्टबाट मुक्त हुनको लागि, दुःख तथा दोमनस्स नाशको लागि, ज्ञान प्राप्तिको लागि चार प्रकारका स्मृति प्रस्थान कायानुपस्स्ना (शारीरिक गतिविधिमा सतर्क हुनु), वेदनानुपस्सना (सुखद, दुःखदमा सतर्क हुनु) चितानुपस्सना (मानसिक स्थितिमा सतर्क हुनु ) र धम्मानुपस्सना (विचार धारणामा सतर्क हुनु) आदि हुन्।

**८. सम्यक समाधि :**

कुशल चित्तको एकाग्रतालाई सम्यक समाधि भनिन्छ। होशपूर्वक बसेर आफ्नो मनलाई बसमा राख्नु हो। समाधिको लागि भगवान् बुद्धले ४० प्रकारको समथ भावनाको देशना गर्नुभएको छ। विभिन्न मानिसको चरित्र हेरी, समय अनुसार यस विधि प्रयोग गर्ने कर्मस्थानको देशना गर्नुभएको। जस्तै :

१) राग चरित्रको लागि अशुभ भावना
२) द्वेष चरित्रको लागि मैत्री भावना
३) विर्तक, मोह चरित्रको लागि आनापाना स्मृति भावना
४) अहंकारी चरित्रको लागि अनित्य संज्ञाको भावना

समाधिबाट हामीलाई के के फाइदा हुन्छ –

१) चित्त एकाग्र हुन्छ।
२) चित्त आफ्नो वशमा राख्न सकिन्छ।
३) चित्त शुद्ध हुन्छ।
४) मनको विकार हटेर जान्छ।
५) विपश्यना भावनाबाट पुरानो क्लेश धर्म सबै हटेर जान्छ। जन्म जरा व्याधि मरणबाट मुक्त भएर निर्वाण साक्षात्कार हुन्छ।[९]

भगवान् बुद्धले देशना गर्नु भएको लौकिक धर्म र लोकुत्तर धर्म पालन गर्न, चित्त शुद्ध गर्न ध्यान भावना गर्नु पर्दछ। लोकुत्तर धर्म पालन गर्न सकेको खण्डमा निर्वाण प्राप्त गर्न सक्दछ। हामीले सफल जीवनको लागि पाप कर्म नगरी कुशल कर्म गरेर मात्र पुग्दैन हामीले आ-आफ्नो चित्त पनि परिशुद्ध गर्नु पर्दछ। शरीर, वचन, मनले सदाचारी बनी धर्म पालन गर्नु धार्मिक व्यक्तिको

९. शाक्य दोलेन्द्र रत्न, प्यगू आर्य सत्य, ललितपूर : दालेन्द्र रत्न शाक्य, चित्र रत्न शाक्य, २०६३ पृ.७६



Downloaded from http://www.dhamma.digital

परम कर्तव्य हो । जीवन सार्थक गर्नका लागि ध्यान भावनाको अभ्यास गर्न नितान्त आवश्यक छ ।

बुद्धको मूल शिक्षा भनेको चित्त शुद्ध गर्नेमा अडेको छ । आफूभित्र लुकेर बसेका खराब स्वभाव एवं आचरणहरू जुन लोभ, द्वेष र मोहले दुषित पार्दछ । यी क्लेशहरूलाई जरैबाट उखेल्नु पर्दछ । त्यसैले भगवान् बुद्धले आफूभित्र जलिरहेको आगो निभाउनको लागि विपश्यना ध्यान (स्मृतिप्रस्थान ध्यान) सिकाउनु भयो । यस ध्यान भावना विधिले शरीरलाई हेर्दै संसारको त्रिलक्षण स्वभाव (अनित्य, दु:ख र अनात्म) थाहा पाउन सकिन्छ । चतुआर्य सत्यको बुझाइले प्रज्ञा जगाई क्लेश हटाई दु:ख मुक्ति मार्गमा पुचाउँदछ । क्लेश हटाउनको लागि आठवटा आर्य मार्गहरूलाई अपनाउनुपर्दछ ।

क्लेशको तह (लोभ, द्वेष, मोह) तीन किसिमका हुन्छ –
१) वितिक्कम क्लेश २) परियुट्ठान (परियुष्ठान) क्लेश
३) अनुसय क्लेश

**१) वितिक्कम क्लेश :**

शरीर वचनबाट दुष्कर्मबाट हुने पाप हो । यो क्लेश एकदम कठोर स्वभावको हुन्छ । सबभन्दा घृणित स्वभाव भएको क्लेश हो । यो क्लेश हटाउन हामीले शील विशुद्ध गर्नुपर्दछ ।

**२) परियुट्ठान (परियुष्ठान) क्लेश :**

मनमा हुने पापकर्मलाई परियुष्ठान क्लेश भनिन्छ । मनमा सँधै द्वेष भइरहने क्लेश हो । यो क्लेश समाधिद्धारा हटाउन सकिन्छ ।

**३) अनुसय क्लेश :**

जन्म जन्मान्तरबाट आएको क्लेश हो । निर्वाण प्राप्त नभएसम्म यो क्लेश जन्म जन्मान्तर पछि आइरहन्छ । यो एक किसिमले आफ्नो मन भित्र लुकेर बसेको हुन्छ । यो क्लेश पायक पर्ने बेला उत्पन्न हुन्छ । यो क्लेश प्रज्ञाबाट मात्र हटाउन सकिन्छ ।[१०]

यसरी भगवान् बुद्धले विपश्यना (स्मृति प्रस्थान) ध्यान भावनाको माध्यमले आफ्नो मनको विभिन्न विकारहरू हटाउँदै चित्त परिशुद्ध गरी निर्वाण साक्षात्कार गर्न सकिने कुरा बताउनु भयो । प्रज्ञा बढाउनको लागि विपश्यना भावना गर्नुपर्दछ । विपश्यनाको अर्थ विशेष रुपले हेर्ने हो । आफ्नो शरीर भित्रको स्वरुपलाई आफैले हेर्ने र निरिक्षण गर्ने हो । शील पालन गरी श्वास प्रश्वासमा चित्त एकाग्र गरी काय (शरीर) र मनको यथाभूत स्वभाव र क्रियालाई निरिक्षण गर्ने हो । यसै अनुभूतिबाट अनित्य, दु:ख र अनात्मको स्वभाव थाहा पाउन सकिन्छ । यसरी यसप्रति उत्पन्न हुने आशक्तिबाट अलग्ग रहने यही नै विपश्यना हो । प्रज्ञाको अभ्यासले राग, द्वेष, काम, क्रोध, भय र आशंका आदि अकुशललाई निर्मूल पारी चित्त परिशुद्ध गर्न सकिन्छ । क्रोध लोभ, भय, इर्ष्या, अथवा अन्य कुनै पनि प्रकारका दुषित भावना हाम्रो मन भित्र उत्पन्न हुने बितिक्कै होश हटी आफूलाई संयमित गर्न नसक्ने अवस्था हुन्छ । यसरी मन (चित्त) शुद्ध गर्नको लागि ध्यान भावनाको अभ्यास नितान्त आवश्यक छ । ध्यान भावनाले आफूलाई चिन्ने आफ्ना कमजोरीहरू पत्ता लगाउन शक्ति प्रदान गर्दछ । होशियार हुन सक्यो भने हामीमा ठीक, बेठीक, सुमार्ग र कुमार्ग पत्ता लगाउने क्षमता उत्पन्न गराउँदछ । यसरी हामीले चित्त बिस्तारै शुद्ध हुँदै चञ्चलपन स्वभाव, विचलित हुने स्वभाव बिस्तारै हटाउन सकिन्छ । ध्यान भावनाको माध्यमले संसारको यथार्थ अनित्य स्वभाव बुझी मनमा बैराग भाव उत्पन्न हुन्छ । फलस्वरुप उसले लोभ, द्वेष र मोह रुपी दूषित भावनालाई जरा देखी उखेलेर फाल्न सक्दछ । यसरी चित्त शुद्ध गर्नको लागि भगवान् बुद्धले विपश्यना ध्यान गरी मनमा रहेको विभिन्न विकार फाल्ने तरिका सिकाउनु भयो । ❖

१०. अनागारिका अग्गञ्ञाणी गुरुमा, पपतित सूत्रया व्याख्या, अन्तर्राष्ट्रिय भावना केन्द्र, २०६७ पृ.१४

सन्दर्भ पुस्तक -
१) **भिक्षु अमृतानन्द,** संक्षिप्त बुद्ध जीवनी, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौं, २०३८
२) **बज्राचार्य दुण्ड बहादुर,** संयुक्त निकाय, वीर पूर्ण पुस्तक संग्रहालय, ललितपुर, २०५५
३) विपश्यना विशोधन विन्यास, संयुक्त निकायो, दतियोभागो, सलायतनवग्ग पालि,
४) **श्रद्धेय सम्यक सम्बोधि प्राणपुत्र, कोण्डन्य,** सम्यक सम्बुद्ध, सुखी होतु नेपाल, २०६०
५) **शाक्य दोलेन्द्र शाक्य,** प्यंगु आर्य सत्य, दोलेन्द्र रत्न शाक्य, चित्र रत्न शाक्य, २०६३
६) **अनागारिका अग्गञाणी (अनु),** पपतित सूत्रया व्याख्या, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, २०६७
७) श्रद्धेय सुजनपिय महास्थविरको प्रवचन आधार
८) श्रद्धेय प्रज्ञा श्री स्थविरको प्रवचन आधार



Downloaded from http://www.dhamma.digital

परिच्छेद २

# नेपालमा थेरवाद बुद्धधर्म

✍ अनिता मानन्धर

**२.१. पृष्ठभूमि –**

सिद्धार्थ बोधिसत्त्वको जन्म लुम्बिनी बगैचामा ई.पू. ५६३ वैशाख पूर्णिमाको दिन भएको थियो । उनमा बिरक्त भाव उत्पन्न भई राजकुमार सिद्धार्थले उनन्तिस वर्षको उमेरमा कपिलवस्तु राजदरवार, आमाबुबा, पत्नी यशोधरा र पुत्र राहुललाई समेत त्याग गरी महाभिनिष्क्रमण गर्नु भयो । ६ वर्षसम्मको दुष्कर तपस्यापछि बोधगयाको बोधिवृक्षमुनि बोधिज्ञान प्राप्त गर्नु भयो । त्यसपछि ४५ वर्षसम्म उहाँले गाउँ शहर निगम चारिका गर्नु भई धर्म प्रचार गर्नु भयो । ८० वर्षको उमेरमा उहाँ कुशीनगरमा महापरिनिर्वाण हुनु भयो ।

भगवान बुद्धले व्याख्या गर्नुभएको बुद्धधर्म आज संसारभर प्रख्यात छ । उहाँको बुद्धधर्म उहाँकै जन्मभूमि नेपालमा कसरी प्रचारित र प्रसारित भएको छ भन्ने चर्चा यस लेखमा गर्न खोजिएको छ । यस लेखले स्वयम् बौद्धहरू र अन्यलाई पनि संक्षिप्तमा नेपालमा थेरवाद बुद्धधर्म कसरी प्रचार भएको छ, कुन कालखण्डमा यसले राज्यबाट संरक्षण पायो, कहिले यसको ह्रास भयो र हाल यसको अवस्था कस्तो छ भन्ने व्याख्या गरिएको छ । यसलेखले बुद्धधर्मका विद्यार्थीहरूलाई थेरवाद बुद्धधर्मको विस्तृत इतिहास अध्ययन गर्नलाई पनि मद्दत पुग्ने विश्वास गरिन्छ । यस लेखका लागि विभिन्न लेखकहरूका बुद्धधर्मका र इतिहास सम्बन्धी लेख एवं पुस्तकहरूको सन्दर्भ सहयोग लिइएको छ ।

**२.२. नेपाल उपत्यकामा बुद्धधर्म –**

काठमाडौं उपत्यकालाई नेपाल भाषामा स्वनिगः नेपाः गाः नेपाल उपत्यका पनि भनिन्छ। शाक्यमुनी बुद्ध पूर्व नै नेपाल उपत्यकामा बुद्ध धर्म प्रचार भएको कुरा स्वयम्भूपुराणले उल्लेख गरेका छन् भने नेपालका अन्य वंशावलीहरूले पनि शाक्य मुनि बुद्ध स्वयं नेपाल उपत्यका आउनु भएको चर्चा गरेका छन् । नेपालका केही वंशावलीले यहाँ गोपाल, महिषपाल र किरात वंशका राजाहरूले क्रमशः राज्य गरेको वर्णन पनि गरेका छन् । डानियल राइटको वंशावली अनुसार सातौं किराँती राजा जितेदस्तीको पालामा गौतम बुद्ध नेपाल उपत्यकामा आउनु भएको थियो । तेह्र सय पचास (१३५०) शिष्यहरू सहित स्वयम्भू र मञ्जुश्री चैत्यमा गई गोपुच्छ चैत्यमा जानु भयो । त्यस पश्चात् उहाँ गुहेश्वरी र नमो बुद्धमा जानु भयो । त्यस्तै कोशल राजा विडूडभले कपिलवस्तुमा शाक्यहरूलाई आक्रमण गरे पछि थुप्रै शाक्यहरू नोपाल उपत्यकामा भागेर आएका थिए । यही क्रममा भिक्षु आनन्द पनि आफ्ना आफन्तहरूलाई भेट्न उपत्यकामा आएको र उनको खुट्टा हिउँले खाएको कुरा मूल सर्वास्तिवाद विनय उल्लेख भएको कुरा पनि भिक्षु सुदर्शनले उल्लेख गर्नु भएको छ ।[१]

शाक्यमुनि बुद्ध नेपाल आएको कुरा पनि श्रद्धाभिव्यक्ति बाहेक ठोस प्रमाण देखिंदैन । जहाँसम्म मूलसर्वास्तिवाद विनयको कुरा छ भिक्षु आनन्द नेपाल आउनु असम्भब देखिंदैन । बुद्धकालीन कपिलवस्तु वर्तमान नेपालको भूभागमा परेकोले बुद्धकालमै नेपालको कपिलवस्तुमा बुद्धधर्म प्रचार भएको कुरा निर्विवाद छ ।

ईसापूर्व तेश्रो शताब्दीका भारतीय सम्राट अशोक नेपाल आउनु भएको कुरा विवादास्पद भए पनि उहाँले पठाउनु भएको धर्मदूत मण्डल हिमवंत प्रदेशमा आउनु भएको कुरा निर्विवाद छ । हिमवन्त प्रदेश अन्तगर्त नेपाल उपत्यका पनि परेकोले उहाँहरू नेपाल प्रवेश गर्नुभई साँखुको जंगलमा विहार गर्नु भयो त्यहाँ गुँ विहारको निर्माण गरी थेरवाद बुद्ध धर्मको प्रचार गरेको हुन सक्ने अनुमान गरिएको छ । भिक्षु सुदर्शन महास्थविरले भन्नु भएको छ कि जुन दिनदेखि नेपाल उपत्यकामा गुँ विहारको स्थापना भयो त्यस दिनदेखि बौद्ध सभ्यताको शुभारम्भ भयो ।[२]

१. भिक्षु कोडण्य (स.) **परियत्ति सद्धम्म कोविद प्रथम शिक्षा**, भाग ४, ललितपुरः नेपाल बौद्ध परियत्ति शिषा परिषद्, २०६२, पृ.१०९, ११२ ।

२. ऐजन पृ. १३० ।



Downloaded from http://www.dhamma.digital

साँखुको गल्लीमा फेला परेको एउटा खण्डित शिलालेखमा 'महासांघिक भिक्षु संघस्य' भन्ने शब्द उल्लेख भएबाट त्यस भेकमा धेरै पहिलेदेखि महासांघिक भिक्षुहरू पनि रहेको देखिन्छ । साँखुको गुँ विहारको नामकरण पनि किराँतकालीन भाषा परिवारबाट भएको देखिएकोले साँखुमा बुद्ध धर्मको प्रवेश निकै पहिला भइसके को कुरा इतिहासकार धनवज्र वज्राचार्यले पनि उल्लेख गर्नु भएको छ ।[३]

**२. लिच्छविकालमा थेरवाद बुद्धधर्मको उत्थान –**

लिच्छविकालका राजा बृषदेवको समयमा बुद्ध धर्मको प्रचार प्रसार भएको कुरा अभिलेखहरूबाट देखिन्छ। जययदेवको पशुपतिस्थित अभिलेखमा "सुगतशासन पक्षपाती" भनि बृषदेवको वर्णन गरिएको छ ।[४] सुगत भन्ने नाम बुद्धको हो । सुगतशासन पक्षपाती भनेको बुद्धशासनको पक्षधर भनेको हो । यसबाट बृषदेवको बुद्ध धर्मप्रति बढी श्रद्धा भएको देखिन्छ । वंशावलीमा पनि स्वयम्भूको चैत्य आदि बौद्ध चैत्य बृषदेवको पालामा बने भन्ने उल्लेख गरेको छ ।

लिच्छविकालमा आर्य भिक्षु संघको साथै आर्य भिक्षुणी संघको पनि अस्तित्व देखिन्छ । जुन ललितपुर चपटोलको अभिलेख र काठमाडौंको मुसु वहालको अभिले खबाट भिक्षु संघ जस्तै भिक्षुणी संघ रहेको कुरा उल्लेख छ । मध्यकालमा भने भिक्षुणी संघको लोप भयो । यो कुरा अनुसन्धानको विषय बनेको छ ।[५]

राजा मानदेवले जस्तै राजा शिवदेव, राजा अंशुबर्माले पनि आफ्ना नाउँमा बिहारहरू बनाएका थिए। जस्तैः श्रीमान विहार, श्रीराज विहार, श्री शिवदेव विहार आदि ।अंशुबर्माको गोकर्ण गजाधर मन्दिर अभिलेखमा धर्मचक्र प्रवर्तनको प्रसिद्ध प्रतिक चक्र र दुई मृगको चिन्ह समेत भेटेको छ ।[६] यसरी लिच्छविकालमा राजा तथा प्रजाहरूले थुप्रै विहारहरू बनाएका थिए र बुद्ध धर्मको धेरै नै प्रचार भएको थियो । त्यसैले यस काल बुद्ध धर्मको स्वर्णयुग हुन पुग्यो ।

चिनीयाँ यात्री फाहियान (ई. ३९९-४१३) ले आफ्नो यात्रा विवरणमा ई. ४०५ मा कपिलवस्तुको भ्रमण गर्दा केही भिक्षु र सर्वसाधारण मानिसहरू मात्र थिए । भिक्षुहरूले पथ प्रदर्शकको रूपमा काम गर्दथे भन्ने कुरा उल्लेख गरेको छ । यसकारण त्यसबेलासम्म थेरवादी सम्प्रदाय लोप भएको थिएन भन्ने देखिन्छ ।

चिनीयाँ यात्री ह्वेनसाङ्ग (ई. ६२९-६४४) को यात्रा विवरण अनुसार लिच्छविकालमा थेरवादी र महासांघिक २००० भिक्षुहरू एकै ठाउँमा अध्ययन गर्दछन् भन्ने देखिन्छ। कपिलवस्तुमा हजार भन्दा बढी भत्केका बिग्रका विहारहरू र ३० जना जति स्थविरवादि भिक्षुहरू पनि देखेको थिए । यी घटनाक्रमबाट नेपालमा थेरवाद बुद्ध धर्मको परम्परा रहेको कुरा स्पष्ट हुन्छ ।[७]

आठौं र नवौं शताब्दीको पाण्डुलिपी जसलाई नेपालमा प्राप्त पाण्डुलिपी मध्ये पुरानै मानिने गुप्ताक्षरले लेखिएको ताडपत्र विनय पिटक अन्तर्गत चुल्लवग्गका केही अंश छन् । राष्ट्रिय अभिलेखालयमा सुरक्षित चारवटा सो ताडपत्रले उपत्यकामा आठौं र नवौं शताब्दीसम्म थेरवाद रहेको पुष्टि हुन्छ ।[८]

**२.४. मल्लकालमा थेरवाद बुद्धधर्मको ह्रास –**

मल्लकालीन समयलाई काल विभाजन अनुसार वि.सं. ९३७-१८३४ अर्थात् नेपाल सम्बत्को सुरुदेखि पृथ्वी नारायण शाहको एकीकरण सम्मलाई लिइएको छ। सातौं आठौं शताब्दीमा गण्डव्यूह सद्धर्म पुण्डरिक, लंकावतार, अष्टसहस्रिका, प्रज्ञापारमिता आदि नवग्रन्थका रूपमा प्रसिद्ध महायानी ग्रन्थहरू प्रचार, अध्यापन र धर्म प्रवचनको परम्परा कायम भएको थियो । यसै समयमा बज्रयान बुद्ध धर्मको पनि विकास भएको थियो । वि.सं. १२२६ (ने.सं. ३२०) मा शाक्य भिक्षु मैत्री चन्दले स्वयम्भू चैत्य जीर्णोद्वार गरेको कुरा स्वयम्भू धर्मधातु वागीश्वरको अगाडि पश्चिमतिर रहेको शीलाकुंश र पानी

३. धनबज्र बज्राचार्य, **लिच्छविकालका अभिलेख,** काठमाडौं: नेपाल र एसियाली अनुसन्धान केन्द्र, वि.सं. २०५३, पृ. ५१० ।

४. उही पाद टिप्पणी नं. ५, पृ. २०-२१ ।

५. ऐजन, पृ. ३८३ र ५०७ ।

६. भूवनलाल प्रधान, **नेपालमा बौद्धधर्म,** काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०४५, पृ. ९८ ।

७. ऐजन पृ. १०४ ।

८. भिक्षु सुदर्शन, **बौद्ध संस्कृति,** काठमाडौं: नगर मण्डप श्रीकीर्ति विहार, वि.सं. २०५५, पृ. १३३ ।



Downloaded from http://www.dhamma.digital

छान्ने कपडा अंकित बौद्ध शिलालेखबाट बौद्ध समाजमा श्रावकयानको त्यसबेलासम्म प्रभाव परेको देखिन्छ । मध्यकालीन नेपाल उपत्यकाले सामना गर्नु परेको दैवी प्रकोप तथा वैदेशिक आक्रमण आदिले गर्दा थेरवाद बुद्ध धर्मको विकासमा वाधा आउन थाल्यो ।[९]

मध्यकालमा शंकराचार्यको अतिक्रमणले ब्रम्हचर्य भिक्षुहरूलाई जबर्जस्ती विवाह गर्न लगाए, असंख्य ग्रन्थ जलाए ।[१०] त्यसपछि स्थिति मल्ल आफू राजा भई शक्तिमा आएपछि तत्कालीन नेपाली समाजलाई वर्ण व्यवस्थामा बाँधेर जातअनुसार काम तोकेर त्यसमा परिवर्तन गर्न नपाइने बन्देज लगाए । त्यसताका भिक्षुहरूलाई चीवर छोड्न लगाई गृहस्थी बनाई भिक्षुको अस्तित्व नै नरहने गरी कदम चाल्यो । यसैताका धर्म रक्षाको अर्को माध्यमको रूपमा बज्रयान बुद्ध धर्मको विकास देखिन्छ । थेरवाद बुद्ध धर्मको अवस्था मल्ल कालदेखि राणाकालसम्म आउँदा प्राय लोप भइसकेको थियो । सन् १८४६ देखि सन् १९५० सम्मको अवधिमा बुद्ध धर्मलाई राज्यबाट वर्जित गरेता पनि बुद्ध धर्मको अस्तित्व विभिन्न माध्यमबाट संरक्षित भई नै रहे ।

**२.५ नेपालमा थेरवाद बुद्ध धर्मको पुनर्जागरण –**

बुद्ध जन्मभूमि नेपाल राष्ट्रमा स्थविरवाद बुद्ध धर्मको पुनर्जागरण जहाँनिया राणा शासनको अन्त्यसँगै जगमगाएका थियो । खामदेखि पाल्नु भएका क्यान्छा लामाको उपत्यकामा आगमन, पण्डित निष्ठानन्दको प्रभावको पृष्ठभूमिसँगै भारतस्थित महाबोधि सोसाइटीको स्थापना र प्रेरणाबाट नेपालमा थेरवाद बुद्ध धर्म पूर्ण जागृत हुने अवसर सृजना भयो ।

भारतमा लोप भइसकेको बुद्ध धर्मको पुनरुद्धारक अनगारिक धम्मपालको जन्म सन् १८६४ सेप्टेम्बर १७ मा श्रीलंका राज्यमा जन्म भएको थियो । कोलोम्बोका प्रधान नायक ह्विकद्दुवे सुमंगल भन्ते अध्यक्ष, कर्णेल ओल्कोटज्यू मुख्य सल्लाहकार तथा निर्देशक र धर्मपाल महासचिव भएर बुद्ध गयामा "महाबोधी सोसाइटी" स्थापना गरियो । वि.सं. १९४८ (सन् १८९२) तिर नेपालबाट जानु भएका जगतमान बैद्यको भारतमा महाबोधी सोसाइटीको संस्थापक अनगारिक धर्मपालसँग निकै प्रभावित हुनु भयो । अनगारिक धर्मपालको सल्लाहअनुसार जगतमान बैद्यले आफ्नो नाम धर्मादित्य धर्माचार्य राख्नु भयो । वहाँले स्थविरवाद बुद्ध धर्म पुनरुत्थान गर्न ने.सं. १०४४ (बु.सं. २४६८) मा 'नेपाल बुद्धोपासक संघ' नामक एक संस्था स्थापना गर्नु भयो । वहाँ यस संस्थाको स्थापनाको तीन हप्ता पछि पुनः पाटनको इल्हाननि बहालमा हिरामाया उपासिका र धनमाया उपासिकाको प्रमुखतामा 'नेपाल बुद्धोपासिका संघ' स्थापना गनु भएको थियो ।[११]

धर्मादित्यले काठमाडौं शहरको पश्चिम स्वयम्भू किन्दोल स्थित कीर्तन महाविहार (किन्द्वः बहा) हाल किण्डोल विहार जीर्ण अवस्थामा पुगेको र त्यहाँका बुद्धमूर्तिसहित अग्रश्रावक सारिपुत्र, मौदगल्यायनको मूर्तिहरू पनि यत्रतत्र छरिराखेको देख्नु भयो । यसैले वहाँले यस किन्द्धवहालाई जीर्णोद्धार गरेर स्थविरवाद बुद्ध धर्मको प्रचार प्रसारको केन्द्र बनाउनु भयो ।[१२]

वि.सं. १९८० (बु.सं. २४६९)मा नेपालमा वैशाख पूर्णिमा मनाउने कार्यको आरम्भ आफ्ना बुद्धोपासक र बुद्धोपासिकाहरूलाई बताएर बैशाख पूर्णिमाको दिन पहिलो 'बुद्ध धर्म' मासिक पत्रिका प्रकाशन भयो । यसै क्रममा वहाँले बु.सं. २४७२ (ई.सं. १९२८) को डिसेम्बर महिनामा 'अखिल भारत बौद्ध सम्मेलन' कलकत्ताको कलेज स्क्वायरस्थित धर्मराजिक विहारमा सम्पन्न गरेको थियो । यस सम्मेलनमा नेपाल र भारतका २४ वटा बौद्ध संघ संस्थाहरूले भाग लिएका थिए ।

यसैबेला तिब्बतको खाम प्रदेशबाट आउनुभयो । यसै समयमा पं. निष्ठानन्द बज्राचार्यद्वारा ललित विस्तर बुद्ध जीवनी पुस्तक नेपाल भाषामा अनुवाद गर्नु भएको थियो । उक्त पुस्तकबाट बौद्ध भजन रचना र संगीत गर्न चिकंमुगलका दालचिनी मानन्धरले प्रेमबहादुर श्रेष्ठ

९. भिक्षु कोडण्य, नेपालमा बुद्ध धर्मको प्रवेश एवं थेरवाद बुद्ध धर्म, **२५५० औं बुद्ध जयन्ती स्मारिका**, काठमाडौं : २५५० औं बुद्ध जयन्ती समारोह समिति, २०६३, पृ.५२ ।

१०. ऐजन ।

११. रत्न सुन्दर शाक्य, **बौद्ध जगतका स्मरणीय व्यक्तिहरू**, II भाग, काठमाडौंः मानदास लुमन्ति प्रकाशन, २०५०, पृ. १४९ ।

१२. ऐजन ।



Downloaded from http://www.dhamma.digital

(महाप्रज्ञा) लाई दिनुभयो । वहाँलाई त्यस पुस्तकबाट बुद्ध धर्म सम्बन्धी सामान्य जानकारी प्राप्त भयो । बौद्ध भजनहरू लेख्नुभयो । वहाँ विशेषत क्यान्छा लामाले धर्म देशना गर्नु भएको "चार रत्न" को व्याख्यानबाट प्रभावित भई गृह त्याग गर्नु भएको थियो ।[१३] वहाँ एक अबौद्ध (हिन्दु) कुलका भएतापनि बुद्ध धर्मबाट प्रभावित हुनु भएको फलस्वरूप 'केरुङ्ग' सम्म पनि जानु भई घैंलु (महायानी भिक्षु) हुनु भएको थियो । वहाँ समेत पाँचजना नेवार युवकहरू घैंलु भए ।

उनीहरू घैंलु भएको केही समयपछि नै उनीहरूलाई तत्कालीन कट्टर पुरोहितवादि ब्राह्मणहरूको चुक्लीमा र णा सरकारबाट देश निकाला गरिदिए । महाप्रज्ञा घैंलु (महायानी भिक्षु) बुद्धको परिनिर्वाण स्थल कुशीनगरमा पुग्नु भयो र त्यहाँ उ. चन्द्रमणी महास्थविरबाट पुन स्थविरवादि श्रामणेर सन् १९२८ हुनु भयो । तिब्बतमा औषधि उपचार गर्न गएका इतुं वहाःका बैद्य कुलमान सिंह वि.सं. १९८४ मा धीले छुत्यान (कर्मशील) नाउँबाट घैंलु भए । कर्मशील बौद्ध तीर्थयात्राको क्रममा कुशीनगर पुग्नु भयो र भदन्त उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा सन् १९३० मा स्थविरवादि नियम अनुसार श्रामणेर हुनु भयो । अनि महाप्रज्ञाले नै उहाँलाई नेपाल उपत्यका रक्सौलसम्म पुऱ्याइ पनि दिनु भयो ।

स्थविरवादको इतिहासमा सर्वप्रथम काठमाडौं उपत्यकामा प्रवेश गर्ने श्रामणेरको रूपमा कर्मशील (भिक्षु प्रज्ञानन्द) प्रवेश गर्नु भयो । सर्वप्रथम वहाँ छ्वदोँल (आद्येश्वर) मा बस्नु भयो । पछि वान्हा साहु (धर्मालोक महास्थविर) को निमन्त्रणा अनुसार किन्दोल विहारमा बस्नु भयो । पहिलो थेरवादी भिक्षु महाप्रज्ञा सन् १९३७ (वि.सं. १९९३) तिर धर्मप्रचारको लागि भोजपुरमा जानु भएको थियो । त्यसबेला सन् १९३६ अगष्ट २ का दिन श्रामणेर अमृतानन्द हुनु भएका श्री अमृतानन्द पनि भोजपुरमा आइरहनु भएको थियो । उहाँले यहाँ बुद्ध धर्मको प्रचार प्रसार भइरहेको कुरा सुनेर त्यहाँका बडा हाकिमले महाप्रज्ञालाई पहिले देश निकाला गरेका व्यक्ति फेरि नेपाल प्रवेश गरेको निहुँले भोजपुरको जेलमा थुनियो । श्रामणेर अमृतानन्द पनि आफ्नो गुरुसँगै जेलमा बसे । केही समयपछि महाप्रज्ञा र श्रामणेर अमृतानन्दलाई देश निकाला गरियो । त्यसबेला श्री ३ जुद्ध शमशेरको शासनकाल थियो ।

शाक्यकुलका युवकहरू पनि धमाधम प्रव्रजित भएर श्रीलंका र म्यानमारमा गई बुद्ध धर्म अध्ययन गर्दै थिए । नेपालमा थेरवादि भिक्षुहरूको साथै महिलाहरू पनि प्रव्रजित हुन थाले । सर्वप्रथम तीनजना महिलाहरू (१) पुण्यतारा उपासिका, (२) लछिमि उपासिका (चन्छिमि), (३) चन्द्रमाया उपासिका क्रमशः अनगारिका रत्नपाली, अनगारिका धर्मपाली, अनगारिका संघपाली हुनु भयो । पछि धर्मचारी गुरुमा, विरति, विमुखी गुरुमा,सुशीला गुरुमा, धम्मवति गुरुमा, धर्मशिला गुरुमा आदि धेरै संघर्ष गरी बुद्ध धर्म प्रचारमा लागे ।

देशमा निरंकुश राणा शासनले गर्दा जनतामा र ाजनैतिक क्रान्तिको लहर आइरहेको बेलामा किण्डोल विहारमा बुद्ध धर्मको पुनर्जागरणमा उत्साहित अनुयायीहरूको जमघट बढ्दै गयो ।

पाटनका श्री ३ जुद्ध शमशेरले भिक्षु र श्रामणेर हरूलाई वि.सं. २००१ साल श्रावण १५ गतेका दिन देश निकाला गरियो ।[१४] निस्कासनमा परेका भिक्षु तथा श्रामणेरहरू हुन्- (१) भिक्षु प्रज्ञानन्द, (२) भिक्षु धर्मालो क, (३) भिक्षु सुबोधानन्द, (४) भिक्षु प्रज्ञारश्मि, (५) श्रामणेर कुमार, (६) श्रामणेर रत्नज्योती, (७) श्रामणेर प्रज्ञारश, (८) श्रामणेर अग्गधम्म ।[१५]

स्थविरवादी भिक्षु तथा श्रामणेरहरूको देश निकालाबाट अन्तर्राष्ट्रिय जगतमा ठूलो हलचल मच्चियो । भिक्षु अमृतानन्दले भारतमा भएका समस्त बौद्ध संघ संस्थाहरूसँग नेपाली भिक्षुहरूको देश निकालाको विरुद्ध आवाज उठाउन अपिल गरे । तर श्री ३ जुद्ध शमशरको सरकारले भिक्षुहरूलाई नेपाल फर्कन त सक्ने तर धर्म

१३. बौद्धर्षि महाप्रज्ञा, **महाप्रज्ञाको आत्मकथा** (पहिलो खण्ड), काठमाडौंः उपासक, उपासिका, बौद्धऋषि महाप्रज्ञा आश्रम, वि.सं. २०६९, पृ. १३-१४ ।

१४. रत्नसुन्दर शाक्य, **बौद्ध जगत्का स्मरणीय व्यक्तिहरू** (भाग तीन), भक्तपुरः वजिरत्राणी लुमन्ती प्रकाशन, बौद्ध समकृत विहार, वि.सं. २०५७, पृ. १७४ ।

१५. आर.बी. बन्ध, **संघनायक भदन्त प्रज्ञानन्द महास्थविर या जीवनी**, काठमाडौंः साहु तेजरत्न तुलाधर, असन, वि.सं. २०३२, पृ. १७१ ।



Downloaded from http://www.dhamma.digital

प्रचार गर्न नपाउने जवाफ दिएका थिए । भिक्षु अमृतानन्दको अथक प्रयासबाट श्रीलंकाका भिक्षु नारद महास्थविरको नेतृत्वमा ५ सदस्यीय श्रीलंकाली शिष्ट मण्डल नेपाल ल्याउन सफल भए । त्यसबेला पद्म शमशेरको राज्यकाल थियो । भिक्षु अमृतानन्दको प्रयासबाट बृद्ध भिक्षु धर्मालोक एकजनालाई नेपालमा भित्राउने अनुमति पाए । भिक्षु धर्मालोक सन् १९४६ जुनमा नेपाल फर्कनु भयो । श्रीलंकाका भिक्षु नारद नेपालमा पटक पटक आउनु भएर थेरवाद बुद्ध शासनको पुनरुत्थान गर्नमा उनले धेरै योगदान दिनु भएको थियो ।

ई.सं. १९५१ फेब्रुअरीमा श्रीलंकाका भिक्षुद्वय मद्दिहे पञ्ञासिंह र ञानरतन महास्थविरका साथमा भिक्षु अमृतानन्दले नारायणहिटी राजदरबारमा राजा त्रिभुवनसँग भेट गर्नु भएपछि वहाँहरूले मौसुफ सरकारको सु-स्वास्थ्यको कामना गरी परित्राण गर्नु भएको थियो । परित्राण पाठपछि मौसुफ सरकारको बाहुलीमा भिक्षु अमृतानन्दले परित्राण सूत्र धागो बाँधिदिएका थिए । त्यसबेलादेखि राजा त्रिभुवनसँग भिक्षु अमृतानन्दको सौहाद्रपूर्ण मैत्री सम्बन्ध थियो ।[१६] बुद्धका अग्रश्रावक सारिपुत्र र महामौद्‌गल्यायन महास्थविरहरूको पवित्र अस्थिधातु नेपालमा भित्राएर श्रद्धाका साथ राजा त्रिभुवनले लिएका थिए । ३१ टोपको सलामी दिई राजकीय सम्मान दिएको थियो । ई.सं. १९५१ मा अखिल नेपाल भिक्षु महासंघको स्थापना पनि भएको थियो । त्यसैगरी वि.सं. २००८ साल फागुन ७ गतेका दिन राजा महेन्द्रबाट बैशाख पूर्णिमाका दिन हिंसा बन्द गर्ने घोषणा गर्नु भयो ।[१७]

वि.सं. २०१३ साल (सन् १९५६) नोभेम्बर महिनाको चतुर्थ विश्व बौद्ध सम्मेलन सम्पन्न भएको थियो। यस बौद्ध सम्मेलनबाट अन्तर्राष्ट्रिय जगतमा बुद्धको जन्मभूमि देश विदेशबाट भ्रमणको लागि निमन्त्रणा आउन थाल्यो। विश्व बौद्ध भातृत्व संघको १५ औं सम्मेलन सन् १९८६ नोभेम्बर २७ देखि डिसेम्बर २ तारिखसम्म सम्पन्न गराएको थियो । ४२ राष्ट्रले भाग लिएको टुँडिखेलमा सम्पन्न गरेको थियो । लुम्बिनीमा २५०० औं बुद्ध जयन्तीको उपलक्ष्यमा श्री ५ को सरकारबाट नव निर्माणको कार्य सम्पन्न भयो। यसप्रकार विभिन्न चरणमा पार भएर अहिले थेरवाद बुद्धधर्मले नेपालीहरूको सामाजिक, साँस्कृतिक, धार्मिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्न सफल भयो ।

**उपसंहार –**

इतिहासमा विभिन्न आरोह अवरोह पार गर्दै आएर नेपालमा अहिले थेरवाद बुद्धधर्म राम्रोसँग स्थापित भएको देखिन्छ । वि.सं. २०३० सालको बैशाख महिनादेखि प्रकाशनमा आएको 'आनन्दभूमि' बौद्ध मासिक पत्रिका अहिलेसम्म पनि निरन्तर रूपमा प्रकाशित भइरहेको छ। यस्तै किसिबाट अहिले धर्मकीर्ति लगायतका बौद्ध पत्रपत्रिकाहरू प्रकाशित छन् । विभिन्न रेडियो तथा टेलिभिजनमा बुद्धधर्मको ज्ञान सम्बन्धी धर्मदेशनाका कार्यक्रमहरू नियमित प्रशारण भइरहेको छ । बोधी टेलिभिजनमा सम्पुर्ण रुपमा बुद्धधर्मका कार्यक्रमहरू प्रशारण भइरहेको छ ।

काठमाडौं उपत्यकाका विभिन्न विहार तथा विद्यालयहरूकमा पनि परियत्तिका कक्षाहरू नियमित रुपमा सञ्चालनमा रहेका छन् । लुम्बिनी बौद्ध विश्व विद्यालय अन्तर्गत थेरवाद बुद्धिष्ट एकेदमीमा थेरवादमा स्नातकोत्तरसम्मको पढाइ भइरहेको छ ।

स्थविरवाद भिक्षु तथा अनागारिकाहरू नेपालका धार्मिक, साहित्यिक, सामाजिक, सांस्कृतिक विकास कार्यमा सरिक भएर थेरवाद बुद्ध धर्मको व्यापक प्रचार प्रसारको कार्यमा लागेका छन्। उपासक उपासिकाहरूले पनि यथाशक्य नेपालको बुद्धशासनलाई चीरस्थायी बनाउन महत्त्वपूर्ण भूमिका निभाउँदै आइरहनुभएको देखिन्छ । ❖

---

१६. भिक्षु अमृतानन्द, **नेपालमा थेरवाद बुद्धधर्मको संक्षिप्त इतिहास**, काठमाडौंः आनन्दकुटी विहार गुठी, स्वयम्भू, आनन्दकुटी, वि.सं. २०३८, पृ. ६-७।

१७. ऐजन, पृ.७।

- **"दिव्यलोक र मनुष्यलोकको काम भोगको इच्छालाई समूल नष्ट गरें । संसारमा जन्म लिनुबाट अलग्गिएँ । अब मैले पुनर्जन्म लिनु पर्दैन ।" – उत्तरा थेरी**



Downloaded from http://www.dhamma.digital

# चतुपरिषद् (चार परिषद्)

✍ इन्द्र कुमार नकर्मी
स्नाकोत्तर, थेरवाद बुद्धिष्ट एकेदमी

"हे मार ! जबसम्म मेरो शासनमा धर्म बुझेका धर्मधर तथा शासनधर भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू एकसेएक समर्थवान हुँदैनन् त्यसबेलासम्म म परिनिर्वाण हुँदिन ।"[१] पटक पटक भगवानबुद्धलाई परिनिर्वाण हुन आग्रह गर्न आएमा मारलाई यसरी स्पष्ट जवाफ दिनु भएकोले बुद्धले आफ्नो शासनमा महिला र पुरुषलाई एउटै स्तरमा राख्नु भएको कुराको पुष्टि गर्दछ ।

"गाडीका चार पाङग्राहरू जस्तै बुद्धशासनमा चार परिषद्हरू छन्– भिक्षु, भिक्षुणी, उपासक र उपासिका ।"[२] भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूलाई एउटै नामले भन्नुपर्दा चतुपरिषद् भन्ने गरिन्छ । "घर छाडी त्यागी बन्नुलाई प्रव्रजित हुनु भनिन्छ ।"[३] प्रव्रजित ६ प्रकारका (भिक्षु, भिक्षुणी, श्रामणेर, श्रामणेरी, ऋषि, ऋषिणी) छन् । "बीस वर्षको उमेरमा उपसम्पदा गरिसकेपछि भिक्षु बन्छ ।"[४] बहुजन हित र बहुजन सुखको लागि निर्वाण सुखको रसपान सत्वप्राणीहरूलाई गराउने कार्यमा भिक्षु र भिक्षुणी एउटा रथको अगाडिको पाङग्रा सरह हुन् भने उपासक र उपासिकाहरूलाई पछाडिको पाङ्ग्राको रूपमा व्याख्या गर्नुभएको छ ।

**(क) भिक्खु (भिक्षु) –**

ई. पू. ५२८ मा बैशाख पूर्णिमाको दिनमा भारतको गयामा भगवानबुद्धले बुद्धत्व प्राप्त गर्नुभयो । असार पूर्णिमाको दिन पहिला आफूलाई सेवा गरेका पाँचजना प्रव्रजितहरूलाई सर्वप्रथम धर्मको रसपान गराउने उद्देश्यले 'धर्मचक्र प्रवर्तन सूत्र' (प्रथम उपदेश) देशना गर्नुभयो । अनित्य (नित्य नभएको), दुक्ख (दुःख) र अनात्म (आफ्नो केहि नभएको) र चार आर्यसत्यबारे सुनेर ती पाँचजनाको धर्मचक्षु (ज्ञानको आँखा) उत्पन्न भयो । जीवनको यथार्थता अवबोध भएपछि पाँचजना शिष्यहरू बुद्धको शरणमा गए । बुद्धले आफू समेत छजना भिक्षुहरू भएपछि भिक्षुसंघको शुरुवाट गर्नुभयो । "भिक्षुसंघको स्थापना भारतस्थित सारनाथमा प्रथम उपदेशपछि भएको थियो ।"[५] सो उपदेश सुनेर यी पाँचजनामध्ये सवभन्दा जेठो कोण्डन्यले सवभन्दा पहिले बुझे । क्रमशः अरु चारजनाले पनि बुझे । यी पाँचजना जसलाई 'पञ्चभद्रवग्गी' भन्ने गरीयो उनीहरूमध्ये मा पनि कौण्डन्य बुद्धशासनमा पहिलो भिक्षु थिए ।

चार परिषद्हरूमध्ये पहिलो परिषद् 'भिक्षु' हो । भिक्षु भन्नाले गृहत्याग गरी बुद्धशासनमा प्रव्रजित भएका पुरुष व्यक्तिलाई बुझिन्छ । उहाँहरूलाई 'भन्ते' भनेर आदरपूर्वक सम्बोधन गरीन्छ । भिक्षुको वाहिरी स्वरुपलाई सरसरति नियाल्ने हो भने गृहत्याग गरी काषायवस्त्र (चीवर) धारण गरी केश, जुङ्गा, दाह्रि खौरेर पिण्डपात्र धारण गरी इन्द्रियलाई संयमित पारीएको पुरुष व्यक्ति देखिन्छ । भगवानबुद्धले '**संसार भयं इक्खती**'**ति भिक्खू**' भनिएको छ ।[६] संसारलाई भय देख्ने व्यक्तिलाई भिक्षु भनिन्छ । माया मोह रूपि संसार चक्रदेखि भयभित भएर आफ्नो जीवन शील, समाधि र प्रज्ञा अनुसार व्यतित गर्न प्रव्रजित भई दुःखबाट मुक्त हुने मार्गमा अग्रसर हुन आएका व्यक्ति हुन् । गृहत्याग गरीन्दैमा भिक्षु कहलिन्दैन किनभने बुद्धको समकालमा पनि अन्य धर्मावलम्वीका अनुयायीहरूमा परिव्राजक (गृहत्यागी साधु) र परिव्राजिकाहरू (गृहत्यागी साधुनी) थिए ।

**(ख) भिक्खुनी (भिक्षुणी) –**

चार परिषद्हरूमध्ये दोश्रो परिषद् 'भिक्षुणी' हो । भिक्षुणी भन्नाले गृहत्याग गरी बुद्धशासनमा प्रव्रजित भएका महिलालाई बुझिन्छ । "कपिलवस्तुका महाराज शुद्धोदनको परिनिर्वाणपछि ८० वर्षीय महारानी महाप्रजापति गौतमी कपिलवस्तुदेखि वैशाली (५१ योजन) सम्म ५०० जना राजकुमारीहरूकासाथ हिंडेर पुग्नुभयो ।"[७] महारानी भएर राजकियसुखमा जीवन बिताईरहनु भएका र अन्य भौतिक सुखमा हुर्केका राजकुमारीहरूले वैशालीसम्म पुग्दा शारीरिक रूपले अति नै कष्ट भोग्नु परेको कुरा बुद्धजीवनी अध्ययन गरी थाहा पाउन सकिन्छ । त्यसबेला समाजमा महिलाहरूलाई पुरुषहरूभन्दा बेग्लै किसिमले व्यवहार गरी विभेद गरीएको अवस्थामा महिलाहरूलाई पनि समान

१. भिक्षु अमृतानन्द, **संक्षिप्त बुद्ध जीवनी**, काठमाण्डौं । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, २०६३, पृ.१३३ ।
२. प्रकाश बज्राचार्य, **बौद्ध दर्पण**, काठमाण्डौंः बुद्ध जयन्ति समारोह समिति, धर्मकीति प्रकाशन, २०५३, पृ.२ ।
३. ऐजन पृ.३ ।
४. ऐजन पृ.३ ।
५. ऐजन पृ.१ ।
६. टि.डब्लु.राइस डेविड्स, विलियम स्टिड, **पालि इङ्लिस डिक्सनरी**, दिल्लीः मोतिलाल वनारसी दास पब्लिसर्स, इ.सं.१९९७, पृ.५०४ ।
७. प्रकाश बज्राचार्य, **द लाइफ अफ तथागत**, काठमाण्डौंः धर्मकीति पब्लिकेशन, २०७२, पृ.६५ ।



Downloaded from http://www.dhamma.digital

व्यवहार दिलाउन भिक्षुणीसंघको स्थापना गर्न महाप्रजापति गौतमीको योगदान उल्लेखनीय छ । भिक्षुसंघको ४ वर्ष पश्चात: (पाँचौं वर्षावास) मात्र भिक्षुणीसंघको स्थापना भएको थियो ।[८] बुद्धको समयमा एकसेएक धर्मगुरुहरूले समाजमा आ-आफ्नो मत अनुसार धर्म प्रचार गर्दै आउनु भएको उक्त समयमा बुद्ध नै सबभन्दा कान्छो (३५ वर्षका) धर्मगुरु थियो । भगवान बुद्ध एक मात्र नवयुवक हो जसले त्यसबेलाको सामाजिक परिस्थितिको विपरित पाईला चाल्नु भई महिलाहरूलाई पनि समान अवसर दिनुभयो। "नेपालमा थेरवादी परम्परामा प्रव्रजित भएका भिक्षुणी वा अनागारिकालाई उपासक उपासिकाहरूले आदरपूर्वक सम्बोधन गर्ने शब्द हो गुरुमां ।"[९]

**भिक्षुसंघका गुणहरू -**

भगवानबुद्धले भिक्षु वा भिक्षुणीहरूलाई सम्बोधन गर्नुहुँदा दुवैलाई 'भिक्षुहरू हो !' भनि सम्बोधन गर्नुहुन्छ । अलग्ग 'भिक्षुणीहरू हो !' भनि सम्बोधन गरीएको देखिन्दैन । त्यसैले भिक्षु भन्नाले दुवैलाई भनेको भनि बुझ्नु पर्दछ ।

बुद्धपूजा गर्दा बुद्धका ९ वटा, धर्मका ६ वटा र संघका ९ वटा गुणहरूलाई श्रद्धाभावले स्मरण गर्ने गर्दछौं । **"सुपटिपन्नो भगवतो सावकसंघो, उजुपटिपन्नो भगवतो सावकसंघो, ञायपटिपन्नो भगवतो सावकसंघो,सामीचिपटिपन्नो भगवतो सावकसंघो, यदिदं चत्तारि पुरिसयुगानि अट्ठपुरिसपुग्गला एस भगवतो सावकसंघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलिकरणीयो, अनुत्तरं पुञ्ञक्खेतं लोकस्सा'ति ।"**[१०]

"भगवान् बुद्धका श्रावकसंघहरू सुप्रतिपन्न छन् । भगवान् बुद्धकाश्रावक संघहरू ऋजुपतिपन्न छन् । भगवान् बुद्धका श्रावकसंघहरू न्यायप्रतिपन्न छन् । भगवान् बुद्धका श्रावकसंघहरू सामीचिप्रतिपन्न छन् । वहाँहरू जोडाअनुसार चारजोडा, एकएकजनाअनुसार आठजना पुद्‌गलहरू हुन् । यी तथागतका श्रावकसंघहरू आव्हानगरी बोलाउन योग्य, अतिथिको रूपमा सत्कार गर्न योग्य, दान दक्षिणा दिन योग्य, दुबै हात जोडी नमस्कार गर्न योग्य र लोकमा अतुलनीय पुण्यरूपि बीज रोप्ने खेत समान छन् ।"[११]

गृहस्थीहरूले भिक्षु/भिक्षुणीहरूको संगत गरेर दान, शील, भावनाको अभ्यास र शील, समाधि, प्रज्ञा अनुसार जीवनयापन गर्ने क्रममा लोभ, द्वेष र मोहलाई हटाई कुशलकार्य गर्ने गरीन्छ । यसरी गरेका कुशलकार्यको प्रतिफल कुनै हालतमा पनि नाश हुँदैन् । जुन दुःख मुक्तिको लागि बिउ समान भई राखेको हुन्छन् ।

भगवान बुद्धले आफ्ना शिष्यहरूलाई एक सच्चा भिक्षुमा के कस्ता गुणहरू विद्यमान हुनु पर्दछ भनेर 'महाअस्सपुर सुत्र'मा स्पष्ट रूपमा व्याख्या गर्नुभएको छ ।

(१) लज्जा र सङ्कोच भएको (२) शुद्ध काय भएको (३) शुद्ध वची भएको (४) शुद्ध मन भएको (५) शुद्ध आजीविका भएको (६) इन्द्रिय संयम भएको (७) भोजनमा मात्रा ज्ञान भएको (८) जागरणमा तत्परता भएको (९) स्मृति सम्प्रजन्य भएको (१०) नीवरण प्रहाण गर्नसक्ने (११) ध्यान लाभी हुन सक्ने (१२) अन्तमा त्रिविद्यामा पारङ्गत भएर, जन्म मरणले मुक्त रहेको अरहत्व ज्ञान प्राप्त गर्न सकेमा मात्र ऊ (भिक्षु) श्रमण हुन्छ, आर्य हुन्छ, अर्हत् हुन्छ ।[१२]

"भिक्षु हो ! सङ्घाटी धारण गर्दैमा कुनै भिक्षुलाई म भिक्षु भन्दिन ।"[१३] शील, समाधि र प्रज्ञा अनुरुप जीवनयापन गरी सदाचारपूर्वक जीवन व्यतित गरी दुःख मुक्तिमा लागेका व्यक्तिलाई मात्र सच्चा भिक्षु भन्न सुहाउँछ । "जुन भिक्षु रूप, शब्द, गन्ध, रस, फस्स उत्पन्न भएता पनि धर्मलाई जानी त्यसमा प्रसन्न पनि हुँदै, घृणा पनि गर्दैन, सति र सम्प्रजञ्ञा बढाई बस्छ, त्यस्ता भिक्षुलाई गौरव राख्न योग्य हुन्छ, दान दिन योग्य हुन्छ, नमस्कार गर्न योग्य हुन्छ ।"[१४]

**भिक्षु/भिक्षुणीको कर्तव्य -**

भिक्षु/भिक्षुणी पनि समाजका एक अभिन्न अङ्ग हुन् । घरवार त्यागी प्रव्रजित हुँदैमा तिनीहरू हाम्रो समाजबाटै अलग्ग भएका होइनन् । तिनीहरू पनि देशका नागरीक हुन् । भिक्षु/भिक्षुणीहरू सांसारीक माया, मोहबाट अलग्ग भई दुःखबाट मुक्त हुन प्रव्रजित भए तापनि उपासक उपासिकाहरूमा आत्मनिर्भर छन् । उपासक उपासिकाहरूले दिने दानबाट नै आफ्नो जीवन निर्वाह गर्ने गर्दछ । फलस्वरुप ती उपासकोपासिकाहरूलाई जीवन सुधार्न गर्नुपर्ने व्यवहारिक कुराहरू बताई सदाचारपूर्वक जीवनयापन गराई उत्कृष्ट समाज निर्माण गर्नमा अग्रसर भएको

८. प्रकाश बज्राचार्य, **बुद्ध र बुद्धपछि**, काठमाण्डौंः धर्मकीति प्रकाशन, २०६४, पृ. १५ ।

९. रीना तुलाधर (सं), **नेपालमा थेरवाद - बुद्धधर्म एक अध्ययन**, काठमाण्डौंः नेपाल प्रज्ञा-प्रतिष्ठान, २०७२, पृ.१०८ ।

१०. भिक्षु शीलभद्र, **परियत्ति शिक्षा (भाग - १, २, ३)**, ललितपुरः नेपाल बौद्ध परियत्ति समिति, २०५६, पृ.८४ ।

११. पूर्वोक्त पाद टिप्पणी नं. १२ पृ.४३ ।

१२. बासुदेव देशार 'कोविद' (अनु/सं), **त्रिपिटक प्रवेश**, ललितपुरः विपुल दर्शन उदास, श्रेषा शाक्य, २०७०, पृ.५९ ।

१३. दुण्डबहादुर वज्राचार्य (अनु. तथा सं), चूलअस्सपुर सुत्र, **मज्झिमनिकाय**, ललितपुरः पवित्रबहादुर वज्राचार्य र अन्य, २०५७, पृ.२५२ ।

१४. पूर्वोक्त पाद टिप्पणी नं. १२, पृ. १३९ ।



Downloaded from http://www.dhamma.digital

देखिन्छ। अझ त बुद्धशिक्षा अनुरुप जीवनयापन गर्न लगाई दुःख मुक्तिको मार्ग अवलम्बन गर्न लगाई निर्वाण सुखको अनुभुति गराउन प्रेरणा दिनु हो ।

**उपासक, उपासिका प्रति कर्तव्यहरू –**

१) बुद्धशिक्षाबारे उपदेश दिई शील, समाधि र प्रज्ञा वृद्धि हुने कार्यमा प्रोत्साहन गर्ने ।

२) कुशल कार्यहरूबारे बताई दश पुण्य कर्म (दान दिनु, शील पालन गर्नु, ध्यान भावना गर्नु, मान्नुपर्ने व्यक्तिलाई सम्मान गर्नु, मान्नुपर्ने व्यक्तिको सेवा गर्नु, पुण्य दान दिनु, अरुले गरेको पुण्यमा हर्षित हुनु, धर्म उपदेश सुन्नु, धर्मका कुरा अरुलाई भन्नु, अन्धविश्वासबाट टाढा रहनु) गर्नमा उन्मुख गर्ने। आफ्ना दिवंगत ज्ञातिबन्धुहरूको नाममा पुण्य गरी पुण्यानुमोदन गर्न लगाई कृतज्ञभाव जगाउन प्रेरणा दिने ।

३) शरीर, वचन र मनबाट गरीने दश अकुशल कर्महरूबारे बताई यसबाट हुने विपाकहरूबारे स्पष्ट पारी पापकर्म हुनबाट रोक्ने ।

४) रोगले ग्रष्ट, कुशल मङ्गल नभई मन कमजोर भई रहेको बेला परित्राण पाठ गरी दिने, मन बलियो हुने उपदेशहरू दिई आत्मबल वृद्धि गराउने ।

५) वर्तमान र भविष्य सुध्रने कुशल कार्य गर्नमा मार्ग निर्देशन दिने । पछि पश्चाताप हुने कार्यहरू हुनबाट सधैं सजग हुनुपर्ने कुरामा जोड दिने ।

६) उपासकोपासिकाहरूको श्रद्धा बिग्रन नदिन सधैं सजग हुनुका साथै झन्झन् श्रद्धा वृद्धि हुने कार्यमा लाग्नु पर्दछ ।

यसरी उपासकोपासिकाप्रति मैत्री र करुणाभाव जगाई राख्ने भिक्षु/भिक्षुणीप्रति श्रद्धाले नतमष्टक भई आदर-गौरवपूर्वक व्यवहार गरीने हुन्छ। त्यसैले भिक्षु/भिक्षुणीहरूले आफू पूर्णरुपले सक्षम हुन मेहनतकासाथ अध्ययन गर्नुकासाथै ध्यान भावना बलियो हुनु पर्दछ । धर्मदेशना राम्ररी र बुझ्ने गरी गर्न जानेन भने उक्त विहारमा उपासक उपासिकाहरू उल्लेखनीय रुपमा जाने गरेको देखिन्दैन । नियम पालनमा कट्टर, आचरण राम्रो भएमा उपासको पासिकाहरूको श्रद्धा उत्पन्न भई विहारमा आउनेको संख्या उल्लेखनीय रुपमा वृद्धि भएको देखिन्छ ।

**भिक्षु/भिक्षुणीहरूको निजी सम्पत्ति –**

भौतिक सुखबाट विरक्तिएर आध्यात्मिक सुख प्राप्तिको लागि निस्केपछि उनीहरूसँग शारीरिक सुखको लागि प्रयोग हुने वस्तु नभए तापनि बाँच्नको लागि र आफ्नो शरीर ढाक्नको लागि मात्र भनेर अन्य केहि सिमित वस्तुहरूलाई आफूसँगै राख्ने गरीन्छ। यी आठ वस्तुहरू भिक्षुहरूको व्यक्तिगत सम्पत्ति हुन्छन् जसलाई "अष्ट परिष्कार" भनिन्छ ।

१) संघाटी = दुवैपट्टि भएको चीवर

२) उत्तरासंग = एउटा मात्र भएको चीवर

३) अन्तरवासक = लुंगी

४) पात्र = फलामको (वा माटोको) पात्र

५) खुर = कपाल काट्ने छुरा

६) कायबन्धन = पटुका (पेटी)

७) परिस्सावन = पानी छान्ने कपडा

८) सूचिका = धागो (र सियो)[१५]

त्यसैले भिक्षु जीवन एक सादा जीवन हो । भिक्षु जीवनमा उताउलिपन र आदम्बरी स्वभाव भएमा शुद्धधर्म प्रचार गर्न बाढा पुग्न जान्छ भनेर एकदम दूरदर्शी भई आफ्ना शिष्यहरूलाई मार्ग निर्देशन गर्नु भएको देखिन्छ ।

**(ग) उपासक –**

चार परिषद्हरूमध्ये तेस्रो परिषद् 'उपासक' हो । बौद्ध गृहस्थी (पुरुष) लाई 'उपासक' भनेर मैत्रीपूर्वक सम्बोधन गर्ने गर्दछ। भगवानबुद्धले बुद्धत्व प्राप्त गरी ५० औं दिनमा राजायतन वृक्षमुनि आराम लिई राख्नु भएको बेलामा "तपुस्स र भल्लुक नामका दुई व्यापारी दाजुभाई उक्कलबाट मध्यदेशतिर जान आईरहेका त्यही पुगेका थिए । तिनीहरूले उहाँ भगवान्बुद्धलाई आफूसँग भएको सत्तु र मह दान गरे ।[१६] बुद्धशासनमा पहिलो द्वैवाचिक (बुद्ध र धर्मको) शरणमा जाने उपासक उनीहरू नै हुन् ।

यसरी नै प्रथम त्रिशरण (बुद्ध, धर्म र संघ) शरणमा जाने यश कुमारका बुवा थिए । आफ्नो अल्याख धन सम्पत्तिका हकवाला एकमात्र पुत्र यश कुमार आफ्नो महल र अन्यत्र पनि नभएकोले रात्रीमा नै खोजीमा हिंडेका उहाँले ऋषिपतनमा भगवान बुद्धलाई आफ्नो यश हराएकोले खोज्न हिंडेको कुरा बताउँदा भगवानबुद्धले बस्न लगाई दान कथा, आर्यसत्यबारे उपदेश दिनुहुँदा उनमा धर्म अवबोध भई त्रिशरणमा आजिवन आएको घोषणा गर्दछ । यसरी बुद्धशासनमा धर्मचक्र प्रवर्तन सूत्र देशनाको केहिदिनपछि प्रथम उपासक भएको देखिन्छ ।

**(घ) उपासिका –**

चार परिषद्हरूमध्ये चौथो परिषद् 'उपासिका'

१५. पूर्वोक्त पाद टिप्पणी नं.२, पृ.१०२ ।

१६. पूर्वोक्त पाद टिप्पणी नं.१, पृ.५५ ।



Downloaded from http://www.dhamma.digital

हो । बौद्ध गृहस्थी (महिला) लाई 'उपासिका' भनेर मैत्रीपूर्वक सम्बोधन गर्ने गर्दछ । यश कुमारको पिताले आफूले धर्मचक्षु प्राप्त गरी भगवान बुद्ध प्रमुख पञ्चभद्रवर्गीय र यश कुमारलाई आफ्नो घरमा भोजनको निमन्त्रणा गरी फर्कनु हुन्छ । निमन्त्रणा अनुसार भोजनमा आउनु भई दिनु भएको उपदेश सुनेर यश कुमारका आमा सुजाता र श्रीमतीले पनि धर्मचक्षु प्राप्त गरी त्रिशरणमा जानुहुन्छ । यसरी प्रथम उपासिकाको रुपमा दुईजनालाई लिन सकिन्छ ।

**उपासकोपासिकाहरूले गर्न नहुने व्यापार/व्यवसायहरू –**

जसरी प्राणीहरूले आफ्नो शिरमा कुनै प्रकारको नराम्रो आँच नआउने गरी सजग हुन्छ त्यसरी नै हरेक उपासकोपासिकाहरूले पञ्चशील (हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, भूठो नबोल्ने, जाँड, रक्सी नखाने) लाई विग्रन नदिन सजग हुनु पर्दछ । सम्यक तरीकाले जीवनयापन गर्नु पर्दछ। भगवान बुद्धले आफ्नो जीवनयापनको क्रममा गर्न नहुने पाँच व्यापार/व्यवसायबारे भन्नु भएको छ –

१) शस्त्र अस्त्र व्यापार गर्नु २) मान्छे र पशु व्यापार गर्नु
३) प्राणी मारेर मासु व्यापार गर्नु
४) मदिराको व्यापार गर्नु ५) विष आदिको व्यापार गर्नु[१७]

**भिक्षु/भिक्षुणी प्रति कर्तव्यहरू –**

१) उहाँहरू पुण्य रुपि बिऊ रोप्ने खेत समान हुनुहुन्छ भनि मनमा मैत्रीभाव जगाउने ।
२) आदरगौरवपूर्वक बोली वचनले कुरा गर्ने ।
३) जलपान, भोजन आदि चतुप्रत्ययको व्यवस्था गर्ने ।
४) आवश्यकतानुसार पुराना विहारको संरक्षण र सम्वर्धन गर्नुका साथै नयाँ विहार निर्माणमा पनि अग्रसर हुने ।
५) मन, वचन र कर्मले मैत्रीपूर्वक शारीरिक रुपले बल लगाउनुपर्ने र विहारको कार्यालय सम्बन्धी काम गरिदिने ।
६) विहार र जीवनको शान्ति सुरक्षा जस्ता सम्वेदनशील कुरामा ध्यान दिने ।
७) उहाँहरूले स्व-अध्ययन र ध्यान भावना अभ्यास गर्ने वातावरणमा भएका अनुकुल प्रतिकुलमा ध्यान दिने ।
८) विरामी हुँदा औषधी उपचारको व्यवस्था गर्ने । नत्र घर परिवार त्यागेर प्रव्रजित भएर पनि विरामी हुँदा, शारिरीक रुपमा अशक्त हुँदा परिवारको नै आश्रय लिनु परेमा त्यागी जीवनको साललाई कसरी लिने ? र भविष्यमा नयाँ भिक्षु/भिक्षुणीको आशा कसरी गर्ने ? भएकाहरू घट्ने तर नयाँ थप भएन भने हाम्रा सन्ततिको पुण्य क्षेत्रको बिनाश नै हुने हुन्छ ।

उहाँहरू हामीमा निर्भर हुनुहुन्छ साथै जलपान, भोजनको व्यवस्था नियमित रुपमा भई रहेको छ वा छैन भन्ने कुरामा ध्यान हुनु पर्दछ । महिनामा पाँचपल्ट (संक्रान्ति, अष्टमी-२, औंसी, पूर्णिमा) मात्र विहारमा आई बुद्धपूजामा सरीक भई दान प्रदान र शील पालन गरी बाँकी २५ दिन विहारप्रति कुनै चासो नराख्ने हो भने उक्त श्रद्धालाई बुद्धशासन प्रति अटल श्रद्धा कसरी भन्ने ? विचार गर्न योग्य छ । जलपान भोजनको व्यवस्था नभएको दिनमा के, कसरी गुजारा चलाउनु हुन्छ, आर्थिक कार्यभार, बिजुली, पानी, सञ्चार, मर्मत सम्भार आदि विहारमा जतिपनि गर्नुपर्ने कुराको व्यवस्थामा ध्यान कसले दिने ? कुनै कुनै विहारमा दायक सभा, केन्द्रिय सभा, उपासकोपासिका समूहले नै गर्ने गरेको देखिन्छ तर यस प्रकारको व्यवस्था नभएको विहारमा उपासकोपासिका नै अग्रसर हुनुपर्ने देखिन्छ ।

उपासक उपासिकाहरूको पुण्यक्षेत्रको रूपमा रहेको भिक्षु/भिक्षुणीहरूलाई यथाश्रद्धा दान दिएर आफूमा निहित लोभलाई त्यागी त्याग भावना जागृत गरी कुशल कर्म गर्न सक्दछ तसर्थ उपासकोपासिकाहरूले भिक्षु/भिक्षुणीहरूसँग नजिकको सम्बन्ध राखी उहाँहरूलाई र विहारमा चाहिने अन्य कुराहरूको व्यवस्था मिलाई भिक्षु/भिक्षुणीहरूलाई शील, समाधि र प्रज्ञा वृद्धि हुने कार्यमा मात्रै तत्पर गराउन सहयोग गरेमा यसबाट प्राप्त हुने कुशल कार्यको भागीदार पनि हुने गर्दछ ।

**अन्तमा –**

बुद्धशासन चिरस्थायी बनाउन भिक्षु र भिक्षुणी एक आपसमा सहयोग, सद्भावको खाँचो छ त्यसरी नै उपासक र उपासिकाहरू पनि सोहि अनुरुप हुनु अत्यन्त आवश्यक छ । नत्र बुद्धशासन रुपि रथलाई अगाडि बढाउन नै सक्दैन । साँच्चै बुद्ध एक कुशल धर्मगुरु हुनुहुन्छ । आफ्नो शासनलाई चिरस्थायी बनाउन चतुपरिषद् एक आपसको परिपुरक हो । एक आपसको सहयोग विना शासन रुपि रथलाई अगाडि बढाउन सकिन्दैन भनेर एक आपसको सम्बन्ध एकदम मजबुत हुनुपर्ने कुरामा जोड दिनु भएको छ । 'भाई फुटे गँवार लुटे' नहोस् भनेर चार परिषद्लाई र थको उपमा दिनु भएको एकदमै दूरदर्शी विचारको एउटा नमूना हो । एक आपसमा सन्तुलन भएन भने कुनैपनि समयमा अस्तित्त्व विहिन हुन सक्दछ । ❖

१७. पूर्वोक्त पाद टिप्पणी नं.२, पृ.४३ ।



Downloaded from http://www.dhamma.digital

# बौद्ध अर्थतन्त्र

✍ हिमेशरत्न वज्राचार्य

**परिचय –**

गौत्तम बुद्धको जन्म इसापूर्व ६२३ मा कपिलवस्तुमा भएको थियो । कपिलवस्तु आधुनिक नेपालको लुम्बिनीमा पर्छ । उनले ३६ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरेका थिए । त्यसयता उनले ४५ वर्षसम्म लगातार धर्मको प्रचार गरे । उनले अहिलेको आधुनिक उत्तरी भारत र नेपाल आफ्ना अनुयायीलाई उपदेश दिएका थिए । बुद्धले धेरै र फरक विषयमा पनि उपदेश दिए ।[1] यी उपदेश अनुयायीको प्रकृति, स्वभाव, पेसा र पृष्ठभूमिअनुसार पनि फरक फरक हुनु स्वभाविक छ ।

त्यो अनुयायीको मागमा पनि भर पर्थ्यो । जस्तो बुद्धका उपदेश राजा र शासक वर्गका लागि हुन्थ्यो भने त्यो राज्य कसरी ठीक ढंगले चलाउने भन्ने नीतिमा केन्द्रित हुन्थ्यो । व्यवसायीका लागि भने बुद्धले आफ्ना व्यवसाय कसरी नैतिक रूपमा कसरी ठीक ढंगले चलाउने भनेर उपदेश दिए । यस्तै सर्वसाधारणका लागि बुद्धले आफ्नो जीवन कसरी चलाउने भनेर पनि उपदेश दिए । यी उपदेश आर्थिक दृष्टिकोणबाट दैनिक जीवन यापन कसरी गर्ने भन्नेमा पनि केन्द्रित हुन्थ्यो ।

यसरी बुद्धले धेरै विषयमा उपदेश दिएको मान्न सकिन्छ । बौद्ध धर्मको तात्कालीन इतिहास र उपदेश समेतिएका पुस्तकलाई बौद्ध साहित्य पनि भनिन्छ । बौद्ध साहित्यको अध्ययन गर्ने हो भने धेरै व्यवसायी बुद्धका अनुयायी भएको पाइन्छ । यी व्यवसायी त्यस बेला धेरै प्रकारका बौद्ध गतिविधिमा पनि सहभागी हुनु गर्थे । उनीहरूलाई त्यति बेला सेठ भनिन्थ्यो र उनीहरूले बुद्धयुगीन समाजलाई आर्थिक दृष्टिकोणबाट व्यवस्थित रूपमा अगाडि बढाउन धेरै ठूलो भूमिका खेलेको पाइन्छ ।

हामीले बौद्ध साहित्यको अध्ययनबाट यसबारे पर्याप्त जानकारी थाहा पाउन सकिन्छ । तात्कालीन समाजमा उनीहरूको प्रभाव पनि उत्तिकै धेरै रहेको पाइन्छ, किनभने केही सेठ त्यति बेलाका राजा भन्दा पनि बढी धनी थिए । उनीहरू राज्यलाई नै सहयोग गर्थे हैसियत बोक्थे । यसरी बुद्धले यी सेठका लागि मात्र नभएर सर्वसाधारणका लागि पनि अर्थशास्त्रीय दृष्टिकोणबाट उपदेश दिएको मान्न सकिन्छ ।[2] आधुनिक समयमा यस बौद्ध शिक्षालाई आर्थिक दृष्टिकोणबाट अध्ययन र अनुसन्धान गर्ने क्रम बढ्दो रहेको छ र यो क्रम पछिल्लो समय अझ बढी सान्दर्भिक देखिएको छ ।

अर्थशास्त्रलाई धनको विज्ञान मानिन्छ । यसले धनको उत्पादन र प्रयोगबारे अध्ययन गर्छ । सन् १७७६ मा एडम स्मिथले आधुनिक अर्थशास्त्रको कोशेढुंगा पुस्तकका रूपमा 'एन इन्क्वारी इनटु द नेचर एन्ड कजेज अफ वेल्थ अफ नेसन्स' प्रकासित गरे । उनलाई अर्थ शास्त्रको पिता पनि मानिन्छ । यही पुस्तकसँगै आधुनिक अर्थशास्त्रको विकास भएको मानिन्छ । त्यसैले स्मिथलाई अर्थशास्त्रका पिता पनि मानिन्छ । यसरी आधुनिक अर्थशास्त्रको विकास सन् अठारौं शताब्दीमा मात्र भएको मान्न सकिन्छ ।[3]

त्यसयता अर्थशास्त्रबारे धेरै अध्ययन सुरु भयो र यसबारे धेरै पुस्तक पनि प्रकाशित भए । आधुनिक अर्थशास्त्रको विकास धेरै पछाडि भएपनि अर्थशास्त्रको अस्तित्व मानवीय इतिहासको सुरुआतसँगै कुनै न कुनै रूपमा जोडिदैं आएको भने मान्न सकिन्छ । मानवीय विकाससँग अर्थ कुनै न कुनै रूपमा सुरुदेखि जोडिनु स्वभाविक पनि छ । त्यति मात्र होइन, प्राचीन समयमै पनि धनको आर्जन र खर्च लगातार चलिरहेको प्रक्रियाका रूपमा रहेको हुँदा अर्थशास्त्रको स्वरूप र सिद्धान्त कुनै न कुनै रूपमा त्यति बेला पनि रहेको मान्न सकिन्छ ।

**बौद्ध अर्थतन्त्रबारे अध्ययन –**

ईएफ सुमेकर (१९११-१९७७) नाम चलेका पश्चिमेली विद्वान अर्थशास्त्री हुन् । उनी दुई दशक भन्दा लामो समय बेलायती नेसनल कोल बोर्डको आर्थिक सल्लाहकार पनि रहे । सन सत्तरीको दशकमा उनको आर्थिक सोचले इङलिस बोल्ने समुदायमा ठूलो प्रभाव

१. पीवी बापट, **बौद्ध धर्मके २५०० वर्ष**, पृष्ठ ११०

२. ....., **इम्प्लिमेन्टेसन अफ बुडिस्ट इकोनोमिक भेरटस इन नेसनल डेभलपमेन्ट,** पृष्ठ ३५

३. उही पृष्ठ ३५



Downloaded from http://www.dhamma.digital

पारेको देखिन्छ। उनको जन्म भने सन् १९११ मा जर्मनीका बनमा भएको थियो । अर्थशास्त्रको अध्ययन गरेका सुमेकरले पत्रकारका रूपमा पनि काम गरेका सिए । सन् १९७३ मा उनको प्रख्यात पुस्तक 'स्मल इज ब्युटिफुलः ए स्टडि अफ इकोनोमिक्स एज इफ पिपुल म्याटर्ड' प्रकासित भएको हो ।[४]

दोस्रो विश्व युद्धपछि प्रकाशितमध्ये सबैभन्दा प्रभावशाली सय पुस्तकको सूचीमा यसलाई पनि राखिएको छ र यसले तात्कालीन समाजलाई धेरै अर्थमा प्रभावित पार्न सफल रहेको थियो। धेरै भाषामा अनुवाद गरिएको यस पुस्तकले ईएफ समेकरलाई ठूलो ख्याति दिलाएको थियो। यस पुस्तकमा अर्थशास्त्रीय दृष्टिकोण उत्पादनमा भन्दा मानिसमा केन्द्रित रहेको छ । यस पुस्तकमा सुमेकरले मानिस धनको दास नभएर धनलाई आफ्नो दास बनाउनु पर्नेमा जोड दिइएका छन्। यस पुस्तकको एउटा मुख्य परिच्छेद बौद्ध अर्थतन्त्र रहेको छ।

बौद्ध अर्थतन्त्रबारे आधुनिक समयमा पहिलो गम्भीर अध्ययन यसै पुस्तकबाट सुरुआत भएको मानिन्छ । सुमेकरले बौद्ध अर्थतन्त्रलाई कसरी ठीक तरीकाले जीवनयापन गर्ने हो भन्नेमा जोडेका छन्। उनले धार्मिक मूल्य मान्यता र आर्थिक विकासलाई अलग नराखेर यी दुईबीच समन्वय गर्नु पर्ने मानेका छन् र यसलाई लिएर आफ्ना तर्क प्रस्तुत गरेका छन्। यी दुईको ठीक समन्वयले नै विश्वका धेरै समस्याको समाधान हुने सुमेकरको जिकिर थियो । सुमेकरले आर्थिक दृष्टिकोणबाट बौद्ध धर्मलाई हेर्ने नयाँ आयामको सुरुआत गरेको श्रेय दिइन्छ।

त्यसयता बौद्ध अर्थतन्त्रमा केन्द्रित रहेर धेरै अध्ययन भएका छन् र यसबारे धेरै पुस्तक पनि प्रकासित भएका छन्। नेपालमा पनि यस विषयमा केही महत्वपूर्ण पुस्तक प्रकासित भएका छन् । अश्वघोष महास्थविरको 'बौद्ध अर्थनीति', हरिवंह झाको 'बुद्धिस्ट इकोनोमिक्स एन्ड द मोर्डन वर्ल्ड', प्रभा त्रिपाठीको 'प्राचीन पूर्वोत्तर भारत', पीए पयुटको 'ए मिडल वे फर मार्केट प्लेस', सिन्सी इनोको 'पुटिङ बुद्धिजमको वर्क' र वीर्य खनु प्रभावनको 'बुडिस्ट इकानोमिक्स' बौद्ध अर्थतन्त्रमा केन्द्रित रहेर प्रकासित अन्य प्रमुख पुस्तक रहेका छन्। यी पुस्तकले पनि ठूलो प्रभाव छाड्न सकेको पाइन्छ।

**बौद्ध अर्थतन्त्रको आधार –**

गौत्तम बुद्धको आधारभूत शिक्षामध्ये सबैभन्दा महङ्ग्वपूर्ण चार आर्य सत्य हो । बुद्धले बुद्धत्व प्राप्त गरेयता प्रदान गरेको पहिलो उपदेशमा यो पनि पर्छ र यसलाई बौद्ध धर्मको आधार पनि मानिन्छ। यसमा दुःखको कारण के हो र दुःख हटाउने उपाधि के छ भनेर व्याख्या गरिएको छ ।[५] बुद्धत्व प्राप्ति भएको वैशाख पूर्णिमाका दिन उनले यी चार आर्यसत्यको ज्ञान प्राप्त गरेका हुन्। बुद्धले चार आर्य सत्यबारे सबैभन्दा पहिले आफ्ना अनुयायीलाई बताएका थिए । यी चार आर्य सत्य यसप्रकार छन्–

१. दुःख छ।

२. दुःखको कारण छ।

३. दुःखबाट छुटकारा पाउन सकिन्छ।

४. दुःख निरोधको बाटो छ।

दुःख निरोधको बाटोलाई अष्टाङ्गिक मार्ग भनिन्छ। यसमा आठ अङ्ग रहेका छन्। ती हुन्, सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वचन, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति र सम्यक समाधि । त्यसमध्ये सम्यक आजीविकाको अर्थ ठीक तरिकाले जीवन जिउनु भन्ने हुन्छ । अर्थात जीवन निर्वाहका लागि ठीक तरिका अवलम्बन गर्नु नै सम्यक आजीविका हो। यसका लागि कुनै न कुनै प्रकारले आर्थिक गतिविधि त गर्नु पर्ने नै हुन्छ।

यसरी सम्यक आजीविका नै बौद्ध अर्थतन्त्रको आधार रहेको मानिन्छ। बौद्ध शिक्षाले अर्थतन्त्रलाई कसरी प्रभाव पार्छ भन्ने प्रश्न महत्वपूर्ण छ। बौद्ध धर्मलाई एक थरीले जीवन जिउने अभ्यास पनि मानेका छन् । त्यसै अनुसार सम्यक आजीविका पनि पर्छ। सुमेकरले आफ्नो पुस्तकमा भनेका छन्, 'व्यवसाय त्यस्तो हुनु पर्छ, जसले व्यापारी र उपभोक्ता दुवैलाई लाभ होस्। शान्ति र सम्पति काल्पनिक हुन्, यो कति चाहिन्छ भनेर ठोकुवा गर्न मिल्दैन ।'[६]

**सम्यक आजीविका –**

'स्मल इज ब्युटिफुलः ए स्टडि अफ इकोनोमिक्स एज इफ पिपुल म्याटर्ड' मा सुमेकरले लेखेका छन्, 'बौद्ध अर्थतन्त्रको अर्थ विकासका लागि ठीक मार्ग रोज्नु

४. उही पृष्ठ ४

५. प्रकाश वज्राचार्य, **बौद्ध दर्पण**, पृष्ठ ४०

६. ...., (पूर्ववत पाटिनं २) पृष्ठ ४



Downloaded from http://www.dhamma.digital

हो । यो भौतिक आशक्ति र परम्परागत मान्यताबीचको मध्यमार्ग रोज्नु हो । छोटकरीमा ठीक जीवन यापन खोज्नु । अर्थात सम्यक आजीविका । आधुनिक अर्थशास्त्रले वास्तविक अभ्यासमा ग्रामिण अर्थतन्त्रलाई ध्वस्त गरेको छ । यसले बेरोजगारीलाई बढाएको छ ।' बुद्धले सम्यक आजीविकाबारे ब्याख्ना गर्नु नै बौद्ध अर्थतन्त्रको आधार भएको उनको विश्वास छ ।

श्रीलंकाली अर्थशास्त्री एचएनएस करुनातिलकेले पनि बौद्ध अर्थतन्त्रबारे ब्याख्या गर्ने प्रयास गरेका छन् । करुनातिलकेको अनुसार, 'बौद्ध अर्थतन्त्रको जग सामुहिक जीवनयापनमा सहकार्य र मेलमिलापपूर्ण अभ्यासको विकास नै हो । स्वार्थीपन र संग्रहवादी सोच मानिस स्वंयले हटाउन जरुरी छ ।' बौद्ध अर्थतन्त्रले मानव जातिलाई मात्र नभएर सम्पूर्ण प्राणीको दुःख हटाउन भन्छ । आधुनिक अर्थशास्त्रमा पाइने स्वार्थीपन बौद्ध अर्थशास्त्रमा हुन्न र यो बौद्ध अर्थतन्त्रको एउटा ठूलो विशेषताका रूपमा रहेको छ ।

बौद्ध अर्थशास्त्रले अरुलाई हानी गर्ने वस्तुको उत्पादन र विक्री गर्नु हुन्न भन्छ । बौद्ध अर्थतन्त्रले बजारलाई नैतिक आधारमा हेर्छ र लोककल्याणकारी राज्यमा जोड दिन्छ । पयुटले 'ए मिडल वे फर मार्केट प्लेस' मा आधुनिक अर्थशास्त्रको आलोचना गर्दै यसमा नैतिकताको कमी भएको मानेका छन् । आधुनिक अर्थशास्त्रले मानवीय भावनालाई छुने नसकको उनको दाबी रहेको छ । त्यसै कारणले आधुनिक विश्वमा असन्तुष्टि बढेको पयुट मान्छन् । बौद्ध अर्थतन्त्रले भने नैतिकतामा बढी जोड दिन्छ र यसले मानवीय भावना छुने सक्ने बढी आधार तयार हुन्छ ।

**बौद्ध अर्थतन्त्रमा आधारित देश –**

सन् २०१२ तिर संयुक्त राष्ट्र संघमा भुटानको अर्थनीति ब्यापक छलफल भएको थियो । भुटानले अंगालेको अर्थनीति ग्रस नेसनल ह्यापिनेस (जीएनएच) पछिल्लो समय खुबै बहसको विषय रहेको छ र यसबारे अहिले पनि विश्व मञ्चमा ठूलो बहस र चर्चा चल्ने गर्छ । भुटानले विश्वलाई बसहका लागि दिएको गम्भीर आर्थिक मुद्धाको विषय हो, जीएनएच । यो भुटानको आध्यात्मिक मूल्यमा आधारित थियो, जसको आधार बौद्ध धर्मका सिद्धान्त छन् । यसले पश्चिमेली विकास सूचक मानिएको ग्रस डोमेस्टिक प्रोडोक्ट (जीडीपी) लाई चुनौती दिएको थियो ।

तर्क थियो, जीडीपीले मात्र कुन देश कस्तो छ भनेर कसरी भन्न सक्छ ? भुटानले सन् सत्तरीको अन्त्यतिर तिर निकालेको यो सोच बाँकी विश्वका लागि अहिले पनि उत्तिकै सोचको विषय हुने गरेको छ । संयुक्त राष्ट्र संघ चलेका धेरै बहसपछि जीएनएच अहिले धेरै परिमार्जित रूपबाट गुज्रिसकेको छ र यसले लगभग अहिले ठोस स्वरूप लिएको छ । संयुक्त राष्ट्रसंघले यसबारे पूरा विश्वमा विभिन्न कार्यक्रम आयोजना गरेर अहिलेसम्म बहस चलाउने गर्छ । जीडीपी कुनै देश कहाँ छ भनेर नाप्ने आर्थिक औजार हो ।

यस्तै कुनै देश कति खुसी छ भनेर नाप्न सकिन्छ कि सकिँदैन ? जीएनएचले भने यस्तो दाबी गर्छ र आफ्ना देशका जनता विश्वकै सबैभन्दा खुसीमध्येका एक हुन् भनेर मान्छ । जीएनएचले खुसी नाप्ने मापनबारे आफ्नै केही सूचाकं बनाएको छ । जस्तो, अर्थ, वातारण र शारीरिक रूपमा प्राप्त हुने खुसी । यस्तै मानसिक स्वस्थता, काम गर्ने ठाउँमा शान्ति, सामाजिक चैन, अनि स्वच्छ राजनीतिक वातावरण ।[७] थाइल्यान्डले पनि लगभग यस्तै आफ्नो आर्थिक ढाँचा विकास गरेको छ । थाइल्यान्ड पनि बौद्ध धर्म अनुयायी देशका रूपमा विश्वमा प्रख्यात छ ।

त्यो हो, सफिसियन्ट इकोनोमी । यसलाई सुरुआत गर्ने थाइ राजा भुमिबोल हुन् । एक दशक अगाडि थाइल्यान्ड गम्भीर आर्थिक संकटबाट गुज्रेको थियो र त्यति बेला देशको स्थिति निकै नाजुक तथा दयनीय बनेको थियो । त्यति बेला राति सुत्दा करोडपति रहेका व्यक्ति त्यसको अर्को विहान उठ्दा गरिब माग्नेको स्थितिमा पुग्ने गम्भीर समस्याको स्थिति उत्पन्न भएको थियो । यसले स्वभाविक रूपमा तात्कालीन थाइ समाजमा नकारत्मक असर पनि पारेको थियो । थाइ अर्थतन्त्र नै 'ध्वस्त' हुने स्थितिमा पुगेको थियो । पूरा विश्व अर्थतन्त्रलाई नै प्रभाव पारेको यस स्थितिलाई 'तोम याङ कुङ क्राइसेस' भनिन्छ ।

सफिसियन्ट इकोनोमीले सोचेको समाज हो, 'मोडरेट सोसाइटी' । छोटकरीमा 'मोसो' । अहिले थाइ सरकारको आर्थिक नीति लगभग यसकै वरीपरी घुम्ने गर्छ र यसैमा आधारित रहेर अर्थनीति तय गर्ने गरिन्छ । मोसो पनि बौद्ध धर्मकै सिद्धान्तमा आधारित

७. उही पृष्ठ ८



Downloaded from http://www.dhamma.digital

छ । गौत्तम बुद्धले प्रतिवाद गरेको सिद्धान्त हो, मध्यमार्ग । न अति, न कम । बीचको बाटो राज्ने सिद्धान्त हो, यो । बौद्ध धर्मले दुई अतिवादलाई त्यागेर बीचको बाटो रोज्न सिकाउँछ ।[८] दिवंगत थाइ राजा भुमिबोल ठूला बौद्ध धर्मका अनुयायी हुन् र उनैले मोसोलाई अगाडि बढाएका हुन् ।

श्रीलंकामा पनि सुनामीले त्यहाँको अर्थतन्त्रमा ठूलो धक्का दिएपछि अहिले बौद्ध अर्थतन्त्रमै आधारित रहेर सामुदायिक कृषि, स्वास्थ्य र आवासको व्यवस्था सुरु भएको छ ।[९] दोस्रो विश्व युद्धले जापानलाई आर्थिक र सामाजिक रूपमा कमजोर बनाएपछि त्यहाँ पनि बौद्ध अर्थतन्त्रकै केन्द्रित रहेर 'सोका गाकी' सुरु भएको थियो । त्यति बेला जापानको ग्रामिण क्षेत्रमा बुद्ध धर्मको जग बलियो थियो । बौद्ध धर्मको आधारमा समाजमा सुधारको कार्यक्रम लागू गर्न सजिलो थियो ।[१०]

त्यसै कारण केही भिक्षुहरूले आर्थिक दुष्टिकोणबाट सामाजिक रूपान्तरणका लागि सोका गाकी कार्यक्रम अगाडि बढाएका थिए । सोका गाकीले जापानी माझ शिक्षामा पनि उत्तिकै जोड दिने गर्छ । यसले सामाजिक रूपमा मिलेर काम गर्न जोड दिन्छ र यसले सामाजिक मूल्य तथा मान्यता बढ्ने मान्छ । जीएनएच र सफिसियन्ट इकोनोमीबाट प्रभावित भएर धेरै देशले आफ्नै शैलीका आर्थिक ढाँचा विकास गरिरहेका छन् । त्यसमा क्यानाडा देखि लिएर युरोपका केही देश छन् ।

सन् २०१५ सम्मका लागि संयुक्त राष्ट्र संघले मिले नियम डेभलपमेन्ट गोल्ड (एमडीजीएस) तयार पारेको थियो । अहिले सस्टेनेबल डेभलपमेन्ट गोल्ड (एसडीजीएस) को पालो हो । अर्थात दिगो विकास । संयुक्त राष्ट्र संघले यसलाई सन् २०३० सम्म चलाउने नीति लिएको छ । यसका १७ बुंदा छन् । ती गरिबी, भोक, स्वास्थ्य, शिक्षा, लैगिक समानता, पानी, उर्जा र आर्थिक विकासदेखि मौसम परिवर्तन, शान्ति र न्यायसम्म केन्द्रित छन् ।[११] दिगो विकास लक्ष्यले पनि बौद्ध धर्मकै सिद्धान्तलाई कुनै न कुनै रूपमा छुने प्रयास गरेको छ ।

**निचोड –**

संयुक्त राष्ट्रसंघले दिगो विकासबारे चलाउने बहसमा भिक्षु सुगन्ध लगातार भाग लिइरहन्छन् । उनी थाइल्यान्डलाई आधार बनाएर काम गरिरहेका भिक्षु हुन् । उनी नियमित रूपमा न्युयोर्क पुगेर यसबारे छलफल गर्छन् । उनलाई ती छलफलमा विशेषज्ञका रूपमा सहभागिता गर्न लगाइने गरेको छ र उनी नीति तयार पार्न सहयोग पनि गर्छन् । उनले भुटानको जीएनएचबारे चलेका बहसमा पनि भाग लिएका थिए । पुराना थाइ राजा भुमिबोलका सबैभन्दा नजिकका सल्लाहाकारमा पर्छन, थाइ बौद्ध भिक्षुहरूका प्रमुख संघराजा सोमदेज फ्रा ञाणसंवर । भिक्षु सुगन्ध उनकै निजी सहयोगी हुन् ।

यस्तोमा राजा भुमिबोलको सफिसियन्ट इकोनोमी ढाँचा तयार पार्न भिक्षु सुगन्धको कुनै न कुनै योगदान छ । भिक्षु सुगन्ध अर्थात् अनिल शाक्य अहिले थाल्यान्डको प्रसिद्ध महामकुट बौद्ध विश्वविद्यालयको विदेश विभागका डेपुटी रेक्टर पनि हुन् । उनी विश्वका जति पनि बौद्ध विश्वविद्यालय छन्, ती सबैको संयोजनको काम पनि गर्छन् । उनी काठमाडौंमा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन भाग लिन पछिल्लो पटक नेपाल आएका थिए । त्यसै क्रममा उनले नेपालमै बौद्ध अर्थतन्त्रबारे बहस सुरु गर्ने प्रयास गरेका थिए ।

उनले नेपालमा रहँदा बहसको मुद्धा बनाउन खोजेका थिए, हाम्रो पनि किन आफ्नै आर्थिक विकासको ढाँचा हुन सक्दैन ? भुटानको जीएनएच र थाइल्यान्डको सफिसियन्ट इकोनोमी जस्तै नेपालको पनि आफ्नै मौलिक केही सिद्धान्त हुन सक्छ कि सक्दैन ? बुद्ध नेपालमा जन्मेको हो भनेर प्रचार गर्न धेरै समय खर्चने काम भएको छ । उनको प्रश्न छ, 'बुद्धले प्रतिपावद गरेका सिद्धान्त र त्यसको प्रयोगबारे चर्चा र योजना भने कहाँ छन् त ? कतै नेपाल यसैमा चुकिरहेको त छैन ?'[१२]

❖

८. उही पृष्ठ ११;     ९. उही पृष्ठ १६;     १०. उही पृष्ठ १८

११. इन्साइकोपेडिया, https://en.wikipedia.org/wiki/Sustainable_Development_Goals

१२. अन्तर्वार्ता

सन्दर्भ ग्रन्थ -

१. वीपी बापट, **बौद्ध धर्मके २५०० वर्ष**, नयाँ दिल्ली, १९९७, प्रकाशन विभाग

२. २. ....., **इम्प्लिमेन्टेसन अफ बुडिस्ट इकोनोमिक भेरटस इन नेसनल डेभलपमेन्ट**, २०१३, काठमाडौं सिनास

३. प्रकाश वज्राचार्य, **बौद्ध दर्पण**, २०६७, काठमाडौं, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी



Downloaded from http://www.dhamma.digital

# बौद्ध दृष्टिकोणमा कुशल नेतृत्त्व

✍ ललिता धाख्वा
'परियत्ति सद्धम्म कोविद'

कुनै पनि समाज, देश उत्थान वा पतन हुनुमा नेतृत्त्व वर्गको ठूलो भूमिका हुन्छ । नेतृत्त्व एउटा प्रकृया हो, जस अन्तर्गत मानिसहरूलाई वा समूहलाई लक्ष्यमा पुग्न प्रभावित गर्ने, बाटो देखाउने र अघि बढाएर लैजाने गरिन्छ ।[१] कुशल एवं प्रभावशाली नेतृत्वले देशमा शान्ति सम्वृद्धि र एकताको वातावरणसृजना गर्न सक्छ भने कमजोर नेतृत्त्वले देश, समाजलाई द्वन्द्व अस्थिर र अशान्तितर्फ डोहोऱ्याउन सक्दछ ।

सामान्य मान्यता अनुसार एक कुशल नेता दूरदर्शी, शिक्षित, प्रष्ट वक्ता, उदार, उचित निर्णय दिनसक्ने र कार्यकर्ताहरूको विश्वास जित्न सक्ने हुनुपर्दछ[२] । भगवान् बुद्धले आजभन्दा छब्बीससय वर्ष अगाडि नै नेताहरूमा हुनुपर्ने गुणहरूबारे बताउनु भएको प्रसंग उल्लेखनीय छ ।

**नेतृत्व गुण -**

एक समय भगवान् बुद्धले उपदेश सुन्न आएका कोशल राजालाई कसरी राजकाज गर्नुपर्दछ भन्ने सम्बन्धमा राजाले धर्मानुसार राज्य गर्नुपर्ने, राजा अधार्मिक भयो भने राजपुरुषहरू र जनता समेत अधार्मिक भएर आउने कुरा बताउनु भयो । भगवान् बुद्धले आफू बोधिसत्त्वको रूपमा नेतृत्व लिइरहेको पूर्वजन्मको एक समयमा वाराणशी राजालाई दश वटा राजधर्मको बारेमा उपदेश दिएको कुरा उल्लेख गर्नुभयो, जुन पाली जातक अट्ठकथाको महाहंस जातकमा उल्लेख भएको छ[३] । जुन बौद्ध क्षेत्रमा दश राज धर्म नामले प्रशिद्ध छ । यी दश गुणधर्मलाई नेताले पालन गर्न सकेमा उसको नेतृत्त्व प्रभावशाली भई धेरैलाई हित हुनसक्छ ।

**"दानं सीलं परिच्चागं, अज्जवं मद्दवं तपं ।**
**अक्कोधं अविहिंसञ्च, खन्तिञ्च अविरोधनं ॥**
**इच्चेते कुसले धम्मे, ठिते पस्सामि अत्तनि ।**
**ततो मे जायते पीति, सामनस्सञ्चनप्पकं ॥"[४]**

अर्थात्- "दान, शील, त्याग, आर्जव(धैर्यता), मृदुता, तप, अक्रोध, अविहिंसा, क्षमा र अविरोध यी कुशल धर्ममा आफू दृढ भएको कारणले मेरो मनमा प्रीति र असीम आनन्द महसूस भइरहेको छ"[५] ।

१. **दान** – भौतिक चिजवस्तु दिनु वा त्याग गर्नु नै दान हो। आफूसँग भएको चिजवस्तुमा आसक्त नभई अरुप्रति दया करुणा राखी स्वच्छन्द रूपले दिनु नै दान हो। धनसम्पत्ति आवश्यकता अनुसार प्रयोग गर्नु अर्थात् दुःखी, कमजोर वर्गलाई सहयोग गर्नु, आपत विपतको समयमा चिजवस्तु बाँड्नु नेतामा हुनुपर्ने उदारताको गुण हो ।

२. **शील** – शील भनेको नैतिक सदाचार हो । शरीर र वचनले अनर्थयुक्त काम कुरा नहुने गरी संयमित हुनु नै शील हो । भगवान् बुद्धले गृहस्थी जीवनमा ५ वटा शिक्षापद (पञ्चशील )लाई दैनिक रूपमा पालन गर्नुपर्ने न्यूनतम आचार संहिताको रूपमा जोड दिनु भएको छ । शील समाजमा प्रतिष्ठित भएर सफल र सभ्य हुने गरी आर्दश जीवन बिताउन नभइ नहुने मानवीय गुण हो । विश्सनीय नेता हुन नैतिक गुण अति आवश्यक छ ।

३. **परित्याग** – समर्पित हुनु अर्थात् अरुको हित सुखको निम्ति आफूले आवश्यकता अनुसार धन सुख सुविधा, समये इत्यादि त्याग गर्नु नै परित्याग हो । समाजमा सुख शान्ति ल्याउन यो नभई नहुने गुण हो ।

४. **अज्जव** – सीधा सोझो हुनु नै अज्जव हो । कोही मानिसमा आफूमा नभएको गुणलाई पनि भएको जस्तो गरी देखाउने बानी हुन्छ भने कोही मानिसमा आफूसँग भएको कमजोरी लुकाउने बानी हुन्छ । यस्ता बानी नभई आफू जस्तो छ त्यस्तै व्यवहारले देखाउनु नै सोझो मानिसको विशेषता हो जो गुण नेताहरूमा हुनु आवश्यक छ ।

५. **मद्दव** – विनम्र स्वभाव अर्थात् शरीरले गर्ने काम त्यस्तै बोली वचन सबैलाई मनपर्ने गरी नरम हुनु मृदुताको लक्षण हो । विनम्र स्वभाव भएको व्यक्ति सत्यको विरद्धमा कुनै किसिमको सम्झौता गर्न तयार हुँदैन ।

६. **तप** – बुद्ध शिक्षामा तपलाई विभिन्न अर्थमा प्रयोग गरिएको पाइन्छ । लोभ, द्वेष ईर्ष्या इत्यादि नराम्रा

१. सबिता धाख्वा, "**बुद्धशिक्षा र संस्थागत विकास**", बैशाख महोत्सव, ललितपुर : अङ्क ४, २५६१ औं बुद्धपूर्णिमा, ई.सं २०१७ पृ.७१ ।
२. ललिता धाख्वा, "**प्रभावशाली नेता थौंया आवश्यकता**", नेपाल भाषा टाईम्स्, काठमाण्डौ : बर्ष १, अङ्क २७२, ई.सं २०१७ ।
३. दुण्ड बहादुर बज्राचार्य (अनु), **जातक,** ललितपुरः वीर-पूर्ण पुस्तक संग्रहालय, २०११, पृ.२५६ ।
४. **जातक पालि,** ईगतपुरी : विपश्यना विशोधन विन्यास, १९९८ पृ.७१ ।
५. दुण्ड बहादुर बज्राचार्य, पादटिप्पणी ३, पृ.२५६ ।



Downloaded from http://www.dhamma.digital

अकुशल धर्महरू मनमा नआउने गरी संयमित भई मेहनत गर्नु तप हो। अर्को अर्थमा आफूसँग भएको धन सीप इत्यादि भएकोमा सन्तुष्ट हुनु पनि तप हो। त्यस्तै फजुल खर्च नगरी सरल जीवन बिताउनु पनि तप हो। यस्ता गुण भएकाले मात्र अरुको हितको निम्ति आफ्नो सुख सुविधालाई त्याग गर्न सक्दछ।

७. **क्षान्ति** – प्रतिकूल परिस्थितिसँग सामना गर्नुपर्ने अवस्थामा मन विचलित नगरी सहनु नै क्षान्ति हो। सहनु कमजोर मानसिकता होइन बरु बलियो मनस्थितिको उपज हो। यस्तो गुण नेताहरूमा हुनुपर्छ।

८. **अक्रोध** – क्रोधको विपरीत स्वभाव अर्थात् अरुप्रति मैत्रीभाव स्नेह राख्नु नै अक्रोध हो। मैत्रीपूर्वक व्यवहार गर्ने व्यक्तिलाई सबैले मनपराउँछन्। मैत्री गुणयुक्त नेताले आफ्नो अनुयायीहरूलाई राम्ररी मार्ग निर्देशन गर्नसक्छ।

९. **अविहिंसा** – हिंसा नगर्नु, प्राणीहरूलाई दुःख कष्ट नदिनु नै अविहिंसा हो। नराम्रो काममा आफ्नो शक्ति प्रयोग गर्नुहुँदैन। दुःखित प्राणीप्रति करुण राखी उनीहरूको दुःख हटाउनको लागि आफूले सक्दो प्रयास गर्नुपर्दछ।

१०. **अविरोधन** – विरोधीको रूपमा काम नगर्नु नै अविरोधन हो। समाजमा द्वन्द्वको वातावरण आउने गरी विवादास्पद, अनावश्यक कुरामा वादविवाद गर्नुहुँदैन। एक कुशल नेताले अरुको विचारलाई पनि सुन्नुपर्दछ आफ्नो विचार मात्र लाद्ने गर्नुहुँदैन।

देशमा सुख शान्ति चाहने जुनसुकै सरकारले अर्थात् नेतृत्ववर्गले यी दशवटा गुणधर्महरूलाई नीति नियमको रूपमा अपनाउन सकिन्छ। यसै सन्दर्भमा सफल नेतृतवको लागि नेतामा कस्ता गुणहरू हनु आवश्यक छ भन्ने सम्बन्धमा लोकनीतिमा यसरी उल्लेख गरिएको छ[६] –

**खमा जागरि युट्ठानं, संविभागो दयिक्खणं ।**
**नायकस्स गुणा एते, इच्छितब्बं सतं गुणं ॥**

अर्थात्- क्षमाशील हुने, जागृत रहने, कोशिस गर्ने, बराबर गरीकन बाँडिदिने, दया अनुकम्पा राख्ने, पक्षपाति नभईकन सबैलाई समान दृष्टिले हेर्ने, यी ६ वटा अगुवा हुने मानिसका गुण हुन्, यी गुण सत्पुरुषहरूले इच्छा गर्नुपर्दछ।

१. **क्षान्ति** – नेतामा हुनुपर्ने पहिलो गुण क्षान्ति हो। जस्तोसुकै कठिनाइ आएता पनि सहनशील भई धैर्यपूर्वक काम गर्नु क्षान्ति गुण हो।

२. **जागृत गुण** – नेतामा हुनुपर्ने दोस्रो गुण जागृति हो। मनुष्य भएर गर्नुपर्ने काम जस्तो आफ्नो पेशागत कार्य, सामाजिक कार्य त्यस्तै धार्मिक कार्यमा जागरूक भई लाग्नु नै जागृत गुण हो।

३. **उत्थान गुण** – मेहनती हुनु उत्थान गुण हो। अल्छीभाव त्यागेर उत्साहित भई काम गर्नु।

४. **संविभाग गुण** – विभेद रहित ढंगले समान व्यवहार गर्नु नै संविभाग गुण हो।

५. **दया गुण** – दुःखी, कमजोर, गरीब सत्वहरूप्रति दया, करुणा राख्नु नै दया गुण हो।

६. **इक्खणा गुण** – कसैले भनेको भरमा विश्वास गरी लइ लइमा लाग्ने बानी त्यागी कुनै काम कुरा ठीक, बेठीक, उचित, अनुचित भनी तर्कपूर्ण दृष्टिले विचार गर्नु नै इक्खणा गुण हो।

**नेतृत्व शैली** –

नेतृत्व शैली विभिन्न आधारमा विभिन्न प्रकारका हुन्छन्। अङ्गुत्तर निकायको आधिपतेय्य सुत्तमा उल्लेखित कुरालाई आधार मानी अधिकारका आधारमा नेतृत्व शैलीलाई ३ किसिमले व्याख्या गरिएको छ[७]।

१. **अधिपत्तेय्य** – यो सम्पूर्ण शक्ति आफैमा केन्द्रित गर्न आफूले तोकेको नीति नियम निर्णय अनुसार कार्य गर्न अनुयायीहरूलाई बाध्य गराउँछ। यो शैलीको नेता दमनकारी हुन्छ।

२. **लोकाधिपतेय्य** – यो जनतामुखी नेतृत्व हो। यस्तो नेतृत्व शैलीमा नेताले अनुयायीहरूको स्वीकृति र सहमतिलाई ध्यान दिन्छ। आफूलेभन्दा अरुबाट काम लिने गर्दछ। अनुयायीहरू बीच कुनै विवाद वा समस्या सृजना भएमा नेताले समस्या समाधानमा खासै चासो नराख्ने हुँदा अनुयायीहरू बीच झैं झगडा मनमुटाव हुने गर्दछ।

३. **धम्माधिपत्तेय्य** – यो धर्ममुखी नेतृत्व हो। नैतिकवान् हुन्छ। उसले सिद्धान्त र व्यवहारलाई राम्ररी बुझेको हुन्छ। उसले उद्देश्य र अनुयायीहरूलाई ध्यान दिन्छ। कायृकर्ताहरूमा द्वन्द्वको वातावरण सृजना भएमा आफूले उद्धार र इमान्दारी भई उत्पन्न द्वन्द्वलाई समाधान गर्न प्रयास गर्दछ। उसले धर्मलाई आधार मानी दोषीलाई दोस दिने र निर्दोषलाई प्रशंसा गर्ने गर्दछ। यी तीन नेतृत्त्व शैलीमध्ये धर्ममुखी नेताले अपनाउने

६. भिक्षु अनिरुद्ध, **लोक-नीति**, कान्तिपुर : आनन्दकुटी विहार, ई.सं १९९७, पृ.७२।
७. फ्रा थेप्सोफोन, **बुद्धिष्ट मोरालिटि**, बैकक : महाचूलालोङ्गकोर्नराजविद्यालय यूनिभर्सिटि, ई.सं २००४, पृ.४४-४५।



Downloaded from http://www.dhamma.digital

'धम्माधिपत्तेय्य' नेतृत्व शैलीले समाजमा सुख शान्ति ल्याउन ठूलो योगदान गर्दछ ।

**नेतृत्त्व सीप –**

नेतृत्व सम्बन्धी सीप वा ज्ञान विकसित भएको व्यक्ति नै नेतृत्वको लागी उपयुक्त हुन्छ । यस सम्बन्धमा अङ्गुत्तर निकायको दुतियपापणिक सुत्तमा बुद्धिमान, मेहेनती तथा भरोसा प्राप्त गर्न सक्ने व्यक्तिले चाँडै कुशलधर्ममा महानता प्राप्त गर्न सक्तछ भनिएको छ[८] । उक्त आधारमा नेतृत्वसीपलाई ३ किसिमले विभाजन गरिएको छ ।

१. **चक्खुमा** – वर्तमान परिस्थितिहरूमा कुन कुरालाई महत्त्व दिने र कुन कुराखाई भविष्यमा कुनलाई दिने हो भनी हेर्ने क्षमता भएका दूरदर्शी नै चक्खुमा हो । यो गुणले सम्पन्न नेताले आफ्नो समूहमा प्राथमिकता निर्धारण गरी लक्ष्य हाँसील गर्नसक्ने हुन्छ । प्रष्ट लक्ष्य नभएको व्यक्तिले संघ संस्थामा नेतृत्वदायी भूमिका निभाउन सक्दैन ।

२. **विधूरो** – आफ्नो काँधमा आएको काम वा जिम्मेवारीलाई कसरी कार्यान्वयन गर्ने भन्ने ज्ञान नै विधूरो हो । एउटा नेतामा आफ्नो कार्य क्षेत्रसँग सम्बन्धीत सम्पूर्ण प्रणाली र वातावरणसँग जानकार हुनुपर्दछ । यो प्राविधिक ज्ञान जस्तै हो ।

३. **निस्सय सम्पन्नो** – अरुलाई प्रेरणा दिनसक्ने आत्मविश्वास बढाउन सक्ने र केहि गराउन सक्ने निस्सय सम्पन्नो गुण हो । यो एउटा मानवीय सम्बन्ध राख्न सक्ने खूवी हो । एक नेताले जनतालाई आत्मविश्वास र बल बढाउन काम गर्नु पर्ने हुन्छ ।

धर्ममुखी नेतामा चार किसिमको मानसिक शक्ति हुनुपर्दछ, जसलाई पालीमा बल भनिन्छ । किनभने यसले आन्तरिक शक्ति र इच्छा शक्ति बढाउँछ ।

चार प्रकारका बलहरू अङ्गुत्तर निकायको पञ्ञाबल सुत्तका[९] आधारमा एक कुशल नेतामामा किन विद्यमान हुनु आवश्यक छ भनी बुझ्नु आवश्यक देखिन्छ । ती चार प्रकारका बलहरू यसप्रकार छन्–

१. **पञ्ञा बल** – यथार्थता के हो भनी छुट्याउन सक्ने क्षमता नै प्रज्ञाबल हो । परिस्थितिजन्य सहि स्वभावलाई बुझ्नु हो । प्रज्ञाले कुनै सूचनालाई विश्लेषण गरी सहि वा गलत छुट्याउन र सहि निर्णय गर्न मदत गर्दछ । राम्रो योजना तर्जुमा गर्न, समस्याको प्रभावकारी ढंगले समाधान गर्न रणनीतिहरूको ढाँचा तयार गर्न प्राथमिकता निर्धारण गर्न र तर्कपूर्ण निर्णय गर्न प्रज्ञा चाहिन्छ ।

२. **वीरिय बल** – वीर्य पनि कुशल नेतृत्वको लागी चाहिने अत्यावश्यक गुण हो । एक कुशल नेतामा अरुलाई परिचालन गर्ने साहस, दृढ प्रतिज्ञा हुनुपर्दछ । नेताले चार प्रकारले आफ्नो वीर्यलाई अभ्यास गर्नुपर्दछ ।

क) उत्पन्न नभएका समस्यालाई उत्पन्न हुन नदिन प्रयास गर्नुपर्दछ ।

ख) पहिले उत्पन्न भइसकेका समस्यालाई समाधान गर्न प्रयास गर्नुपर्दछ ।

ग) राम्रा कुराहरू लागू गर्नमा प्रयत्न गर्नुपर्दछ ।

घ) पहिले नै भएका राम्रा कुराहरूलाई निरन्तरता दिन प्रयत्न गर्नुपर्दछ ।

३. **अनवज्ज बल** – स्वार्थरहित भई आफ्नो कर्तव्य इमान्दार, निर्दोष तरिकाले सम्पन्न गर्नु नै अनवज्ज बल हो । निर्दोषपूर्वक काम गर्ने नेताले आफ्नो अनुयायीहरूलाई चित्त बुझाउन सक्ने हुँदा अनुयायीहरूबाट मान सम्मान पनि प्राप्त गर्न सक्ने हुन्छ ।

४. **संग्रह बल** – संग्रह गर्न सक्ने गुण भएको नेताले आफ्नो अनुयायीहरूलाई शिष्ट तरिकाले मद्दत गर्ने गर्दछ । यो एउटा मानवीय सम्बन्ध राख्ने शक्ति हो जुन विना विश्वासिलो अनुयायी हुनसक्दैन । यो बल मजबूत पार्न चतुब्रह्म विहारको[१०] अभ्यास गर्नुपर्दछ –

**मैत्री** – आफूलाई जसरी दुःख मनपर्दैन, सुख नै मन परेझैं अरुलाई पनि दुःख मनपर्दैन, सुख नै मनपर्ने भएको ले सबै सत्वप्राणीलाई आफू समान ठानी हित सुखको कामना गर्नु, स्नेहभाव राख्नु नै मैत्री हो । मैत्रीयुक्त व्यक्तिले आफ्नो निजी स्वार्थलाई अघिसार्दै कहिले पनि अर्काको हानी गर्ने, अर्कालाई दुःख कष्ट दिने, सास्ति गर्ने गर्दैन । मैत्रीको अभ्यासले व्यक्तिमा क्रोध र वैरभाव शान्त हुन्छ ।

**करुणा** – दुःखी प्राणीहरूको उद्धार गर्नु नै करुणा हो । दुःख कष्ट भोगिरहेका व्यक्तिहरूको अवस्था देख्दा

८. धर्मरत्न शाक्य (अनु), **अङ्गुत्तरङ्ग निकाय** (प्रथम भाग), ललितपुरः कुलनरसिं शाक्य, ई.सं २०००, पृ.२५३ ।

९. भिक्षु बोधिसेन महास्थविर (अनु), **अङ्गुत्तर निकाय** (दास्रो भाग),काठमाण्डौः अनागारिका वीर्यपारमिता तथा परिवार, ई.सं २००८, पृ. १६५ ।

१०. भिक्षु धर्मगुप्त महास्थविर र भिक्षु निग्रोध स्थविर (सं), **परियत्ति शिक्षा** भाग ३, काठमाण्डौः नेपाल बौद्ध परियत्ति शिक्षा परिषद, ई.सं २०७२ पृ.२०-२५ ।



Downloaded from http://www.dhamma.digital

करुणावान व्यक्तिले दया प्रकट गर्दछ र दुःख कष्ट हटाउन सहयोग गर्दछ । करुणाको अभ्यासले स्वार्थीभाव हट्न गई अरुलाई आघात वा दुःख दिने चेतना हुँदैन ।

**मुदिता –** प्राणीहरूको सुख समृद्धिमा प्रशन्न हुनु नै मुदिता हो । अरु सुखी र सम्पन्न भएको देखेर आफ्नो मन हर्षित पार्नु हो । मुदिता भएको व्यक्तिमा ईर्ष्या हुँदैन । एक कुशल नेतामा मुदिताको अभ्यास भएमा आफ्ना अनुयायीहरूको उन्नति प्रगतिमा आफू पनि खुशी हुने हुन्छ ।

**उपेक्षा –** पक्षपात नगरी अर्थात् विरोधीभावले नहेर्नु नै उपेक्षा हो । उपेक्षागुण हुनासाथ निष्पक्ष भएर समताभावले न्याय गर्न सकिने हुन्छ । सन्तुलित मनस्थिति नै उपेक्षा हो ।

**कुसल नेतृत्त्वको आश्रयले उन्नति बृद्धि –**

कुसल नेतृत्त्वको आश्रय पाएका परिवारजन, आफन्त, मित्रहरू तथा अनुयायीहरूको सद्‌गुणमा उन्नति बृद्धि हुन्छ । यस सम्बन्धमाअंगुत्तर निकाय पञ्चक निपात महासाल सुत्तमा भगवान् बुद्धले घरमूलीको नेतृत्वदायी भूमिका साल रुखसँग दाँजेर देखाउनु भएको छ –

“पर्वतराज हिमालयको कारण महासाल बृक्ष पाँच प्रकारले बृद्धि भएको हुन्छ शाखा पातमा बृद्धि हुन्छ, बोक्रामा बृद्धि हुन्छ, पाप्रामा बृद्धि हुन्छ, गोलाकारमा बृद्धि हुन्छ अनि सारमा (मूल काठ)बृद्धि हुन्छ । यस्तै प्रकारले यदि कुलपुत्र वा कुलपुत्री श्रद्धावान् हुन्छ भने त्यसको कारणले गर्दा उसँग आश्रित रहने मानिसको पाँच प्रकारले बृद्धि हुन्छ ।श्रद्धाको बृद्धि हुन्छ , शीलको बृद्धि हुन्छ, श्रुतको बृद्धि हुन्छ अनि प्रज्ञाको बृद्धि हुन्छ । त्यस शीलवानको शील, त्याग र सुचरित्र आदिलाई देख्दा पण्डितजनले उसको अनुसरण गर्ने हुन्छ ।”[११]

जसरी पर्वत राज शैलको आश्रय पाउँदा महावन जंगलका ती वृक्ष तथा वनस्पतिको वृद्धि हुन्छ । त्यसरी नै शील सम्पन्न श्रद्धावान कुलपुत्रको आश्रयमा रहँदा पुत्रपुत्री, बन्धुहरू जति पनि आफन्त र मित्र जो उसको निर्भरता रहने हुन्छ, तिनीहरूको नैतिकता वृद्धि भएर आउँछ ।

यसरी कुशल नेतृत्व विकास सम्बन्धी बुद्ध शिक्षाहरू त्रिपिटकमा प्रशस्त छन् जुन शिक्षाहरू समाज देशलाई सम्बृद्धि तर्फ डोहर्‍याउन अति आवश्यक छन् । बुद्ध जन्मेको देशमा बुद्ध शिक्षाको अभाव छ । ती उचित ज्ञान अभावको कारणले गर्दा आज हाम्रो देशमा जनताको अपेक्षा अनुसार काम गर्न नसकेकाले जनता नेतृत्ववर्गप्रति असन्तुष्ट भईरहेको छ । कमजोर नेतृत्त्वले देश, समाजलाई द्वन्द्व अस्थिर र अशान्तितर्फ डोहोर्‍यारहेको छ । आज हाम्रो देशमा संघियता अन्तर्गत पुनसंरचना भईरहेको छ । तसर्थ नेतृत्त्व वर्ग एवं अनुयायीहरूले पनि सही नेतृत्त्व सम्बन्धी शिक्षाहरूप्रति सचेत हुनु अति जरुरी छ । राम्रो गुणवान नेताले मात्र आफू पनि राम्रो कार्यमा संलग्न भई, आफ्नो अनुयायीहरूलाई वा समूहलाई लक्ष्यमा पुग्न उत्साहित गराई उचित मार्ग दर्शन दिन सकिने कुरालाई नकार्न सकिँदैन । ❖

११. भिक्षु बोधिसेन, पादटिपपणी ९, पृ.३३५-३३६ ।


सन्दर्भ सामाग्री -

१. **जातकपालि** दुतिय भागो, इगतपुरीः विपश्यना विशोधन विन्यास, ई.सं १९९८ ।

२. फ्रा थेप्सोफोन, **बुद्धिष्ट मोरालिटि**, बैंककः महाचूलालोङ्कोर्नराजविद्यालय यूनिभर्सिटि, ई.सं २००४ ।

३. बज्राचार्य, दुण्डबहादुर (अनु), **जातक,** ललितपुरः वीर-पूर्ण पुस्तक संग्रहालय, ई.सं २०११ ।

४. भिक्षु अनिरुद्ध (अनु), **लोकनीति,** कान्तिपुरः आनन्दकुटी विहार, ई.सं १९९७ ।

५. भिक्षु धर्मगुप्त महास्थविर र भिक्षु निग्रोध स्थविर (सं), **परियत्ति शिक्षा भाग–३**, काठमाण्डौः नेपाल बौद्ध परियत्ति शिक्षा परिषद, ई.सं २०१५ ।

६. भिक्षु बोधिसेन महास्थविर (अनु), **अङ्गुत्तर निकाय** (दोस्रो भाग), काठमाण्डौ : अनागारिका वीर्यपारमिता तथा परिवार, ई.सं २००८ ।

७. शाक्य, धर्मरत्न (अनु), **अङ्गुत्तर निकाय** (प्रथम भाग), ललितपुर : कुलनरसिं शाक्य, ई.सं २००० ।

स्मारिका/पत्रिका -

८. धाख्वा, सबिता, “**बुद्धशिक्षा र संस्थागत विकास**”, बैशाख महोत्सव, अंक ४, २५६१ औं बुद्धपूर्णिमा, ई.सं २०१७ ।

९. धाख्वा, ललिता, “**प्रभावशाली नेता थौंया आवश्यकता**”, नेपाल भाषा टाईम्स्, ,बर्ष १,अंक २७२, ई.सं २०१७ ।




Downloaded from http://www.dhamma.digital

# अमरापुर बुद्ध विहारका भित्तेचित्रहरू

✍ रेबिका वज्राचार्य

अमरापुर बुद्धविहार ललितपुर जिल्लाको बुंगमतिमा अवस्थित थेरवादी विहार हो । यो विहारको समुद्घाटन २०५३ साल माघ २१ गते तत्कालीन युवराज दिपेन्द्र वीर विक्रम शाहले राजा वीरेन्द्र वीर विक्रम शाहको गद्दी आरोहण रजत महोत्सवको उपलक्ष्यमा गर्नुभएको थियो ।[१] विहारको स्थापना पछि २०५६ साल सम्म स्थानीय उपासकउपासिकाहरूले नै विहारमा नित्य बुद्धपूजा गरी विहार संचालन गरिरहनु भएको थियो । २०५६ साल असार महिनामा वर्षावास बस्ने क्रममा सुजाता गुरुमां, खमेसी गुरुमां, चारुज्ञाणी गुरुमां र सुनिता गुरुमां यस विहारमा आई बस्नु भएको थियो । यसैबेला देखि हालसम्म यस विहारमा गुरुमांहरू बसी विहान बेलुकी नित्य बुद्धपूजा गर्दै आईरहनु भएको छ। यो विहार देवी सरस्वतीको प्रतिजग्गामा बनाएको छ । त्यसैले यसलाई नेवारीमा सस्माजु ख्यः पनि भनिन्छ ।

हाल यस विहारका संस्थापिका चारुज्ञाणी गुरुमा हुनुहुन्छ । शुरुमा यो विहार एक तल्लाको मात्र थियो । अहिले सबैको सहयोगबाट तीन तल्लासम्म बनाएको छ। गुरुमांहरूको बसोबास भएपछि यस विहारमा समय समयमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आईरहेको छ। जस्तैः ऋषिणी, प्रव्रज्या कार्यक्रम, एक दिवसीय ध्यान शिविर, परियति शिक्षा, कथिन उत्सव आदि । यस बाहेक विदेशबाट आउने उपासक उपासिकाहरूलाई पनि बुद्धधर्म र ध्यान सम्बन्धी कक्षाहरू सञ्चालन गर्दै आईरहेको छ । विहारमा आउने विदेशीहरूले पनि यहाँ बसुन्जेल विहारकै नियम र अनुशासन पालना गरी बस्नु पर्ने चलन छ। यस विहारमा ऋषिणी बनाउने कार्यक्रम वर्षभरी नै सञ्चालन गरिने भएकोले ऋषिणी हुन चाहने सबै बालिकाहरूले आफ्नो अनुकुल समयमा विहारमा आई ऋषिणी बन्न सक्छन् ।

विहारको मूलप्रवेशद्वारबाट भित्र जाने बित्तिकै ठूलो चोक आउँछ । चोकको उत्तरतर्फ एक तल्लाको सानो टहरा छ जहाँ परियत्तिको कक्षा सञ्चालन गरिन्छ र दक्षिणतर्फ तीन तल्ले भवन छ । यही भवनको भुईं तल्लामा ठूलो धम्महल, एउटा सानो भान्छा कोठा र अर्को एउटा पाहुना कोठा छ। विहारको पहिलो तल्लामा तीन वटा आवास कक्ष, एउटा भान्छा कोठा र एउटा पाहुना सत्कार गर्ने कोठा रहेको छ। त्यस्तै तेश्रो तल्लामा दुईवटा पाहुनाकोठा, एउटा ध्यान गर्ने धम्महल र एउटा सानो आवास कोठा छ । भुईं तल्लाको ठूलो धम्महलमा बुद्धजीवनी सम्बन्धी चारवटा महत्त्वपूर्ण घटनाहरूको भित्ते चित्र बनाएको छ । जसको बारेमा यहाँ वर्णन गरिएको छ ।

भित्तालाई आधार मानेर बनाइने चित्रलाई भित्ते चित्र भनिन्छ । जसलाई नेवारी भाषामा चाःचिं पनि भनिन्छ । यसको शुरुवात पाषाणयुगदेखि नै भएको मानिन्छ। प्राचीनकालमा गुफाका भित्ता तथा दलिनहरूमा रंगिन खरीले रेखाहरू कोरेर भित्तेचित्र बनाउने गरिन्थ्यो भने आधुनिक युगमा आएर विभिन्न तरीकाबाट घर, मंदिर, विहार, गुम्बा आदिको भित्ताहरूमा भित्तेचित्र बनाउने विधिको विकास भैसकेको पाउन सकिन्छ । जस्तै : मलिन माटोको लिउन बनाई भित्तामा प्लाष्टर गरी भित्ता सुकाई त्यसमा सेतो चून पोति चित्र बनाउने विधि, भित्तामा प्लाष्टर गरेको नसुक्दै त्यसमाथि चित्र बनाउने विधि जसलाई फ्रेस्को भनिन्छ, भित्तामा सिमेन्टले प्लाष्टर गरी भित्ता सुकीसकेपछि इनामेल वा एक्रेलिक रंगबाट चित्र बनाउने आदि । चित्रकलाको माध्यम मूर्तिकलाको भन्दा कमजोर हुने भएकोले प्राचीन भित्ते चित्रका प्रमाणहरू हामी समक्ष छैनन्। त्यसैगरी भित्तामा बनाइने भएका कारण पनि भित्ताको आयु सकिनासाथ यसको आयु सकिने भएकोले पनि प्राचीन चित्रका नमुनाहरू उपलब्ध हुन नसकेको हो ।

बौद्ध भित्तेचित्रको उत्पत्ति कहिले देखि भयो भनी अहिलेसम्म यकिनका साथ भन्न सकेको छैन तैपनि ई.पू. पहिलो शताब्दीलाई बौद्धचित्रको शुरुवातको समय मान्न सकिन्छ। यसको उदाहरण स्वरुप भारतको औरंगावादस्थित अजन्ता गुफामा दुई हजार वर्ष पहिले बनाईएका बुद्धजीवनीसँग सम्बन्धित भित्तेचित्रहरूलाई लिन सकिन्छ । यस्तैगरी श्रीलंकाका राजा वट्टगामिनीले ई.पू. पहिलो शताब्दीमै डम्बुला गुफामा बनाएको भगवान्

१. अमरापुर विहारको मुल धम्महल बाहिर दक्षिण तर्फको भित्तामा राखिएको शिलापत्र ।



Downloaded from http://www.dhamma.digital

बुद्धसँग सम्बन्धित भित्तेचित्रहरूलाई पनि अर्को उदाहरणको रूपमा लिन सकिन्छ ।[२] हुन त बुद्धकालिन समयमा पनि भित्तेचित्र चित्रण गरेको कुरा पालि साहित्यमा उल्लेख गरेको पाइन्छ । यसको उदाहरण स्वरुप प्रसेनजीत राजाको चित्रशालामा एकपटक भिक्षुभिक्षुणीहरूले गृहस्थीहरूले जस्तै गरी चित्र हेर्न गए भनी हल्ला भएपछि बुद्धले चित्र हेर्न नहुने नियम बनाउनु भएको कुरालाई लिन सकिन्छ । त्यस्तै कपिलवस्तुमा राजा शुद्धोदनले सिद्धार्थलाई बनाई दिएको ३ वटा महल (१) हेमन्त प्रासादमा-आगो बलेकोज्वालाको भित्तेचित्र । (२) गृष्म प्रासाद-रंगी विरंगी कमलको फुल । (३) वर्षरितु प्रसादमा (अग्नि ज्वाला र तलाउको चित्र)मा पनि भित्तेचित्रहरू निर्माण गरिएको कुरा अंगुत्तर निकायमा उल्लेख गरिएको छ ।

नेपालमा बौद्ध भित्तेचित्रको उत्पत्ति कुन समयदेखि भएको हो भनी निश्चित भएको छैन । चावहिलमा प्राप्त एक अभिलेखमा एउटी महिलाले किन्नरी जातक कुँदिएका अनेक थरी चित्रले सुहाएको चैत्य बनाएको वर्णन छ । जसलाई लिपिको आधारमा धनवज्रले ५ औं शताब्दी भन्दा पहिलेको मानेको छ । यसबाट के थाहा हुन्छ भने प्राचीनकाल देखि नै बौद्धचित्र बनाउने चलन नेपालमा पनि थियो । तर नेपालका विभिन्न स्थानहरूमा भएका गुफाहरू तथा त्यहाँ निर्मित चित्रहरूको अध्ययन अनुसन्धान हुन बाँकी नै छन् । त्यसैले अहिलेसम्म १५ औं शताब्दी देखिका भित्तेचित्रहरू मात्रै प्रमाणका रुपमा पाइएका छन् । यसको उदाहरण स्वरुप पश्चिम नेपालको मुस्तांग जिल्लामा अवस्थित लोमान्थांगको मैत्रय लामा गुम्बा, लुरी गुफा तथा निफुङ्ग गुफामा निर्मित बौद्ध भित्ते चित्रहरूलाई लिन सकिन्छ । नेपालमा थेरवादी बौद्ध भित्ते चित्रको बारेमा धेरै नै कम मात्रामा सूचनाहरू उपलब्ध छन् । यस्तो हुनुको मुख्य कारण भगवान् बुद्ध स्वयम्ले पनि आफ्नो जीवनकालमै उनको मूर्ति वा चित्र बनाएर पूजा गर्नु भन्दा विनय पालना गर्नुलाई नै बुद्धशासनको आयु मान्नु भएको कारणले गर्दा पनि हो । तर महायान परम्परा अनुसार भने भगवानकै जीवनकालमा उनको मूर्ति बनाउनलाई उनी सात दिनसम्म ध्यान गरेर मोडेल बस्नु भएको थियो र मूर्ति बनाइसकेपछि त्यो मूर्ति राम्रो बनेको देखेर बुद्ध स्वयंले नै त्यसमा प्राण प्रतिष्ठा गर्नु भएको थियो भनी विश्वास गरिन्छ । थेरवादी परम्परा अनुसार भगवान् बुद्धले चार जना व्यक्तिहरूको मात्र स्तूप बनाउन अनुमति दिएको कुरा उल्लेख भएको पाइन्छ । ती हुन्– भगवान बुद्ध, चक्रवर्ती राजा, अर्हत् र मार्गफल प्राप्त व्यक्ति ।[३] यस बाहेक उनले चित्र वा मूर्ति बनाउनमा विशेष जोड दिनु भएको छैन । त्यसैले पनि विहारमा गुम्बाको तुलनामा चित्र तथा मूर्ति कम मात्र राखिन्छ भने त्यसमाथि पनि भित्तेचित्र त झनै कम मात्र बनाएको पाइन्छ । लिच्छवि र मल्लकालमा थुप्रै बौद्ध विहारहरू, बुद्ध र बोधिसत्त्वका मूर्तिहरू बनेका थिए । तर त्यसबेलाका विहारहरूमा थेरवादी विहारहरूको स्पष्ट उल्लेख नभएका कारण थेरवाद बुद्धधर्मको पुनर्जागरणपछि मात्रै नेपालमा थेरवादी विहारहरू तथा बुद्धमूर्तिहरू बनेको देखिन्छ । यी बुद्धमूर्तिहरूको निर्माण संगसंगै भित्ते चित्रहरूको पनि विकास हुँदै आएको देख्न सकिन्छ । यसै क्रममा अमरापुर बुद्ध विहारमा पनि मुख्य धम्महलको बुद्धमूर्ति पछाडि र दायाँबायाँका भित्ताहरूमा चारधामका भित्तेचित्रहरू चित्रण गरिएका छन् । जसको बारेमा यहाँ विस्तृत रूपमा वर्णन गरिएको छ ।

अमरापुर विहारको मुख्य हलको पश्चिमपट्टीको भित्तामा थाईशैलीको ठूलो बुद्धमूर्ति राखिएको छ, जसको दायाँ सिद्धार्थको जन्म, बायाँ बुद्धको महापरिनिर्वाण, पछाडि बोधगया र धर्मचक्र प्रवर्तन तथा माथि धर्मचक्रको चित्रहरू चित्रण गरिएका छन् । जुन आजभन्दा १२ वर्ष पहिले ज्याठा, ठमेल निवासी चित्रकार उत्तम श्रेष्ठज्यूले चित्रण गर्नुभएको थियो । यी चित्रहरू निर्माण गर्दा उहाँ दुई तीन हप्तासम्म त्यही विहारमै बसेर काम गर्नुभएको थियो । त्यसबेला उनलाई विष्णु नाम गरेको उपासकले मदत गरेको थियो । एक्रेलिक रंगको प्रयोग गरिएका यी चित्रहरू उपासक गौत्तमराज तुलाधरले आफ्नो स्वर्गीय बुबाको सम्झनामा दान गर्नु भएको थियो । यी चित्रहरूको साइज धेरै ठूलो भएकोले डरम माथि चढेर काम गर्नु परेको थियो ।[४] २०७२ सालको महाभूकम्पका कारण यस विहारको पुनः निर्माण गर्ने क्रममा सिद्धार्थको जन्म,

२. https://en.wikipedia.org/wiki/Dambulla_cave_temple

३. दुण्डबहादुर बज्राचार्य, **दीघनिकाय,** ललितपुर : वीर-पूर्ण पुस्तक संग्रहालय वि.सं २०५६, पृ.२७४ ।

४. **चित्रकार उत्तम श्रेष्ठ** संगको अर्न्तवार्ता ।



Downloaded from http://www.dhamma.digital

बोधगया मंदिर र धर्मचक्र प्रवर्तनका तीन वटा चित्रहरू भएको भित्तालाई पुरै भत्काई फेरि बनाउनु परेको थियो। यी चित्रहरूको पुनः निर्माण गर्ने काम पनि पहिले कै चित्रकार श्रेष्ठ र दाता पनि गौत्तमराज तुलाधर नै हुनुहुन्छ। तर फरक के थियो भने दाता गौत्तमराजले आफ्नो आमाबुबा दुवैको सम्झनामा चित्र दान गनुभएको थियो र चित्रकार उत्तम श्रेष्ठले पनि एक्लैले चित्र बनाउनु भएको थियो। चित्रमा पहिले जस्तै एक्रेलिक रंग प्रयोग गरिएको छ। जुन आजभन्दा दुई महिना अगाडि मात्रै निर्माण कार्य सम्पन्न भएको थियो। यी चित्रहरूको विस्तृत वर्णन यसप्रकारका छन्।

**सिद्धार्थको जन्म भएको चित्र –**

यो चित्र विहारको धम्महलको दक्षिणदिशा तर्फको भित्तामा चित्रण गरिएको छ। जसमा लुम्बिनीको रमणीय वनमा सिद्धार्थको जन्म भएको घटनालाई देखाईएको छ। उहाँ जन्मदा देवताहरूले आकाशबाट पुष्पवृष्टि गरेका थिए। बोधिसत्त्व सिद्धार्थले चारैतिर हेरेपछि आफूले मान्नुपर्ने कोही पनि नदेखेर उत्तर दिशातिर सात पाइला चालेर रोक्नु भई संसारमा म अग्र, ज्येष्ठ र श्रेष्ठ हु (**अग्गो हमस्मिं लोकस्स, जेट्ठोहमस्मिं लोकस्स, सेट्ठोहमस्मिं लोकस्स**) भनी निर्भिक वचन बोल्नु भएको थियो।[५] यी सबै घटनाहरूलाई यस चित्रमा प्रस्तुत गरिएको छ।

चित्रमा बालक सिद्धार्थलाई केन्द्र भागमा चित्रण गरिएको छ। उहाँको दायाँ ब्रह्मा, विष्णु, महेश र बायाँ मायादेवी, सालवृक्ष र दुई जना सेविकाहरूको चित्र बनाएको छ। सिद्धार्थ गौतमले जन्मेर भुईमा पाइला चाल्दा सातवटा कमलको फूल उत्पन्न भएको र माथि आकाशबाट पुष्पवृष्टि भैरहेको देखाइएको छ। पृष्ठभूमिमा भने आकाश, बादल, अशोक स्तम्भ, लुम्बिनीको संग्राहलय, पोखरी आदि बनाइएको छ। मायादेवीले दाहिने हातले सालवृक्षको हाँगा समातेर उभिरहेको देखाईएको छ। सिद्धार्थको पछाडि पहेलो र सेतो रंगको रश्मि बनाएको छ भने ब्रह्मा, विष्णु र महेश्वर स्वयं पृथ्वीमा आई सिद्धार्थको स्वागत गरिरहेको देखाईएको छ। चित्रमा ब्रह्मा, विष्णु र महेश्वरलाई सेतो बादल भित्र आधा शरीर मात्र देखिने गरि चित्रित गरिएको छ। मायादेवी, ब्रह्मा, सिद्धार्थ र सेविकाहरूको छालामा इष्खिभ रंग लगाएको छ। विष्णुको छालामा हरियो र शिवकोमा निलो रंग लगाएको छ। चित्रमा सबैको गरगहनाहरूमा पहेलो रंग लगाएको छ। कपडाहरूमा गाढा निलो, सेतो, रातो, हरियो र पहेलो रंग लगाएको छ। त्यस्तै रुखमा गाढा हरियो र खैरो रंगको प्रयोग तथा कमलको फूल क्रमशः सानो हुँदै गएको देखाएको कारण चित्रमा दुरान्तरको प्रयोग गर्न खोजेको देखिन्छ। यस चित्रमा नीलो र हरियो रंगको प्रधानता छ। सिद्धार्थ, मायादेवी र सेविकाहरूको चित्रमा शारीरिक अनुपात राम्रोसंग मिलेको देखिन्छ। समग्रमा भन्नुपर्दा चित्रको संयोजन राम्रोसित गरेको छ। रंगको संयोजनमा पनि भद्दा देखिने रंगको प्रयोग गरिएको छैन। यस चित्रको लम्बाई १० फिट र चौडाई १२.५ फिटको छ।

**बोधिगयाको मंदिर र धर्मचक्र प्रवर्तन गरेको चित्र –**

यी चित्रहरू मुख्य हलको बुद्धमूर्ति पछाडिको भित्तामा चित्रित गरिएको छ। जसमा बुद्धमूर्तिको ठीक पछाडि ठूलो बोधिवृक्ष बनाएको छ। यही वृक्षको दायाँ बुद्धगयाको मंदिर र बायाँ धर्मचक्र प्रवर्तन गरेको चित्र बनाएको छ। १२ वर्ष अगाडि बनाएको चित्रमा बोधिगया मंदिर भित्रको बुद्धमूर्तिको चित्र बनाएको थियो तर अहिले पुनः निर्माण गर्ने क्रममा सो मूर्तिको ठाउँमा मंदिरको मात्र चित्र बनाएको छ। पृष्ठभूमिमा आकाश, बादल, रुखहरू आदि चित्रण गरिएका छन्। दुबै चित्रको पृष्ठभूमिको आकाशमा एकै किसिमको निलो रंग लगाएको छ। बोधिगयाको चित्रमा निलो रंग र धर्मचक्र प्रवर्तनको चित्रमा हरियो, पहेलो रंगको प्रधानता छ। झट्ट हेर्दा यी दुवै चित्रहरू एउटै जस्तो देखिन्छ।

धर्मचक्र प्रवर्तन गरेको चित्रमा भगवान् बुद्धले बोधिज्ञान लाभ गर्नु भएपछि पहिलो पल्ट सारनाथमा पंचवर्गीय भिक्षुहरूलाई धर्मदेशना गरिरहनु भएको घटनालाई प्रस्तुत गरिएको छ। बुद्धधर्ममा यस घटनाको महत्त्वपूर्ण स्थान छ, किनकि यसबेलादेखि मात्रै ऐतिहासिक रूपमा बुद्धधर्म तथा भिक्षुसंघको शुरुवात भएको थियो। यसभन्दा अघि भारतमा वैदिक तथा श्रमण परम्परा मात्र प्रचलित थियो। यसै समयदेखि बौद्ध साहित्यको पनि शुरुवात भएको मानिन्छ। बुद्धले जब बोधिज्ञान लाभ गर्नु भयो तब यस्तो गहन धर्मलाई कसैले पनि बुझ्न सक्दैन भनेर धर्मदेशना नगर्ने भनेर सोचेका थिए। तर उनको मनको कुरा बुझेर सहम्पत्ति ब्रह्माले यस

५. सत्यनारायण गोयन्का, **बुद्धजीवन चित्रावली**, इगतपुरी : विपश्यना विशोधन विन्यास सन् २००९ पृ.६।



Downloaded from http://www.dhamma.digital

संसारमा क्लेश कम भएका मानिसहरू पनि छन् जो भगवान्को उपदेश सुनेर अर्हत् लाभ गर्न सक्छन् भनेर बुद्धसँग उपदेश दिन आग्रह गरेका थिए। त्यसपछि मात्रै उहाँले धर्मदेशना गर्नु भएको थियो, र उहाँले सर्वप्रथम आफूलाई दुष्कर चर्या गर्दा सेवा गर्ने पाँच जना भिक्षुहरूलाई धर्म देशना गर्नु भएको थियो । यही घटनालाई यस चित्रमा प्रस्तुत गरिएको छ ।

यस चित्रमा पनि भगवान्लाई केन्द्र भागमा चित्रण गरिएको छ । उहाँको अगाडि ५ जना भिक्षुहरू र माथि सारनाथको सानो स्तुपलाई चित्रण गरिएको छ। बुद्धलाई दुईतहको कमलासन माथि धर्मचक्र मुद्रामा बसिरहेको देखाईएको छ भने पञ्चवर्गीय भिक्षुहरूलाई तल बसिरहेको देखाईएको छ । पृष्ठभूमिमा आकाश, बादल, रूखहरू, फूलहरू, जनावरहरू, घाँस, जमिन आदि चित्रण गरिएको छ। भगवान् बुद्ध र भिक्षुहरूको चीवरमा पहेलो रंग र अनुहार तथा हातखुट्टामा इष्खिभ रंग लगाएको छ भने कमलासनमा रातो र सेतो रंग लगाएको छ। सार नाथको स्तूप र जनावरहरूमा खैरो रंग लगाएको छ । चित्रमा बुद्ध लगायत सबै भिक्षुहरूले एकाशं गरी चीवर लगाएको छ र बुद्धको पछाडि सेतो रंगको रश्मि पनि बनाएको छ ।

चित्रमा भगवानको दायाँ सारनाथको स्तुप र बायाँ दुई सानो सानो रुखहरूको चित्र बनाई चित्रलाई सन्तुलित बनाएको छ। रंगको संयोजनमा पनि पृष्ठभूमिमा फिक्का रंग तथा मुख्यमुख्य आकृतिहरूमा गाढा रंग लगाई अगाडिको आकृति भन्दा पछाडिको आकृति क्रमशः सानो हुदै गएको देखाई दुरान्तरलाई देखाउने प्रयास गरेको छ । यो चित्रको उचाई ७ फिट ५ इन्च र चौडाई १३ फिट ११ इन्चको छ ।

**महापरिनिर्वाण हुनु भएको भित्तेचित्र –**

यो चित्र विहारको मुख्यहलको बुद्धमूर्तिको बायाँ तर्फको भित्तामा चित्रित छ । यस चित्रमा भगवान बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनु भएको घटनालाई देखाईएको छ । भगवान् बुद्धले बोधिज्ञान लाभ गरेपछि ४५ वर्षसम्म धर्मप्रचार गर्नु भएको थियो र ८० वर्षको उमेरमा बैशाख पूर्णिमाकै दिन परिनिर्वाण प्राप्त गर्नुभयो । उहाँ परिनिर्वाण भएपछि हजारौं मानिसहरू उहाँको अन्तिम दर्शन गर्नका लागि आएका थिए । तर यस चित्रमा नौं जना मानिसहरूलाई मात्र चित्रण गरिएको छ ।

यस चित्रमा भगवान्लाई महापरिनिर्वाण मुद्रामा बिछ्यौनामा पल्टिरहनु भएको देखाईएको छ । उहाँको दायाँ र बायाँ दुई वटा विशाल सालवृक्षहरू चित्रण गरिएका छन् । यी दुई वटा सालवृक्षको बीचमा महापरि निर्वाण मूर्ति भएको मंदिरको चित्र बनाएको छ । भगवानको पछाडि ५ जना उभिरहेका भिक्षुहरू र अगाडि ४ जना रोइरहेका गृहस्थी मानिसहरूलाई चित्रण गरिएको छ। पृष्ठभूमिमा भने आकाश, रुख, घाँस, फूलहरू आदि बनाईएका छन्। दुईवटा ठूला ठूला सालवृक्षको चित्रणले चित्रलाई सन्तुलित बनाएको छ। सिद्धार्थको जन्म भएको चित्रमा जस्तै यस चित्रमा पनि आकाशबाट भगवानको शरीरमा पुष्पवृष्टि भैरहेको देखाएको छ। बुद्धको तुलनामा अरु भिक्षु र गृहस्थीहरूको आकृति केही सानो बनाएको देखिन्छ ।

यस चित्रमा पनि बुद्ध, भिक्षुहरू र गृहस्थीहरूको अनुहार तथा हातखुट्टामा हल्का गुलाबी रंगको प्रयोग गरिएको छ भने चीवरमा गाढा पहेलो रंगको प्रयोग गरि एको छ। त्यस्तै एकजना गृहस्थी मानिसको चित्रमा मात्र पहेलो रंग लगाएको छ र अरु ३ जना गृहस्थीहरूको लुगामा भने हल्का निलो रंग लगाएको छ। भगवान् तथा गृहस्थीहरूको केशमा कालो रंग लगाएको छ भने भिक्षुहरूको केशमा स्याप ग्रीन रंग लगाएको छ। त्यस्तै सालवृक्षमा गाढा खैरो र हरियो रंग लगाएको छ । अरु चित्रमा जस्तै गरी पृष्ठभूमिमा फिक्का नीलो र हरियो रंगकै बढि प्रयोग गरिएको छ । मार्वलको विछ्यौनामा निलो रंग र ओछ्यानमा गाढा रातो रंग लगाएको छ । आकाशमा भएको फिक्का नीलो रंग र विछ्यौनाको निलो रंगले चित्रको रंग संयोजन सन्तुलित भएको देखिन्छ । यस चित्रको लम्बाई १० फिट र चौडाई १२.५ फिटको छ ।

**निष्कर्ष –**

चित्रले शब्दले भन्दा कैयौं गुणा बढि सन्देश दिई राखेको हुन्छ र यो लाटो मानिसले पनि सजिलै सित बुझ्न सक्छ । त्यसैले चित्रलाई संसारकै सबै भन्दा पुरानो मनोभाव व्यक्त गर्ने माध्यमको रूपमा पनि लिइन्छ। यसले बुद्धको जीवनी, बौद्ध दर्शन, धर्म र संस्कृति बारे अध्ययन गर्न सबै वर्गका मानिसहरूलाई सघाउने भएकोले हरेक थेरवादी विहारहरूमा यस्ता भित्तेचित्रहरूको निर्माण गर्नु अत्यन्त आवश्यक भएको देखिन्छ ।

❖



Downloaded from http://www.dhamma.digital

# पालि वाङ्मयमा विहारको स्थान

✍ संगीना वज्राचार्य

**१. पृष्ठभूमि –**

बुद्धधर्ममा विहारको विशेष महत्व छ । भगवान बुद्ध र भिक्षु भिक्षुणीहरू बस्ने ठाँउलाई नै विहार भनिन्छ। विहार भिक्षुहरूको आवास हो। भिक्षु जीवनको निम्ति चाहिने चार प्रत्ययहरू भोजन, चीवर, शयनासन र गिलान प्रत्यय (औषधी) मध्ये विहार शयनासन प्रत्यय अर्न्तगत पर्दछ । शयनासनको अर्थ बस्ने ठाँउ, आसन, विछ्यौना, आवास आदि हो ।

भगवान् बुद्ध र भिक्षु भिक्षुणीहरू बस्ने ठाँउलाई विहार भनिन्छ। विहार भिक्षुहरूको आवास हो। भिक्षु जीवनको निम्ति चाहिने चार प्रत्ययहरू भोजन, चीवर, शयनासन र गिलान प्रत्यय मध्ये विहार शयनासन प्रत्यय अन्तर्गत पर्दछ। विहार शब्दको उत्पत्ति 'विहरति' शब्दबाट उत्पन्न भएको हो । बुद्धकालीन समयमा धेरै विहार अथवा आराम गर्ने स्थानको निर्माण भएको थियो । जस्तै- वेलुवनाराम, जेतवनाराम विहार, पूर्वाराम विहार आदि । नेपालमा पनि निग्रोधाराम विहार, कालखेमराम आदि विहार बनेका थिए।

पालि साहित्यमा विहारको प्रसंग यत्रतत्र उल्लेख भएको पाइन्छ। बुद्धको जीवन नै धेरै जसो विहारहरूका व्यतित भएको थियो। यहीँ उहाँले महत्त्वपूर्ण धर्मदेशनाहरू गर्नुभएको छ। यस्तो अवस्थामा पालि साहित्य, बुद्धधर्म र विहारको बिच अन्योन्याश्रित सम्बन्ध हुनु स्वाभाविक हो। यसै कारण पनि बुद्ध धर्ममा विहारले कस्तो ठाउँ लिएको छ भनेर अध्ययन गर्नु आवश्यक देखिन्छ। यस अधययनको निमित्त सेकेन्डरी डाटाको निम्ति विहार सम्बन्धी लेखिएका लेख रचना वा पुस्तकहरू अध्ययन गरिएको छ।

**२. विहार शब्दको उत्पत्ति –**

विहार शब्दको उत्पत्ति विरहति शब्दबाट भएको थियो । (विहरन्ति एत्थाति विहारो) यसको अर्थ बस्ने भएकोले विहार भनिएको हो। पालि सुत्रहरूको प्रारम्भमा **"एवं मे सुत्त सावस्थियं एक समयं भगवा सावथियं विहर ति जेतवने अनाथ पिण्किस्स आरामे"** आएको हुन्छ, यसको अर्थ- "यस्तो मैले सुने, एक समय भगवान श्रावस्तीमा अनाथपिण्डितको आराम जेतवनमा बस्नु भएको थियो" भनेको हो ।[१] शुरूमा विहार 'आराम' को एक अंग हुन्थ्यो । बुद्धको जीवितवस्थामा शान्त, स्वच्छ सधन वृक्षछाया युक्त श्रमणहरूको विश्राम भवनहरूलाई आराम भन्ने गर्दथ्यो । यसको उदाहरण जेतवनाराम धोषिताराम, पूर्वाराम र कपिलवस्तुको निग्रोधाराम हो । आजसम्म पुरातात्विक उत्खननमा पाइएका प्राचीन अभिलेखहरूमा आरामका अपेक्षा महापरिनिर्वाण विहार र मुकुटबन्धन महाविहार जस्ता विहारहरूको नाम पाइएका छन् । यसका मूल कारण आराम विहारहरूको एक सामुहिक नाम हुनु हो ।[२] त्यसैगरी धम्मपपपदमा आराम शब्दको प्रयोग आनन्द लिने, मन लगाउने तथा आराम गर्ने सिलसिलामा प्रयोग भएको देखिन्छ। धम्मपद गाथा नं. ३६४ मा एवं समयं भगवा सावत्थियं विहरति भन्ने ठाँउमा विहरतिको अर्थ विहार गर्नु हो, बस्नु हो । यही विहरति शब्दबाटै बिहार शब्द बन्न गएको हो ।

**३. विहारको अर्थ –**

विनयपिटकको विनयलंकारटीमा भनिएको छ-

**केनट्ठेन विहारो ? विहरन्ति एत्थहि विहारो, इरियापथ दिब्बब्रम्ह अरि यसङ्खतेहि खो कति विधोति ?**

**साङिछक विहार गण सन्तक विहार पुग्गलिक विहार विहारसेन तिब्बिधो ।**

यसको अर्थ- **कुन अर्थमा विहार भनिएको हो ? विहार गर्नुपर्छ त्यसैले विहार भनिएको हो। जहाँ आर्यहरू इरियापथ, दिब्य, बम्ह, आर्यविहार गरी चार प्रकारले विहार गर्नुहुन्छ त्यसैले विहार भनिएको हो।**

**यो कति प्रकारको हुन्छ ?**

**सांघिक विहार, गणसन्तक विहार र पुद्गालिक विहार गरी तीन किसिमका हुन्छन् ।**[३]

**संघलाई उद्देश्य गरी दान गरेको विहारलाई सांघिक विहार भनिन्छ। संघमा कान्तिमा चार जना वा सो भन्दा बढी भिक्षुहरूका समूह हुनुपर्छ। ती सबै भिक्षुहरू उपसम्पन्न भएका हुनुपर्छ। त्यस्तै तीन जनासम्म र स्वामित्वमा रहने गरी दान दिइएको विहारहरूलाई गणसन्तक विहार भनिन्छ भने पुद्गलिक विहार भन्नाले एक जनाको मात्र स्वामित्व भएको वा एक जना भिक्षुलाई मात्र उदेश्य गरी दान दिएको निजि विहार भनेर बुझिन्छ।**

१. महेन्द्ररत्न शाक्य, "**पालि साहित्यमा विहर**", बुद्ध जयन्ती स्वर्ण उत्सव स्मारिका, (बु.द्धं. २०५५८), २०७१, पृ.५३ ।

२. भिक्षु सुदर्शन, **नेपाली विहारका विशेषताहरू**, ललितपुर, श्रद्धालुहरू, २०४१ ।

३. महेन्द्र रत्न शाक्य, "**पालि साहित्यमा विहार**" बुद्ध जयन्ती स्वर्ण उत्सव स्मारिका (बु.दं. २५०९-२५५८), २०७१ पृ.५४ ।



Downloaded from http://www.dhamma.digital

**४. विहार र महाविहार -**

विहार शब्दले भिक्षुहरू बस्ने एउटा आवासलाई पनि धेरै आवासलाई पनि जनाउँछ ।

**विहरति एको आवसो । विहारो नाम सपरिक्खितो वा अपरिक्खितो वा सकलो आवासोति वदन्ति । विहारन्ति उपलक्खणता परिवेणं वा आवसं वा ति ।**

यसको अर्थ- **विहार भनेको एउटा आवास हो । विहार भनेको पर्खालले घेरिएको वा नघेरिएको सबै आवास हुन् । उपलक्ष्यणको हिसावले परिवेण वा आवासलाई विहार भनिन्छ । परिवेण भनेको प्रांगण सहितको विहार भनिएको हो ।**

एउटा आवासलाई विहार भनिन्छ भने धेरै आवास भएको विहारलाई महाविहार भनिन्छ । भिक्षुहरूको उपोसथ आदि विनयकर्म गर्ने सीमागृह भएको विहारलाई पनि महाविहार भनिन्छ । हजारौ आवासहरू भएको ठूलठूला विहारहरू पनि महाविहार भनिन्छ ।

**सचेपन महाविहारो होति अनेक भिक्खु सहस्सवासो ।**

यसको अर्थ- **अनेक भिक्षुहरू भएको हजारौं आवास भएकोलाई महाविहार भनेको हो ।** जस्तैः जेतवन, पूर्वाराम आदि महाविहार हुन् ।[४] धम्मपद अर्थकथामा आएको वर्णन अनुसार घोषिताराम, कुक्कुटाराम र पावरि कारामलाई पनि महाविहार भनिएको छ ।

**५. आराम र विहार -**

अर्थकथामा आएको वर्णन अनुसार राजा बिम्बिसारले वेणुवनाराममा ठूलो गन्धकुटी बनाई प्रासादहरू, कुटीहरू, मण्डमहरू, चंक्रमण स्थलहरू बनाई दिएका थिए । बुद्ध कालमा शान्त, स्वच्छ सधन वृक्षछाँया युक्त श्रमणहरूको विश्राम स्थललाई नै आराम वा विहार (विश्रामको स्थान) को धेरै उल्लेख गरेको पाइन्छ ।

आरामहरू ठुल्ठूला हुन्छन् । आराम भित्र धेरै विहारहरू हुन्छन् । भिक्षु संघ बस्ने विहारलाई संघाराम भनिन्छ । आराम भित्रै मूल गन्धकुटी पनि हुन्छ । भगवान बुद्धको निम्ति छुट्याइएको कोठालाई गन्धकुटी भनिन्छ । यसरी विहार आदि थुप्रै आवासहरू, बगैंचा, उद्यान, उपवन, खुल्ला चैर आदि सबैको संयुक्त नाम नै आराम हो । जस्तै वेलुवनाराम, जेतवनाराम, पूर्वाराम आदि आरामहरूलाई वेलुवन विहार, जेतवन विहार, पूर्वाराम विहार पनि भनिन्छ । तसर्थ आराम र विहार पर्यायवाचीको रूपमा प्रयोग भएको देखिन्छ । विहार एउटा मात्र आवासलाई पनि भनिने गरिन्छ तर आराममा एउटै मात्र आवास हुँदैन बगैचा चौर आदि पनि हुन्छ, यस अर्थमा विहार र आराममा केहि फरक देखिन्छ ।[५]

**६. विहारको शुरूआत -**

विनयपिटक चूल्लवग्गमा उल्लेख भए अनुसार शुरू शुरूमा भगवान बुद्धले भिक्षुहरूको बस्ने ठाँउ प्रस्थान गर्नु भएको थिएन । बुद्ध सहित भिक्षुहरूको निम्ति सर्वप्रथम राजा बिम्बिसारले वेणुवन दान दिनु भएको थियो । त्यस बखत बुद्ध राजगृहको वेणुवन कलन्दक निवासमा बस्नु भएको थियो । त्यसबखत भिक्षुहरूलाई बस्ने ठाँउ प्रज्ञप्त नभएकोले भिक्षुहरू यताउत्ता जंगलमा वृक्षमुनि, पर्वतमा, कन्दरामा, गिरिगुफामा, श्मशानमा, वनपथमा, खुल्ला आकाश मुनि तथा परालपुञ्ज सुत्ने गर्थे ।[६] यो देखेर राजगृहको एकजना श्रेष्ठीले ती भिक्षुहरूलाई भन्नुभयो "भन्ते म तपाईहरूलाई विहार बनाइ दिन्छु । विहारमा बस्नु होस् । ती भिक्षुहरूले विहारको निम्ति भगवानले अनुमति दिनु भएको छैन भनी प्रत्युत्तर दिए । त्यसपछि ती महाजन श्रेष्ठीले भगवानसंग अनुमति माग्न भिक्षुहरूलाई आग्रह गरे । भिक्षुहरूले यो कुरा भगवानलाई सुनाएपछि भगवानले भन्नुभयो- **अनुजानामि भिक्खवे, पञ्चलेणानि विहारं, अड्ढयोग, पासादं, हम्मिय, गुह'न्ति ।**[७]

अर्थात्- **भिक्षुहरू, यी पाँच प्रकारका लेणहरूको अनुमति दिन्छु - विहार, अड्ढयोग, प्रासाद, हर्मिर्य र गुफा । लेणको अर्थ पाँच प्रकारका आवासलाई नै लेण भनिएको हो ।**

**अड्ढयोग -**

अड्ढयोग भनेको ठूलो प्रासाद हो । गरूड आकारको प्रासाद हो । अड्ढयोग एकापट्टि छाना छाएको शयनासन हो, जसमा एकातर्फ अग्लो भित्ता हुन्छ । यो गरूड आकारको प्रासाद हो । समन्तपासादिकामा आचार्य बुद्धघोषले अड्ढयोगलाई सुपण्णवङ्कगेह गरूडको प्वाँख जस्तै छाना मोडिएको गृह भनेको छ ।

**पासाद वा प्रासाद -**

यो ठूलो भवन हो । प्रासाद चार कुनै वर्गाकार र आयत्ताकार दरवार हो । यसमा तल्लाहरू धेरै हुन्छ । चुल्ल

४. महेन्द्र रत्न शाक्य, ऐजन, पृ.५५ ।

५. ऐजन, पृ. ५७-५८ ।

६. राहुल **सांकृत्यायन, विनय पिटक** (अनु), सारनाथ, सम्बत् १९३५, पृ.४५०-४५१ ।

७. महेन्द्र रत्न शाक्य, "**पालि साहित्यमा विहार,**" बुद्ध जयन्ती स्वर्ण उत्सव स्मारिका (बु.सं. २५०९-२५५८), २०७१, पृष्ठ ५७-५९ ।



Downloaded from http://www.dhamma.digital

वग्ग अनुसार प्रासाद तीन तल्लाको भवनलाई भनिन्छ।

**हम्मिय वा हर्मिय –**

हर्मिय भनेको छाना सम्म रहेको प्रासाद हो। आजकाल कौसी जस्तो। प्रासादको माथिल्लो तल्लामा रहेको कुटागारशाला कोठालाई पनि हर्मिय भनिन्छ। सुकुमार दत्तकानुसार जनवरी १९४२ मा एकजना पुरातत्वविद् डा. दिक्षितले पश्चिम भारतको कोण्डने गुफामा एउटा अभिलेख देखेको थियो जसमा "यो हम्म परकेल दान दिएको" भनी उल्लेख थियो। दिक्षितले यो अभिलेख ५७ ई.पू को मानेको छ। वैशाली महावन कुटागारशाला यस्तै हम्मिय प्रकारको विहार हो जसको माथिल्लो तल्लामा एउटा गन्धकुटी थियो जहाँ भगवान् बस्नु हुन्थ्यो।

**गुहा वा गुफा –**

गुफा भनेको ईटाको गुफा, पत्थरको गुफा, काठको गुफा र भारपातको गुफा हुन्। भारतको भज, कार्ला, कन्हेरी, अजन्ता, एलोरा, नागार्जुनकोण्डा आदि विभिन्न ठाँउमा हजारौं गुफाहरू छन् जहाँ कुनै समयमा बौद्ध भिक्षुहरू बस्नु हुन्थ्यो।[८]

**७. बुद्धको जीवनकालमा पहिलो विहार –**

२६३८ वर्ष अघि राजकुमार सिद्धार्थ गौतमको रूपमा बैशाख पूर्णिमाको पवित्र दिनमा नेपाल अधिराज्यको पश्चिमी क्षेत्र लुम्बिनीको शोलोद्यानमा जन्मनुभएको थियो। वहाँ २९ वर्षसम्म भौतिक सुख शयलमा दुब्की लगाई संसारको भयावह स्थितिलाई महसुस गरी त्यसबाट मुक्ति पाउन राजपात वैभव सुख शयल जम्मैलाई तिलाञ्जली दिई गृहत्याग गरी ३५ वर्षको उमेरमा बुद्ध हुनुभयो।[९] गौतम बुद्धले बोधिज्ञान प्राप्त गरेको आठ महिना पछि राजा विम्बिसार कहाँ धर्मोपदेश दिन गएका थिए। त्यसबेला राजा विम्बिसारले बुद्ध सहित भिक्षुसंघलाई महान सत्कार गरे। राजाले भगवानलाई कहाँ बसाउन योग्य होला भनी सोची जुन ठाँउ गाउँबाट धेरै टाढा पनि नहोस्, इन्छुकहरूलाई आउन जान सजिलो पनि होस, दिनमा अल्पभीड र रातमा अल्प शब्द र अल्पघोष पनि होस्, मनुष्यहरूको वायुमण्डलबाट दुर होस, रहस्यमय कामगर्ने मनुष्यहरूलाई पाएक पर्ने जस्तो निर्जन स्थान होस्। यस्तो ठाँउमा भगवानलाई बसाउन उचित हुनेछ भनी राजाले विचार गरे। राजाको वेणुवनोद्यान त्यस्तै उपयुक्त ठाँउ थियो। वेणुवन एउटा रमणीय उद्यान थियो। तसर्थ राजाले बुद्धलाई वेणुवन दान दिनु भएको थियो।

यसै निदानमा यसै प्रकरणमा धार्मिक कथा सुनाई भगवानले भिक्षुहरूलाई आमन्त्रण गर्नु भई भन्नुभयो- "**अनुजानामि, भिक्खवे, आराम'न्ति।**"[१०]

यसको अर्थ- **भिक्षु हो! आराम (उद्यान) स्वीकार गर्ने अनुमति दिन्छु।**

यस वाक्यबाट बुद्धले सर्वप्रथम आश्रम स्थान ग्रहण गर्ने क्रममा अनुपति दिइएको स्थान आराम हो भने कुरा देखाएको छ साथै यस भन्दा अगाडि आराम ग्रहण गर्ने अनुमति दिएको थिएन भने प्रसंगलाई स्पष्ट पारेको देखिन्छ। यसप्रकार भगवान बुद्धले आफ्नो प्रवजित जीवनमा सर्वप्रथम ग्रहण गरेको विहार वेणुवन विहार हो।

**८. बुद्धकालीन प्रमुख आराम वा विहारहरू –**

बौद्ध गन्थहरूमा उल्लेख भए अनुसार भगवान बुद्धको जीवनकालमा विभिन्न प्रकारका आरामहरूको उल्लेख भएको पाईन्छ। बुद्धकालमा उल्लेख भएका आरामहरू र ती आरामहरू दान दिने व्यक्तिहरू यस प्रकारको छन्-[११]

| | आराम (विहार) | दानदिने व्यक्ति | स्थान |
|---|---|---|---|
| १. | वेणुवनाराम | राजा बिम्बिसार | राजगृह |
| २. | जेतवनाराम | अनाथपिण्डिक | श्रावस्ती |
| ३. | पूर्वाराम | विशाखा | श्रावस्ती |
| ४. | निग्रोधाराम | शुद्धोदन महाराज तथा शाक्यहरू | कपिलवस्तु |
| ५. | जीवक आम्रवन | जीवक वैद्य | राजगृह |
| ६. | राजकाराम | राजा प्रसेनजित | श्रावस्ती |
| ७. | कालखेमकाराम | शाक्यहरू | कपिलवस्तु |
| ८. | आम्रपालीवन | आम्रपाली | वैशाली |
| ९. | घोषिकाराम | घोषक सेठ | कौशान्बी |
| १०. | पावारिकाराम | पावारिय सेठ | कौशान्बी |
| ११. | कुक्कुटाराम | कुक्कुट सेठ | कौशान्बी |
| १२. | कालकाराम | कालक सेठ | साकेत |
| १३. | अम्बटकवन | चित्र गृहपति | मच्छिकासण्ड, काशी |

८. (महेन्द्र रत्न शाक्य) एजेन, पृ. ५७-५८।

९. भिक्षु बोधिज्ञान (सं), भूमिका **भिक्षु ज्ञानपूर्णिक महास्थविरया सफूतिइ हनेवह पिनिगु बिचाः**, काठमाडौं, पञ्च वीर सिंह तुलाधर, वि.सं. २०६५, पृ.२८०।

१०. महेन्द्र रत्न शाक्य, "**पालि साहित्यमा विहार**" बुद्ध जयन्ती स्वर्ण जयन्ती स्मारिका, (बु.सं. २५०९-२५५८), २०७१, पृ.५७।

११. रीना तुलाधर, **चिरं तिट्ठतु सद्धम्मो,** काठमाडौं, द्रव्य मान सिंह (भाइराजा) तुलाधर सपरिवार, २०५९, पृ.२६-२७।



Downloaded from http://www.dhamma.digital

बुद्धकालमा विहारहरूको निर्माण भईसकेपछि आरामहरू मध्ये जेतवनाराम र पूर्वारामलाई विहार पनि भनिएको पाईन्छ। अरू केही आरामहरूलाई कुनै स्थानमा विहार भनिएको देखिन्छ भने कुनै स्थानमा आराम भनिएको देखिन्छ ।

**जेतवनाराम -**

बौद्ध ग्रन्थ अनुसार बुद्धकालीन आरामहरू मध्ये जेतवन विहार बुद्धले सबभन्दा धेरै वर्षावास बस्नु भएको आरामको रूपमा लिइन्छ। अनाथपिण्डिक महाजनले ५४ करोड धन खर्च गरी बुद्ध सहित भिक्षुसंघलाई यो विहार दान दिएका थिए। १८ करोड तिरी जेतवन उद्यान किने। त्यस उद्यानमा भगवान प्रमुख अस्सीजना महाश्रावकहरूको निम्ति विहार बनाउन लगाएका थिए । चंक्रमण स्थान, दिवास्थान, रात्रीस्थान, स्नानगृह, धर्मशाला, सभागृह, मण्डपहरू, इनार तथा बगैंचा आदि अनेक स्थानहरू पनि सुन्दर बनाउन लगाए। विहार बनाउनका लागि १८ करोड खर्च भएको थियो र विहार उत्सव गरी बुद्ध सहित भिक्षु संघलाई दान दिन १८ करोड खर्च गरी जेतवन विहार दान गरेका थिए । त्यसबेला भगवानले दान मध्ये विहार दान श्रेष्ठोत्तम दान हो भनी धर्मोउपदेश गर्नु भयो । जेत कुमारसँग किनेको ठाँउमा विहार बनेको हुनाले विहारको नाम जेतवन रहन गएको हो ।

**पूर्वाराम विहार -**

विशाखा उपासिकाले भगवान बुद्ध सहित भिक्षुसंघलाई दान दिएको विहार पूर्वाराम विहार हो । यो विहार बनाउन उनले २७ करोड धन खर्च गरेकी थिइन् । विहारको लागि जग्गा किन्न ९ करोड, विहार बनाउँदा ९ करोड, उत्सव गर्दा ९ करोड गरी जम्मा २७ करोड खर्च गरी भगवान बुद्ध प्रमुख भिक्षुसंघलाई विशाखाले विहार दान गरिन् । पूर्व दिशातिर रहेको हुनाले यस विहारको नाम पनि पूर्वाराम भन्ने रह्यो ।

**निग्रोधाराम विहार -**

शुद्धोदन महाराजले भगवान बुद्ध सहित भिक्षु संघलाई बास गराउन निग्रोधराम विहार बनाई राखेको थियो । कपिलवस्तु नगरमा निग्रोध शाक्य भन्ने व्यक्तिको एक अति रमणीय, अति सुन्दर उद्यान थियो। उक्त उद्यान भगवान बुद्ध बस्न दिन पायक पर्ने उचित स्थानमा पर्दथ्यो । अतः शुद्धोदन महाराज प्रमुख सबै शाक्य राजा खलक मिलेर उक्त उद्यानमा अति नै राम्रो, भव्य रूपमा एउटा विहार बनाए। निग्रोध शाक्यको उद्यानमा बनाएको भएर त्यस विहारको नाम 'निग्रोधाराम विहार' राखियो । त्यस प्रकार शुद्धोदन महाराजाले शाक्यमुनि गौतम बुद्धको लागि बनाएको विशाल तथा भव्य निग्रोधाराम विहारको भग्नावशेष आजसम्म पनि वर्तमान नेपालको कपिलवस्तु जिल्लमा विधमान छ ।[१२]

बुद्धको जीवनकालमा बस्नुभएको आरामहरू मध्ये वेणुवनाराम, जेतवनाराम, सन् १९०५ तिर भारतको पुरातत्व भागले उत्खनन् गर्दा ती विहारहरूका भग्नावशेष फेला पारेका थिए ।

**पूर्वाराम विहार -**

विशाखा उपासिकाले भगवान बुद्ध सहित भिक्षुसंघलाई दान दिएको विहार पूर्वाराम विहार हो । यो विहार बनाउन उनले २७ करोड धन खर्च गरेकी थिइन् । विहारको लागि जग्गा किन्न ९ करोड, विहार बनाउँदा ९ करोड, उत्सव गर्दा ९ करोड गरी जम्मा २७ करोड खर्च गरी भगवान् बुद्ध प्रमुख भिक्षुसंघलाई विशाखाले विहार दान गरिन् । पूर्व दिशातिर रहेको हुनाले यस विहारको नाम पनि पूर्वाराम भन्ने रह्यो ।

**निग्रोधाराम विहार -**

शुद्धोदन महाराजले भगवान बुद्ध सहित भिक्षु संघलाई बास गराउन निग्रोधराम विहार बनाई राखेको थियो । कपिलवस्तु नगरमा निग्रोध शाक्य भन्ने व्यक्तिको एक अति रमणीय, अति सुन्दर उद्यान थियो। उक्त उद्यान भगवान बुद्ध बस्न दिन पायक पर्ने उचित स्थानमा पर्दथ्यो । अतः शुद्धोदन महाराज प्रमुख सबै शाक्य राजा खलक मिलेर उक्त उद्यानमा अति नै राम्रो, भव्य रूपमा एउटा विहार बनाए। निग्रोध शाक्यको उद्यानमा बनाएको भएर त्यस विहारको नाम 'निग्रोधाराम विहार' राखियो । त्यस प्रकार शुद्धोदन महाराजाले शाक्यमुनि गौतम बुद्धको लागि बनाएको विशाल तथा भव्य निग्रोधाराम विहारको भग्नावशेष आजसम्म पनि वर्तमान नेपालको कपिलवस्तु जिल्लमा विधमान छ ।[१३]

बुद्धको जीवनकालमा बस्नुभएको आरामहरू मध्ये वेणुवनाराम, जेतवनाराम, सन् १९०५ तिर भारतको पुरातत्त्व भागले उत्खनन् गर्दा ती विहारहरूका भग्नावशेष फेला पारेका थिए । ❖

